# शिक्षक

www.teacher.org.np

मूल्य रु ३०/-


माघ २०६६

विशेष सामग्री

शिक्षक: निजी र सार्वजनिक को बढी भाग्यमानी ?

जातीय राज्य: पढाउने के ?

२०/२२ हजार शिक्षक भर्ना गर्नुछ – अध्यक्ष, सोती



१६ पुस २०६६ मा लाइसेन्स परीक्षाका निम्ति प्रवेशपत्र लिन जिशिका काठमाडौंमा लामबद्ध उम्मेद्वार ।

## 'मास्टर' बन्ने रहर !

# 'योग्य' भन्दा बेरोजगारको भीड

# अंकुर परामर्श केन्द्रका विशिष्ट सेवाहरूको एक झलक

फ्रेण्ड्स अफ निडी चिल्ड्रेन (Friend of Needy Children -FNC) को मनोसामाजिक परामर्श कार्यक्रमअन्तर्गतको अंकुर परामर्श केन्द्र (Ankur Counseling Center -ACC) विगत तीन वर्षदेखि बालबालिका तथा युवायुवतीहरूलाई विभिन्न समस्या तथा अप्ठ्याराहरूका साथीको रूपमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । यसले बालबालिका, युवा, शिक्षक, अभिभावक, परामर्शदाता तथा विद्यार्थीहरूलाई ध्यानमा राखी तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । यदि कुनै संघसंस्था, विद्यालय तथा व्यक्तिहरू हाम्रा सेवा चाहनुहुन्छ भने सम्पर्क ठेगानाः एकान्तकुना, जावलाखेल, ललितपुर, फोनः ५००००७०, ५५४३२५७, इमेलः info@fncnepal.org, laxmic@fncnepal.org, anubha@fncnepal.org, वेबसाइटः www.fncnepal.org




## सेवा विवरण | विशेष आकर्षण



**परामर्श सेवा**
**Counseling Service**

बालबालिका तथा युवाहरूको लागि व्यक्तिगत तथा अन्य परामर्श सेवा





**तालिमहरू**
**Trainings**

1) Basic Counseling Training
2) Advance Counseling Training
3) Cognitive Behavior Therapy(CBT)
4) Child parent relationship Therapy(CPRT)
5) Basic and Advance Sand Play Therapy
6) Positive Discipline
7) Effective Communication skills



**अभिमुखीकरण कार्यक्रमहरू**
**Orientation**

1) Stress Management(Creative Movement Therapy-CMT)
2) Grief Management
3) Positive Discipline
4) Mothers Capacity Building Training
5) Sex and Sexuality
6) How to identity psychological problems among children
7) Effective parenting
8) Self esteem improvement
9) Life skills
10) Adjustment
11) Need Based(on demand) packages



**विद्यालयहरूको लागि कार्यक्रमहरू**

1) Observation project for children (Behavioral, Emotional, physical and psychosocial aspects)
2) How to identify psychological problems as a teacher and staff
3) Dealing/or teacher students interpersonal relationship specially children with different challenges
4) Stress management program for Teachers and support staff

## सेवार्थीहरूका केही भनाइहरू

- 'यहाँबाट मैले सकारात्मक सोचको विकास गर्न सकें ।'
- 'द्वन्द्व विचार स्पष्ट भयो ।'
- 'यस्तो संस्था हामी जस्तो बाहिरी (सामुदायिक) सेवार्थीको लागि एकदम आवश्यक छ र यो सेवा अझ बढाउनुपर्छ ।'
- 'मेरो डर यहाँ आएर हरायो ।'
- 'मैले मलाई पाएँ ।'
- 'तपाईंसँग मनको पीर राख्न पाउँदा मन हलुका भयो ।'
- 'मैले ध्यान केन्द्रित गर्न सकें ।'
- 'मेरो डिप्रेशन कम भयो ।'
- 'मैले मेरो जीवनको लक्ष्य निर्धारण गर्न र निर्णय लिनलाई परामर्शले सक्षम बनायो ।'
- 'यहाँ मलाई रमाइलो र आनन्द लाग्छ ।'
- 'मेरो पालो कहिले आउँछ ? मलाई कहिले बोलाउने ?'

# शिक्षक मासिक

जिप्रका ल्पु दनं ५३/०६५/०६६

वर्ष २ पूर्णाङ्क २२

माघ २०६६
Jan–Feb 2010




प्रमोद आयाम

# मास्टर बन्ने रहर

## योग्यभन्दा बेरोजगार बढी

पृष्ठ ३४-४३

बाबुराम विश्वकर्मा

## २०/२२ हजार शिक्षक भर्ना गर्नुछ

– उदयराज सोती
अध्यक्ष, शिक्षक सेवा आयोग

पृष्ठ ४०-४३



## 'राष्ट्र' र 'राज्य' को लडाईः विद्यार्थीलाई चाहिं के पढाउने ?

डा. विद्यानाथ कोइराला

पृष्ठ ३१-३३



## गतिविधि


शिक्षा ऐन संशोधन गर्ने तयारी ■ विषको मारमा शिक्षक र छात्रछात्रा ■ लाइसेन्सको जाँच सऱ्यो ■ शुभताराको शुभ कर्म पृष्ठ ८-९


## मत-अभिमत


| | | |
|---|---|---|
| 'लोभको भाँडो कहिल्यै भरिँदैन' | चन्द्रमणि अर्याल | १६ |
| सुविधा योग्यतामा निर्भर | पूर्णप्रसाद भट्ट | १७ |
| 'खेती गर्नु तरकारी, जागिर खानु सरकारी!' | विनोदकुमार पाल | १८ |
| सम्मानमा पहिरो जाँदैछ | दलबहादुर गुरूङ | १८ |
| सरकारीको सुविधा, निजीको जवाफदेहिता | चन्द्रबहादुर क्षेत्री | २० |
| कर्मठको हार, चतुरको जीत | राजेन्द्रप्रसाद पन्त (बहिरा) | २१ |
| सार्वजनिकका भाग्यमानी | डिल्लीराम कट्टेल | २२ |
| जो इमानदार उही सम्मानित | राम सिं घिसिङ | २३ |
| पढ्ने मामिलामा उस्तै उस्तै | मधु राई | २४ |
| 'मास्टर' बाट 'शिक्षक' तिर | लीलाप्रसाद भण्डारी | २४ |
| फेरि यस्तो लेख्नु नपरोस् | यादव अधिकारी | २६ |
| जसको शिर ठाडो, उही भाग्यमानी! | नेपाल प्रकाश अधिकारी | २७ |
| बिचरो किताबखाना | प्रमोद आयाम | १० |
| गणितका चिन्ह | | १४ |
| राजनीति त गरौं तर शिक्षाको | भोला दाहाल | ५० |
| परिवारै शिक्षक | बाबुराम | ५३ |
| How to teach Grammer ? | | ५६ |


## स्तम्भ


विषय-सन्दर्भ २, हेराइ-बुझाइ ३, सुझाव र प्रतिक्रिया ४, फुर्सद ६०, जम्काभेट ६४



हिमाल एसोसिएसनका लागि **वसन्त थापा** द्वारा प्रकाशित, **सम्पादकः** राजेन्द्र दाहाल
**सल्लाहकार सम्पादकः** केदार शर्मा, **सहायक सम्पादकः** सुदर्शन घिमिरे, **वरिष्ठ संवाददाताः** बाबुराम विश्वकर्मा

**कार्यालयः** *शिक्षक* **मासिक**, पाटनढोका, ललितपुर, **पो.ब.नं. १६६, ललितपुर**, फोनः सम्पादकीय- ५५४३२५२, व्यापार/विज्ञापन- ५५४८१४२, ग्राहक गुनासो- ४२६५६८६
फ्याक्सः ५५४११९६, इमेलः mail@teacher.org.np, वेबः www.teacher.org.np मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

■ केदार शर्मा

# को गतिलो ?

**यस** पटकको बहसको विषय हो- गतिलो शिक्षक को ?

त्यसो त, गतिलोपन परिभाषामा भरपर्ने कुरा हो। हामीले *शिक्षक* को पुस अङ्कमा केही मापदण्ड दिएका थियौं, जसमा 'कसको सुविधा धेरै ?' भन्ने जस्ता सीधै हिसाब निस्किने कुरादेखि 'को बढी भाग्यमानी ?' जस्ता अमूर्त प्रश्नहरू पनि थिए। वास्तवमा गतिलोपन यस्तै भौतिक-अभौतिक कुराहरूकै मिश्रणबाट बन्ने हो। मत-अभिमतका अधिकांश सहभागीहरूले निजी स्कूलका शिक्षकभन्दा सार्वजनिक स्कूलका शिक्षकहरू धेरै सुविधासम्पन्न रहेको कुरा लेख्नुभएको छ। तर, प्रश्नावलीमा राखिएका अधिकांश अभौतिक प्रश्नहरूको उत्तरमा चाहिँ निजी स्कूलका शिक्षकले जितेको भान हुन्छ। निजी स्कूलका शिक्षकसित योग्य हुनु, अध्ययनशील हुनु र मेहनत गरेर धेरै काम गर्नुको विकल्प छैन। अपवाद छाडेर उनीहरूको व्यावसायिक निष्ठा (प्रोफेशनालिजम) को सार हो, "जागिर खाने भए काम गर, नत्र आफ्नो मेलो आफैं गर।" तर, सार्वजनिक स्कूलका शिक्षकले राम्रो काम नगरे पनि जागिर नजाने पक्का छ। गताङ्कमा हामीले राखेका प्रश्नहरू त प्रश्न गर्ने क्रमको थालनी मात्र हुन्, सोधिनुपर्ने कुरा अरू पनि धेरै छन्। केही नमुना यस्ता छन्:

- को बढी अनुशासित ? को समयमा स्कूल गएर पूरा समय पढाउँछ ?
- कसले आफैं काम गर्नुपर्छ, आधा तलब दिएर खेताला शिक्षक राख्न पाउँदैन ?
- नक्कली प्रमाणपत्रका भरमा जागिर खाएको थाहा पाउँदापाउँदै पनि कसले जागिरबाट निकालिनुपर्दैन ?
- राजनीतिक सम्बन्ध बनाउन सकेका भरमा कसले कामै नगरी पनि तलब पाउँछ ?
- सङ्घ-सङ्गठनमार्फत कसले राज्यलाई समेत घुर्की लगाउन र आफूले भनेका कुरा मनाउन सक्छ ?

  र, यी सबै प्रश्नहरूभन्दा माथि आउने, व्यक्तिलाई नै तोकेर सोध्नुपर्ने अर्को प्रश्न छ,
- तपाईंलाई आफ्नो काममा साँच्चिकै विश्वास छ ? तपाईं आफ्ना छोराछोरीलाई आफूले पढाउने स्कूलमै भर्ना गर्न सक्नुहुन्छ ?

कुनै पनि व्यक्तिका सम्बन्धमा यी प्रश्नको जवाफ अर्काले दिने सबभन्दा असल पात्र आफैं हो। त्यसैले यो प्रश्न सम्पूर्ण नेपाली शिक्षकहरूलाई हो।

यो सबैलाई भनेको अवश्य होइन। हो, नेपालका सार्वजनिक स्कूलहरूमा अनुशासित, आफ्नो जागिर आफैं खाने शिक्षकहरूकै बाहुल्य छ। धेरै शिक्षकहरूले समयमा स्कूल पुगेर पूरा समय पढाएका छन्; सङ्गठन–शक्तिको दुरुपयोग गर्ने पनि सबै होइनन्। राजनीतिक पार्टीमा नलाग्ने शिक्षकहरू अहिले पनि धेरै छन्। तर, माथि उल्लेख गरिएका शैक्षिक अपराधका मूकदर्शक भएका छन् भने जतिसुकै आदर्श भए पनि उनीहरूलाई निष्कलङ्क भने मान्न सकिँदैन। जसरी कसैको हत्या भएको देख्दादेख्दै चुप लागेर बस्ने व्यक्तिलाई कानुनले निरपराध मान्दैन। त्यसरी नै बालबालिकाको भविष्यमा खेलबाड भइरहेको कुराको प्रतिकार र त्यसलाई सच्याउने प्रयास नगरी बस्ने शिक्षकलाई पनि चोखो मान्न सकिँदैन।

असल व्यक्ति धेरै छन् तर उनीहरू 'असल मात्र' छन्। कसैको बिगार नगर्दैमा असल भइँदैन, खराबीसित नभिडी असलपनाको रक्षा र प्रबर्द्धन गर्न सकिन्नँ भन्ने कुरा उनीहरूले बुझ पचाइदिएका छन्। त्यसैले खराबी फैलिएको छ। 'कसले के गर्छ र ?' भन्ने भावनाले नकच्चरोपन बढाएको छ। फलत: शैक्षिक क्षेत्रमा राम्रा र उत्साहजनक समाचारहरूको प्राय: खडेरी नै परिरहेको हुन्छ। *शिक्षक* मा पाएसम्मका राम्रा कुरा छाप्ने र नेपालको शैक्षिक जगत्प्रतिको आदर र विश्वास बलियो बनाउने भन्ने सोचाइ सधैं रहेको छ। तर, छाप्न योग्य राम्रा कुरा फेला पार्न कम्ती पसिना बगाउनु पर्दैन। शिक्षा, तालिम, जागिरको सुनिश्चितता, तलब र पेन्सनको सुविधा जस्ता धेरै कुरा भईकन पनि सार्वजनिक स्कूलका शिक्षकहरूको सामूहिक प्रतिबद्धतामा भने प्रश्नचिह्न लागेको लाग्यै छ।


परिस्थिति यति जटिल भइसकेको छ कि हामीले को गतिलो र को निर्गतिलो भनेर छुट्याएर मात्र पुग्ने अवस्था छैन। सरकार र समुदायले अर्बौं रुपैयाँ खर्च गरेर तयार गरेका सार्वजनिक स्कूलका संरचना र जनताको मेहनत पसिनाबाट तलब पाउने त्यसका शिक्षकहरूलाई निर्गतिला साबित गरेर कसैले पनि केही पाउन सक्दैन। हामीले खोज्नुपर्ने कुरा त समाधान हो। मेरो विचारमा शिक्षकहरूले आफैंसित केही बाचा गरे हामीले को गतिलो भनेर कहिल्यै पनि प्रश्न गर्नै पर्दैन।

- म अनुशासित हुन्छु, समयमा स्कूल गएर पूरा समय पढाउँछु र त्यसो नगर्नेलाई प्रश्न गर्न थाल्छु
- म आफ्नो जागिर अर्कालाई ठेक्कामा दिन्नँ र त्यसो गर्नेलाई प्रश्न गर्न थाल्छु
- मेरा सबै प्रमाणपत्र सक्कली हुन् र नक्कली प्रमाणपत्र हुनेलाई प्रश्न गर्न थाल्छु
- म शिक्षकका रूपमा रहेर पार्टीको राजनीति गर्दिनँ र त्यसो गर्नेलाई प्रश्न गर्न थाल्छु
- म सङ्घ-सङ्गठनलाई पेशागत हकहितका लागि मात्र प्रयोग गर्छु र त्यसो नगर्नेलाई प्रश्न गर्न थाल्छु। र, यी सबै प्रश्नहरूभन्दा माथि आउने, व्यक्तिलाई नै तोकेर सोध्नुपर्ने अर्को प्रश्न छ-
- मलाई आफ्नो काममा साँच्चिकै विश्वास छ। म मेरो स्कूललाई आफ्ना छोराछोरी पढाउन मिल्ने राम्रो बनाउँछु र त्यसो नगर्नेलाई प्रश्न गर्न थाल्छु।

## पढाएर मात्र पुग्दैन

हिटलरको यातना शिविरबाट जोगिएका एक अमेरिकी स्कूलका प्राचार्यले सहकर्मी शिक्षकहरूलाई सम्बोधन गर्दै एउटा पत्रमा लेखेका छन्, "म एउटा यातना शिविरबाट बाँचेर निस्किएको व्यक्ति हुँ। त्यहाँ मैले जे देखेँ, ती कुरा अरू कसैले पनि, कहिल्यै पनि देख्नु नपरोस्; किनभने ती दृश्य मानव जातिले नै हेर्न लायक थिएनन्। शिविरहरूमा आफ्नै आँखा सामुन्ने भएका घटनाहरूका कारण मेरा मनमा शिक्षाप्रति पनि एउटा गहिरो आशङ्का उब्जिएको छ।"

यातना शिविरहरूमा मानवले मानवप्रति गर्न सक्ने अत्याचारको चरमसीमाको वर्णन गर्दै ती प्राचार्य अगाडि लेख्छन्, "ती ग्याँस च्याम्बर विद्वान् इन्जिनियरहरूले नै बनाएका थिए भन्ने कुरामा कुनै शङ्का छैन। त्यहाँ बालबालिकाहरूलाई विष दिने पनि सुशिक्षित चिकित्सकहरू नै थिए। महिला र केटाकेटीलाई निर्ममतापूर्वक गोलीले भुट्ने काम पनि कलेजका स्नातकले नै गरेका थिए। शिक्षित व्यक्तिहरूबाट त्यस्तो दानवीय कृत्य देखेपछि मलाई खाली 'शिक्षा'ले मात्र नपुग्ने रहेछ भन्ने लाग्न थालेको छ। हामीले ध्यान दिनुपर्ने ठूलो कुरा त विद्यार्थीमा मानवीय स्वभाव र



विवेक कसरी बढाउने भन्ने पो रहेछ! त्यसैले म तपाईंहरूसित अनुरोध गर्छु, बालबालिकालाई 'मानव' बन्न प्रेरित गर्नुहोस् र 'शिक्षित दानव' बन्नबाट जोगाउनुहोस्! शिक्षाले मान्छेलाई 'असल' हुन मद्दत गर्छ भने मात्रै पढ्न, लेख्न र गन्न जान्नुको सार्थकता हुन्छ।"

*- वेबदुनियाडटकम बाट*


# तपाईंलाई शिक्षक कस्तो लाग्छ ?

यदि राम्रो/उपयोगी लाग्छ भने आफूले चिनेजानेका शिक्षक, अभिभावक र विद्यार्थीलाई पढ्न भनिदिनुहोला। हामीलाई केही सुझाव भए शिक्षक को ठेगानामा खबर दिनुहोला।





शिक्षक मासिक, पाटनढोका
पो.ब.नं. १६६, ललितपुर
फोनः ५५४३२५२, ५५४८१४२
फ्याक्सः ५५४११९६

शिक्षक तपाईंको गाउँ-शहर-बजार का पत्रपत्रिका पसलमा हरेक महिनाको पहिलो साताभित्र पुगिसक्छ। तैपनि शिक्षक पाउन कठिनाई भएमा तपाईंको नजिकको पत्रपत्रिका पसल वा हामीलाई भन्नुहोला।

इमेलः mail@teacher.org.np
वेबः www.teacher.org.np

# प्रतिक्रिया र सुझाव




## *शिक्षक* लाई धन्यवाद !

उत्कृष्ट दुई लेखलाई नगद पुरस्कारस्वरुप रु.७००० र रु.५००० दिने *शिक्षक* मासिकको निर्णय स्वागतयोग्य छ। यसले लेखकहरूको मनोबल बढाएको छ। सान्त्वना पुरस्कारस्वरुप कम्तीमा एक जना लेखकलाई प्रमाण-पत्र र एक वर्षसम्म नि:शुल्क *शिक्षक* उपलब्ध गराउने व्यवस्था भए अरु राम्रो हुनेथियो।

**रामसिं घिसिङ**
**बालुवा मावि, नाल्दुम, काभ्रे**

## कुरा आएन

म *शिक्षक* पत्रिकाको वार्षिक ग्राहक हुँ। नियमित रूपमा प्राप्त हुँदै आएको *शिक्षक* को मङ्सिर र पुस अङ्क हात नपर्दा दु:ख लागेको छ। म मात्र नभई मैले काम गर्ने स्कूलको *शिक्षक* पनि पत्रिका आएको छैन। किन ?

अर्को कुरा, निजी विद्यालयका शिक्षकहरूले *शिक्षक* बढी पढ्ने गरे पनि उनीहरूका समस्या, निजी विद्यालय व्यवस्थापनका कमि-कमजोरी तथा निजी विद्यालयका शिक्षकको पेशागत सुरक्षा सम्बन्धमा यस पत्रिकाले निकै सानो स्थान दिने गरेको छ। सरकारले निजी विद्यालयका शिक्षकलाई शिक्षक नै नगन्ने अवस्थामा उनीहरूको अधिकार र पेशागत सुरक्षाका लागि *शिक्षक* जस्तो स्थापित पत्रिकाले सहयोग गरे हामी आभारी हुनेथियौं।

**गङ्गाराम गङ्तौला**
**महेन्द्र विद्या आश्रम, बाराहीस्थान, भक्तपुर**

*गङ्तौलाजी, तपाईं र तपाईंको विद्यालयले पत्रिका नपाएको सम्बन्धमा जानकारी गराउनु भएकोमा धन्यवाद ! पत्रिका किन र कसरी पुग्न सकेन भन्ने बारेमा खोजबीन गरी आइन्दा नियमित रुपमा पत्रिका प्राप्त हुने विश्वास दिलाउँछौं। – **व्यवस्थापक***

## योग्यलाई प्राथमिकता

*शिक्षक* मासिकको मङ्सिर अङ्कमा 'योग्यभन्दा आफन्तलाई प्राथमिकता' पढ्दा ज्यादै दु:ख लाग्यो। यसरी सार्वजनिक स्कूलमा शिक्षक छनोट गर्दा योग्य व्यक्तिलाई नभएर पहुँचवाला र स्कूल व्यवस्थापन समितिको पदाधिकारीका आफन्तलाई मात्र शिक्षण पेशामा भित्र्याउने हो भने भविष्यका कर्णधार बालबालिकाको के गति होला ? त्यसकारण शिक्षक छनोट प्रक्रियामा पहुँचवाला र स्कूल व्यवस्थापन समितिका पदाधिकारीले आफन्तलाई भन्दा योग्य र दक्ष शिक्षकलाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ।

**करण सिंह सुतार**
**सुदूरपश्चिमाञ्चल क्याम्पस, धनगढी**

## युनियन र मञ्चलाई सुझाव

*शिक्षक* मासिकको मङ्सिर अङ्कमा 'सरकार र शिक्षकबीचको सहमति' शीर्षकको समाचारमा मन्त्रीस्तरीय समितिले बुझाएको प्रतिवेदन समेतको कार्यान्वयनमा शङ्का भनी उल्लेख गरेको पाइयो। वास्तवमा विगतका सहमति र सम्झौताहरू सरकार परिवर्तनपछि रद्दीको टोकरीमा फाल्ने कार्य हुँदै आएको छ। यसैले यस्तो शङ्का गर्नु स्वाभाविक हो। तर, अब पनि विगतका जस्तै कुचेष्टा कसै, कतैबाट भएमा अर्थात् तोकिएको समयसीमाभित्र व्यवस्थापिका संसद्‌बाट ऐन पारित नभएमा सरकारले भयङ्कर शैक्षिक आन्दोलनको आँधीबेहरी सामना गर्नुपर्ने निश्चित छ। गत वर्ष शैक्षिक गणतान्त्रिक मञ्च र शिक्षक युनियन सहयात्री भएर शिक्षकका साझा मुद्दाहरू एकसाथ लिएर अगाडि बढ्दा खुसी लागेको थियो। तर, अहिले दूरी बढेको देख्दा साह्रै दु:ख लागेको छ। यी संस्थाहरू सहयात्री भएर आन्दोलनमा जाँदा मात्र तमाम स्थायी/अस्थायी शिक्षकहरूको हित हुनेछ र शिक्षक नेताहरूको सम्मान बढ्ने छ। त्यसकारण गत वर्ष जस्तै पुन: सहकार्यमा जुट्न विनम्र अनुरोध छ। अस्थायी शिक्षकको हकमा सर्वपक्षीय सहमतिबाट सकेसम्म दायरालाई फराकिलो पारी निश्चित प्रतिशत छुट्याई एकैपटक आन्तरिक र खुल्ला विज्ञापन गर्दा न्यायिक हुनेछ; अन्यथा यो विवादको स्थायी समाधान हुनसक्दैन। साथै; विगतको पचास प्रतिशतको विज्ञापनमा वैकल्पिक सफल उम्मेदवारहरूलाई तत्काल कानुनमा संशोधन गरी स्थायी नियुक्ति दिन/दिलाउन दुवै सङ्गठनसँग विनम्र अनुरोध छ। बालविकास केन्द्र र राहत शिक्षकहरूले यस वर्ष वृद्धि गरिएको तलब हालसम्म पाएका छैनन्। यो भेदभाव आपत्तिजनक छ। यस सवालमा युनियन र शैक्षिक गणतान्त्रिक मञ्च मौन बसेको देखिन्छ। यदि माघसम्म अर्थात् आउने

**व्यङ्ग्य-बाण**

## यस्तो पो जागिर !

शिक्षकको जागिर पो जागिर ! न घुस न पेन्सन ! तैपनि छैन टेन्सन। दिनभरि घाँटीका नशा चुँडिउञ्जेल करायो र पनि ऐया न आत्थु !
के गर्नु जसरी पनि जागिर खाए भै'गो नि ! जागिरमा लाग्न पनि सजिलो। घरपायक सरुवा; सजिलै बढुवा। हिजोआज त अरु विद्यालय व्यवस्थापन समितिमा आफ्नै मान्छे जितायो, जागिर पक्का। फेरि पुलिस आर्मीको जस्तो हाइटफाइट पनि नपर्ने। कानो, अन्धो, लँगडो, डुँडो, पुट्को जस्तो भए'नि फिट। बिदा छुट्टी पनि भक्कु। बिरामी बिदा, घर बिदा, पर्व बिदा, अपर्झट बिदा... के-के हो के-के... ! त्यति मात्र कहाँ हो र ? स्वास्नी सुत्केरी, लोग्नेलाई बिदा। हेडमास्टरलाई पट्याउन सके त सधैं काज, पढाउनै नपर्ने ! किन पो पढाउनु पनि बित्थैमा ? चिट चोर्न पाउनुपर्ने आजका विद्यार्थीको

नैसर्गिक अधिकार छँदैछ !

उचित तलब, भत्ता, सुविधा, घुस नपाइने; ओटी-गोटी नहुने यस्तो रुख्खा-सुख्खा जागिर भनेर कैयौं शिक्षक निधार खुम्च्याउँछन् तर म ढुक्क हुन्छु। घुस खान नपाए के भो त? कक्षाकोठामा पाँच मिनेट आलटाल गर्दै ढिलो छिऱ्यो, घण्टी लाग्नुअगावै पाँच मिनेट छिटो निस्क्यो। जसरी नि घुस खान नपाएको साटो फेर्नु न छ। दिशा-पिसाब नलागे पनि बहानामा १०-१५ चोटि ट्वाइलेट गयो। तिर्खै नलागे पनि धारा ट्युवेल धाएर पानी खाए झैं गऱ्यो। आखिर जसरी नि टाइम पास, महिना मार्नु न हो। फेरि ट्युसन पढायो, मालामाल। सरकारी डाक्टरको निजी क्लिनिक भएको छ आजकालका मास्टरको ट्युसन सेन्टर। कक्षाकोठामा नबुझे ट्युसन आउनु भन्दियो, लन्ठै साफ। विद्यार्थीले नबुझेको केही सोधिहाले पनि "त्यति जाबो नि आउँदैन, गोरु, गधा!" भन्यो हकाऱ्यो आफैं दादा। मन लागे पढायो मन नलागे क्लासवर्क। केको टन्टन। रिस उठेकालाई भकुरो, राम्रा ठिटी भए स्याबास्, ढाडतिर थप्थपायो, सुम्सुम्यायो। जताततै हाईहाई, मास्टरको रजाइँ। तरुनीको धुइरो, लवलेटर ओइरो। होमवर्क चेक गर्न दिएकै कापीमा 'रिप्लाइ' पठायो कसैले चाले नपाउने। यस्तो जिन्दगी पो जिन्दगी!

सजिलो पाठ भए फुइँ हाँको, अप्ठ्यारो भए लटरपटर पाऱ्यो पाना पल्टाइहालो। विद्यार्थीले जिद्दी गरे यो इम्पोर्टेन्ट छैन जाँचमा आउँदैन भन्यो टाऱ्यो। जसरी नि कोर्ष सक्नु न छ। गाउँघरमा उसकै कुरा। अभिभावक-विद्यार्थीबाट निमन्त्रणा 'मासुभात खाने'। नमस्कारको घुँइचो। यतै नमस्कार सर, उतै नमस्कार सर। सबैका आँखा उहीतिर। मानमनितो, वाहवाह्। मन्त्रीको के शान? आखिर शिक्षक जस्तो मर्यादित पेशाको मजा न हो यो!

**उद्धवप्रसाद सुवेदी**
**विराटनगर-४, मोरङ**

चौमासिक निकासासम्म तलबमानमा वृद्धि रकम पाउन नसके अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समितिले सबै प्रकृतिका शिक्षकहरूलाई समेटी पुन: कठोर आन्दोलन गर्नुपर्नेछ। किनकि जनार्दन कार्यदलले बुझाएको प्रतिवेदनमा समेत मुलुकमा एघार प्रकृतिका अस्थायी रहेको र सबैलाई एउटै प्रकृतिका बनाउन सुझाव दिइएको छ।

**विजयकान्त झा, पूर्वाञ्चल उपाध्यक्ष,**
**अस्थायी शिक्षक आन्दोलन केन्द्रीय समिति**

## शिक्षकः उत्पीडित हुँदैछन्

कुनैबेला शिक्षकहरू समाजका सच्चा मार्गदर्शक थिए। शिक्षकमा विभाजन थिएन। एकाकार भई सबै साझा मामिलामा संलग्न हुन्थे। शिक्षकको एउटै साझा सङ्गठन थियो। चिरा, समूह, जमात, गुट भन्ने थिएन। पूजनीय शिक्षक बहुदलीय व्यवस्थाको उदयसँगै दलको भाइ बन्ने क्रम शुरु भयो। शिक्षकको आत्मा टुक्रिएर दलसँग गाँसियो। अन्ततः झन् दलित हुनुपऱ्यो। ऊर्जा विभाजित भएपछि कसले गणना गर्ने! दलको पछि लागेपछि कामचोर प्रवृत्ति त बढी नै हाल्यो।

अहिले विद्यालय समुदायमा हस्तान्तरण गर्ने क्रम चलिरहेको छ। यसबाट शिक्षकलाई खेलौना बनाइँदैछ। मनलागे राख्ने मन नलागे हटाउने। समुदायमा जसको पहुँच बढी छ उसैको बाहुल्य रहने। नियुक्ति, सरुवा, तालिम जस्ता विद्यालयमा नभई नहुने पक्षलाई यस कार्यक्रमले विवादमा तानेको छ। वृत्ति-विकास, सुहाउँदो तलब र सेवा-सुविधामा समेत गुमराहमा पारेर शिक्षकलाई दलितबाट उत्पीडित बनाइँदैछ। अब हुँदाहुँदा सरुवा-बढुवा समेत बुटमा कुल्च्याइएको छ। दलको वरिपरि घुम्ने, कक्षाकोठामा कमै देखिने शिक्षकलाई मात्र यसले हित गर्दैछ।

शिक्षक सेवा आयोगलाई संवैधानिक अङ्ग बनाउने, ६/६ महिनामा विज्ञापन गर्ने, आवधिक बढुवा, जिल्लान्तर सहज सरुवा, शिक्षा क्षेत्रसँग सम्बन्धित कार्यालयहरूमा पदस्थापन; योग्यता, क्षमता, दक्षता र कुशलता अनुसार कूटनीतिक नियुक्ति र शिक्षा अधिकृत बनाउने; शिक्षासँग सम्बन्धित कार्यालयहरूमा जानका निम्ति जिशिका, क्षेशिनि, विभाग आदि निकायबाट विज्ञापन गरी सफल शिक्षक त्यहाँ प्रवेश पाउने व्यवस्था गरेमा मात्र शिक्षक सम्मानित हुन सक्छन्। अचम्मको विषय त जिशिकामा एकजना परिचरबाट नै शिक्षकलाई अपहेलित हुने नीति आयो। तृतीय श्रेणीका जिशिअ हुन्छन्; द्वितीय श्रेणीका मावि शिक्षक हुन्छन्। खरिदारको दबदबा सहनुपर्ने विद्यमान नीति; विद्यालय शिक्षा परिवर्तन गर्ने नाउँमा आम शिक्षकलाई शिक्षण पेशाबाट पेशाले दलित अनि उत्पीडित बनाउने


**अनुभवी प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा एम.एड., एकवर्षे र तीनवर्षे बी.एड. तथा+२ का विभिन्न विषयहरूको कक्षा सञ्चालन भइरहेको छ।**

- ✓ माघ मसान्तभित्र भर्ना हुने प्रत्येक जिल्लाका एक-एकजना विद्यार्थीलाई विशेष छुट र १००% सम्म मासिक शुल्कमा छात्रवृत्तिका साथ बी.एड. प्रथम वर्षमा धमाधम भर्ना।
- ✓ आन्तरिक मूल्याङ्कन परीक्षा फागुनको दोस्रो हप्तामा हुनेछ।
- ✓ इ.पि.एम. र पाठ्यक्रम दोस्रो वर्षको शोध निर्देशक तोकिएको हुँदा २०६७ मङ्सिर मसान्तभित्र शोधकार्य सम्पन्न गरिसक्न सूचित गरिन्छ।
- ✓ वेबसाइट तथा नोटिसबोर्डमार्फत सूचना प्रदान।
- ✓ जाडो बिदापछि माघ १७ गते साँझ ४:२५ बाट सबै कक्षाहरू सञ्चालन हुनेछ।
- ✓ प्रशासन दिनको १ देखि साँझ ८ बजेसम्म

**काठमाडौं शिक्षा क्याम्पस**
रामशाहपथ, भृकुटीमण्डप चोक, काठमाडौं (पद्मोदय उमाविको भवन)
फोन: ०१-४२३०२४०, ९८५१०११६४६, ९८४१३२५९००, ९८४१२६५५४४
नोटिस बोर्ड नं. : क्याम्पस विषेश सूचना (१६१८०१४२३०२४०), विद्यार्थी विशेष सूचना (१६१८०७०७३०२४१) उक्त नं. हरूमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिने छ।
E-mail: kscram@ksc.edu.np, URL: w w w . k s c . e d u . n p

# प्रतिक्रिया र सुझाव

योजनाका खाका हुन् ।

कमलको फूल हिलोबाट उम्किएर फक्रन्छ । त्यस्तैगरी शिक्षकले पनि शिक्षकलाई अमर्यादित बनाउने रीतिबाट उम्केर सम्मान लिन सक्नुपर्छ । राज्यको भर नपरी आफ्नो वैयक्तिक नीतिमा परिवर्तन ल्याउन सक्यौं भने पनि एउटा सभ्य शिक्षक भएर समुदायमा देखा पर्न सकिन्छ ।

**मेजबहादुर बुढा**
**शिक्षक, सरस्वती मावि, जैर, हुम्ला**

## 'कठै युनियन !'

आन्दोलनरत शिक्षक र सरकारबीच सहमति भएको खबर (*शिक्षक* मासिक मङ्सिर २०६६) ले शैक्षिक क्षेत्रलाई खुबै तताएको छ । यसै सन्दर्भमा सम्पूर्ण सङ्घ, सङ्गठनको छाता संस्थाको रूपमा रहेको नेपाल शिक्षक युनियनको निरीहपन देखेर मलगायत हजारौं शिक्षकहरू दङ्ग परेका छौं । शिक्षक युनियन वार्ताको लागि अघि सर्ने तर कार्यान्वयनमा लाचार बन्ने परिपाटी अत्यन्तै हास्यास्पद छ । के सम्झौता गर्नु मात्रै युनियनको दायित्व हो ? वा कार्यान्वयन पनि ? सरकार सँग हुने हरेक सहमतिमा आफ्नो ठेट निर्णय प्रस्तुत गर्न नसक्ने, आफ्नै मातहतमा रहेको शैक्षिक संस्थाको गाईजात्रा नदेख्ने शिक्षक युनियन वार्तामा जानुको के कुनै औचित्य छैन ?

२०५२ सालदेखि आयोग नखोलिनु के अस्थायी शिक्षकको दोष हो ? २०४८ को बम्परमा स्थायी भएर युनियनका पदाधिकारी बन्नुभएका मेरा गुरुहरूसँग मेरो प्रश्न छ– तपाईंहरू आफ्नो आङको भैंसी नदेखेर, अर्काको जुम्रा टक्टक्याउँदै हिँड्नुभएको त होइन ? यदि होइन भने ३०औं वर्ष अस्थायी भएर केश पकाइसकेका तपाईंकै गुरुप्रति तपाईंको कत्ति पनि टिठ छैन ? के उनीहरू नै अस्थायी बन्नुको मुख्य दोषी हुन् ? या तपाईंहरू यस संस्थालाई मागिखाने भाँडो मात्रै बनाउन चाहनुहुन्छ ? यदि ती शिक्षकहरू पेशागत रूपमा सक्षम छैनन् भने उनीहरूलाई बिदा गर्नका लागि उतारचढाव आएको वा शैली परिवर्तन भएको छैन ?

**माधव सयपत्री, शिक्षक, श्री सिद्धेश्वर प्रावि, फुलासी, रामेछाप**

## शिक्षकले किन पढ्ने ?

कोर्षकेन्द्रित किताबभन्दा बाहिरका पाठ्यसामग्रीहरू एकदमै न्यून पढ्नेमा शिक्षकहरू देखिन्छन् । पाठ्यक्रम वा पाठ्यपुस्तकइतरका पुस्तकहरू हामी शिक्षकहरू किन पढ्न अल्छी गर्छौं त ? किनभने पढ्नुपर्ने आवश्यकता नै बोध गर्दैनौं । साथीहरूबीच अन्य पुस्तकहरूको चर्चा नै हुँदैन । पहिलो कुरा; एउटा शिक्षकले पढेर कुनै पुस्तकको सन्दर्भ उठायो भने ऊ खिसीको पात्र बन्छ, 'खुब जान्ने भएछ वा खुब पढन्ते भएछ !' त्यसैले पनि शिक्षकहरू अरू पुस्तक पढ्दैनौं । दोस्रो कुरा; पढ्ने वातावरण छैन । अधिकांश विद्यालयमा पुस्तकालय छैनन् । पुस्तकहरू महङ्गा छन् । तेस्रो; शिक्षकमा जाँगर छैन । नयाँ कुरा सिकूँ, सिकाऊँ भन्ने भावना छैन । चौथो; शिक्षकलाई फुर्सद छैन । प्रायः शिक्षकहरू घरपायक छौं । घरधन्दाबाटै हामीलाई फुर्सद हुँदैन । पाँचौं; अध्ययनशील शिक्षकलाई राज्य वा विद्यालयले प्रोत्साहन वा पुरस्कार दिँदैन । यी र यस्तै कारणहरूले गर्दा शिक्षकहरूमा अध्ययनशीलता घट्दैछ ।

स्नातक तहसम्म चलिरहेको विद्यालयको एकजना शिक्षकलाई सोधेँ- सरले यसपालि कुन-कुन किताबहरू पढ्नुभयो ? उहाँले भन्नुभयो, "कुनै पढेको छैन । फुर्सदै हुँदैन ।" उहाँ नेपालीसमेत पढाउनुहुन्छ । मैले आँटै गरेर सोधेँ, "सर नेपाली पनि पढाउनुहुन्छ । भाषा-साहित्य कसरी पढाउने त ? नेपाली साहित्यको ट्रेण्ड कसरी थाहा पाउने त ?" फेर उहाँले भन्नुभयो, "चालीस सालअघिका साहित्यिक पुस्तकले हामीलाई पुग्ने कुरा दिएको छ ।" सोचौं, नेपाली साहित्यमा चालीस र छैसठ्ठी बीचमा कुनै

## 'ममाथि अन्याय भयो'

म २०३८ देखि अविछिन्न रूपमा यो स्कूलमा सेवारत छु । २०५८ सालमा मावि संयोजक र नेपाली विभाग प्रमुख, त्यसपछि सहायक प्रिन्सिपल र कामु प्रिन्सिपल हुँदै २०६४ देखि प्रिन्सिपलको दायित्व मेरो काँधमाथि आएको छ । त्यसपछि अरु सक्रिय रूपमा विद्यालयको उत्थानका लागि क्रियाशील हुँदै आएकी छु ।

तर, ३ भदौ २०६६ मा कक्षा ६ मा अध्ययनरत् न्यून दृष्टि भएकी बालिका आस्मा अर्यालको झोलाको तुना सहपाठीहरूले चुँडाइदिएको घटनालाई निहुँ बनाएर ममाथि विभिन्न आरोप लगाइन थालेको छ । उक्त दिन छात्रछात्राले आस्माको झोला च्यातेको र उनलाई अपशब्द प्रयोग गरेको भए आस्माका अभिभावकले मलाई उजुरी गर्नुपर्ने थियो । आस्माकी आमा इन्दिरा अर्यालले स्कूलको अनुमतिविना कक्षाकोठामा प्रवेश गरी छात्रछात्रालाई गालीगलौज तथा धम्की दिनु उचित थिएन ।

घटना भएको भोलिपल्ट इन्दिरा अर्याललाई स्कूलमा बोलाएर कुरा गर्दा उनले "अब यो कुरालाई यहीं टुङ्ग्याइदिनुहोस्, आइन्दा मेरी छोरीलाई कसैले कुनै शारीरिक तथा मानसिक यातना नदिऊन्" भनेर गइन् । त्यसपछि घटना सामान्य भयो । तर, १६ भदौमा व्यवस्थापन समितिका अध्यक्ष सुप्रभात भण्डारीले फोन गरेर ममाथि आस्मालाई पिटेको, दुर्व्यवहार गरेको आदि आरोप लगाइएको जानकारी गराउनुभयो । त्यसपछि उहाँले स्कूलमै आएर इन्दिरा अर्याल र आस्मालाई बोलाएर विभिन्न प्रश्न गर्दा आस्माले रुँदै साथीहरूले विभिन्न शारीरिक, मानसिक यातना दिएको र प्रिन्सिपलले पनि पिटेको, दुर्व्यवहार गरेको भन्ने झूटो आरोप लगाइन् । मैले आस्मालाई पिट्नु त कहाँ हो कहाँ, ठूलो स्वरले हकारेको पनि छैन । आफ्नी आमाको उक्साहटमा लागेर आस्माले मलाई गम्भीर आरोप लगाएपछि मैले "यो नियोजित षड्यन्त्र हो, तुरुन्त बैठक राखेर छानबिन समिति गठन गरियोस् । यदि म दोषी ठहरिएँ भने व्यवस्थापनले दिएको सजाय भोग्न तयार छु" भनेँ । तर, यो विषयलाई स्कूल व्यवस्थापनले संवेदनशीलताका साथ लिन चाहेन । अध्यक्षले मेरो विरुद्धमा परेको उजुरीको फोटोकपी पनि मलाई दिनुभएको छैन ।

गएको असारमा इन्दिरा अर्यालले हाम्रो विद्यालयमा जागिरका लागि निवेदन दिएकी थिइन् । तर उनी त्यसमा

ठोस निर्णय दिन सक्नुहुन्न ? फेरि ८ मङ्सिर २०६६ मा भएको सहमति तोडेर रुन् पछाडि हट्दै सहमति गर्न किन लालायित हुनुभयो ? यसभित्रको यहाँको लुकेको स्वार्थ के हो ? प्रस्ट हुनुपर्‍यो । २३ साउन २०६१ पछाडिका शिक्षक अस्थायी होइनन् ? फेरि उनीहरू विस्थापित हुँदा उनीहरूले पाउने राहत सम्बन्धमा किन कुनै सहमति हुन सकेन ? यी र अन्य थुप्रै यस्ता मुद्दाहरूमा लाचार शिक्षक युनियन के साँच्चिकै शिक्षकको हितमा छ त ? या पद र स्वार्थमा ?

अर्को कुरा; जुन विद्यालयका बालबालिकालाई स्कूल बोलाउन खाजा, पीठो र तेल बाँड्नुपर्छ ! जहाँ नुन खानको लागि नेताको आसेपासे हुनुपर्छ अनि जुन ठाउँका जनताले आफ्नो वर्षभरिको कमाइले तीन महिनाको जोहो गर्न सक्दैनन् त्यस्ता गाउँठाउँका विद्यालयलाई समुदायमा हस्तान्तरणको मुद्दामा कुर्लंदै हिँड्नु उचित हो ? यसरी वास्तविकतालाई नजरअन्दाज नगरी काठको खुट्टा हालेर उभिएको स्वाङ गर्ने युनियन साँच्चिकै शिक्षकको पक्षमा छ भने शैक्षिक क्षेत्रका सम्पूर्ण विकृति र विसङ्गतिको भण्डाफोर गर्नमा अग्रसर होओस् । अन्यथा तिनै शिक्षकहरूले युनियनको लाचारीपनलाई देखेर भन्न नपरोस्, 'कठै युनियन !'

**पूर्णप्रसाद भट्ट, शिक्षक, श्री मुक्तापदेवी मावि, सेर्तुङ-२, बोराङ, धादिङ**

सफल हुन सकिनन् । त्यसपछि नै उनले ममाथि आस्मालाई पिटेको, दुर्व्यवहार गरेको, शिक्षिका वेदमाया ढकाललाई तलब नदिएको र दुर्व्यवहार गरेको जस्ता झूटा आरोप लगाएको मेरो ठहर छ । उनीलगायत विद्या वैद्य, पूर्णकुमारी सुब्बालगायत नमुना मच्छिन्द्र माविमा अध्ययनरत विद्यार्थी र तिनका अभिभावकले समेत पत्रकार सम्मेलन गरी ममाथि अनेक झूटा आरोप लगाएका छन् ।

'कान्तिपुर आज' ले असोज १६ गते शुक्रबार राति १० बजे आफ्नो भनाइ काटेर एकपक्षीय सामग्री प्रसारण गरेकोमा छात्रछात्राले त्यसको खण्डन कान्तिपुर टिभीलाई पठाएका छन् । आफ्नो सपना साकार पार्न विद्यालय र प्रिन्सिपलको बद्नाम गराउन यत्रो षड्यन्त्र रचिएकोमा भूपू दृष्टिविहीन विद्यार्थीहरू नीरा अधिकारीलगायतले हस्ताक्षर गरेको निवेदन विशेष शिक्षामा दर्ता गराइए पनि अहिलेसम्म जिल्ला शिक्षा कार्यालय र विशेष शिक्षा परिषद् बाट यसबारे कुनै पहल गरिएको छैन ।

आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गरी मलाई बद्नाम गराउन मिडिया र पत्रकारहरूलाई गलत ढङ्गले प्रयोग गरिएको छ । यसबाट ममाथि ठूलो अन्याय भएको छ । व्यवस्थापनले छानबिन गरी सत्यतथ्य बाहिर नल्याउने, जिशिकाले पनि केही नगर्ने अवस्थाले स्कूलको पठनपाठन र छात्रछात्रामा नकारात्मक असर परेको छ । झूटको सहारा लिएर २५ वर्षभन्दा बढी इमानदारी साथ शिक्षण पेशामा रहेकी मलाई बद्नाम गर्न खोज्नेहरूमा एक दिन आत्मग्लानि हुनेछ ।

**राधा तिवारी, प्रिन्सिपल, नमुना मच्छिन्द्र आवासीय मावि लगनखेल, ललितपुर**

## जिज्ञासा र जवाफ

शिक्षक सेवा नियमावली, २०५७ मा बहालवाला स्थायी शिक्षकलाई कक्षा अवलोकन गरी स्थायी अध्यापन अनुमतिपत्र दिने व्यवस्था गरिएको छ । तर, २०६० सालमा स्थायी नियुक्ति पाएका हामी सिन्धुपाल्चोक जिल्लाका माध्यमिक तहका शिक्षकहरूले हालसम्म स्थायी अध्यापन अनुमतिपत्र पाएका छैनौं। यससम्बन्धमा शिक्षक सेवा आयोग र शिक्षा कार्यालयमा पटकपटक सम्पर्क राख्दा गैरजिम्मेवार जवाफ मात्र पाइन्छ। के अब हामीले ऐनले दिएको सुविधाबाट वञ्चित भई खुला परीक्षाबाटै लाइसेन्स लिनुपर्ने हो ? यसको पहल शिक्षक स्वयंले गर्नुपर्ने कि सम्बन्धित निकायले ?

**बद्रीप्रसाद घिमिरे**
**कालिका उमावि, टेकानपुर, सिन्धुपाल्चोक**

जिज्ञासाका निम्ति घिमिरेजीलाई धन्यवाद । यस्ता गुनासा अरू जिल्लाका शिक्षकहरूबाट पनि सुनिने गरिएको छ । आयोगले देशभरिका सबै स्थायी शिक्षकले अध्यापन अनुमति पत्र लिइसकेको ठानेको थियो। तर २०६० सालमा स्थायी नियुक्ति पाएका तपाई जस्ता शिक्षक अध्यापन अनुमतिपत्र लिनबाट बञ्चित हुनु निश्चय नै सुखद् कुरा होइन। त्यसैले आयोगले तपाई जस्ता स्थायी शिक्षकलाई सामान्य कक्षा अवलोकन गरी स्थायी अध्यापन अनुमतिपत्र दिने व्यवस्था गरेको छ। जिल्ला शिक्षा कार्यालयले खटाएका प्रतिनिधिले कक्षा अवलोकन गरेपछि सामान्य प्रक्रियाका आधारमा स्थायी शिक्षकलाई आयोगले अध्यापन अनुमति दिनेछ।

**अशोककुमार अर्याल**
**सहसचिव, शिक्षक सेवा आयोग,**

**(अनुरोधः यस स्तम्भमा शिक्षक मित्रहरूले सामना गर्नुपरेका शैक्षिक र प्रशासनिक समस्या, चुनौती वा जटिलताको आधिकारिक जवाफ प्राप्त गरी प्रकाशित गर्न प्रयास गरिने छ। आफ्ना प्रश्न वा जिज्ञासासँगै सम्भव भएसम्म कुन निकाय वा व्यक्तिबाट जवाफ खोजिएको हो भन्ने समेत उल्लेख गरी पठाउनुहोला। – सम्पादक)**

# शिक्षा ऐन संशोधन गर्ने तयारी

**शिक्षा** मन्त्रालयले शिक्षक-सरकारबीच ११ कात्तिक २०६६ मा भएको सहमति कार्यान्वयनका निम्ति शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ संशोधनको प्रक्रिया अघि बढाएको छ ।

शिक्षा मन्त्रालयका सहसचिव जनार्दन नेपालका अनुसार अस्थायी शिक्षकलाई आन्तरिक प्रतिस्पर्धामार्फत स्थायी गर्न, स्वेच्छिक अवकाश, समयबद्ध बढुवा, द्वन्द्व पीडित शिक्षकको पुनर्वहाली, शिक्षक काउन्सिलको गठन जस्ता सहमतिका बुँदा कार्यान्वयनका निम्ति ऐन संशोधन आवश्यक परेको हो । सहमतिमा उल्लेख भएबमोजिम माघ मसान्तभित्रै संशोधन विधेयक संसद्मा पेश गर्ने प्रयास भइरहेको जानकारी पनि सहसचिव नेपालले दिएका छन् ।

प्रस्तावित संशोधन विधेयक अनुसार २१ साउन २०६१ सम्म नियुक्ति लिई हालसम्म कार्यरत अस्थायी शिक्षकहरूलाई आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन उमेरको हद लाग्ने छैन । सो अवधिभित्र नियुक्ति पाएका अस्थायी शिक्षकहरूको नामावली पठाउन शिक्षा विभागले सबै जिशिकालाई पत्राचार गरेको छ । १२ हजार ९६ दरबन्दीमा शिक्षक पूर्ति गर्न विज्ञापन कहिले खोल्ने भन्ने चाहिँ अझै टुङ्गो लागेको छैन । शिक्षक-सरकार सहमति अनुसार विद्यालय कर्मचारीहरूका लागि सरकारका तर्फबाट दिइने भनिएको यो वर्षको अनुदान (प्रावि रु.२२ हजार, निमावि रु.२७ हजार र मावि रु.३१ हजार) निकासा दिन शिक्षा विभागले जिशिकाहरूलाई परिपत्र गरिसकेको पनि बताइएको छ ।

शिक्षक-सरकार सहमति अनुसार प्रावि द्वितीय र निमावि द्वितीय श्रेणी शिक्षकको पद समायोजनको सहमतिका लागि शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयको सहमति मागेको छ । अर्थको सहमतिपछि उक्त सहमति कार्यान्वयन हुने बताइएको छ । सहमतिअनुसार निजी तथा संस्थागत विद्यालयबाट हटाइएका शिक्षक/कर्मचारीको पुनर्वहालीका लागि जिशिअको संयोजकत्वमा शिक्षकका संघ/सङ्गठन, प्याब्सनलगायतका प्रतिनिधि सम्मिलित समस्या समाधान समिति गठनका लागि निर्देशन दिइएको मन्त्रालयले जनाएको छ ।

राहत शिक्षकलाई पनि अन्य शिक्षककै स्केलसरह तलब/भत्ता दिने सहमति भए पनि उनीहरूले चालु आर्थिक वर्षमा बढेको तलब अझै पाएका छैनन् । शिक्षा मन्त्रालयले भने बढ तलब निकासाको प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको जानकारी दिएको छ तर अर्थ मन्त्रालयले निकासा दिएको छैन । सहमति कार्यान्वयन कसरी गर्ने भन्नेबारे मन्त्रालयले शिक्षकका पेशागत संघ/संस्थाका प्रतिनिधिसँग छलफल पनि अघि बढाइरहेको छ । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष बाबुराम अधिकारीले भने, "केही बुँदाहरू कार्यान्वयनतर्फ अघि बढेको पाएका छौं । कतिपय समस्यालाई ऐन/नियममै राख्नुपर्ने भएकाले संशोधनको पर्खाइमा छौं ।"

# विषको मारमा शिक्षक र छात्रछात्रा

*'म विष हुँ, मेरो काम प्राणी नाश, म कडा विष हुँ, मेरो हावाले पनि जीवित प्राणी मर्न सक्छ '* ४४ वर्षदेखि बाराको अमलेखगञ्जमा भण्डारण गरेर राखिएको उपयोगको म्याद गुज्रिसकेको विषादी गृहको भित्तामा यिनै वाक्यांश लेखिएका छन् । विषादीगृहसँगै जोडिएको नेपाल माविका शिक्षक-छात्रछात्रा यी वाक्यांशबाट सधैँ तर्सिन्छन् । विषादीले स्वास्थ्यलाई असर गर्छ भन्ने थाहा भए पनि विषको गन्धबाट उनीहरू मुक्त हुन भने सकेका छैनन् ।

कक्षामा पढिरहँदा पनि विषको गन्धबाट उनीहरू सताइने गरेका छन् । शिक्षकहरूका अनुसार, उक्त विषका कारण विद्यार्थीहरूमा टाउको दुख्ने, रिँगटा लाग्ने, छालाको एलर्जी हुने तथा आँखासम्बन्धी समस्या देखिएका छन् । नेपाल माविका प्रअ किशोरी राम भन्छन्, "कतिपटक त यही गन्धले विद्यार्थीहरू पढ्दापढ्दै बेहोस भएका छन्, यसले हामीलाई पनि असर गरेको छ ।"



२०२२ सालदेखि उक्त स्थानमा विषादी भण्डारण गर्न थालिएको हो । २०२८ सालमा सँगै जोडिएर नेपाल माविको भवन बनेपछि शिक्षक र छात्रछात्रा विषादीको मारमा पर्न थालेको पाइन्छ । नेपालका विभिन्न २२ स्थानमा यस्ता म्याद सकिएका विषादीहरू भण्डारण गरिएका छन् । सबैभन्दा बढी अमलेखगञ्जको यो भण्डारणमा ५० टन विषादी छन् ।

नेपाल माविमा २६ शिक्षक र ८०० विद्यार्थीहरू छन् । विषादी भण्डार विष्फोट हुनसक्ने हल्लाले विद्यार्थीहरू मानसिक तनावमा रहने गरेका छन् । कक्षा ९ की छात्रा रविना थापा भन्छिन्, "कक्षामा पढिरहँदा विष्फोट हुन्छ कि भन्ने डर लागिरहन्छ ।" कक्षा १० का छात्र सुभाष ठकुरीले विषादीको पीरो गन्धले रिँगटा लाग्ने गरेको बताए । विद्यार्थी मात्र होइन अभिभावकहरू पनि विद्यार्थीको भविष्यप्रति चिन्तित छन् । स्थानीय अभिभावक सतिशलाल कर्ण भन्छन्, "धेरै जनाले विषादी विस्फोट हुने सम्भावना छ भनेर सुनाउँछन् । बालबालिकालाई स्कूल पठाउन पनि डर लाग्छ ।" गर्मीका बेला विषादीको गन्ध बढी आउँछ ।

दुई महिनाअघि ४३ विद्यार्थी र ७ जना शिक्षकहरूको रगत परीक्षण गर्दा विषादीले असर पारेको भेटिएको थियो । विषादीको असरबारे शोध गरिरहेका विशेषज्ञ शीतलकाजी श्रेष्ठका अनुसार, परीक्षण गरिएकामध्ये ९४ प्रतिशतको रगतमा विषादीको असर देखिएको छ । उनी भन्छन्, "यसले विद्यार्थीको श्वासप्रश्वासमा गम्भीर असर पार्छ । क्यान्सर र मुटुको रोग समेत निम्तिन सक्छ ।" विषादीको गन्धले टाउको र आँखामा असर परेका २० प्रतिशत विद्यार्थी र ५ प्रतिशत शिक्षकहरू चस्मा लगाउन बाध्य भएको नेपाल माविले जनाएको छ ।

## लाइसेन्सको जाँच सर्‍यो

**शिक्षक** सेवा आयोगले ८, ९ र १० माघ २०६६ मा गर्ने भनेको अध्यापन अनुमतिपत्रको परीक्षा हिमाली जिल्लाहरूमा जाडोले गर्दा विद्यालयहरू बन्द रहेका तथा अध्यापन अनुमतिपत्रका निम्ति परेका दरखास्तहरू छानबिन भइरहेको कारण दर्शाउँदै केही पर सारेको छ। आयोगको सूचनाअनुसार प्राथमिक तहको अध्यापन अनुमतिपत्रको जाँच अब २१ फागुनमा हुनेछ भने निमावि र माविको २२ र २३ फागुनमा हुनेछ। त्यसैगरी आयोगले सबै तह र श्रेणीको २५ प्रतिशत आन्तरिक बढुवासम्बन्धी परीक्षा पनि २२ फागुनमा गर्न लागेको छ।

अमलेखगञ्ज प्रहरी चौकीको निगरानीमा राखिएको विष भण्डार हटाउन शिक्षक, अभिभावक र अधिकारवादी संस्थाहरूले लामो समयदेखि दबाब दिँदै आएका छन्। विषादी भण्डारगृह हटाउने दबाबको कुनै सुनुवाई नभएपछि अविभावक र शिक्षकले पाँच वर्षअघि स्कूलै सार्न माग गरेका थिए। तर, न त विषादी भण्डार सारिएको छ, न त स्कूल नै। बाराका जिशिअ अमरेन्द्र कर्ण भन्छन्, "यो विषादी भण्डार पहिल्यै हटाइसक्नुपर्थ्यो, यो काम ढिलो गर्नु भनेको शिक्षक र छात्रछात्राप्रति खेलबाड गर्नु हो।"

यता, सरकारले नेपालमा भण्डारण गरिएका सबै विषादी नष्ट गर्नका लागि जर्मनी पठाउने तयारी गरेको जानकारी सार्वजनिक गरेको छ। २२ ठाउँको विषादी सङ्कलन गर्दा लाग्ने खर्च भने नेपाल सरकारले नै व्यहोर्ने छ। कृषि मन्त्रालयका सहसचिव डा. हरि दाहालले भने, "हामी सबै विषादीलाई एकै गाउँमा सङ्कलन गर्छौं। त्यसलाई 'प्याकिङ' गरेर जर्मन लगिन्छ।" उनले विषादी सङ्कलन दुई महिनामै पूरा हुने जानकारी दिए।

**सरिता दाहाल, हेटौँडा**

# शुभताराको शुभ कर्म



**निजी** स्कूलले सरकारी स्कूललाई आफूले आर्जन गरेको सीप तथा ज्ञान विस्तार गर्ने उद्देश्यले ललितपुरको शुभतारा स्कूलले सरस्वती शिक्षक तालिम, अनुसन्धान तथा स्रोत केन्द्रसँग मिलेर १८-२१ पुस २०६६ सम्म १३ वटा सार्वजनिक तथा १७ निजी स्कूलका शिक्षकहरूका निम्ति तीनदिने शैक्षिक कार्यशाला सञ्चालन गर्‍यो।

कार्यशालामा; विभिन्न कारणले कक्षाकोठामा बढ्दै गएको अशान्ति र छात्रछात्रामा देखिन थालेको अराजक प्रवृत्तिका कारण पत्ता लगाई कक्षाकोठामा शान्तिपूर्वक पठनपाठन गर्न आवश्यक पर्ने सीप र विधि आदानप्रदान गरिएको थियो। शुभतारा स्कूल सानेपामा सञ्चालित उक्त कार्याशालामा अस्ट्रेलिया, भारत र नेपालका शिक्षासम्बन्धी विज्ञ तथा अनुभवी शिक्षकहरूले कक्षाकोठामा छात्रछात्रालाई आदरपूर्वक सिकाउने नयाँ-नयाँ विधि र अवधारणाहरू सुझाएका थिए। शिक्षक र विद्यार्थीबीच आदर सम्मान बढाउने तरिकाहरू प्रस्तुत गरेकी अष्ट्रेलियाबाट आएकी शिक्षक सु लिजको कथन थियो, "इन्टरनेटलगायत सूचनाप्रविधिको विकासले शिक्षकको ज्ञानको दायरा साँघुरो भएको छ, छात्रछात्राले शिक्षकभन्दा अरू स्रोतबाट धेरै ज्ञान तथा जानकारी पाउन थालेका छन्। त्यसैले पहिलाको तुलनामा शिक्षकप्रति छात्रछात्राको सम्मान घट्नुलाई अस्वाभाविक ठान्नुहुँदैन।" यसमा उनको थप कथन थियो, "यसैकारण शिक्षकले छात्रछात्राको सम्मान पाउन आफूलाई अद्यावधिक गर्नै पर्छ। योग्य शिक्षकलाई त सबैले आदर गरिहाल्छन् नि!"

शुभतारा स्कूलका प्रिन्सिपल रानी गुरुङ कक्षपतिले कार्यशालाले सहभागी शिक्षकहरूलाई 'सम्मानित शिक्षक' कसरी बन्ने र छात्रछात्रालाई कसरी सम्मानपूर्वक सिकाउने भन्ने ज्ञान दिएको बताइन्। उनको कथन थियो, निजी स्कूलले आफूले सिकेको सीप र ज्ञानको माध्यमबाट सरकारी स्कूललाई सहयोग पुर्‍याउन सक्ने ठानेर हामीले विदेशबाट विज्ञहरू झिकाएर यो कार्यशाला गरेका हौं, यसबाट शिक्षकहरूलाई शिक्षणमा देखा परेका नयाँ चुनौती र अवसरहरू थाहा पाउने मौका मिलेको छ।"

कार्यशालामा स्रोतव्यक्तिहरूले ताररहित इन्टरनेटबाट विद्यालयहरूबीच सम्पर्क, कक्षाकोठाभित्र आदरभाव अभिवृद्धिसम्बन्धी रणनीति, शिक्षकले कक्षाकोठामा प्रभावकारी सञ्चार गर्ने तरिकालगायतका विविध विषयमा कार्यपत्रहरू प्रस्तुत गरेका थिए। त्यस्तै बालबालिकाका लागि सामाजिक–संवेगात्मक शिक्षण, साहित्यको माध्यमबाट शान्तिको सन्देश फैलाउने विधि, शुभताराले सहयोग पुर्‍याएका सरकारी स्कूलसम्बन्धी अनुभव आदानप्रदानबारे पनि छलफल गरिएको थियो। शुभतारा स्कूलले ललितपुरका तीन वटा सरकारी स्कूलसँग साझेदारी गरी ती स्कूलको पठनपाठन सुधार गर्न सहयोग पुर्‍याउँदै आएको छ।

कार्यशालाका सहभागी शिक्षकहरूले आफूलाई अत्यन्त फाइदा पुगेको तथा आफूले प्राप्त गरेको ज्ञानलाई कार्यक्षेत्रमा बढीभन्दा बढी लागू गर्ने प्रतिबद्धता जनाएका छन्। कार्यशालामा सार्वजनिक तथा निजी स्कूलका १८३ शिक्षक तथा स्रोतव्यक्तिहरूको सहभागिता थियो।

रिपोर्ट

प्रमोद आयाम

# विचरो किताबखाना !



**देशभरका स्थायी शिक्षकको वैयक्तिक विवरण राख्ने, पेन्सनको सिफारिस गर्ने तथा उपदान र सञ्चित रकम वितरण गर्ने जिम्मेवारी पाएको विद्यालय शिक्षक किताबखानाले बजेट अभावका कारण तोकिएको जिम्मेवारी पूरा गर्न सकेको छैन ।**

उपदान, औषधि-उपचार र सञ्चित बिदाको रकम निकासाका निम्ति सिफारिस बनाउन १६ पुस २०६६ मा काठमाडौंको ताहाचलस्थित शिक्षक किताबखाना आइपुगेका सल्यानका अवकाशप्राप्त शिक्षक जोगेन्द्रवीर महर्जनको सिफारिस केही घण्टामै तयार भयो । तर, उनले आफ्नो सञ्चित रकमको निकासा कहिले हुन्छ भन्ने कुराको भरपर्दो जवाफ चाहिँ पाएनन् । उपदान शाखाका प्राविधिक सहायक इन्द्र दाहाललाई महर्जनले सोधे, "रकम कहिले पाइएला त सर?" जवाफमा दाहालले भने, "जेठसम्म पर्खिनुपर्ला ।"

पर्याप्त बजेट नभएका कारण किताबखानाले शिक्षकहरूलाई यसैगरी निराश पार्दै आएको छ । १६ कात्तिक २०६६ यता अवकाश पाएका तीन सयभन्दा बढी शिक्षकहरूले महर्जनले जस्तै आफ्नो सञ्चित रकम पाउन सकेका छैनन् । पेन्सनपट्टा बनाउन रोल्पाबाट आएका अवकाशप्राप्त शिक्षक प्रेमबहादुर टण्डन भन्दै थिए, "अवकाशपछि पाइने रकम उपयोगी ठाउँमा लगाउने सोचाइ हुन्छ । यसरी झुलाएपछि हामीलाई ठूलो मार पर्छ ।" किताबखानाका अनुसार, अवकाश पाउने शिक्षकले उपदानबापत औसतमा रु.१ लाख ८५ हजार, औषधि उपचारमा रु.१ लाख ५० हजार, सञ्चित बिदाको रु.७९ हजार र बीमाबापतको रु.२१ हजार पाउँछन् । बजेट भएका बेला किताबखानाले दुई-दुई महिनामा जिशिकामार्फत शिक्षकको सञ्चित रकम पठाउँछ ।

किताबखानाका लेखा अधिकृत कृपाराम रिज्याल भन्छन्, "रकम निकासा भयो कि भएन भनेर तारन्तार शिक्षकहरूको फोन आउँछ । सेवाबाट अवकाश पाएर पनि पैसा पाइएन भन्ने गुनासो छ । तर, बजेट अभावले गर्दा पैसा पठाउन सकेका छैनौं ।" आर्थिक वर्ष २०६६/०६७ मा शिक्षकको सञ्चित रकम निकासाको लागि किताबखानाले अर्थ मन्त्रालयसँग रु.४९ करोड मागेको थियो । तर, अर्थले रु.३३ करोड ४७ लाख ५० हजार मात्रै स्वीकृत गऱ्यो । त्यो बजेटबाट २०६५ फागुनदेखि १५ कात्तिक २०६६ सम्म आवेदन गरेका शिक्षकहरूले मात्रै सञ्चित रकम पाउन सकेका छन् । किताबखानाले आउँदो १५ असारसम्मका लागि १ हजार २०० शिक्षकका निम्ति थप रु.३४ करोड माग गरेर शिक्षा मन्त्रालयमा प्रस्ताव पठाएको छ ।

शिक्षकको निवृत्तिभरण किटान गर्ने तथा उपदान, औषधि उपचार, सञ्चित बिदा र बीमा रकमको निकासा दिने गरी २०५४ सालमा सरकारले विद्यालय शिक्षक किताबखाना स्थापना गरेको हो । शिक्षा नियमावली, २०५९ ले शिक्षकहरूको वैयक्तिक विवरण (सिटरोल), नोकरी अभिलेख राख्ने, सेवा अवधि गणना गर्ने, शिक्षकको तलबी विवरण पारित गर्नेलगायतका जिम्मेवारी किताबखानालाई तोकेको छ । बजेट तथा कर्मचारी अभाव जस्ता समस्याका कारण किताबखानाले यी सबै जिम्मेवारी पूरा गर्न भने सकेको देखिँदैन ।

## सिटरोल अधुरै

शासकीय सुधार कार्यक्रमअन्तर्गत किताबखानाले २०६३ सालदेखि देशभरका स्थायी शिक्षकहरूको सिटरोल दर्ता गर्न थाले पनि यसले अझै पूर्णता पाएको छैन । किताबखानाका अनुसार; प्रावि, निमावि र मावि तीनवटै तहमा १ लाख ७ हजार ८५३ शिक्षकको स्वीकृत दरबन्दी छ । हालसम्म करिब ८० हजार शिक्षकले मात्रै सिटरोलका लागि विवरण बुझाएका छन् । किताबखानाले सिटरोल दर्ता नभएका शिक्षकलाई



प्रमोद आयाम

सञ्चित रकम निकासाको सिफारिश बनाउन किताबखाना पुगेका शिक्षकहरू ।

## शिक्षकले बुझाएनन् सम्पत्ति विवरण

**भ्रष्टाचार** निवारण ऐन, २०५९ मा सार्वजनिक पदमा रहेको व्यक्तिले अनिवार्य रूपमा आफ्नो र परिवारको नाममा रहेको सम्पत्ति विवरण तोकिएको निकायमा बुझाउनुपर्ने व्यवस्था छ । यसअनुसार, सरकारी कोषबाट तलब सुविधा लिने शिक्षकले पनि किताबखानामा आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्छ ।

नियुक्ति पाएको र नयाँ आर्थिक वर्ष शुरु भएको ६० दिनभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने प्रावधान ऐनमा छ । किताबखानाले सम्पत्ति विवरण बुझाउनका लागि केही महिनाअघि सूचना समेत जारी गरेको थियो । त्यसपछि सप्तरी, रुपन्देहीलगायत केही जिल्लाका शिक्षकले सम्पत्ति विवरण बुझाएका पनि थिए । तर, यसको यकिन तथ्याङ्क भने किताबखानासँगै छैन । प्राप्त भएका विवरणहरू पनि किताबखानाको दर्ता शाखामै थन्किएका छन् ।

कर्मचारीको अभाव र पर्याप्त पूर्वाधार नहुँदा प्राप्त विवरण पनि व्यवस्थित गर्न नसकिएको किताबखानाको कथन छ । निमित्त महानिर्देशक अवस्थी भन्छन्, "एक त शिक्षकले नै सम्पत्ति विवरण बुझाउन त्यति चासो दिएका छैनन् । आएका विवरणहरू पनि कर्मचारी अभावकै कारण यसलाई व्यवस्थित गर्न सकेका छैनौं ।"

निवृत्तिभरणको सिफारिस सँगै उपदान तथा अन्य सञ्चित रकम दिँदैन ।

स्थायी नियुक्ति पाएको तीन महिनाभित्रै सिटरोल फारम भरिसक्नुपर्ने प्रावधान शिक्षा नियमावलीमा छ । तर, सिटरोलको फारम नबुझाउनेमा २०१५ देखि २०६३ सालमा स्थायी नियुक्ति पाउने शिक्षकसम्म छन् । किताबखानाकी उपनिर्देशक देवकुमारी गुरागाइँ भन्छिन्, "हामीले त सिटरोल भर्न सूचना पनि जारी गरेका हौं । तर, सबैले फारम नै बुझाएनन् । यसप्रति जिशिका, विद्यालयका प्रअ र शिक्षक आफैं पनि संवेदनशील बन्नुपर्छ ।"

सबैको सिटरोल दर्ता नहुँदा किताबखानाले शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्न सकेको छैन । यसको अर्थ शिक्षकहरूले तलबी विवरणविना नै तलब खाइरहेको भन्ने हुन्छ । किताबखानाका उपसचिव मधुसूदन अधिकारी भन्छन्, "हुन त यो दायित्व पनि हाम्रै हो । तर, सबै शिक्षकको सिटरोल नहुँदा वार्षिक तलबी प्रतिवेदन बनाउन सकिएको छैन ।" तलबी विवरण नहुँदा शिक्षकले पाउने 'ग्रेड' रकम घटबढ हुने अधिकारीको कथन छ ।

उमेर हदका कारण अवकाश पाउने शिक्षकलाई ६ महिना अगावै अवकाशको जानकारी दिनुपर्ने जिम्मेवारी पनि किताबखानाको काँधमा छ । तर, उसले यस्तो जानकारी हालसम्म कसैलाई पठाउन सकेको छैन । चार वटा जिल्लामा नमुना परीक्षणको रूपमा अवकाशको जानकारी पठाउने तयारी भने गरिँदै छ । किताबखानाका निमित्त महानिर्देशक दिवाकर अवस्थी भन्छन्, "शिक्षकका लागि गर्नुपर्ने हाम्रा जिम्मेवारी धेरै छन् । पर्याप्त कर्मचारी र स्रोत/साधन अभावमा सबै काम चाहेर पनि नहुँदो रहेछ ।"

### नेतृत्व नै निमित्त

प्रशासन सेवाका सहसचिव शिक्षक किताबखानाको महानिर्देशक रहने व्यवस्था छ । तर, उक्त निकाय बनेको १२ वर्षमा ६ महिना मात्रै महानिर्देशक रहेको देखिन्छ । बाँकी अवधिमा उपसचिवस्तरका अधिकृतले निमित्त बनेर महानिर्देशकको जिम्मेवारी धान्दै आएका छन् । अनौपचारिक शिक्षा केन्द्रको दरबन्दीमा रहेका अवस्थी अढाई महिनादेखि किताबखानामा काजमा छन् ।

किताबखानामा अधिकृतस्तरका ८ सहित २७ जनाको दरबन्दी छ । तर, अहिले महानिर्देशक र अन्य दुई अधिकृतसहित ७ जनाको पद रिक्त छ । किताबखानामा हत्तपत्त कर्मचारीहरू सरुवा भएर आउनै चाहँदैनन् । आएकाहरू पनि आकर्षक ठाउँ खोजेर सरुवा भइहाल्छन् । किताबखानामै दरबन्दी रहेका शाखा अधिकृत पूर्णबहादुर विश्वकर्मा गत भदौदेखि सामान्य प्रशासन राज्यमन्त्री जीतु गौतमको निजी सचिवालयमा काजमा छन् । यस्तै, कम्प्युटर अधिकृत रामदत्त भट्ट पनि दुई महिनाअघि भूमिसुधार मन्त्रालयमा सरुवा भएका छन् । कम्प्युटर अपरेटर श्यामबहादुर श्रेष्ठ गुनासो गर्दै भन्छन्, "कम्प्युटर अधिकृत नहुँदा गाह्रो भएको छ । कम्प्युटर र सफ्टवेयरमा समस्या पर्दा सोध्ने मान्छे पनि छैन ।"

किताबखानामा पाँच वटै विकास क्षेत्रका छुट्टाछुट्टै 'डेस्क' राखिए पनि दरबन्दी अनुसारका कर्मचारी नहुँदा यो संरचना पनि निष्क्रिय अवस्थामा छ । निमित्त महानिर्देशक अवस्थी अन्य निकायको जस्तो सेवासुविधा नपाएकाले कर्मचारीहरू किताबखानामा बस्न नचाएको ठान्छन् ।

रिपोर्ट

# परिवारै शिक्षक

**शिक्षण पेशालाई बेवास्ता गर्नेहरूको भीडमा सिन्धुली खोलागाउँ-८ को उमाकान्त फुँयालको परिवारका ८ जनाले शिक्षक बनेरै आत्मसन्तुष्टि प्राप्त गरेका छन् । फुँयाल परिवारले शिक्षण पेशाबाट राम्रो आम्दानी एवं सामाजिक प्रतिष्ठा समेत आर्जन गरेको छ ।**

नेपालमा शिक्षण पेशालाई धेरैले गतिलो जागिर नपाउन्जेल अलमलिने 'सङ्क्रमणकालीन पेशा' बनाएको भेटिन्छ । सिन्धुलीको खोलागाउँ- ८ का उमाकान्त फुँयालका छोराबुहारी तथा छोरीज्वाइँ भने यस्तो प्रवृत्तिको अपवाद भएका छन् । फुँयालका तीन छोरा, दुई छोरी मात्र होइन, दुई बुहारी र दुई ज्वाइँ समेत शिक्षण पेशामै रमाएका छन् । अर्थात् उनको पूरै परिवार शिक्षण पेशामा होमिएको छ ।

उमाकान्तका तीन छोरा- डिल्ली, कमल र मिश्रले २०६० सालमा महेन्द्ररत्न क्याम्पस ताहाचलबाट एकसाथ बीएड उत्तीर्ण गरेपछि सबैले शिक्षण पेशा अपनाउने निधो गरे । शिक्षण लाइसेन्सको परीक्षामा पनि तीनै सँगै बसेर सँगै उत्तीर्ण भए । त्यसपछि चाहिँ उनीहरू सिन्धुलीका फरकफरक स्कूलमा खटिएका छन् । सबैले शिक्षण पेशा अपनाउँदा त्यसबाट उनीहरूलाई आत्मसन्तुष्टि मात्र होइन, आर्थिक दृष्टिले परिवार बलियो पनि भएको छ । खोलागाउँ र हत्पते गाविस क्षेत्रमा फुँयाल-परिवार 'शिक्षक-परिवार' को रूपमा चिनिन्छ ।

जेठा डिल्लीप्रसाद फुँयाल सिन्धुलीको लाम्पनटार गाविस- ८, स्याङ्तीस्थित जनप्रेमी माविका प्रअ बनेका छन् । डिल्ली शिक्षक भएर गएपछि समुदायमा हस्तान्तरण भएको उक्त स्कूलको आर्थिक-भौतिक र शैक्षिक पक्ष कायापलट भएको छ । विद्यालय भवन, फर्निचर तथा शैक्षिक सामग्रीका निम्ति सरकारले सहयोग गरेका कारण पठनपाठन सुधार्न सहयोग पुगेको डिल्लीको कथन छ । २०६५ सालको एसएलसीमा उक्त विद्यालयले शतप्रतिशत सफलता हात पाऱ्यो भने गत वर्ष ८० प्रतिशत छात्रछात्रा उत्तीर्ण भए । डिल्ली भन्छन्, "समुदायमा गएपछि जिशिकाबाट धेरै कुरामा सहयोग मिलेको छ, पहिलाको तुलनामा हाम्रो स्कूल धेरै सुधिएको छ, जिशिकाले हाम्रो स्कूललाई जिल्लाको नमुना मानेको छ ।" स्कूल सुधारमा स्थानीय अभिभावकलाई परिचालन गरी


लीलानाथ गौतम र पवित्रा फुँयाल ।



तिनको विश्वास जितेकै कारण आफूलाई शिक्षक भएको केही समयमै प्रअको जिम्मेवारी दिइएको उनको विश्वास छ ।

उनीभन्दा पहिलेदेखि नै पढाउँदै आएकी उनकी पत्नी लक्ष्मी बराल खोलागाउँ गाविस- ८ स्थित सालघारी उमाविमा अस्थायी शिक्षक छिन् । आईएड उत्तीर्ण लक्ष्मीले १० महिने तालिम लिएकी छन् । पत्नीको शिक्षण कार्यबाट आर्जित रकमबाट भाइ-बहिनीलाई पढाउन ठूलो सहयोग पुगेको डिल्ली बताउँछन् । सोही स्कूलमा डिल्लीका कान्छा भाइ मिश्र फुँयाल २०६२ सालदेखि माविको राहतकोटामा अङ्ग्रेजी शिक्षक छन् । भविष्यमा शिक्षण पेशा नै अपनाउने लक्ष्य लिएकी मिश्रकी पत्नी रीता गौतम बीएड गर्दै छिन् ।

यता, चैत २०६४ देखि सिन्धुलीको शान्तेश्वरीस्थित नेत्रकाली माविमा राहत कोटामै अङ्ग्रेजी शिक्षक बनेका डिल्लीका माइला भाइ कमलकी पत्नी तीर्थकुमारी पहाडी पनि सिन्धुलीकै तामाजोर गाविसस्थित लप्से प्राविमा राहत शिक्षकको रूपमा कार्यरत छन् । सिन्धुली क्याम्पसमा बीएड अध्ययनरत तीर्थकुमारी एक वर्षअघि शिक्षक भएकी हुन् । एउटै परिवारका पाँचजना व्यक्ति सार्वजनिक स्कूलको शिक्षक हुनका लागि कसैको सोर्स चाहियो कि चाहिएन त ? "चाहिएन ।" डिल्लीको स्पष्टोक्ति छ, "स्कूलमा हुने सामान्य प्रतिस्पर्धाबाट हामी सबै छानिएका हौं, कुनै राजनीतिक दल र नेता वा अरू कसैलाई भनसुन गरेर कोही पनि शिक्षक भएका होइनौं ।" आफूहरूमध्ये अहिलेसम्म





लक्ष्मी बराल र तीर्थकुमारी पहाडी ।

मोहन अधिकारी र सीता फुँयाल ।





तस्विरहरू सौजन्य: फुँयाल परिवार

**बायाँबाट क्रमशः डिल्ली, कमल र मिश्र फुँयाल।**

कसैको बारेमा पनि स्कूलका शिक्षक, छात्रछात्रा र अभिभावकबाट गुनासो नआएको डिल्ली बताउँछन्। उनको भनाइ छ, "हामी सबै आफ्नो जिम्मेवारी र कर्तव्यप्रति सचेत छौं, हामीप्रति कसैले औंलो ठड्याउन नपाओस्।"

उमाकान्त फुँयालका छोरा बुहारी मात्र होइन विवाह गरेर गइसकेका छोरीहरू पनि शिक्षण पेशामै छन्। सिरहाको बन्दीपुरका मोहन अधिकारीसँग विवाह गरेकी उनकी जेठी छोरी सीता बन्दीपुरकै पीभीएम आवासीय माविमा अध्यापन गर्छिन्। महोत्तरीका लीलानाथ गौतमसँग वैवाहिक बन्धनमा बाँधिएकी डिल्लीकी कान्छी बहिनी पवित्रा महोत्तरीको प्रस्तावित मावि गौरीडाँडामा पढाउँछिन् भने उनका पति लीलानाथ चाहिँ बर्दिबासको ग्लोबल एकेडेमीका शिक्षक हुन्।

पत्नीको २०५३ सालमा निधन भएपछि उमाकान्तले छोराछोरी हुर्काउन र तिनलाई शिक्षादीक्षाको प्रबन्ध गर्न निकै दुःख गर्नुपर्‍यो। उनी सुनकोशी नदी किनारका सामान्य कृषक हुन्। जीवन धान्न जतिसुकै असजिलो भए पनि छोराछोरीलाई पढाइप्रति जागरुक तुल्याउन आफूले कुनै कसर बाँकी नराखेको उमाकान्त बताउँछन्। उनको कथन छ, "श्रीमतीको निधन भएपछि निकै कठिन भयो तर छोराछोरीलाई आमाको अभाव महसुस हुन दिइनँ। अहिले उनीहरूको उन्नतिले दुःख गरेको फल मिले जस्तो अनुभूति भएको छ।"

आमाको निधनपछि बाबुले भोगेको दुःख नजिकबाट देखेका छोराहरूले आफूले आर्जेको सबै रकम उमाकान्तलाई बुझाउने गरेका छन्। उनले त्यो रकम छोराहरूकै भविष्यका निम्ति घरजग्गा खरीदमा लगाएर सुरक्षित गरिदिएका छन्। "पहिला हामीलाई बिहान-बेलुका खान पनि धौ-धौ पर्थ्यो। शिक्षक भएपछि सामूहिक रूपमा रु.१ करोड जतिको सम्पत्ति जोडिसकेका छौं। हाम्रो काम र कमाइबाट बुबा मात्र होइन हामी सबै सन्तुष्ट छौं", डिल्लीको भनाइ छ। उनका अनुसार, "परिवारका सबैजना शिक्षक हुँदा एक-अर्काका समस्या, पीडा बुझिने तथा अनुभव आदान-प्रदान गर्न सजिलो हुन्छ।"

**बाबुराम**

# २०६६ को एसएलसी परीक्षा तालिका

परीक्षा नियन्त्रण कार्यालयले १२-२० चैत, २०६६ मा सम्पन्न हुने गरी यस वर्षको एसएलसी परीक्षाको तालिका प्रकाशित गरेको छ। अघिल्लो वर्ष पनि १२ चैतदेखि नै एसएलसी परीक्षा शुरु भएको थियो। यस वर्ष नियमित र एक्जेम्टेडतर्फ एउटै प्रश्नपत्र सोधिने जानकारी पनिकाले दिएको छ।

**परीक्षा सञ्चालन समयः बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| मिति | विषय |
|---|---|
| १२ चैत २०६६ बिहीबार | अनिवार्य अङ्ग्रेजी। वेद विद्याश्रमतर्फ- अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| १३ चैत २०६६ शुक्रबार | अनिवार्य नेपाली। गैर नेपाली परीक्षार्थीहरूको लागि अङ्ग्रेजी (Elective English) |
| १५ चैत २०६६ आइतबार | अनिवार्य गणित। |
| १६ चैत २०६६ सोमबार | अनिवार्य सामाजिक शिक्षा। |
| १७ चैत २०६६ मङ्गलबार | अनिवार्य विज्ञान। |
| १८ चैत २०६६ बुधबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा। |
| | वेदविद्याश्रमतर्फः अनिवार्य कर्मकाण्ड। संस्कृततर्फः अनिवार्य संस्कृत भाषा। |
| १९ चैत २०६६ बिहीबार | ऐच्छिक प्रथमपत्रका सबै विषय। वेदविद्याश्रमतर्फः शुक्लयजुर्वेद, नीतिशास्त्र, सामवेद आदि |
| २० चैत २०६६ शुक्रबार | ऐच्छिक द्वितीयपत्रका सबै विषय। |

टिप्पणी **शिक्षकको बदलिएको भूमिका**

मोहन ज्ञवाली



# विद्यार्थीलाई आदर गरौं, आफ्नो सम्मान फिर्ता लिऊँ

**शिक्षकले विद्यार्थीहरूलाई अब आदरका साथ सम्बोधन गर्न थाल्नुपर्दछ । उदाहरणका लागि, "गृहकार्य गर्नुभयो वा किन गर्नुभएन ?" भनेर हामीले प्रश्न सोध्ने गऱ्यौं भने विद्यार्थीको मनस्थितिमा शिक्षकप्रति सकारात्मक भाव पैदा हुन्छ ।**

समाज र देशको उन्नति-प्रगतिका लागि जतिसुकै राजनीतिक नारा उराले पनि स्तरीय शिक्षाविना त्यस्ता नारा कहिल्यै यथार्थमा बदलिन सक्दैनन् । तर पनि नेपालमा यो तथ्यलाई सरकार र राजनीतिक दलहरूले अझै आत्मसात् गरेको पाइँदैन । स्तरीय शिक्षा देश विकासको पूर्वशर्त हुँदाहुँदै पनि यसको प्राप्तिका निम्ति कतैबाट सार्थक पहल नहुनु शिक्षक र अभिभावकहरूकानिम्ति चिन्ताको विषय बनेको छ ।

शिक्षाको सबैभन्दा महत्त्वपूर्ण आधार शिक्षक समुदाय हो । तर आज यो समुदाय हत्या, हिंसा र असुरक्षाको भयबाट ग्रसित छ । पेशागत स्थायित्व र सुरक्षाको प्रत्याभूति नहुँदा शिक्षकहरू चिन्ताग्रस्त र त्रासदीपूर्ण मनस्थिति लिएर कक्षाकोठामा प्रवेश गर्छन् । त्यस्ता शिक्षकबाट स्तरीय शिक्षाको अपेक्षा गर्नु व्यर्थ हुन्छ । सरकारले शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षकहरूलाई कहिल्यै महत्त्व दिएको छैन । परिणामतः शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमहरू निरन्तर असफल भइरहेका छन् ।

शिक्षा मन्त्रालय र शिक्षासम्बन्धी अन्य निकायहरू शिक्षक र विद्यालयका सहयोगीको भूमिकामा प्रस्तुत नहुँदासम्म शिक्षकले मात्रै स्तरीय शिक्षाको मियो भएर काम गर्न सक्ने अनुमान गर्न सकिँदैन । शिक्षा प्रशासकले शिक्षकलाई शिक्षाको लक्ष्य हासिल गर्ने प्रमुख सारथि नमान्दासम्म शिक्षक र सरकारबीचको सम्बन्ध पनि सुमधुर हुनसक्ने छैन । शिक्षा अधिकारीहरूको व्यवहार हेर्दा लाग्छ, उनीहरू शिक्षकमाथि शासन गर्न छुट्टै ग्रहबाट यो पृथ्वीमा आएका हुन् । सरकारी अधिकारीको यस्तो रवैया नै शैक्षिक सुधारका निम्ति बाधक बन्दै आएको छ । शिक्षकका पेशागत संस्थाका तर्फबाट हामीले सरकारसँग धेरै पटक आफ्ना मागका सूची प्रस्तुत गऱ्यौं । सरकारले तीमध्ये केही माग पूरा पनि गरेको छ । तर, पेशागत रूपमा शिक्षकहरू फेरि पनि असन्तुष्ट नै पाइने गरेका छन् । यो परिस्थितिलाई विश्लेषण गरेर हामीले आइन्दा सरकारसँग नयाँ माग पेश नगर्ने सोचाइ बनाएका छौं । अब हाम्रो एउटै माग हुनेछ, "जसरी एउटा खेलाडी खेलमैदानमा प्रवेश गर्दा उमङ्ग, उत्साह र समर्पणसहित प्रवेश गर्दछ, ठीक त्यसैगरी एउटा शिक्षक कक्षाकोठामा प्रवेश गर्ने वातावरण निर्माण गरियोस् ।" यो एउटा माग सम्बोधन भए शिक्षकको सरकारसँग कुनै गुनासो रहने छैन ।



यति हुँदाहुँदै पनि; स्कूल सुधारका निम्ति सरकार र सरकारी अधिकारीको प्रवृत्ति मात्र बाधक छैन, यसका लागि हामी शिक्षकहरू पनि थोरबहुत जिम्मेवार छौं । शैक्षिक नीति र कार्यक्रमको केन्द्रबिन्दुमा विद्यार्थीलाई राखेर स्तरीय शिक्षा पाउने उनीहरूको अधिकारका निम्ति पूर्ण रूपमा क्रियाशील हुनबाट हामी चुकेका छौं । छात्रछात्राले स्तरीय शिक्षा पाएमा मात्रै अविकास, अभाव र पीडाका

चक्रहरूबाट देशलाई मुक्त गर्न सकिन्छ भन्ने तथ्य हामी शिक्षकहरूले अझै आत्मसात् गर्न सकेका छैनौं । पचास वर्षअघि शिक्षकले पाउने गरेको सामाजिक प्रतिष्ठा र गौरवलाई हामीले 'शिक्षकको पेशागत अधिकार'का रूपमा बुझ्ने गल्ती गरिरहेका छौं । पहिला समाज धेरै पिछडिएको थियो, त्यसैले शिक्षक समाजको सबै पक्षको ज्ञाता जस्तो थियो । ग्रामीण समाजमा वकिल, लेखनदास, वैद्य, न्यायाधीश, जेटीए, ज्योतिषी सबैथोक शिक्षक थियो । लेखपढ गर्न नजानेका व्यक्तिका चिठी/तमसुक हेरिदिने, बिरामी हुँदा ओखती जुटाइदिने, चिना हेरिदिने, सिंचाई र आधुनिक कृषिका बारेमा चर्चा गर्ने र आफ्ना छोराछोरीलाई पढाइदिने काम शिक्षकले गर्थे । यी काम गरेबापत समाजले सक्दो पारिश्रमिक दिँदा गुनासो नगर्ने समाजसेवी थिए शिक्षक । तर, आज समाज धेरै परिवर्तित भइसकेको छ । समाजमा सबै क्षेत्र र विषयका विज्ञहरू छन् । शिक्षक बहुजिम्मेवारीबाट मुक्त भएको छ र शिक्षणमा मात्र सीमित भएको छ ।

अचेल प्राय:जसो शिक्षकको मुखबाट एउटै गुनासो सुनिन्छ, "हामी शिक्षकहरू समाजमा मर्यादित छैनौं । अभिभावक तथा विद्यार्थीहरूले पनि सम्मान गर्न छोडे ।" तर यथार्थ के हो भने हामीले आफ्नो भूमिका र जिम्मेवारी फेरिएको कुरालाई आत्मसात् नगरी ५० वर्षअघिकै जस्तो सम्मान र गौरव खोजेका कारण यस्तो गुनासो गर्ने गरेका हौं । त्यसैले गुनासो गर्न छोडेर परिवर्तित भूमिकामा आफूलाई रुपान्तरण गर्नु अहिलेको आवश्यकता हो । हामीमध्ये धेरै शिक्षक अहिले पनि विद्यालयलाई यातनागृहमा रुपान्तरण गर्दै छात्रछात्रालाई शारीरिक दण्ड दिने गर्छौं । विद्यार्थीहरू डराएर लुरुलुरु कक्षाकोठामा पस्दा, रमाइलो गरिरहेका बालबालिकाले आफूलाई देख्नासाथ सन्नाटा छाउँदा र कक्षामा प्रश्न सोध्न नसक्दा हामी शिक्षक फुरुङ्ग हुने र गौरवको अनुभव गर्ने गर्छौं । तर हामीले बिर्सन नहुने कुरा के हो भने यस्तै क्रियाकलापका कारण हामीले विद्यार्थी र अभिभावकबाट पाउँदै आएको सम्मान गुमाइरहेका छौं ।

हामीले हाम्रा विद्यालयहरू प्रजातान्त्रिक तरिकाबाट सञ्चालन गरेका छैनौं । शिक्षक देख्नेबित्तिकै हाम्रा विद्यार्थीहरू भयभीत हुने वातावरण सृजना गरिरहेका छौं । शिक्षककै प्रवृत्तिका कारण विद्यार्थीहरू र हामीलाई समेत विद्यालय समयमा विद्यालयमा र कक्षा अवधिमा कक्षाकोठामा बस्न कठिन भएको छ । यसैको परिणामस्वरुप विद्यालय छुट्टी भन्ने सुन्नासाथ हामी रमाइरहेका हुन्छौं, हाम्रा विद्यार्थीहरू पनि रमाइरहेको पाउँछौं र अभिभावकहरू पनि असन्तुष्ट देखिँदैनन् । तर राम्रो काम गर्न साइत जुराउनुपर्दैन । विद्यार्थीहरू विद्यालयमा खुसीसाथ आइरहेका छैनन् भने शिक्षकले त्यसका कारणहरू खोज्नुपर्दछ । सहज र प्रजातान्त्रिक वातावरणमा कक्षा सञ्चालन गर्न हामीहरू नै अग्रसर हुनुपर्छ । घरमा बस्नुभन्दा विद्यालय आउँदा हाम्रा विद्यार्थीहरू रमाउने वातावरण हामीले बनाउनुपर्छ ।

हामी छोराछोरीहरूलाई सकेसम्म मीठो-मसिनो खुवाउँछौं । आफूले पुराना र टालटुल गरेका कपडा लगाएर पनि उनीहरूलाई राम्रा कपडाको व्यवस्था गर्दछौं र उनीहरूलाई कसैले गाली गर्दा मुर्मुरिन्छौं । तर, हामी हाम्रा छात्रछात्रा- जो अरूका छोराछोरी हुन्- तिनीहरूलाई किन गाली गरिरहेका छौं ? किन पिटिरहेका छौं? के छात्रछात्रालाई दण्डित गर्नु शिक्षकको अधिकार हो ? अवश्य होइन । यथार्थमा यस्तो काम गरेर हामीले सरासर अपराध गरेका छौं । यसका लागि हामीले सार्वजनिक रूपमा क्षमायाचना गर्नुपर्छ । हामीले जुन रूपमा माया, ममता र वात्सल्य आफ्ना छोराछोरीहरूलाई दिन्छौं त्यस्तै माया, ममता र वात्सल्य आफ्ना विद्यार्थीहरूलाई पनि दिनु जरुरी छ ।

चालु शताब्दी व्यक्तिगत स्वतन्त्रताको सर्वोच्चताको शताब्दी हो । त्यसैले हरेक बालक, तरुण र वयस्कले यो अधिकारको निर्बाध उपभोग गर्न पाउनुपर्छ । सबैले समान सम्मान, मर्यादा र उचित व्यवहार पाउनुपर्दछ । त्यसैले शिक्षकले विद्यार्थीहरूलाई अब आदरका साथ सम्बोधन गर्न थाल्नुपर्दछ । उदाहरणका लागि, "गृहकार्य गर्नुभयो वा किन गर्नुभएन ?" भनेर हामीले प्रश्न सोध्ने गर्‍यौं भने विद्यार्थीहरूको मनस्थितिमा शिक्षकप्रति सकारात्मक भाव पैदा हुन्छ । आजको युगमा हामी शिक्षकहरू ज्ञानका स्रोत होइनौं । ज्ञानको स्रोत त समाज, वातावरण, सूचना र प्रविधि हो । हामी शिक्षक त केवल सिकाइ वातावरण निर्माणका सहजकर्ता मात्र हौं ।

**अब हाम्रो एउटै माग हुनेछ, "जसरी एउटा खेलाडी खेलमैदानमा प्रवेश गर्दा उमङ्ग, उत्साह र समर्पणसहित प्रवेश गर्दछ, ठीक त्यसैगरी एउटा शिक्षक कक्षाकोठामा प्रवेश गर्ने वातावरण निर्माण गरियोस् ।" यो एउटा माग सम्बोधन भए शिक्षकको सरकारसँग कुनै गुनासो रहने छैन ।**

शिक्षकले अभिभावकहरूको औपचारिक शिक्षाको स्तर हेरेर सस्तो टिप्पणी र मूल्याङ्कन गर्ने परिपाटीको पनि अन्त्य हुनुपर्छ । नकारात्मक र सस्ता टिप्पणीबाट शिक्षकले अभिभावकको मानसपटलमा सम्मानित स्थान पाउन सक्दैन । शिक्षक प्रमाणपत्रको आधारमा बाँचेको हुन्छ । तर, प्रमाणपत्रविना एउटा कठिन जीवन बाँचेका हाम्रा अभिभावकहरूको अवमूल्यन गर्नु शिक्षकको नैतिकताभित्र पर्ने कुरा होइन । शिक्षकले छात्रछात्रा र अभिभावकसँग सकारात्मक व्यवहारहरू गर्न थालेमा विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षा प्रशासकहरू रमाउने थलो बन्छ ।

हामी शिक्षकले माथि चर्चा गरिएका व्यवहार गर्न थाल्ने हो भने जसरी खेल सकिएपछि पनि मैदानमा रहेको खेलाडी मैदानबाट बाहिरिन हिचकिचाउँछ, ठीक त्यसैगरी विद्यालय समय सकिएपछि पनि छात्रछात्रा स्कूलमै बस्न मन गर्ने अवस्था उत्पन्न हुन्छ । अन्तत: हाम्रा सामुदायिक स्कूल विद्यार्थी हराइरहेका रित्ता विद्यालयहरूबाट विद्यार्थीहरूले भरिभराउ सामुदायिक विद्यालयमा रुपान्तरण हुन सक्ने छन् ।

*(ज्ञवाली नेपाल शिक्षक संघका केन्द्रीय अध्यक्ष हुन् ।)*

राजकुमार बराल



# निजीमा मेहेनत सरकारीमा लाभ

**विश्वव्यापी रूपमा हेर्दा, सरकारी विद्यालयका शिक्षकको तलब र सुविधा बढी अनि निजी विद्यालयका शिक्षक बढी मेहेनती र प्रतिस्पर्धी देखिन्छन्। सजिलोसँग जागिर खान पाइने हिसाबमा सरकारी विद्यालयका शिक्षकहरू भाग्यमानी, सुविधा प्राप्त देखिन्छन् भने बढी मेहेनती, योग्य र अध्ययनशील चाहिँ निजी विद्यालयका शिक्षक देखिएका छन्।**

सार्वजनिक र निजी विद्यालय अनि तिनमा कार्यरत शिक्षकको सेवासुविधा, मेहेनत र क्षमताबारे अनुसन्धान र बहस नेपालमा जस्तै विश्वका प्रायः सबै देशमा भइरहेको पाइन्छ। विकिपेडियामा उपलब्ध जानकारीअनुसार अमेरिकामा निजी र सरकारी विद्यालयका बारेमा सन् १८५२ मा मसाचुसेट्स राज्यमा अनिवार्य शिक्षाको सुरुआत भएदेखि नै बहस हुँदै आएको छ। अन्य विकसित देशहरूमा पनि यही समयको सेरोफेरोमा निजी र सरकारी अथवा सार्वजनिक विद्यालयसम्बन्धी बहस शुरु भएको पाइन्छ। शैक्षिक अनुसन्धानकर्ता रोबर्ट केनेडीको भनाइमा 'निजी र सरकारी विद्यालयमध्ये कुन उत्तम' भन्ने विवाद विश्वव्यापी रूपमै चलिरहेको छ।

विश्वका अधिकांश देशमा निजी र सरकारी दुवै खाले विद्यालयहरू अस्तित्वमा देखिन्छन्। सरकारी मात्रै अथवा निजी मात्रै विद्यालय भएको देश भेट्न मुश्किल पर्छ। विकसित देशमा भौतिक पूर्वाधार र सिकाइ वातावरण निजी र सरकारी दुवै क्षेत्रका विद्यालयमा समान र प्रतिस्पर्धी पाइन्छ भने विकासोन्मुख देशका सरकारी विद्यालयहरू यस्ता कुराहरूमा निजी विद्यालयभन्दा पछिपरेका देखिन्छन्। 'निजी विद्यालयले गुणस्तर दिन्छ' भन्ने आम धारणा विकासोन्मुख समाजमा पाइन्छ। अनि त्यहाँ सरकारी स्कूल सस्ता र खुकुला देखिन्छन्। तर केही अपवादलाई छोडेर प्रायः सबै देशमा सरकारी विद्यालयहरूमै बढी विद्यार्थी पढ्छन्। यसरी धेरै विद्यार्थी सार्वजनिक विद्यालयमा जानुको कारण सार्वजनिक शिक्षा निःशुल्क र गुणस्तरीय पनि भएर हो भन्ने निचोड पाइएको छ। विकिपेडियाका अनुसार अमेरिकामा ८५ प्रतिशत बिद्यार्थी सरकारी विद्यालयमा पढ्छन्। तैपनि विश्वव्यापी रूपमा निजी स्कूलहरूलाई सम्भ्रान्त वर्गका विद्यालयको रूपमा बुझ्ने क्रम भने बढ्दै गएको छ।

अनुसन्धानकर्ता रोबर्ट केनेडीको विचारमा राम्रो र चुस्त व्यवस्थापन संरचना, सानो आकारका कक्षा, साना स्कूल र अनुकूल शैक्षिक वातावरणले गर्दा सरकारीभन्दा निजी विद्यालयमा पढाउन शिक्षकलाई र पढ्न विद्यार्थीलाई सहज हुने गरेको छ। विकसित देशमा अधिकांश निजी विद्यालयहरू धार्मिक आस्थातर्फ अभिमुख देखिन्छन्।

प्रायः सबै देशमा निजीभन्दा सरकारी विद्यालयका शिक्षकहरूको तलब र सुविधा बढी देखिन्छ। निजी विद्यालयको हकमा चाहिँ विद्यालयको आर्थिक स्रोत र उद्देश्य एवं हैसियतले शिक्षकको सेवासुविधालाई निर्देशित गर्ने गरेको पाइन्छ। सरकारी स्कूलमा समान तलब, ठूलो कर्मचारी संरचना र युनियन-राजनीति ज्यादा देखिन्छ भने निजी स्कूलमा योग्यता, अनुभवअनुसार तलब र सेवा सुविधामा भिन्नता रहने गरेको पाइन्छ।

विश्वव्यापी रूपमा निजी र सरकारी विद्यालयका शिक्षकहरूबीच तुलना गर्दा निजी विद्यालयका शिक्षकहरू मेहेनती, योग्य र अध्ययनशील देखिएका छन्। अक्सफोर्ड जर्नलमा प्रकाशित इमानुअल जिमेनल, मार्लिन ई लकहिड र भिसेन्ट पाकको अनुसन्धानात्मक लेख दी रिलेटिभ इफिसेन्सी अफ प्राइभेट एण्ड पब्लिक स्कुल्स इन डेभेलपिङ कन्ट्रिजले विकासशील देशका सरकारीभन्दा निजी विद्यालयको गुणस्तर राम्रो भएको देखाएको छ। तर सँगै उक्त अध्ययनले निजी विद्यालयमा हुनेखाने र पढेलेखेका सम्भ्रान्तका सन्तान बढी हुने र त्यस्ता पृष्ठभूमिबाट आएका बालबालिकाहरू जन्मजातै उन्नत पृष्ठभूमि र चलाख हुने हुँदा सरकारी विद्यालयमा पढ्ने कमजोर वर्ग र वञ्चित समुदायका बालबच्चाको तुलनामा स्वतः पढाइमा राम्रो गर्छन् भनेको छ। धेरै देशमा सरकारी विद्यालयभन्दा निजी विद्यालयमा प्रति विद्यार्थी लागत कम रहेको पाइन्छ। यो स्वाभाविक पनि लाग्छ किनभने निजी विद्यालय नाफामुखी हुने हुँदा उसले कमभन्दा कम लागतमा प्रतिफल निकाल्छ। यही कारणले गर्दा निजी विद्यालयका शिक्षकले सरकारी विद्यालयका शिक्षकको तुलनामा स्वतः तलब तथा अन्य सेवासुविधा कम पाउँछन्।

युनिभर्सिटी अफ इलिनोइसका क्रिष्टफर लुविइन्स्कीले सन् २००८ मा गरेको विश्वव्यापी अध्ययनले सरकारी स्कूलमा विद्यार्थी कम नभएको देखाएको छ। त्यस्तै शिक्षाका प्राध्यापक साराइ थेउले लुविइन्स्की र विद्यावारिधिका विद्यार्थी कोरिना कानेले गरेको अध्ययन (२००७) ले निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीले राम्रो अङ्क (स्कोर) प्राप्त गर्ने गरेको देखाएको छ। यसको विपरीत, भारतको पन्जाबमा भइरहेको शैक्षिक उपलब्धिसम्बन्धी चारवर्षे अध्ययनले चाहिँ त्यहाँ सरकारी

भन्दा निजी विद्यालयको गुणस्तर राम्रो देखाएको छ। सो अध्ययनले सरकारी विद्यालय लागत (इनपुट) र निजी विद्यालय प्रतिफल (आउटपुट)मा केन्द्रित रहेको पनि देखाएको छ। उक्त अध्ययनअनुसार सरकारी विद्यालयमा शिक्षकहरू पढाइ, तालिम, सेवासुविधाको आधारमा भर्ना गरिन्छन् भने निजी विद्यालयमा राम्रो प्रतिफल दिने नदिने आधारमा शिक्षक भर्ना गरिन्छन्। निजी विद्यालयका शिक्षक धेरै खट्ने हुँदा उनीहरूको उपलब्धि बढी हुने गर्छ। युरोपियन युनिभर्सिटी इन्स्टिच्युट डिपार्टमेन्ट अफ पोलिटिकल एण्ड सोसल साइन्सेसको अध्ययन (२००३) ले पनि निजी विद्यालयलाई बढी प्रभावकारी देखाएको छ।

सरकारी र निजी विद्यालयको इतिहासलाई फर्केर हेर्दा; सन् ६० को दशकतिर निजी विद्यालयहरू फस्टाइ नसकेका कारण निजीभन्दा सरकारी विद्यालयहरूको गुणस्तर विश्वव्यापी रूपमै राम्रो थियो। जर्नल अफ एजुकेशनल साइकोलोजी (१९६३) भोलुम ५४(२) पेज ११८-१२२)मा प्रकाशित फिङ्गर जोनए, स्चलेचर जर्ज ई को एकाडेमिक परफरमेन्स अफ पब्लिक एण्ड प्राइभेट स्कूल स्टुडेन्ट्स् शीर्षकको अनुसन्धानमा सरकारी विद्यालयले निजी विद्यालयको भन्दा बढी राम्रो गर्ने निष्कर्ष निकालिएको थियो। यस्ता अध्ययनको आधारमा कस्ता विद्यालयका शिक्षक दक्ष, मेहेनती, अध्ययनशील आदि भनेर ठोकुवा गर्न नसके पनि तुलनात्मक रूपमा निजी विद्यालयका शिक्षकहरू बढी मेहेनती र अध्ययनशील भन्ने चाहिँ देखिन्छ।

केही ठूला र इन्टरनेशनल स्कूलहरूबाहेक संसारका सबैजसो देशमा निजीभन्दा सरकारी विद्यालयका शिक्षकहरूले बढी तलब तथा सुविधाहरू पाएको देखिन्छ। सिभिक रिपोर्ट नम्बर ५०, जनवरी २००७ मा प्रकाशित जे.पी. ग्रिन एण्ड मार्कस ए विन्टरर्सको सरकारी स्कूलका शिक्षकलाई कति तलब दिइन्छ? भन्ने अनुसन्धानात्मक लेखअनुसार अमेरिकामा सरकारी शिक्षकले प्रतिघण्टा ३४.०६ डलर कमाउँछन्। यो रकम सामान्य मानसिक श्रम गर्ने अमेरिकी कर्मचारीको भन्दा औसत ३६ प्रतिशत र प्राविधिक कामदारको भन्दा ११ प्रतिशत बढी हो। राष्ट्रव्यापी रूपमा हेर्दा अमेरिकाका सरकारी स्कूलका शिक्षकले निजी स्कूलका शिक्षकले भन्दा ६१ प्रतिशत बढी कमाउँछन्। अमेरिकी श्रम तथ्याङ्क ब्युरोका अनुसार सरकारी शिक्षकहरू हप्तामा ३६.५ घण्टा काम गर्छन्। जबकि, त्यहाँका निजी विद्यालयका शिक्षक ३८.३ घण्टा काम गर्छन्। यो तथ्याङ्कका आधारमा हेर्दा सरकारी शिक्षकभन्दा निजी विद्यालयका शिक्षकहरू हप्तामा करिब दुई घण्टा बढी काम गर्छन्। काम बढी गरे पनि निजी विद्यालयका शिक्षकको तलब भने थोरै हुन्छ। जे.पी. ग्रिन र मार्कस ए. विन्टर (२००६) कै प्रतिवेदनले तलब र सिकाइ उपलब्धिबीच प्रत्यक्ष सम्बन्ध नरहेको देखाएको छ। त्यसका लागि अन्य सिकाइ वातावरण, सामाजिक परिवेश र पृष्ठभूमि, भौतिक पूर्वाधार, शिक्षकको मनोबल जस्ता पक्षहरू पनि महत्त्वपूर्ण हुन्छन्।

जे.पी. ग्रिन एण्ड मार्कस ए विन्टरर्सको २००७ को रिपोर्टअनुसार अमेरिकामा सरकारी शिक्षकभन्दा पत्रकार/सम्पादकले २४ प्रतिशत, आर्टिटेक्टले ११ प्रतिशत, मनोवैज्ञानिकले ८ प्रतिशत, रसायनशास्त्रीले ५ प्रतिशत, मेकानिकल इन्जिनियरले ६ प्रतिशत र अर्थशात्रीले १ प्रतिशत कम तलब पाउँछन्। तर सरकारी शिक्षकभन्दा हवाईजहाज पाइलटले १८६ प्रतिशत, भौतिकशास्त्रीले ८० प्रतिशत, वकिलले ४८ प्रतिशत, न्यूक्लियर इन्जिनियरले १७ प्रतिशत र फिजिसिस्टले ३ प्रतिशत बढी तलब पाउँछन्।

सिद्धान्ततः विश्वव्यापी रूपमा निजी विद्यालय र सरकारी विद्यालयबीच दुई प्रकारको भिन्नता पाइन्छ। निजी विद्यालय विश्वव्यापी रूपमै नाफाका लागि र बजार नियन्त्रित देखिन्छन् भने सरकारी विद्यालय आम भलाइ र आम शिक्षाका लागि भन्ने बुझिन्छन्। निजी विद्यालय सिद्धान्ततः नाफाको लागि खोलिएका हुनाले विद्यालय सञ्चालकहरू मुख्यतया नाफा कसरी कमाउने भन्नेमै केन्द्रित हुन्छन्। निजी विद्यालयका सञ्चालकहरूको विश्वव्यापी रूपमा नाफाका दुईवटा मुख्य स्रोत देखिन्छन्। एउटा अभिभावकबाट उठाइने चर्को शुल्क र दोस्रो शिक्षकको शोषणबाट प्राप्त अतिरिक्त मूल्य। अर्थात् निजी स्कूलका शिक्षकले श्रम गरेबमोजिमको तलब नदिनु हो। उदाहरणको लागि; शिक्षकले ६ घण्टा पढाए पनि उसलाई चार घण्टा बराबरको मात्र तलब दिने गर्दा शिक्षकले श्रम गरेको बाँकी तीन घण्टा बराबरको पैसा विद्यालय सञ्चालकहरूको हातमा पर्छ।

विकसित र विकासोन्मुख देशको तुलना गर्दा विकसित देशका निजी विद्यालयका शिक्षकको स्थिति धेरै राम्रो देखिन्छ। विकासोन्मुख देशहरूमा निजी स्कूलका शिक्षकहरूको अवस्था दयनीय बन्दै गएको र यसै कारण त्यस्ता स्कूलका शिक्षकहरू अन्य पेशातिर लाग्ने गरेको पाइन्छ। विकसित देशका शिक्षक तथा शिक्षक युनियनहरू

> **राम्रो र चुस्त व्यवस्थापन संरचना, सानो आकारका कक्षा, साना स्कूल र अनुकूल शैक्षिक वातावरणले गर्दा सरकारीभन्दा निजी स्कूलमा पढाउन शिक्षकलाई र पढ्न विद्यार्थीलाई सहज हुने गरेको छ।**

आफ्नो हकअधिकारको लागि निजी विद्यालयका मालिकहरूसँग सङ्गठित रूपमा लड्न सक्षम देखिन्छन् भने विकासोन्मुख देशका निजी विद्यालयका शिक्षकहरू सङ्गठित नै हुनसकेको पाइँदैन। यही बिन्दुबाट विकासोन्मुख देशका निजी विद्यालयका शिक्षकहरूको दुर्दशा शुरु भएको देखिन्छ। निजी विद्यालय र सरकारी विद्यालयबीच दौडिने इन्धन नै फरक भएपछि यिनमा काम गर्ने शिक्षकहरूको सेवासुविधा, योगदान, योग्यता, दौडको गति पनि विश्वव्यापी रूपमै भिन्न हुनु स्वाभाविक लाग्छ।

समग्रमा हेर्दा; विश्वव्यापी रूपमा सरकारी विद्यालयका शिक्षकको तलब र सुविधा बढी अनि निजी विद्यालयका शिक्षक बढी मेहेनती र प्रतिस्पर्धी देखिन्छन्। यसबाहेक सजिलो, कम मेहेनत गरी जागिर खान पाइने हिसाबमा हेर्दा सरकारी विद्यालयका शिक्षकहरू भाग्यमानी, सुविधा प्राप्त देखिन्छन् भने बढी मेहेनती, योग्य र अध्ययनशील चाहिँ निजी विद्यालयका शिक्षक देखिएका छन्। योग्य र मेहेनती हुनु उनीहरूका निम्ति अनिवार्य पनि हुन्छ; किनभने निजी स्वामित्वको उद्योगमा सञ्चालकहरूको नाफामुखी स्वार्थ हुने र मालिकको स्वार्थमा एकाकार हुनुपर्दा निजी विद्यालयका शिक्षकहरू आफू जागिरमा रहन ज्यादा मेहेनत र प्रतिस्पर्धी हुनुको विकल्प नै हुँदैन। विश्वव्यापी रूपमा कतिपय ठूला निजी विद्यालयहरू, इन्टरनेशनल स्कूलहरूमा काम गर्ने शिक्षकहरूलाई अपवादमा लिँदा सरकारी विद्यालयका शिक्षकहरू नै इज्जत र हैसियत भएका, पेशागत र पारिवारिक सन्तुष्टि-प्राप्त भेटिन्छन्।

## मत–अभिमत




# सार्वजनिक र निजी स्कूलका शिक्षक

- को बढी भाग्यमानी ?
- को धेरै मेहेनती ?
- कसको सुविधा धेरै ?
- को बढी योग्य र अध्ययनशील ?
- कसको काम धेरै ?
- कसको इज्जत/हैसियत ठूलो ?
- को बढी चिन्तित/असन्तुष्ट ?
- पेशागत र पारिवारिक सन्तुष्टि कसको बढी ?

**गताङ्कमा माथिका यी विषय समेट्ने गरी आफ्नो विचार, अनुभव वा अध्ययनको निचोड लेख्न शिक्षकहरूलाई आह्वान गरिएको थियो। यस विषयमा लेखेर पठाउनुहुने धेरै शिक्षकमध्ये हाम्रो छनोटमा परेका केही शिक्षकका विचार–**

# 'लोभको भाँडो कहिल्यै भरिँदैन'

**चन्द्रमणि अर्याल**

राज्यको स्पष्ट नीति नहुँदा अहिले देशमा दुईथरी शैक्षिक व्यवस्था विद्यमान छन्। हुनेखाने वर्गका लागि 'निजी विद्यालय' र अन्यका लागि 'सार्वजनिक विद्यालय' जस्तो भएको छ। मौलिक हकका रूपमा परिभाषित स्कूल शिक्षाको यो अवस्था हुनु दुःखदायी कुरा हो।

प्रायः सार्वजनिक विद्यालयका दरबन्दीमा कार्यरत शिक्षकहरूको तलब, भत्ता, ग्रेड र उपदानको व्यवस्था गरिएको हुन्छ। उनीहरूको तलबस्तर तुलनात्मक रूपमा राम्रो हुन्छ। तर, सार्वजनिक विद्यालयमै कार्यरत उही तहका राहत शिक्षकको तलब अरु कम हुन्छ भने निजी स्रोतमा कार्यरत निजी स्रोतका शिक्षकहरूको तलब सुविधा नगण्य हुन्छ।

सबै विद्यालयमा पुस्तकालय नहुने र पुस्तक, पत्रिका आफैं किनेर पढ्न

**लोभको भाँडो कहिल्यै भरिँदैन। तैपनि; सार्वजनिक र निजी विद्यालयका शिक्षकहरूमा भन्दा सार्वजनिक विद्यालयका स्थायी शिक्षकहरूमा कामको बोझ न्यून हुने भएकाले उनीहरूको पेशागत र पारिवारिक सन्तुष्टि अरूभन्दा बढी हुनुपर्छ।**

पनि सम्भव नहुने भएकाले शिक्षकहरू हुनुपर्ने जति अध्ययनशील पाइँदैनन्। जिल्ला शिक्षा कार्यालयले कम्तीमा एउटा नेपाली र एउटा अङ्ग्रेजी पत्रिका नियमित रूपमा विद्यालयमा ल्याउन निर्देशन गरे तापनि अधिकांश विद्यालयमा अझै पनि पत्रपत्रिका पुग्दैनन्।

सन्तुष्टि भनेको मनको कुरा हो। सन्तुष्टि कदापि संस्थागत हुनसक्दैन। भनिन्छ; लोभको भाँडो कहिल्यै भरिँदैन। तैपनि; सार्वजनिक विद्यालयका निजी स्रोतका शिक्षक र निजी विद्यालयका शिक्षकहरूमा भन्दा सार्वजनिक विद्यालयका स्थायी शिक्षकहरूमा कामको बोझ न्यून हुने भएकाले उनीहरूको पेशागत र पारिवारिक सन्तुष्टि अरूभन्दा बढी हुनुपर्छ।

सबै शिक्षकहरूको हैसियत र इज्जत बराबर हुनुपर्ने हो। तर, सार्वजनिक विद्यालयका शिक्षक बढी सम्मानित मानिन्छन् तैपनि शिक्षणभन्दा राजनीतिक कार्यक्रमलाई महत्त्व दिने, विद्यार्थीको सामुन्ने धुम्रपान, मद्यपान र समाजमा हल्ला गर्ने शिक्षकलाई कसैले पनि इज्जत गर्दैनन्। र, उनीहरूको पारिवारिक सन्तुष्टि पनि हुनसक्दैन। त्यसैले संस्थागत, निजी वा सार्वजनिक विद्यालयभन्दा पनि मेहेनत, योग्यता, अध्ययनशीलता, इज्जत र सन्तुष्टिहरू सम्बद्ध शिक्षकको व्यक्तिगत आचरण र व्यवहारमा भर पर्ने कुरा हुन्।

दुलेगौंडा-९, तनहुँ

# धेरै पुरानालाई बिदा गर्नुपर्छ

पूर्णप्रसाद भट्ट

सरकारी व्यवस्थापनमा देखिएको फितलोपनले गर्दा यता आएर नेपालका सार्वजनिक स्कूलप्रति मानिसहरूको विश्वास गुम्दै गएको छ । एउटा मजदुर दिनरात पिठ्युँमा भारी राखेर पनि आफ्नो सन्तानलाई निजी स्कूलमा भर्ना गर्छ । यति मात्र कहाँ हो र ! सरकारी स्कूलका शिक्षक स्वयं पनि आफ्ना छोराछोरी निजी स्कूलमै पढाउन चाहन्छन् । यसले सरकारी स्कूलका शिक्षकले आफैंलाई विश्वास गर्न नसकेको देखाउँछ । हुम्ला, मुगु जस्ता दुर्गम भेगमा जहाँ विद्यार्थीलाई स्कूल बोलाउन खाजा र तेल बाँड्नुपर्छ, त्यहाँका सार्वजनिक स्कूल वरदानसावित भएका छन् भने शहरी भेगमा गुणात्मक र स्तरीय शिक्षा दिएर निजी स्कूल उचाइमा पुगेका छन् । यसैले दुवैखाले स्कूलको स्थान आ-आफ्ना ठाउँमा उच्च नै रहेको छ । यही वास्तविकताभित्र गौण भूमिका लिएर बाँचिरहेका शिक्षकहरूको अस्तित्वलाई निम्नानुसार चित्रण गर्न सकिन्छ ।

**भाग्य समयको खेल हो:** वर्तमान समयमा म सरकारी र निजी दुवै विद्यालयका शिक्षकहरूको भविष्य देख्दिनँ । दुवै संस्थाले शिक्षकहरूलाई 'काम पर्दाको भाँडो काम सकिएपछिको ठाँडो' बनाएका छन् । एकातिर बेरोजगारी समस्याले जागिरको जोहो गर्नुपरेको छ भने अर्कोतिर त्यसको फाइदा निजी स्कूलका व्यवस्थापकहरू उठाइरहेका छन् । सरकारी शिक्षकहरूको वर्षेपिच्छे तलब बढ्दै जाँदा पनि निजी स्कूलका शिक्षकहरू न्यून पारिश्रमिकमा काम गरिरहेका छन् । दीर्घकालीन सोचलाई थाँती राख्ने हो भने तुलनात्मक रूपमा निजी स्कूलका शिक्षकहरूभन्दा सार्वजनिक स्कूलका शिक्षकहरू बढी भाग्यमानी छन् ।

**सुविधा योग्यतामा निर्भर:** भनिन्छ; अधिकांश निजी स्कूलहरूमा कम सुविधा दिइन्छ । तर, मेरो सरकारी र निजी दुवै स्कूलको अनुभवले यो कुरा मान्दैन । किनकि आफूसँग क्षमता र दक्षता छ भने सरकारी विद्यालयले पनि थप तलब भत्ताको व्यवस्था गरेका छन् भने निजी स्कूलहरूले सरकारी तलब स्केलभन्दा दोब्बर दिएका दृष्टान्त पनि प्रशस्तै छन् । यसैले सुविधा कम र बढी भन्नुभन्दा पनि आफ्नो क्षमतामा निर्भर गर्ने हो ।

**३०औं वर्ष नाघेका शिक्षकहरूलाई स्कूलमा थुपारिरहनुभन्दा नयाँ जोश र जाँगरका युवाहरूलाई स्थान दिने र असन्तुष्टिबाट दिक्क भएका शिक्षकहरूको मनोबल उच्च पार्न सकियो भने दुवैखाले शिक्षकले गुणात्मक शिक्षा दिन सक्नेछन् ।**

**कामलाई बोझ मान्नुहुँदैन:** अधिकांश सरकारी विद्यालयमा केश पाकेका शिक्षकहरू कार्यरत छन् । तीन पुस्तासम्म भ्याएका त्यस्ता शिक्षकहरूमा लापरवाही भेटिनु स्वाभाविक नै हो । तर, यसो भन्दैमा सरकारीमा पढाउन सजिलो हुन्छ भन्ने होइन । कडा प्रशासनका बीच डराइरहेका निजीका शिक्षकलाई हेरेर अहो ! भन्नुभन्दा पनि जति बढी सक्रिय र व्यस्त भइन्छ त्यति नै विषयप्रति दक्ष र सक्षम बन्न प्रेरित गर्छ । काम भन्ने कुरा आफैंमा गाह्रो हुन्छ त्यसैले यसलाई बोझ नमानी जति बढी खट्न सकियो त्यति नै सक्षम बन्न प्रेरित गर्छ ।

**सन्तुष्टि दुवैमा छैन:** एकातिर सरकारी विद्यालयमा सरकारले कम तलबमानका बाल, राहत, अनुदान, निजी, अस्थायी, स्थायी जस्ता विभिन्न तह र श्रेणी सिर्जना गरेर शिक्षकहरूको शोषण गरिरहेको छ । जसले गर्दा उनीहरू आन्दोलित छन् । यस्तो अवस्थामा दुवैथरी शिक्षकहरू भोको पेटमा काम गर्दाको अनुभवमा बाँचिरहेका छन् ।

**आफूलाई बुझे मेहेनती बन्न सकिन्छ:** सर्वप्रथम शिक्षण पेशाको बारेमा शिक्षक स्वयं नै जानकार रहनुपर्छ । सरकारी शिक्षकलाई सरकारले तालिमलगायतका विभिन्न सुविधा दिए पनि कक्षाकोठामा यसको प्रयोग भेटिँदैन । फेरि सरकारी शिक्षकहरू पढाउने काममा विद्यार्थीको शोषण गर्न उद्यत छन् । पाँच मिनेट ढिलो जाने, पाँच मिनेट छिटो आउने, पारिलो घाममा आङ सेकाउने र कार्यालयलाई राजनीतिक बहसको थलो बनाउने आचरणले सरकारी विद्यालयको नतिजा खस्कँदो छ । उता निजीका शिक्षकहरू प्रत्यक्ष रूपमा समुदायप्रति उत्तरदायी रहने र कमजोर नतिजा आएमा विद्यालय नै सङ्कटमा पर्ने कारणले उनीहरूलाई मेहेनती बन्न बाध्य पारेको छ ।

**अध्ययनशील नै योग्य शिक्षक:** सरकारी शिक्षकको तुलनामा निजी स्कूलका शिक्षकहरू बढी अध्ययनशील देखिन्छन् । कारण सरकारीमा ३०औं वर्ष सेवारत प्रौढहरूको झुण्ड क्रियाशील छ भने यता निजी स्कूलमा ताजा जोश र जाँगर बोकेका तथा आधुनिक विश्वप्रति जानकार युवाहरूको जमात छ । यसले नै सिकाइमा सकारात्मक प्रभाव पारिरहेको छ । यसो भनिरहँदा सबै सरकारी गलत हुन् भन्ने चाहिँ होइन । कतिपय सरकारी स्कूलका शिक्षकहरू जो अध्ययनशील छन्; ती अवश्य नै योग्य छन् र यसका प्रशस्त दृष्टान्त पनि छन् ।

**आदर्शवान् नै इज्जतदार:** शिक्षक स्वयंमा एक नेता हो । जसले समाजलाई अगाडि बढाउन र सङ्गठित पार्न सक्रिय हुन्छ । मेरो-तेरो गर्नुभन्दा पनि शिक्षणमा लागेर म समाजलाई के दिन सक्छु भन्ने कुरामा चिन्तनशील हुनुपर्छ । जसले बालबालिकाको अबोध आँखाहरूमा छचल्किरहेको देशको भविष्य र चिन्ता पढ्न सक्छ र कोरा किताब रटाइभन्दा सकारात्मक सिकाइमा जोड दिन्छ । त्यो नै आदर्शवान् शिक्षक हो ।

अन्त्यमा; शिक्षक जुन स्कूलका भए पनि उनीहरू अवश्य नै मारमा परेका छन् । यसको मुख्य कारकतत्व फितलो ऐन र सरकारको लापरवाहीपन हो । यसले गर्दा शिक्षक मेहेनती र इमानदार रहँदारहँदै पनि शिक्षाको गुणात्मकको सट्टा सङ्ख्यात्मक विकास मात्र भइरहेको छ । जसले शिक्षण पेशालाई बुझेका छन् र पेशाप्रति मर्यादित छन्, तिनले देश विकासमा सहयोग पुऱ्याउने छन् । हुम्ला, जुम्लाको भेडीगोठका बालबालिकासँगै रमाइरहेका शिक्षक होऊन् वा शहरबजारका टाई-सूटमा ठाँटिएका शिक्षक; दुवैको भूमिका स्मरणीय छ । ३०औं वर्ष नाघेका शिक्षकहरूलाई स्कूलमा थुपारिरहनुभन्दा नयाँ जोश र जाँगरका युवाहरूलाई स्थान दिने र अन्धकार भविष्य र पेशागत असन्तुष्टिबाट दिक्क भएका शिक्षकहरूलाई मनोबल उच्च पार्ने गरी अवसर प्रदान गर्न सकियो भने दुवैखाले शिक्षकले गुणात्मक शिक्षा दिन कुनै कसुर बाँकी राख्ने छैनन् ।

मुक्तापदेवी मावि, सेर्तुङ-२, बोराङ, धादिङ




# 'खेती गर्नु तरकारी, जागिर खानु सरकारी !'

**विनोदकुमार पाल**

'गुरु', 'शिक्षक' जस्ता शब्द आदरसूचक हुन् । यी शब्दहरू सुन्नेबित्तिकै आदर्श एवं नैतिक विचारहरू स्वत: मनमस्तिष्कमा आउँछन् । गुरु-शिष्यको परम्परा लामो छ । आधुनिक संरचना र सेवासुविधा नभएको समयमा पनि गुरुहरूले संसार हाँक्न सक्ने विद्वान्हरू तयार पारेका थिए । समाजलाई शिक्षाका साथै शिष्टता एवं सभ्यता सिकाउने महान् गुरुहरूलाई शिष्यले आफ्नो औकातले भ्याएअनुसारको दक्षिणा टक्र्याउँथे र त्यसबाट नै गुरुहरू गद्गद् हुन्थे । त्यसैले नै गुरुहरूलाई भगवान्को कोटिमा राखिन्थ्यो ।

तर अहिले त्यस्तो छैन । माध्यमिकदेखि उच्च तहसम्म नै राम्रो पढाइ भएका विद्यार्थीहरू मात्र शिक्षण र राजनीतिक क्षेत्रमा प्रवेश गर्ने वातावरण बनाइनुपर्दथ्यो । तर, भयो ठीक विपरित । अधिकांश अवस्थामा अन्य सबै क्षेत्रमा निकम्मा सावित भइसकेको विद्यार्थीले मात्र यी दुई क्षेत्रलाई आफ्नो रोजाइको क्षेत्र बनाएको देखिन्छ । त्यसैले त बेरोजगार बसेका युवायुवतीहरूलाई 'ए ! तिमी किन त्यसै बसेको हँ ? केही नभए 'टिचिङ'मा गए भइहाल्यो नि !' भन्ने चलन छ । राजनीतिमा पनि अरू काम नपाएका नै जान्छन् भन्ने सोचिन्छ । अर्थात्, हामीकहाँ आज जस्तोसुकै अयोग्य व्यक्ति पनि शिक्षक वा नेताको लागि भने योग्य ठहरिन्छ । तब त देश ओरालो लाग्ने काम कहिल्यै रोकिएन ।

शिक्षक ले आह्वान गरेअनुसारका विषयहरूउपर विचार गर्दा, निजी स्कूलका शिक्षकभन्दा सार्वजनिक स्कूलका शिक्षकहरू नि:सन्देह भाग्यमानी छन् । किनभने, सार्वजनिक स्कूलमा सेवासुविधाका साथै सञ्चयकोषको निश्चितता हुन्छ । बिदा पनि निजी स्कूलका शिक्षकको भन्दा दोब्बर पाइन्छ । संयोगवश वा जानाजानले कुनै गल्ती भए निजी स्कूलका शिक्षकले कडा स्पष्टीकरणको मार खेप्नुपर्छ । तर, राष्ट्रको सङ्क्रमणकालीन अवस्था र शिक्षकका विभिन्न संघ-सङ्गठनका कारण सार्वजनिक स्कूलका शिक्षकहरूलाई स्पष्टीकरणको समस्या आउँदैन । दुवैथरी स्कूलका शिक्षकहरूमा जिम्मेवारी समान हुन्छ । तर, सार्वजनिक स्कूलका कतिपय शिक्षक बहानाबाजी गर्दै आफ्नो जिम्मेवारीबाट पन्छिएको देखिन्छ । निजी विद्यालयका शिक्षकहरूको भविष्य अन्योलमा नै भए पनि उनीहरूले आफ्नो विद्यालय प्रशासनले दिएको जिम्मेवारी कुनै पनि अवस्थामा पूरा गर्नुपर्ने हुन्छ । सार्वजनिक

# दुवैको सम्मानमा पहिरो जाँदैछ

**दलबहादुर गुरूङ**

सार्वजनिक वा निजी स्कूल जहाँ पढाए पनि उनीहरू शिक्षक नै हुन् । शिक्षकको काम विद्यार्थीहरूमा अन्तरनिहित ज्ञानलाई जागृत गराउने हो । शिक्षकले हरेक विद्यार्थीलाई ऊ जहाँ छ त्यहाँबाट माथि उठाउन प्रयत्न गरेको हुन्छ ।

निजी स्कूलका शिक्षक सार्वजनिक स्कूलका शिक्षकको तुलनामा बढी मेहेनती, जाँगरिला र कर्तव्यनिष्ठ भएको पाइन्छ । तर, औंलामा गन्न सकिने केही निजी स्कूलका शिक्षक बाहेक सरकारले दिनेसरहको सेवासुविधाबाट निजी स्कूलका प्राय: शिक्षकहरू वञ्चित नै छन् । त्यति मात्र होइन निजी स्कूलमा पढाउने शिक्षकहरूमा व्यापक असन्तुष्टि र चिन्ता रहेको पाउन सकिन्छ । कारण; सेवा/सुविधा, आत्मसम्मान, सेवाको सुरक्षा अभाव नै प्रमुख हुन् । चिन्ता र असन्तुष्टिले शिक्षामा नकारात्मक असर पार्छ । नयाँ ज्ञानको भोक जगाउन सक्दैन । भनिन्छ; नयाँ ज्ञानको भोक मरेको दिन कुनै पनि व्यक्ति शिक्षक रहँदैन । त्यसैले प्रश्न उठ्छ, निजी स्कूलका शिक्षकलाई शिक्षण पेशामा नै रहिरहनका लागि राज्यले दिन सक्ने योगदान के हो ?

राज्यले निजी स्कूलका शिक्षकलाई या त हेप्यो, बेवास्ता गर्‍यो वा उनीहरूबाट जहिले पनि सहयोगको अपेक्षा मात्र गरिरह्यो । तर, गर्न सक्ने सहयोग गरेन र दिन सक्ने सन्तुष्टि पनि दिएन । सार्वजनिक स्कूलका शिक्षकहरू आर्थिक रूपमा सन्तुष्ट छन् भने विद्यार्थीको नतिजाप्रति उदासीन । तर, निजी स्कूलका शिक्षकहरू आर्थिक रूपले असन्तुष्ट छन्, विद्यार्थीको नतिजाबाट भने प्रशन्न । एस्.एल्.सी.को वर्षौंदेखिको नतिजाले यही नै देखाउँछ ।

देश बेरोजगारको अखडा बनेको अवस्थामा रोजगारी सृजना गर्ने निजी स्कूलहरू धन्यवादका पात्र छन् । मेहेनती, जाँगरिला, बढी अध्ययनशील र योग्य शिक्षक प्राय: निजी स्कूलमा भए तापनि केही निजी स्कूलहरूमा तालिम नलिएका, कम योग्यता भएका र परिवारका सदस्यहरूको सहभागिता बढी रहेको समेत पाउन सकिन्छ । तैपनि; एस्.एल्.सी.को नतिजालाई अवलोकन गर्दा निजी स्कूलका शिक्षकहरू अयोग्य छन् भनी मूल्याङ्कन गर्न सकिंदैन । बढी परिश्रमी नहुने हो भने उनीहरूको जागिरमै पूर्णविराम लाग्न सक्ने भएकाले पनि उनीहरू बढी मेहेनती र लगनशील हुन बाध्य छन् । निजी स्कूलका सञ्चालकहरूको एकमना व्यवस्थापन र नीतिनियमको अगाडि योग्य र दक्ष शिक्षकहरू पनि नतमस्तक छन् । कडा अनुशासन र

स्कूलका शिक्षकहरूले निवृत्तिभरण भत्ता पाउँछन्। निजी विद्यालयहरूमा त्यस्तो सुविधा हुँदैन। निजी स्कूलमा सानोतिनो असावधानी भए पनि चर्को गाली खानुपर्ने भएकाले यिनीहरू चिन्तित मात्र होइनन्, भयभीत समेत हुन्छन्। बिदा एकदम कम हुन्छ र अनुपस्थित भए तलब कट्टा हुन्छ। यावत् कुराहरूले गर्दा सार्वजनिक स्कूलका शिक्षकहरूभन्दा निजी स्कूलका शिक्षकहरू अलि बढी नै चिन्तित एवं असन्तुष्ट देखिन्छन्।

सार्वजनिक र निजी दुवै स्कूलका शिक्षकले समान रूपमा मेहनत गर्नुपर्ने हो। तर, प्राय:जसो सार्वजनिक स्कूलका शिक्षकहरूमा गैरजिम्मेवारीपना देखिन्छ र निजी स्कूलका शिक्षकहरू बाध्यतावश भएपनि तुलनात्मक हिसाबले अलि बढी मेहेनती हुन्छन्। मेहेनती नभए सञ्चालक मात्रै होइन, विद्यार्थी एवं अभिभावकको समेत कडा आलोचनाको सिकार हुनुपर्छ। अभिभावकहरू आफ्ना नानीलाई अर्को स्कूलमा स्थानान्तरण गराउने मनस्थितिमा पुगे भने त शिक्षकको तलब मात्रै होइन जागिर नै जोखिममा हुन्छ। त्यसैले पनि उनीहरू, सार्वजनिक स्कूलको शिक्षकभन्दा मेहेनती हुन्छन् र छन् पनि।

दुईथरी स्कूलका शिक्षकमा को योग्य र अध्ययनशील भन्ने कुरामा तर्क गर्नुभन्दा पहिले को नेताको नातागोता? को घुस टक्र्याई हाकिमलाई खुसी पार्न सक्ने? को अलि टाठाबाठा? आदि आदि भनेर प्रश्न गर्नु राम्रो होला? योग्य र अध्ययनशील व्यक्तिहरूले मात्र राजनीतिक एवं शिक्षण पेशामा प्रवेश पाउने वातावरण पहिलेदेखि नै स्थापना भएको भए पो सोध्न मिल्थ्यो कि निजी र सार्वजनिक स्कूलका शिक्षकमा को बढी ?

सामान्य किसिमले भन्नुपर्दा; जुनसुकै स्कूलका भए पनि आफ्नो कार्यकालमा हेपाइ र स्पष्टीकरण खानु नपरेका तथा सेवा क्षेत्र वरपर मानसम्मान पाइरहेका शिक्षक नै योग्य शिक्षक हुन्। विद्यालयमा शिक्षक तथा विद्यार्थीहरू बढी अनुपस्थिति रहनु, प्राय: विद्यालयमा पाठयोजना तयार नगरिनु, विद्यालयमा पठनपाठनको स्वच्छ वातावरणको व्यवस्था नहुनु, शिक्षक एवं विद्यार्थीहरूले समेत विद्यालयमा धुम्रपान गर्नु र कतिपय यौन दुर्व्यवहारका कुरामा समेत शिक्षकहरूको नाम आइरहेका अवस्थामा हामी कसरी योग्य र अयोग्यको छिनोफानोमा मात्र अल्झिरहने? यदि सबै योग्य हुन् भने, कल्पना नै गर्न मन नलाग्ने खालका माथिका उल्लेख गरिएका कुरा कसरी चर्चामा आए? परीक्षामा हुने चोरी (चिटिङ) का कारण अहिले हाम्रो देशको परीक्षा प्रणाली नै विज्ञहरूद्वारा दुत्कारिएको अवस्थामा छ। यदि शिक्षकहरू योग्य भएका भए यस्ता दुत्कार किन खानुपर्थ्यो?

सार्वजनिक एवं निजी स्कूलका शिक्षकबीच इज्जत, हैसियतको कुरा गर्नुपर्दा हाम्रो मधेशतिरको एउटा उखान सान्दर्भिक हुनसक्छ- 'जो नकरे बाबु भैया, सो करे रुपैयाँ।' बढी पैसा पाउने सार्वजनिक विद्यालयका शिक्षकहरूकै स्तर राम्रो देखिन्छ। उसो त बूढापाकाहरूले समेत बेलामौकामा भन्छन्, 'खेती गर्नु तरकारी, जागिर खानु सरकारी!' यो भनाइ एकदम सान्दर्भिक छ। अत: निजी स्कूलका शिक्षकभन्दा नि:सन्देह सार्वजनिक स्कूलका शिक्षकहरूकै इज्जत, पेशागत र पारिवारिक सन्तुष्टि बढी हुन्छ भन्दा अनुपयुक्त नहोला।

अध्यक्ष, बाल शिक्षा केन्द्र, श्री द्वारिका निमावि, रघुनाथपुर, धनुषा

जागिरको असुरक्षाबीचबाट उनीहरू अघि बढिरहेका छन्। त्रासदीपूर्ण जीवन भोगाइबाट अघि बढेका निजी स्कूलका शिक्षकहरूको इज्जत र हैसियत पनि सार्वजनिक स्कूलका शिक्षकहरूको तुलनामा न्यून रहेको छ। कसैको परिश्रमको कदर उसले हासिल गरेको नतिजामा भन्दा उसको जागिर स्थायी कि अस्थायी भन्ने आधारमा हेर्ने समाजमा निजी स्कूलका शिक्षकले आदर/सत्कार पाउन त धेरै समय लाग्छ।

मेहेनतको सीमा छैन निजी शिक्षकहरूमा। तर, पनि उनीहरूको मेहेनतले उनीहरूको घरपरिवारका लागि खासै प्रतिफल दिनसकेको छैन। पेशाप्रति सचेत र संवेदनशील छन्। पारिवारिक रूपमा उति सन्तुष्ट छैनन्। परिवारको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र उपचारको जोहो गर्न पनि शिक्षण पेशाबाट प्राप्त पैसाले निजी शिक्षकहरूलाई सजिलो छैन।

शिक्षण पेशा सेवाको रूपमा विकास हुनुपर्नेमा अन्यथा भएको सजिलै थाहा पाउन सकिन्छ। शिक्षणलाई

**सार्वजनिक स्कूलका शिक्षक आर्थिक रूपमा सन्तुष्ट छन् भने विद्यार्थीको नतिजाप्रति उदासीन। तर, निजी स्कूलका शिक्षक आर्थिक रूपले असन्तुष्ट छन्, विद्यार्थीको नतिजाबाट भने प्रशन्न। एसएलसीको वर्षौंदेखिको नतिजाले यही नै देखाउँछ।**

'साइड' पेशाको रूपमा लिने चलनले शिक्षामा सोचेअनुरुपको परिवर्तन हुन नसकेको घाम झैं छर्लङ्ग छ। निजी स्कूलका शिक्षकहरूलाई आवश्यक सेवा र सुविधा दिन सञ्चालकहरू तयार छैनन्। त्यहाँ शिक्षकहरूको पसिनाको मूल्याङ्कन नभइरहेको सबैलाई थाहा छ। शिक्षकहरू विभिन्न वर्गमा विभाजित छन् र एकता नभएकाले सञ्चालकहरूबाट उपयुक्त सेवा/सुविधाहरू लिन नसकेका हुन्। एकजुट भएर सेवा/सुविधा मागेको भए उनीहरूले सार्वजनिक स्कूलका शिक्षकहरूसरह तलब/भत्ता पाउन सम्भव थियो। तर जागिरको सुरक्षा नभएपछि उनीहरू चुँसम्म बोल्न सक्दैनन्।

शिक्षकहरू चाहे जहाँ पढाउन्; उनीहरूको सामाजिक सम्मानमा पहिरो जाँदैछ। परिवार र समाजले शिक्षकहरूलाई क्रमश: अपमानको पगरी गुताउँदैछ। कारण; किताब पढेर बुद्धिमान बनेका शिक्षकहरूले विद्यार्थीलाई सीप दिन सकेनन्। रोजगारमूलक व्यवसाय सिकाउन सकेनन्। केवल घोटिइरहे आफूहरू चक जस्तै र खिइरहेका छन् निरन्तर सिलौटा जस्तो। हुनत हाम्रो शिक्षा जागिर खानका लागि पढाइन्छ तर अरूलाई जागिर खुवाउनका लागि कसैलाई पढाइँदैन। यस्तो शिक्षाबाट हुर्केका हामीले अरूलाई के सिकायौं होला? तैपनि शिक्षक हुनुको नाताले हुरीमा बलिरहेका छौं, जलिरहेका छौं, सक्दो उज्यालो शिक्षाको ज्योति बाल्दै। कुन दिन निभाउने हो आँधीबेहरीले आफैंलाई थाहा छैन।

दोभान उमावि, दोभान, पाल्पा

# सरकारीको सुविधा, निजीको जवाफदेहिता

**चन्द्रबहादुर क्षेत्री**

शिक्षक शब्द एक- प्रकृति/प्रकार अनेक; शिक्षण पेशा एक- तरिका/पद्धति अनेक; दायित्व एक- मेहनत, भत्ता/सुविधा अनेक।

निजी स्कूलको लामो अनुभव र सार्वजनिक स्कूलमा पढाउने शिक्षकको हैसियतले आफ्नो भोगाइ र गराइका आधारमा सार्वजनिक तथा निजी स्कूलका शिक्षकहरूबीचका भएका समानता एवं असमानतालाई स्पष्ट पार्ने जमर्को गरेको छु।

निजी स्कूलका शिक्षक भाग्यमानी भए सार्वजनिक स्कूलका शिक्षक अभागी अनि सार्वजनिक स्कूलका शिक्षक भाग्यमानी भए निजी स्कूलका शिक्षक अभागी हुने होइनन्। एक अर्थमा सरकारी स्कूलका शिक्षक भाग्यमानी छन् किनभने उनीहरूले बढी सुविधा पाउँछन्। सरकारी स्कूलमा काम गर्ने शिक्षकको पेशाको सुरक्षाको ग्यारेण्टी हुन्छ। शिक्षकहरूले सङ्गठित रूपमा आन्दोलन गरेर राज्यलाई दबाब दिनसके निजी स्रोत या सट्टा दरबन्दी, राहत दरबन्दी या अस्थायी जुनसुकै भए पनि सेवा स्थायी हुने सम्भावना प्रबल हुन्छ। जागिर घरपायक मिल्ने सम्भावना बढी हुन्छ। यो मानेमा सरकारी स्कूलका शिक्षकहरू अवश्य बढी भाग्यमानी छन्। हुन त सरकारी स्कूलमा २५औं वर्ष अध्यापन गरेर पनि स्थायी हुने अवसर नपाएका शिक्षकहरू पनि छन् तर उनीहरूको चर्चा हुन्छ, उनीहरूलाई स्थायी गर्नुपर्ने माग उठ्छ, आन्दोलन हुन्छ। तर निजी स्कूलका शिक्षकको जागिरको स्थायित्वका बारेमा कतै चर्चासम्म पनि हुँदैन।

निजी स्कूलमा अध्यापन गर्ने शिक्षकहरूको न त तलबभत्ता राम्रो छ, न उनीहरूले बिदा नै पर्याप्त पाउँछन्। न त पेशागत सुरक्षाको ग्यारेण्टी छ। त्यहाँ आन्दोलन गरेर, दबाब दिएर पेशाको सुरक्षा हुने स्थिति छैन। बरु 'जो बोल्यो उसैलाई पोल्यो' भन्ने संस्कृति हावी हुन्छ। निजी स्कूलका शिक्षकले आफूले काम गरुञ्जेल र विद्यालय परिवार-प्रशासनलाई सन्तुष्ट दिउञ्जेल मात्र उनीहरूको पेशा सुरक्षित हुन्छ। अर्थात् जुनसुकै बेला पेशाबाट निकालिनुपर्ने खतरा रहिरहन्छ।

सार्वजनिक स्कूलका शिक्षकले वर्षमा बर्खे बिदा ४५ दिन, बिरामी बिदा १२ दिन, काज बिदा ६ दिन, पर्व बिदा ६ दिन र स्थानीय बिदा समेत थुप्रै दिन बिदा पाउँछन्। उता प्रायः निजी स्कूलमा बिरामी बिदा मात्र दिने गरिन्छ भने बर्खे बिदा तथा जाडो बिदा बढीमा एक महिनाभन्दा बढी हुँदैन। सरकारी विद्यालयका शिक्षकले पाउने जस्तो मासिक तलबको शतप्रतिशत दशैं-तिहार भत्ता राम्रो मुनाफा कमाउन सफल विरलै निजी स्कूलहरूले उपलब्ध गराउँछन्। अन्यथा निजी स्कूलले आफ्नै स्रोत, आफ्नै खुसीले १०, २०, २५ या ५० प्रतिशत आफ्नै हिसाबले दशैंतिहार भत्ता शिक्षकलाई उपलब्ध गराउँछन्। यी तथ्यहरूलाई हेर्दा निजी स्कूल र सार्वजनिक स्कूलको तलबभत्ता तथा अन्य सुविधा तुलना गर्नै मिल्दैन।

सरकारी स्कूल खुल्ने दिन र शिक्षकको सङ्ख्या, साप्ताहिक पाठ्यभार आदिको हिसाब गर्दा निजीभन्दा सरकारी स्कूलका शिक्षकहरूमा कामको बोझ कम छ। भनै एकाध स्कूलहरूमा एक/दुई शिक्षकले चार या पाँच वटा कक्षा लिनुपर्ने बाध्यताहरू होला। विभिन्न मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाको कुरा गर्ने हो भने पनि निजी स्कूलमा परीक्षा धेरै सञ्चालन हुन्छन्। परीक्षाको पूर्णाङ्क पनि प्रायः बढी हुन्छ। अतः निजी स्कूलका शिक्षक बढी काममा खट्नुपर्ने बाध्यता हुन्छ। निजी स्कूलका शिक्षकहरूले विना कुनै तालिम केवल आफ्नो मेहेनतको आधारमा विद्यार्थीको शैक्षिकस्तर उकास्नुपर्दछ। कम तलब, कम सुविधा आदिको बाबजुद पनि निजी स्कूलका शिक्षकहरू बढी लगनशील, मेहेनती नभई उनीहरूको पेशाको सुरक्षा हुन सक्दैन।

'को बढी योग्य र अध्ययनशील' भनी तुलना गर्दा बढी योग्य सरकारी विद्यालयका शिक्षक मानिन्छन् भने बढी अध्ययनशील चाहिँ निजी स्कूलका शिक्षकहरू ठहरिन्छन्। सार्वजनिक स्कूलका शिक्षकलाई आफ्नो शैक्षिक योग्यताको अलावा विभिन्न किसिमका तालिमहरू लिने अवसर सरकारले दिएको हुन्छ; भनै तिनले तालिमबाट प्राप्त ज्ञान र सीपको न्यूनतम अंश पनि कक्षामा नपुऱ्याऊन्। सार्वजनिक स्कूलको नतिजा प्रायः न्यून आउने गरेको छ। अर्कोतिर निजी स्कूलका शिक्षकहरू आफ्नो मेहेनतको भरमा निजी स्कूलका विद्यार्थीको नतिजा धेरै राम्रो बनाउन सफल भएका छन्। सफलतालाई आधार मान्दा निजी स्कूलका शिक्षकलाई बढी योग्य मान्नुपर्दछ। तर शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम आदिलाई आधार मान्दा भने सार्वजनिक स्कूलका शिक्षकहरू नै योग्य देखिन पुग्छन्।

'म शिक्षक हुँ; मैले विद्यार्थीलाई राम्रोसँग सिकाउनुपर्दछ; विद्यार्थीले सिकेनन् भने यसको जवाफदेही म नै हुनुपर्दछ; मैले मेरो कर्तव्य तथा जिम्मेवारी पूरा गरिनँ भने विद्यालय प्रशासनलाई स्पष्टीकरण दिनुपर्दछ; अभिभावकहरूलाई चित्तबुझ्दो जवाफ दिनुपर्दछ; मेरो विषयको लागि म नै जिम्मेवार हुनुपर्दछ' भन्ने भावना निजी स्कूलका शिक्षकमा हुन्छ। चाहे थोरै सुविधा, कम तलबभत्ता किन नहोस्; चप्पल पड्काउँदै कक्षाकोठामा प्रवेश गर्ने पुरुष शिक्षक र अलिकति टाइफाइ गर्न नसक्ने महिला शिक्षक निजी स्कूलमा कम हुन्छन् या हुँदै हुँदैनन्। निजी स्कूलमा पोशाक लगाउनुपर्ने बाध्यता हुन्छ। निजी स्कूलको शिक्षकले जुनसुकै बेला आफ्नो क्षमता प्रदर्शन गरिरहनुपर्छ। पेशाप्रति प्रतिबद्ध र प्रिन्सिपल, वि.व्य.स तथा विद्यार्थीप्रति जवाफदेही हुने हुनाले निजी स्कूलका

शिक्षकहरू सरकारी विद्यालयका शिक्षकको तुलनामा बढी इज्जतिला छन्, मेहेनती छन् । थोरै-धेरै क्षमताको पनि मूल्याङ्कन भइहाल्छ । अत: निजी स्कूलका शिक्षकहरू बढी सन्तुष्ट छन् ।

अर्कोतिर सरकारी विद्यालयका शिक्षकहरूमा पेशागत दायित्वबोध कम छ । निजी स्कूलका शिक्षकहरू जस्तो पटक-पटक छड्केमा या विद्यार्थी, अभिभावक र प्रिन्सिपल या विद्यालय व्यवस्थापन समितिसँग जवाफदेही बनिरहनु पर्दैन । हुनत सार्वजनिक स्कूलमा अध्यापनरत शिक्षकहरूको पनि कार्यक्षमता मूल्याङ्कन गरिन्छ । प्रत्येक स्रोतकेन्द्रमा स्रोत व्यक्तिहरू पनि हुन्छन् । तर त्यसको प्रभावकारिताभन्दा पनि औपचारिकता बढी हुन्छ । त्यहाँ शिक्षकको कार्यक्षमताको मूल्याङ्कन बढुवाको लागि हुन्छ न कि विद्यार्थीको शैक्षिक स्तर उकास्ने प्रयोजनका लागि । सार्वजनिक स्कूलका शिक्षक र निजी स्कूलका शिक्षकको घटि-बढी हैसियत हुनुमा निजी स्कूलमा हुने सञ्चालक तथा अभिभावकको प्रत्यक्ष लगानी नै प्रमुख कारण हो । आफ्नो लगानी डुब्ने खतराप्रति निजी स्कूलका सञ्चालकहरू सजग रहन्छन् । अभिभावकहरूलाई पनि महँगो 'फि' अर्थात् आफ्नो लगानीको माया हुन्छ । यसले नै जवाफदेहिताको वातावरण बनाउँछ ।

अन्त्यमा, जहिलेसम्म राज्य आफ्नो लगानीप्रति सचेत बन्दैन; अनि सार्वजनिक स्कूलका शिक्षकहरूले पनि आफ्नो प्रत्यक्ष/अप्रत्यक्ष लगानीबाट तलब खाएका हुन्छन्; शिक्षकहरू विद्यार्थीहरूप्रति जवाफदेही बन्नुपर्छ भन्ने कुरामा अभिभावकहरू जागरुक हुँदैनन्, तबसम्म सरकारी विद्यालय शिक्षा सुध्रिने छैन । खाँचो प्रतिबद्धता र जवाफदेहिताको हो । निजी स्कूलका शिक्षकको जस्तो लगनशीलता, अभिभावकको सचेतता अनि प्रिन्सिपल एवम् सञ्चालकको जवाफदेहिता र सार्वजनिक स्कूलका शिक्षकले पाउने सुविधाको समायोजन नगर्दासम्म हाम्रो स्कूल-शिक्षालाई समग्रमा सुधार्न र निजी स्कूल तथा सार्वजनिक स्कूलका शिक्षकबीचको विभेद अन्त्य गर्न सकिने छैन ।

अध्यक्ष, नेपाल प्रगतिशील शिक्षक सङ्गठन, बागलुङ

# कर्मठको हार, चतुरको जित

**राजेन्द्रप्रसाद पन्त** (बहिरा)

हाम्रा सरकारी अर्थात् सार्वजनिक स्कूलका शिक्षकहरूलाई निजी स्कूलका भन्दा बढी भाग्यमानी भन्नै पर्दछ । उनीहरूको तलबभत्तालगायतका सुविधा धेरै छन् । निजी स्कूलका शिक्षकले न त सरकारीस्तरका शिक्षकको जस्तो तलब सुविधा पाउँछन् न त ऐस-आराम वा बिदामा बस्न पाउँछन् । सरकारी स्कूलमा भन्दा निजी स्कूलमा अत्यन्त न्यून बिदा दिइन्छ । अरू बिदामा बस्दा पारिश्रमिक कट्टी गरिन्छ । कडा अनुशासनमा चल्नुपर्ने हुन्छ । यति परिश्रम गरेर सेवा दिएबापत न त उनीहरूले सरकारी शिक्षकले झैं पेन्सन, भत्ता पाउँछन् न त कुनै सेवा-सम्मान । उनीहरूले जतिसुकै पसिना लगाए पनि वर्तमानमा पेट पाल्नका निम्ति मात्र हुन्छ । भोलिको कुनै आशा हुँदैन । विद्यालय सञ्चालक तथा प्रिन्सिपलको डर, धम्कीमा बस्नुपर्ने, कुनै दिन घरको समस्या वा व्यक्तिगत समस्या भन्न नपाइने, कडा अनुशासनमा बाँधिएर प्रत्येक दिन प्रत्येक घण्टा काममा लागिरहनुपर्ने हुन्छ । यदि विद्यालयको नीतिनियम विपरित चल्यो वा कुनै कारणवश विद्यालयमा उपस्थित हुन सकेन वा जानी नजानी गल्ती हुनगयो भने गाँसै बन्द हुने डर र चिन्ताले सताइरहने ! यो देख्दा निजी विद्यालयका शिक्षक बढी मेहेनती, बढी चिन्तित, पारिवारिक/पेशागत सन्तुष्टि नभएको, तलब सुविधा कम भएको भन्नै पर्छ ।

यसको ठीक विपरित सरकारी वा सार्वजनिक स्कूलका शिक्षकहरू हरेक दृष्टिबाट भाग्यमानी देखिन्छन् । सरकारी तलब र भत्तालगायतका अन्य सुविधा धेरै पाइरहेका हुन्छन् । सरकारी बिदा धेरै दिनेमध्ये नेपाल विश्वमै सायद पहिलो स्थानमा पर्छ होला । यति धेरै बिदा पाएर पनि अझै व्यक्तिगत बिदा पनि बढी पाउने गर्छन् । जतिसुकै समय बिदामा बसे पनि तलब वा पारिश्रमिक कट्टी हुँदैन । शिक्षणमा भन्दा बढी समय व्यक्तिगत वा पारिवारिक काम र ऐस-आराममा बिताउँछन् ।

> **सरकारी स्कूलमा 'राम्रा' भन्दा पनि 'आफ्ना'लाई बढी मान्यता दिइएको पाइन्छ । त्यहाँ, चातुर्य र बठ्याइँको मात्र जीत भइरहेको छ ।**

विद्यालयमा पनि त्यति प्रभावकारी ढङ्गले पढाइँदैन । विद्यार्थीहरू धेरैजसो फेल हुने गर्छन् । अरू दुर्गम ठाउँका सरकारी विद्यालयहरूमा धेरै बिदा हुने र शिक्षकहरूको लापरवाहीपूर्ण शिक्षणले गर्दा कोर्ष समेत सिद्धिएको हुँदैन । निजीस्तरका शिक्षकले राम्रोसँग पढाएनन् भने सजायको भागीदार हुनुपर्छ । तर, सरकारीस्तरका शिक्षक सबैले विद्यार्थीलाई प्रभावकारी ढङ्गले पढाउँदैनन् । तैपनि विद्यार्थीले विरोध गर्न सक्दैनन् वा सके पनि उनीहरूको केही लाग्दैन ।

सरकारी स्कूलका शिक्षक धेरैजसो नातागोताको साइनो तथा चाकरी चाप्लुसीको आधारमा नियुक्ति र बढुवा हुने प्रक्रियाहरू बढिरहेका छन् । राम्रा, कुशल र योग्य शिक्षकभन्दा पनि आफ्नालाई बढी मान्यता दिइएको पाइन्छ । चातुर्य र बठ्याइँको मात्र जीत भइरहेको छ । तर, कुशल, कर्मठ र इमानदार व्यक्तिले सधैं हार खाएर, पेलिएर बस्नुपर्ने स्थिति छ । एकातिर सरकारी विद्यालयका शिक्षकहरू निजीस्तरका भन्दा बढी सेवा, सुविधा र तलबभत्ता खाइरहेका हुन्छन् । बढी नै सम्मान पाइरहेका हुन्छन् भने अर्कोतर्फ त्यति नै अकर्मण्य, आरामी, परिवारकेन्द्रित, लापरवाही पनि देखिएका छन् । उनीहरूले निजी विद्यालयका शिक्षक जस्तो कडा अनुशासन र निर्देशनमा चल्नुपर्दैन । त्यति धेरै मेहेनत गर्नुपर्दैन । न त भोलिको चिन्ता हुन्छ । शिक्षक स्थायी भए सञ्चय कोष, पेन्सन, भत्ता र अस्थायी भए स्थायी हुने आशमा हुन्छन् । उनीहरूले पेस्की, भत्ता, ग्रेड, काज, बिदालगायतका धेरै सुविधा पाइरहेका हुन्छन् । यसले गर्दा उनीहरूलाई पेशागत र पारिवारिक सन्तुष्टि पनि बढी मिलेको हुन्छ ।

न्यादेउ-६, बैतडी

# सार्वजनिकका भाग्यमानी

**डिल्लीराम कट्टेल**

भाग्यमानीको अर्थ सुख-सुविधा भोग गर्न पाएको, आफ्नो काममा सन्तुष्ट हुने र आफ्नो पेशाप्रति अरूबाट सम्मान पाउने भन्ने अर्थ हो भने निजीभन्दा सार्वजनिक विद्यालयका शिक्षकलाई बढी भाग्यमानी मान्नुपर्छ। सामाजिक दृष्टिबाट समेत सार्वजनिक विद्यालयको शिक्षक एक तह माथि नै हुन्छ। देशका ठूला शहरमा रहेका नाम चलेका एक दुईवटा भन्दाबाहेक अधिकांश निजी विद्यालयमा कार्यरत शिक्षकले न्यून पारिश्रमिकबाट नै गुजारा गरिरहेका हुन्छन्। त्यसैगरी गरेको काममा जस-अपजसको दृष्टिबाट पनि सार्वजनिक विद्यालयको शिक्षक नै भाग्यमानी देखिन्छ। सार्वजनिक विद्यालयका शिक्षकबाट कुनै गल्ती भएमा ठूलो सजायको भागिदार भएको जानकारी मलाई छैन। तर, सानै गल्तीमा निजी विद्यालयका शिक्षकहरूको जागिर गएको मैले देखेको छु।

मुलुकका केही विद्यालयले सरकारले तोकेको स्केलभन्दा दोब्बर वा अझ बढी तलब तथा आवास एवं सवारी सुविधा पनि दिइरहेका छन् भन्ने जानकारी मैले संस्थागत विद्यालय शिक्षक युनियन, कैलालीमा काम गर्दा देशका विभिन्न भागका साथीहरूसँगको अन्तरक्रियाको समयमा पाएको थिएँ। त्यहीवेला मैले रु.१५००/२००० देखि बढीमा रु.५०००/६००० मात्र तलब खाएर काम गरिरहेका निजी विद्यालयका साथीहरू पनि भेटेको थिएँ। औसतमा निजी विद्यालयका शिक्षकको तलबसुविधा कम छ भन्ने सबैलाई थाहै छ। हुनत सार्वजनिक विद्यालयमा पनि निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षकले अति नै न्यून पारिश्रमिकमा पनि काम गरिरहेका छन्। तर पनि यो सङ्ख्या निजी विद्यालयको औसतले प्रतिनिधित्व गर्नेभन्दा ज्यादै न्यून छ। त्यसैले समग्रमा सार्वजनिक विद्यालयकै सेवा तथा सुविधा धेरै देखिन्छ।

सार्वजनिक विद्यालयहरूमा मुख्यतया तीन वटा आवधिक परीक्षा सञ्चालन गरेर विद्यार्थीको मूल्याङ्कन गरिन्छ। हाल आएर प्राथमिक तहमा क्रमशः निरन्तर मूल्याङ्कन प्रणाली लागू गरिएकाले हरेक पाठको अन्त्यसँगै विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने काम थपिएको छ। नीतिगत रूपमा एउटा शिक्षकले दैनिक पठनपाठनका अलावा विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउने, दैनिक गृहकार्य जाँच गर्ने, कक्षाकार्य मूल्याङ्कन गर्ने जस्ता कार्य गर्नुपर्छ। तर, यस्ता कार्यहरू तोकिएको स्वरुपमा गर्ने शिक्षकको सङ्ख्या ज्यादै कम छ। आवधिक परीक्षाका उत्तरपुस्तिका परीक्षणमा लापरवाही गर्ने, निरन्तर मूल्याङ्कन प्रणालीका फारमहरू पाठको अन्त्यसँगै भर्नुको सट्टामा एकै बसाइमा भर्ने, कक्षा-कार्य तथा गृहकार्य जाँच नै नगर्ने शिक्षकहरूको सङ्ख्या ठूलो भएकाले औसतमा काम गर्नेको भन्दा नगर्ने शिक्षकको सङ्ख्या बढी देखिन्छ। जसले गर्दा सार्वजनिक विद्यालयका शिक्षकको काम कम देखिन्छ। यसका अलावा निजी विद्यालयका शिक्षकले गृहकार्य तथा कक्षाकार्य नियमित रूपमा जाँच गर्नै पर्छ र दिएको पाठ्यक्रम समयमै पूरा गर्नै पर्छ।

काम बढी तर सुविधा न्यून भइकन पनि पेशाको कुनै स्थायित्व नहुनु र सामाजिक मान-सम्मान समेत कमै हुने हुनाले निजी विद्यालयका शिक्षक नै बढी चिन्तित र असन्तुष्ट हुन्छन्।

सार्वजनिक विद्यालयका सबै शिक्षक मेहेनत नै गर्दैनन् भन्ने होइन। बेलाबेलामा शिक्षक मासिकले प्रस्तुत गर्ने आदर्श विद्यालय तथा आदर्श शिक्षकको कथाबाट पनि यो कुरा प्रस्ट हुन्छ। तर, औसतमा हेर्दा भने मेहेनत गरेर भन्दा गफ चुटेर खाने शिक्षकको सङ्ख्या बढी देखिन्छ। नाफा कमाउने उद्देश्यले स्थापना भएका निजी विद्यालयका अधिकांश शिक्षकले स्कूललाई फाइदा गराउनै पर्छ र मेहेनत नगरी उसको गुजारा नै चल्दैन।

योग्यता दुई तहका हुन्छन्। पहिलो न्यूनतम योग्यता हो भने दोस्रो हो वाञ्छनीय योग्यता। सार्वजनिक या निजी जुनसुकै प्रकारको विद्यालयमा पनि शिक्षकको न्यूनतम योग्यता निश्चित हुन्छ। तर, खासगरी दुर्गम क्षेत्रमा कार्यरत निजी विद्यालयका शिक्षकमा भने न्यूनतम योग्यता समेत नभई शिक्षण गरिरहेको उदाहरण मैले भेटेको छु। वाञ्छनीय योग्यता भनेको अतिरिक्त क्षमता भन्ने बुझिन्छ। यसप्रकारको योग्यता प्रतिभा, तालिम एवं अवसरको सही सदुपयोगबाट प्राप्त हुने गर्दछ।

शिक्षण क्षेत्रमा तालिम भन्नाले दशमहिने तालिमका अलावा शिक्षाशास्त्रको अध्ययन भन्ने बुझिन्छ। आईएड, बीएड, एमएड भनेको सार्वजनिक विद्यालयमा शिक्षण गर्न चाहिने न्यूनतम योग्यताभित्र हाल आएर परेको छ। यसका अलावा शिक्षण अनुमतिपत्र अनिवार्य छ। त्यसैले सार्वजनिक विद्यालयमा शिक्षण गर्न चाहिने न्यूनतम योग्यता/सीमा नै फराकिलो भएकाले शिक्षकहरू बढी योग्य छन्। अझ यसमा बेलाबेलामा शिक्षक जनशक्ति विकासअन्तर्गत दिइने पुनर्ताजगी तालिमले सार्वजनिक विद्यालयका शिक्षकको योग्यतालाई अझ बढी सुरक्षित बनाएको छ। अर्कातर्फ निजी विद्यालयको सेवा प्रवेशको सीमा पनि स्पष्ट नतोकिएको; लाइसेन्स पनि अनिवार्य नभएकाले त्यहाँ नातावाद, कृपावादकै आधारमा समेत शिक्षक नियुक्त हुन्छन्, योग्यता गौण बन्दछ।

माथि बारम्बार उल्लेख गरिसकिएको प्रसङ्गलाई फेरि एकपल्ट जोडेर व्याख्या गर्ने हो भने बढी अध्ययनशील निजी विद्यालयमा कार्यरत शिक्षक नै देखिन्छन्। किनकि उसमा ठूलो मात्र नभई बोझिलो जिम्मेवारी हुन्छ। कक्षामा प्रवेश गर्नुभन्दा अगाडि आफूले पढाउने पाठमा पूर्ण रूपमा विश्वस्त भएर जानुपर्दछ। अधिकांश निजी विद्यालयमा निजी प्रकाशन गृहले तोकिएको पाठ्यक्रमको सीमाभन्दा नाघेर छापिएका पाठ्यपुस्तक पढाइने हुनाले यहाँ कार्यरत शिक्षक बढी अध्ययनशील हुनै पर्ने बाध्यता छ। यसको अर्थ सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक पटक्कै अध्ययनशील छैनन् भन्ने चाहिँ होइन। तथापि; पेशागत स्थायित्वको कारणले गर्दा पनि शुरुका केही वर्षहरू अर्थात् नियुक्ति पाएको केही वर्ष र ढुक्क नहुन्जेलसम्म मेहेनती र अध्ययनशील भएर काम गर्ने शिक्षकमा क्रमशः उक्त

बानी हट्दै गएको देखिन्छ। त्यसैले सार्वजनिक विद्यालयका शिक्षक बढी योग्य देखिन्छन् भने निजी विद्यालयका शिक्षक बढी मेहेनती र अध्ययनशील देखिन्छन्।

इज्जत/हैसियत कसको ठूलो हुन्छ त भन्ने प्रश्नलाई मुख्यतया दुई कोणबाट हेर्न सकिन्छ। खासगरी शहरी क्षेत्रमा रहेका ठूला र सम्पन्न निजी विद्यालयमा कार्यरत शिक्षकहरूलाई इज्जतपूर्वक नै हेरिन्छ र उनीहरूको सामाजिक हैसियत पनि राम्रै हुन्छ। यसको विपरित, ग्रामीण क्षेत्रमा भने 'बोर्डिङको मास्टर' भनी तल्लो दृष्टिबाट हेरिने परम्परा छ। छोटकरीमा भन्दा, अधिकांश निजी विद्यालयका शिक्षकहरूको इज्जत र सामाजिक हैसियत सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकको भन्दा सानो हुन्छ। अर्थात् समग्रमा सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकको इज्जत र हैसियत नै ठूलो हुन्छ। यो मेरो व्यक्तिगत अनुभव पनि हो।

पेशागत र पारिवारिक सन्तुष्टि तुलनात्मक रूपमा सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकमा नै रहेको देखिन्छ। सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये पनि स्थायी दरबन्दीमा कार्यरत शिक्षकहरूमा अरू बढी पेशागत र पारिवारिक सन्तुष्टि रहने देखिन्छ। किनकि यस्तो प्रकारको पदमा कार्यरत शिक्षकहरूको भविष्यमा पेन्सन तथा उपदानको समेत व्यवस्था गरिएको हुन्छ। अर्कातर्फ निजी क्षेत्रमा कार्यरत अधिकांश शिक्षकहरूको प्रथमत: पेशाको स्थायित्व छैन र केही ठूला विद्यालयहरूमा कार्यरत शिक्षकहरूको राम्रो सेवा सुविधा भए तापनि उनीहरूको दीर्घकालीन पेशागत र पारिवारिक सन्तुष्टि भने तुलनात्मक रूपमा कमी नै देखिन्छ।

दुई धारबाट सञ्चालन भइरहेको हाम्रो देशको शिक्षा प्रणालीमा कार्यरत शिक्षकहरूमा खासगरी सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरू बढी योग्य र तालिमप्राप्त देखिएका छन्। उनीहरूको काम बराबरको सरकारले तोकेको पारिश्रमिक पनि पाएका छन्। जसले गर्दा पेशागत र पारिवारिक सन्तुष्टि पनि उनीहरूमा बढी देखिन्छ।

श्री विद्योदय निमावि, दमक ९, झापा

# जो इमानदार उही सम्मानित

**राम सिं घिसिङ**

वर्तमान शिक्षा नियमावलीअनुसार सार्वजनिक स्कूलका स्थायी शिक्षकहरूले निम्न सुविधा पाइरहेका छन्:

- तलब र भत्ता, दशैं खर्चसहित
- वार्षिक वृद्धि (ग्रेड) रकम
- सञ्चयकोष
- उपदान
- निवृत्तिभरण (पेन्सन)
- औषधोपचार खर्च
- बीमा सुविधा

यसबाहेक, सञ्चित बिदाको रकम, पुनर्ताजगी तालिमहरू, अध्ययन भ्रमण, काज, सरुवा, बढुवालगायतका सुविधाहरू पनि छन्। स्वीकृत दरबन्दीमा स्थायी शिक्षकहरूले रुण्डै निजामती कर्मचारीसरह सुविधा पाउँछन् भने अस्थायी र राहत शिक्षकहरूले पाउँदैनन्। निजी स्कूलका शिक्षकहरूले तलब, भत्ता र बढीमा सञ्चयकोषसम्म पाउने गरेका छन्। पेशागत सुरक्षाको ग्यारेन्टी र रुण्डै निजामती कर्मचारीसरह सुविधा पाउने सरकारी स्कूलका स्थायी शिक्षकहरू स्वाभाविक रूपमै बढी सन्तुष्ट देखिन्छन्। सञ्चयकोष, पेन्सन उपचार जस्ता महत्त्वपूर्ण सुविधाबाट स्वयं शिक्षकलाई मात्र नभएर परिवारलाई समेत लाभ हुने हुँदा उनीहरूको पारिवारिक सन्तुष्टि पनि बढी नै छ।

पेशागत हक, हित र शैक्षिक विकासका लागि निजी स्कूलको तुलनामा सार्वजनिक स्कूलका शिक्षकहरू बढी सङ्गठित छन्। सार्वजनिक स्कूलका शिक्षकहरूको हकहितका लागि खोलिएका संस्थाहरूमध्ये एउटा नेपाल शिक्षक युनियन हो। नेपाल शिक्षक युनियनको नेतृत्व तहमा पुगेका राजनीतिक पहुँचवाला, हर्ताकर्ता, अनुभवी स्थायी शिक्षकहरू शैक्षिक विकासका लागि देशभित्र निर्णायक भूमिका खेलिरहेका छन् भने अन्तर्राष्ट्रियस्तरमा सभा, गोष्ठी, सम्मेलनहरूमा भाग लिन विदेश भ्रमण गर्ने अवसर समेत पाउने गरेको उदाहरणबाट निजी शिक्षक र

**निजी स्कूलको होस् या सार्वजनिक, आफ्नो पेशालाई मुख्य प्राथमिकता दिई इमानदार, निष्ठावान् र लगनशील भई विद्यार्थीको सिकाइ नतिजा उच्च तहमा पुऱ्याउने शिक्षकहरूले नै इज्जत, मानसम्मान बढी पाउने गरेका छन्।**

अरू शिक्षकभन्दा बढी हैसियतवाला देखिन्छन्। साथै; नेतृत्व र निर्णय तहमा पुग्ने शिक्षकहरू नै बढी भाग्यमानीमा पर्दछन् भन्ने मेरो ठहर छ।

सार्वजनिक स्कूलका शिक्षकहरू योग्य र सक्षम हुँदाहुँदै पनि निजी स्कूलका शिक्षकभन्दा कम मेहेनती देखिनुमा केही मुख्य कारणहरू रहेका छन्:

- शिक्षण बाहेक अन्य पेशा वा बहुपेशा अपनाउनु,
- शिक्षामा राजनीतिक हस्तक्षेप बढ्नु,
- शिक्षा प्रशासनबाट नियमित निरीक्षण, अनुगमन नहुनु,
- दण्ड र पुरस्कारभन्दा पनि इमानदार शिक्षकहरूको सरुवा, बढुवामा सही मूल्याङ्कन नहुनु,
- सचेत अभिभावकहरू निजी स्कूलमा लगानी गर्न आकर्षित हुनु।

सङ्ख्यात्मक र गुणात्मक हिसाबले निजी स्कूलको नतिजा सार्वजनिक स्कूलको भन्दा बढी नै छ। केही सार्वजनिक स्कूलको नतिजा हेर्दा निजी स्कूलको भन्दा कम छैन तथापि समग्रमा कम्ती छ। चाहे निजी स्कूलको होस् या सार्वजनिक, आफ्नो पेशालाई मुख्य प्राथमिकता दिई इमानदार, निष्ठावान् र लगनशील भई विद्यार्थीको सिकाइ नतिजा उच्च तहमा पुऱ्याउने शिक्षकहरूले नै इज्जत, मानसम्मान बढी पाउने गरेका छन्।

बालुवा मावि, नाल्दुम, बालुवापाटी, काभ्रे

# पढ्ने मामिलामा उस्तै उस्तै

मधु राई

शिक्षा केका लागि र कसका लागि भन्ने मूलभूत कुरा नबुझी अनि आफू शिक्षक बन्न लायक छु वा छैन भन्ने हेक्का या ख्याले नराखी केही समय जागिर खाने मनसाय लिएर शिक्षण पेशा अपनाउनेहरूको भीडले गर्दा आज यो पेशाले मर्यादा र सम्मान गुमाएको छ।

शिक्षक निजीका हुन् या सार्वजनिकका; दुवैका लागि शिक्षण पेशा उत्तिकै चुनौतीपूर्ण पेशा हो। तर, शिक्षणलाई चुनौतीपूर्ण पेशाका रूपमा लिन चाहने थोरै छन्। आफ्नो कामलाई चुनौतीको रूपमा लिने सिर्जनशील शिक्षकहरूलाई मात्र शिक्षण पेशाले सन्तुष्टि दिएको देखिन्छ। र, यस्ता शिक्षकहरू नै आफूलाई बढी भाग्यमानी सम्झने गर्छन्।

मान्छेले धेरथोर कमाउन र आफ्नो घरपरिवार राम्रोसित चलाउन जागिर खाएको हुन्छ। तर, निजी विद्यालयका संस्थापकहरूको आर्थिक हैसियत चुलिएको भए पनि त्यहाँका शिक्षकहरूको अवस्थामा भने खासै प्रगति भएको देखिँदैन।

उता सार्वजनिक विद्यालयका शिक्षकहरूको तलबभत्ता राम्रो भए पनि उनीहरू आफूलाई त्यति भाग्यमानी सम्झँदैनन्। सधैं उनीहरूको गुनासो हुने गर्छ, 'जति मेहनत गरे पनि कसैले स्याबासी दिने हैन।' यस्तै मेहेनत गरी पढाए पनि, आलटाल गरी पढाए पनि तलब पाकिहाल्छ भन्ने मनोवृत्तिले गर्दा पनि सार्वजनिक विद्यालयका बहुसङ्ख्यक शिक्षकहरू शिक्षण पेशालाई 'सरकारको काम कहिले जाला घाम' झैं मानेर पेन्सनको पर्खाइमा जेनतेन दिन कटाइरहेका हुन्छन्।

यस्तै सुविधाको कुरा गर्ने हो भने सार्वजनिक विद्यालयका स्थायी शिक्षकहरूको वर्तमान मात्र होइन भविष्य पनि सुरक्षित देखिन्छ। किनभने मेहेनत गरी नपढाए पनि तलबलगायत अन्य सरकारी सुविधा पाउनेहरूमध्ये शिक्षकहरू अग्रपङ्क्तिमै पर्छन्। उनीहरूसँग निजी विद्यालयको सुविधाको तुलना गर्ने मिल्दैन। किनभने कतिपय नाम चलेका निजी विद्यालयले समेत आफ्ना शिक्षकलाई आकर्षक तलब सुविधा दिए पनि सेवानिवृत्त भएपछि पेन्सन जस्तो सुविधा कहीं कतै दिने गरेको आजसम्म सुन्न पाइएको छैन। यस अर्थमा निजी विद्यालयका शिक्षकहरूलाई विद्यालयहरूले वस्तुसरह प्रयोग गरेको पाइन्छ। किनभने कुनै वस्तुको प्रयोग आफूलाई काम लागुञ्जेल मात्र व्यक्तिले गर्छ र काम नलाग्ने भएपछि मिल्काइदिन्छ। ठीक त्यस्तै अवस्था बहुसङ्ख्यक निजी विद्यालयका शिक्षकहरूको छ। यस्तो अवस्था भोगिरहेका शिक्षकहरू बाहिर सन्तुष्ट देखिए पनि भित्री रूपमा सन्तुष्ट हुँदैनन्।

# 'मास्टर'बाट 'शिक्षक'तिर

लीलाप्रसाद भण्डारी

एक दशक बढी समयसम्म निजी विद्यालयमा काम गर्दा म आफूलाई सधैं एक जाँगरिलो र श्रमजीवी व्यक्तिमा गन्थें। तीन वर्षअघि जब म सार्वजनिक विद्यालयमा प्रवेश गरें; एक श्रमजीवी 'मास्टर'बाट एक पेशाकर्मी 'शिक्षक'को रूपमा आफूलाई पाउन थालेको छु। मलाई निजी विद्यालयको मास्टरबाट सार्वजनिक विद्यालयको शिक्षकमा समायोजन हुन कठिन भयो। अहिले पनि म पूर्ण रूपले 'शिक्षक' भइसकेको छैन। बिहानको समयमा एक निजी स्कूलको मावि र उमावि तहका केही कक्षाहरूमा अध्यापन गरी नै रहेको छु। अरूको भाषामा भन्ने हो भने अहिले म आधा समय मास्टर र आधा समय शिक्षकको रूपमा कार्यरत छु। म कार्यरत सार्वजनिक विद्यालय केही 'गरौं' अनि 'गर्नुपर्छ' भन्ने सोच रहेको विद्यालय भएको हुँदा मेरो हिजोको जोश, जाँगर र उमङ्गमा त्यति धेरै ह्रास आइसकेको छैन।

तुलनात्मक रूपमा बढी शैक्षिक योग्यता भएका, अनुभवी र तालिमप्राप्त शिक्षकहरू सामुदायिक विद्यालयमा बढी छन्। तर कर्मठ, मेहेनती, लगनशील र पेशाप्रति उत्तरदायित्व भएका शिक्षकहरूको सङ्ख्या निजी विद्यालयमा बढी छ। त्यसलाई बर्सेनि हुने एसएलसी परीक्षाको नतिजाले छर्लङ्ग पार्ने गर्छ। राम्रो नतिजाका कारण निजी विद्यालयका शिक्षकहरू आफ्नो अध्यापनप्रति गर्व गर्छन्। उनीहरू आफ्नो कामप्रति सन्तुष्ट हुन्छन्। सँगै विद्यार्थी एवं अभिभावकहरूबाट सम्मान प्राप्त गर्छन्। यस्तो अवसर सामुदायिक विद्यालयका शिक्षकलाई भने विरलै जुर्छ। विभिन्न प्रतिस्पर्धात्मक परीक्षामा निजी विद्यालयका उत्पादनको रूपमा रहेका विद्यार्थीहरूले सफलता हात पार्ने गरेका छन्। यसले उनीहरूमा बढी ज्ञान भएको महसुस हुन्छ। उनीहरूमा आत्मविश्वास बढी हुन्छ। यसको जस त्यहाँ कार्यरत शिक्षकहरूलाई जान्छ। किनभने यो उनीहरूको मेहेनत, परिश्रम र अध्ययनशीलताको परिणाम हो।

निजी विद्यालयका शिक्षक अहोरात्र खट्नुपर्ने बाध्यता छ। विद्यालयमा विद्यार्थीको गृहकार्य र कक्षाकार्य जाँच गरेर नसकिएमा घरमै कपी लगेर जाँच्नुपर्छ। अझ बर्सेनि नयाँ-नयाँ विषयवस्तु, पाठ्यपुस्तक अध्यापन गर्नुपर्ने बाध्यताले नयाँ-नयाँ विषयको अध्ययन गर्नु उनीहरूको दिनचर्या नै हो भने पनि हुन्छ। सबै विद्यार्थीसँग प्रत्यक्ष सम्पर्कमा शिक्षक रहनुपर्ने भएकाले उसको व्यस्तता अझ थपिन्छ। यी यावत् काम उसले गर्नुपरे तापनि उसको न्यून पारि श्रमिकका कारण उसको परिवार सधैं चिन्तामा नै हुन्छ। निजी विद्यालयमा कार्यरत शिक्षकहरूको पेशागत सुरक्षाको

कतिपय निजी विद्यालयका असन्तुष्ट शिक्षकहरूले कालान्तरमा आफ्नै विद्यालय स्थापना गर्ने वा शिक्षण पेशाबाटै पलायन हुने गरेको पाइन्छ । यस्ता बहुसङ्ख्यक शिक्षकहरू नयाँ सीप वा शिक्षण विधि अपनाइ समयसापेक्ष समाज र राष्ट्रलाई चाहिने शिक्षा दिनभन्दा पनि मातृविद्यालयका संस्थापकहरूले आर्जेको आर्थिक सम्पन्नताबाट प्रभावित भएर विद्यालय स्थापना गर्न उत्साहित भएको पाइन्छ । र, विद्यालय स्थापना गरेको केही वर्षभित्र उनीहरूले व्यक्तिगत सम्पन्नता हासिल गरे पनि विद्यालय उकास्नमा आफ्नो उत्पादनशील उमेर र सीप खर्चेका बहुसङ्ख्यक शिक्षकहरूको अवस्थामा भने खासै परिवर्तन भएको पाईंदैन । किनभने हिजोका दिनमा त्यस्ता शिक्षकहरूले गरेको योगदानलाई आज बहुसङ्ख्यक स्थापित विद्यालयहरूले चटक्क बिर्सेको देखिन्छ । शिक्षक भन्नेबित्तिकै आफूले जानेको ज्ञानगुनका कुरा विद्यार्थी वा अरूलाई बाँड्नुपर्ने हुन्छ । तर, अफसोच ! बहुसङ्ख्यक शिक्षकले आफूलाई कक्षाकोठा र पाठ्यपुस्तकभन्दा बाहिर निकाल्न सकेका छैनन् । र, त्यस्तै शिक्षकहरूलाई हामीले भोलिको कर्णधार जन्माउने अभिभारा सुम्पेका छौं ।

**आफू पनि बाहिरी पुस्तक नपढ्ने र विद्यार्थीलाई पनि पढ्न प्रोत्साहित नगर्ने शिक्षकहरू नै आज शिक्षित बेरोजगार उत्पादन गर्ने पहिलो प्राविधिक बन्न पुगेका छन् भने विद्यालयहरू कारखाना ।**

औपचारिक शिक्षा सँगसँगै विद्यार्थीलाई बाहिरी जगत्का कुराहरू अवगत गराउनुपर्ने अभिभारा शिक्षककै हो । पाठ्यपुस्तकको अध्ययनले मात्र त्यो सम्भव छैन । यसका लागि शिक्षकले पाठ्यपुस्तकबाहेक विभिन्न विधाका पुस्तक पढ्नुपर्ने हुन्छ । हाम्रा निजी मात्र होइन; सार्वजनिक विद्यालयका बहुसङ्ख्यक शिक्षकहरूसमेत पुस्तक पढ्ने गर्दैनन् भन्ने आम बुझाइ छ । निजी विद्यालयका शिक्षकहरूको धेरैजसो समय विद्यार्थीको कक्षाकार्य र गृहकार्य जाँच्दैमा बित्ने गर्छ भने सार्वजनिक विद्यालयका शिक्षकहरू यस्ता कार्यबाट मुक्त भए पनि बाहिरी पुस्तक पढ्ने गरेको देखिँदैन ।

आफू पनि बाहिरी पुस्तक नपढ्ने र विद्यार्थीलाई पनि पढ्न प्रोत्साहित नगर्ने शिक्षकहरू नै आज शिक्षित बेरोजगार जनशक्ति उत्पादन गर्ने पहिलो प्राविधिक बन्न पुगेका छन् भने विद्यालयहरू कारखाना । यस्ता शिक्षकहरूले शिक्षण सहजकर्ताको भूमिका मात्र निर्वाह गरिरहेको पाइन्छ । बाहिरी जगत्मा के परिवर्तन भइरहेको छ र शिक्षालाई कसरी समयसापेक्ष र समाजोपयोगी बनाउने भन्नेबारे यस्ता पुस्तक नपढ्ने शिक्षकहरू चिन्तित देखिँदैनन् । राम्रा तथा प्रेरणादायी पुस्तकहरूको अध्ययनले मानिसलाई अध्ययनशील र चिन्तनशील बनाउँछ भन्ने कुराप्रति बहुसङ्ख्यक शिक्षकहरू बेपर्वाह देखिन्छन् । यथार्थमा निरन्तर अध्ययनले शिक्षकलाई सिर्जनशील बनाउँछ । सिर्जनशील शिक्षकले मात्र आफ्ना विद्यार्थीलाई सिर्जनशील बनाउन थप मेहेनत गर्छ ।

ग्यारेण्टी छैन । त्यसैले ऊ पेशामा सदैव चिन्तित देखिन्छ ।

सामुदायिक विद्यालयका शिक्षकको तलब सुविधा धेरै बढी छ । यसैले उनीहरू बढी भाग्यमानी छन् । उनीहरूको हैसियत र पहुँच पनि ठूलो हुन्छ । सरकारी शिक्षकहरूको पेशागत सुरक्षा भएकै कारण उनीहरू आफ्नो पेशाप्रति सन्तुष्ट देखिन्छन् । तर, सामुदायिक विद्यालयका शिक्षकहरूले आफ्नो दक्षता र सीप अध्यापनमा प्रयोग गर्न सकिरहेका छैनन् । तिनले लिएको र पाएको तालिमको सही उपयोग भएकै छैन । धेरैले तालिमको प्रयोग गरेकै छैनन् । किनभने त्यस्ता विद्यालयमा व्यवस्थापनमा हुने राजनीति र प्रशासनमा हुने असमानता यसका प्रमुख कारण हुन् । फितलो व्यवस्थापन र अक्षम प्रशासनको नेतृत्वमा रहेका हाम्रा शिक्षकहरू अन्ततः कामचोर बन्न पुगेको देखिएको छ । हुनत शिक्षक आफैं विद्यार्थीको नेतृत्व गर्ने व्यक्ति हो तर उसलाई प्रधानाध्यापकले नेतृत्व गर्दैन भने ऊ पनि कामबाट भाग्न थाल्छ । अनि सक्षम, सफल व्यवस्थापन

**जसरी अपर्याप्त भौतिक संरचना र सीमित जनशक्ति हुँदाहुँदै पनि निजी विद्यालयले गुणस्तरीय शिक्षा दिइरहेका छन्; त्यसरी नै सामुदायिक विद्यालयमा अलि बढी मेहेनत गर्ने हो भने त्यहाँका शिक्षकहरूको इज्जत/हैसियत बढ्ने निश्चित छ । अहिले सामुदायिक विद्यालयका शिक्षकले पाउँदै गरेको इज्जत शिक्षक पेशाले मात्र थामेको छ, शिक्षकले गरेको कामबाट प्राप्त उपलब्धिले होइन ।**

र नेतृत्वको अभावमा गुणस्तरीय शिक्षा दिन सामुदायिक विद्यालयहरू असफल बन्दै गइरहेका छन् । यसको असर अन्ततः त्यहाँ कार्यरत शिक्षकहरूमा पर्न जान्छ । उनीहरूलाई समाजको जागिर खाएको तर नपढाएको भनी आरोप लाग्ने गरेको छ ।

हुनत विद्यार्थीको उच्च चाप, शिक्षकको सङ्ख्यामा कमी, भौतिक सुविधाको अभावलगायत पनि सामुदायिक विद्यालयको गुणस्तर खस्कनुका कारण हुन् । तर, जसरी अपर्याप्त भौतिक संरचना र सीमित जनशक्तिको कारण पनि निजी विद्यालयले स्तरीय शिक्षा दिइरहेका छन्; त्यसरी नै सामुदायिक विद्यालयमा अलि बढी मेहेनत गर्ने हो भने त्यहाँका शिक्षकहरूको इज्जत/हैसियत बढ्ने निश्चित छ । अहिले सामुदायिक विद्यालयका शिक्षकले पाउँदै गरेको इज्जत शिक्षक पेशाले मात्र थामेको छ, शिक्षकले गरेको कामबाट प्राप्त उपलब्धिले होइन ।

समग्रमा भन्ने हो भने निजी विद्यालयका शिक्षक आफूले गरेको श्रम र प्राप्त शैक्षिक उपलब्धिमा सन्तुष्ट हुन्छन् भने सामुदायिक विद्यालयका शिक्षकहरू आफ्नो पेशा र पाउँदै गरेको पारिश्रमिक अनि सेवा-सुविधामा सन्तुष्ट भएको देखिन्छ । दुवैलाई बाहिरबाट हेर्ने दृष्टिकोण चाहिँ हेर्ने मानिसले लगाएको आँखाको चश्मामा भर पर्छ ।

श्री देवी मावि, अनारमनी-३ बिर्तामोड, झापा

## मत–अभिमत

# फेरि यस्तो लेख्नु नपरोस् !

यादव अधिकारी




नेपालका विद्यालयहरू संरचनागत रूपमै 'संस्थागत' र 'सामुदायिक' दुई वर्गमा विभाजित छन् । दुवै संरचना एउटै शिक्षा निर्देशिकाबाट निर्देशित भए पनि राज्यको प्रभावकारी अनुगमनको अभावमा त्यहाँ फरक ढङ्को वातावरण कायम छ । दुवै संरचनाका शिक्षक तथा विद्यार्थीलाई समाजले पनि बेग्लाबेग्लै दृष्टिकोणबाट मूल्याङ्कन गर्ने गरेको छ ।

सामुदायिक विद्यालयका शिक्षक संस्थागत शिक्षकभन्दा बढी भाग्यमानी ठहरिन्छन् । स्थायित्व, पेन्सन तथा पेशागत सुरक्षा जस्ता कारणले उनीहरूको जीवन निश्चिन्त छ । तर, उल्लिखित सुविधाहरूबाट संस्थागत शिक्षकहरू वर्जित छन् । सरकारले तोकेअनुसारको तलब सुविधा नपाउने संस्थागत शिक्षकहरू करिब ८० प्रतिशत रहेको अनुमान छ । बिदाको सुविधामा पनि सामुदायिक शिक्षकहरू धेरै अगाडि छन् । स्थानीय बिदा, पर्व बिदा, बिरामी बिदा, भैपरी आउने बिदा, अपर्झट बिदा, बर्खे बिदा वा मीनपचास जस्ता बिदाका सुविधा सामुदायिक शिक्षकहरूलाई प्राप्त छ । यी विद्यालयको वार्षिक औसत कार्य दिन १८० मात्र रहेकोमा औसत शिक्षक हाजिरी १६५ दिन रहेको एक तथ्याङ्कले देखाएको छ । यसको तुलनामा संस्थागत या निजी विद्यालयको औसत वार्षिक कार्य दिन २३१ हुन्छ र न्यून बिदाका कारण संस्थागत शिक्षकहरूको हाजिरी लगभग कार्य दिन बराबर नै हुन्छ । यही कारणले गर्दा एउटै मूल्याङ्कन पद्धतिमा निजी स्कूलका विद्यार्थी सामुदायिक स्कूलका विद्यार्थीभन्दा अब्बल ठहरिने गरेका छन् । समुदायको चासो निजी विद्यालयतिर बढ्नुको कारण पनि यही हो ।

दैनिक कार्यतालिका हेर्ने हो भने निजीका शिक्षकहरू बढी मेहनत गरिरहेका हुन्छन् । उनीहरू दैनिक सात पिरियडसम्म पढाइरहेका हुन्छन् भने सामुदायिक शिक्षकहरू दैनिक चारदेखि अधिकतम पाँच पिरियडसम्म पढाउँछन् । गृहकार्य दिने र जाँच गर्ने चलन सामुदायिक विद्यालयमा अत्यन्तै कम हुने हुँदा कामको हिसाबमा संस्थागत शिक्षकहरू सामुदायिक शिक्षकभन्दा धेरै अगाडि छन् । बढी मेहनतको प्रभाव परिणाममा देखापर्दछ । संस्थागत विद्यालयहरूलाई अब्बल दर्जाको परिणाम देखाउनै पर्ने बाध्यताले विद्यार्थीको शैक्षिक क्रियाकलापप्रति बढी चिन्तित र संवेदनशील हुन्छन् । तर, सामुदायिक विद्यालयमा सरकारी स्तरबाट पुरस्कारको व्यवस्था भए पनि दण्ड जरिवानाको व्यवस्था नभएकाले परिणामप्रति चिन्तित तथा सक्रिय हुने अवस्था छैन ।

संस्थागत विद्यालयहरूमा अभिभावकको प्रत्यक्ष लगानीको कारणले त्यहाँका हरेक क्रियाकलापमा अभिभावकको सूक्ष्म चासो रहन्छ । आफ्ना नानीहरूलाई पढाउने शिक्षकहरूको योग्यता र सक्रियता सधैँभरि अभिभावकको प्रश्नचिन्हभित्र हुन्छ । सधैँभरि विषयवस्तुमा र श्रममा अद्यावधिक रहनुपर्ने बाध्यतामा संस्थागत शिक्षकहरू रहन्छन् भने सामुदायिक शिक्षकहरू यो चिन्ताबाट मुक्त छन् ।

पेशागत सुरक्षाको ग्यारेण्टी नभएकाले संस्थागत विद्यालय एउटा प्लेटफर्म जस्तो भएको छ भने सामुदायिक विद्यालय एक सुरक्षित गन्तव्य । संस्थागत शिक्षकहरू अस्तित्व जोगाउने सङ्घर्ष र योग्यतम मात्र बाँच्ने प्रतिस्पर्धा (Struggle for existence / survival of the fittest) को चरणबाट गुज्रनुपर्छ । यसैले उनीहरूलाई बढी योग्य र अध्ययनशील बन्न प्रेरित गर्दछ । सामुदायिक विद्यालयमा प्रवेश गरिसकेपछि प्रतिस्पर्धा र भविष्यप्रतिको चिन्तनमा शून्यताको कारणले व्यक्तिको अध्ययनशीलतामा ह्रास आएको देखिन्छ ।

**समग्रमा हेर्दा पेशागत सन्तुष्टिमा संस्थागत शिक्षकहरू अगाडि देखिन्छन् भने आर्थिक, सामाजिक तथा सुरक्षित र निश्चिन्तताको क्षेत्रमा सामुदायिक शिक्षकहरू कोशौं अगाडि छन् ।**

हाम्रो सामाजिक परिवेशमा सामुदायिक शिक्षक र संस्थागत शिक्षकको इज्जत र हैसियतमा आकाश जमिनको फरक छ । त्यसको मूलकारण असमान आर्थिक हैसियत हो । तर, शैक्षिक परिणाम र विद्यार्थीलाई हेर्ने दृष्टिकोणमा ठीक उल्टो अवस्था छ । एउटा संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको सामाजिक इज्जत सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको भन्दा धेरै माथि छ । यसको मूलकारण फेरि पनि आर्थिक नै हो । यसनिम्ति विद्यालयको प्रकार हेरेर विद्यार्थीको भविष्य अनुमान गर्ने मूढाग्रही सामाजिक संस्कार दोषी छ ।

संस्थागत या निजी विद्यालयहरूले देशको शैक्षिक भारको करिब २० प्रतिशत दायित्व बहन गरिरहेका छन् । तर परिणाममा भने झण्डै ८० प्रतिशत हिस्सा तिनले आफ्नो भागमा पारेका छन् । त्यसैले त जहाँ-जहाँ संस्थागत विद्यालयहरू स्थापना भएका छन्, त्यस क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकका ९९ प्रतिशत भन्दा बढी नानीहरू संस्थागत विद्यालयमा नै अध्ययनरत् छन् ।

राज्यले अर्बौं रुपैयाँ सामुदायिक विद्यालयका शिक्षकहरूको तालिम तथा स्तरोन्नतिका लागि खर्चेको छ । तर धेरैजसो शिक्षकहरूमा तालिमको अवसरलाई आफ्नो क्षमता

अभिवृद्धिभन्दा ग्रेड वृद्धिको अवसरको रूपमा मात्र बुझ्ने प्रवृत्ति रहेको पाइन्छ । आम समुदायको सामुदायिक विद्यालयप्रति घट्दै गएको चासोको एक प्रमुख कारण यो पनि हो ।

संस्थागत विद्यालयका 'सुकिला विद्यार्थीका लागि मैला शिक्षक' र सामुदायिक विद्यालयका 'मैला विद्यार्थीका लागि सुकिला शिक्षक'बीचको विभेदको कारक तत्त्व विद्यालयहरूमा घट्दै गएको राज्यको प्रभावकारिता हो । राज्यको कमजोर शैक्षिक नीतिले गर्दा शैक्षिक हैसियत कमजोर भएको जो-कोही व्यक्ति पनि लगानी गरेका भरमा विद्यालयको मालिक र सर्वेसर्वा बन्न सक्ने अवस्था छ । शैक्षिक क्षेत्रमा फस्टाएको यस्तो व्यापारले गर्दा संस्थागत विद्यालयहरू व्यापारिक संस्थाको रूपमा विकसित हुँदै गइरहेका छन् । यिनै कारणले पनि संस्थागत शिक्षकहरू आफ्नो उच्चतम क्षमता र योग्यताको बाबजुद सामाजिक मान, सम्मान र प्रतिष्ठामा पछाडि परेका छन् ।

समग्रमा हेर्दा पेशागत सन्तुष्टिमा संस्थागत शिक्षकहरू अगाडि देखिन्छन् भने आर्थिक, सामाजिक तथा सुरक्षित र निश्चिन्तताको क्षेत्रमा सामुदायिक शिक्षकहरू कोशौं अगाडि छन् । विद्यमान असमानपूर्ण शैक्षिक अवस्थालाई एकरुपको बनाउन र कानुनी रूपमा पनि संस्थागत शिक्षकहरूलाई सबल बनाउँदै एकैप्रकारको शिक्षा प्रणाली, एकैप्रकारको सुविधा, एकैप्रकारको सन्तुष्टि, एकैप्रकारको भविष्य निर्धारणको लागि नेपाल संस्थागत विद्यालय शिक्षक युनियन आन्दोलनरत् छ । आशा गरौं; एउटै देशमा एउटै शिक्षा पढाउने शिक्षकहरूबीचको भिन्नताको बारेमा यसप्रकारको लेख भविष्यमा लेखिरहनुपर्ने छैन ।

माउण्ट एभरेष्ट इङ्गलिस बोर्डिङ स्कूल,
गौरादह, झापा

# जसको शिर ठाडो, उही भाग्यमानी !

**नेपाल प्रकाश अधिकारी**

डरलाग्दो नदी पारि एउटा सुन्दर बगैँचा छ । त्यहाँ थरीथरीका फलफूलहरू लदावदी पाक्छन् । त्यो नदी पार गर्नेलाई फलफूलहरूको स्वाद लुट्न पाउने छुट छ । अलिकति पैसा तिरेपछि त्यहाँ जाने डुङ्गा पाइन्छ । हो त्यही डुङ्गा खियाएर छिमलछिमलका मानिसहरूलाई बगैँचामा पुर्‍याई आफू पुनः अरू मान्छे लिन फर्कने बोटे जस्तै हुन् शिक्षक ।

सन्तुष्टि, श्रम र सुविधा, इज्जत यी सबै भाव प्राधान्य नामिक शब्दहरू हुन्; जसको बारेमा ठ्याक्कै यति भनेर मापन, परीक्षण गर्न सकिँदैन । अरु विविध क्षमता भएका व्यक्तिका आर्थिक एवम् बौद्धिक लगानीबाट सञ्चालित, थरीथरीका निजी र सार्वजनिक विद्यालयका शिक्षकहरूबीच अमूर्त विषयवस्तुमा तुलना गर्नु वस्तुपरक नठहरिन पनि सक्छ । त्यस्तै; केही घटना र पात्रहरूलाई उभ्याएर सबैलाई सामान्यीकरण गर्नु पनि अवैज्ञानिक हुन्छ । तैपनि दुवैथरी शिक्षक भएकाले र उनीहरूबीच व्यापक अन्तर देखिएकाले तुलना गर्नु अति आवश्यक र समय सान्दर्भिक छ ।

सामान्यतया व्यक्तिले प्राप्त गर्ने नियमित आम्दानी, सेवा-सुविधा एवम् प्रतिष्ठाबाट नै उसले सन्तुष्टि प्राप्त गर्छ भने तिनको अभावमा असन्तुष्टि एवं चिन्ता । राहत कोटा एवम् निजी स्रोतबाट राखिएका बाहेक दरबन्दीमा रहेका सरकारी स्कूलका शिक्षकहरूको सुविधा निजी विद्यालयको तुलनामा अधिक छ । केही वर्षयता सरकारी कर्मचारीहरूसँगै प्रत्येक बजेट भाषणमा शिक्षकको पनि तलब बढेका कारण विशेषगरी प्रावि र निमावि तहका सरकारी र निजी विद्यालयका शिक्षकबीचको सुविधामा ठूलो अन्तराल देखापरेको छ । अहिले दरबन्दीमा रहेका सार्वजनिक विद्यालयका प्रावि तहका शिक्षकहरूको तलबमान करिब ११ हजारको हाराहारीमा छ भने निजी विद्यालयका शिक्षकहरूले तीन हजार मात्र लिएर पनि रोजगारीको भोक मेट्ने प्रयत्न गरेको पाइन्छ । एस् एल्सीलाई विशेष महत्त्वका साथ हेर्ने र त्यही नतिजालाई आफ्नो विज्ञापनको बाटो बनाउने भएकाले कतिपय निजी विद्यालयले मावि तहका शिक्षकलाई तुलनात्मक रुपमा राम्रै तलब दिएको पाइन्छ । तैपनि देशभरका स-सानादेखि मध्यमस्तरका निजी विद्यालयहरूले प्रदान गर्दै आएको झिनो तलब, दशैं पेस्की समेत दिन नसक्ने बाध्यता र नदिने प्रवृत्तिलाई केलाउँदा राष्ट्रभर तहगत एवं ग्रेडका आधारमा एकै रूपमा तलबभत्ता प्राप्त गर्ने सार्वजनिक विद्यालयका शिक्षकहरूको सुविधा नै उल्लेख्य मान्नुपर्ने हुन्छ ।

औसत सुविधा सार्वजनिक विद्यालयका दरबन्दीमा रहेका शिक्षकहरूको अधिक रहे पनि मेहेनत भने निजी विद्यालयका शिक्षकहरूले नै बढी गरेको देखिन्छ । यसको तुलनामा सार्वजनिक विद्यालयमा नियमित अनुगमन नहुने प्रवृत्ति, 'राजाको काम कहिले जाला घाम' भन्ने मनसायको कामचोर प्रवृत्ति, निरीक्षण एवं अनुगमनप्रति सम्बन्धित पक्षको उदासीनता, सरकारबाट तलब प्राप्त हुने हुँदा विद्यालयका प्रधानाध्यापक एवं अन्य पदाधिकारीप्रतिको कम डर, नराम्रो भएमा आफ्नो केही गुम्ने होइन क्यारे र राम्रै भएमा पनि केही पाइँदैन भन्ने जस्तो सोच शिक्षक र प्रअमा समेत वृद्धि हुँदै जानु, राजनीतिक कारणले अयोग्यलाई दरबन्दी, अभिभावकको तुलनात्मक कम ज्ञान र फुर्सद एवं आर्थिक बोझले सरकारी विद्यालयका शिक्षकहरूमा श्रम गर्ने बानी हट्दै

गएको छ । अरु गाउँघरमा बिहान–बेलुका टन्न घरको काम गर्ने र स्कूलमा अति कम समय दिने प्रचलन अनौठो रहेन ।

इन्टरनेट, पुस्तकालय, सन्दर्भ सामग्री, पाठ्यक्रममा संशोधित नयाँ विषयका बारेमा अध्ययन गर्ने, शिक्षार्थीलाई बढी समय दिने प्रचलन अपवादलाई छाडेर सार्वजनिक विद्यालयमा ठप्पै छ । बल्लबल्ल तीन वटा प्रायशः २०, ३० र ५० पूर्णाङ्कका तहगत परीक्षा त लिई टोपलिन्छ । तर, न समयमा नतिजा निकालिन्छ न पुनर्बल प्रदान नै । दैनिक गृहकार्य परीक्षणका कुरा छाडौं । यी सम्पूर्ण तथ्यहरूलाई केलाउँदा शिक्षकको श्रम निःसङ्कोच निजी विद्यालयमा बढी हुन्छ । एसएलसी नतिजा एवम् विद्यार्थीको अङ्ग्रेजी भाषाको दखलमा पनि निजी विद्यालयका शिक्षकको मेहेनत केही मात्रामा प्रतिबिम्बित भएको पाइन्छ ।

जहाँसम्म भाग्यको कुरा छ; सरकारी विद्यालयमा कम श्रम गरी नियमित एवं राम्रै दाम खाने सरकारी विद्यालयका कर्मचारीलाई भाग्यमानी ठान्ने कि ठाउँमा बसी कमै तलबमा भए पनि विषयवस्तुप्रति आफूलाई अद्यावधिक राखी ज्ञान बढाउने बोर्डिङका शिक्षकलाई ? गाई, भैसीको हेरचाह गर्दै प्रायशः स्वच्छ हावापानीमा सेवानिवृत्त भइसकेपछि पनि उपदानको तर मार्ने तर एसएल्सी नतिजा आउँदा लाजले भुतुक्क मर्ने सरकारी

**एस्एल्सी नतिजा आउँदा लाजले भुतुक्क मर्ने सरकारी शिक्षकभन्दा आफ्नो विद्यार्थीको भविष्य उज्यालो बनाउने, उत्तरदायी एवम् श्रम गर्ने र पछि लोकसेवा, शिक्षक सेवा, त्रिवि सेवा जस्ता राम्रै ठाउँमा फड्को मार्न तम्तयार निजी विद्यालयका शिक्षकहरू नै बढी भाग्यमानी (प्रगति गर्ने हकमा) पो हुन् कि !**

शिक्षकभन्दा आफ्नो विद्यार्थीको भविष्य उज्यालो बनाउने, उत्तरदायी एवम् श्रम गर्ने र पछि लोकसेवा, शिक्षक सेवा, त्रिवि सेवा जस्ता राम्रै ठाउँमा फड्को मार्न तम्तयार निजी विद्यालयका शिक्षकहरू नै बढी भाग्यमानी (प्रगति गर्ने हकमा) पो हुन् कि ! मैले यसो भनेर सार्वजनिक विद्यालयका सम्पूर्ण शिक्षक मित्रहरूलाई सामान्यीकरण गर्न खोजेको होइन । कतिपय साथीहरू परिश्रमी, अति नै जिज्ञासु, अध्ययनशील, कर्तव्यप्रति सचेत, लक्ष्यप्रति प्रतिबद्ध हुनुहुन्छ भाग्यमानी मात्रै होइन ।

योग्य को ? भन्ने हकमा; सार्वजनिक विद्यालयमा दरबन्दीमा रहन अध्ययनको निश्चित तह उत्तीर्ण गर्नै पर्छ । औपचारिकताका लागि मात्र भए पनि शिक्षक अनुमतिपत्र प्राप्त गर्नै पर्छ, कार्यान्वयन जे जस्तो भए पनि सरकारी तालिम सार्वजनिक विद्यालयका शिक्षकहरूले नै पाउनुहुन्छ । तर, अधिकांश बोर्डिङमा नातागोता, सम्बन्ध, आफूलाई अनुकूल जो छ अथवा बोल्ने क्षमता छ भने तोकिएको तहको प्रमाणपत्र, नेपाली नागरिकता, उमेर हद केही पनि नहेरी शिक्षक भर्ती गरिन्छ । यो परिप्रेक्ष्यमा सरकारी विद्यालयकै शिक्षक साथीहरू योग्य हुनुहुन्छ भन्दा कोहीप्रति पनि अन्याय हुँदैन कि !

अपवादलाई छाडेर निजी विद्यालयका सक्रिय र अध्ययनशील शिक्षकहरू आफ्नो अनिश्चित भविष्यप्रति चिन्तित भएको देखिन्छ । सार्वजनिक विद्यालयका साथीहरूमा 'ठीकै छ' भन्नेसम्मको सन्तुष्टिको स्वर सुनिन्छ । यो मानेमा भविष्यप्रति बढी चिन्तित र पेशाप्रति बढी असन्तुष्ट त निजी विद्यालयकै साथीहरू हुनुहुन्छ, द्विविधा नै छैन । निजी विद्यालयका शिक्षक पैसा एवं आम्दानीप्रति रुष्ट र असन्तुष्ट, भविष्यप्रति चिन्तित र व्यथित भएपछि उनीहरूका परिवार सन्तुष्ट हुने त कुरै भएन ।

जहाँसम्म रह्यो सामाजिक हैसियत/इज्जतको कुरा; निजी वित्तीय क्षेत्र, उद्योग, कम्पनी, फर्महरूमा जागिर खानेलाई सम्मानस्वरुप शिर झुकाउनेहरू आफ्नो विषयवस्तुमा जतिसुकै दखल र योग्य भए पनि निजी विद्यालयका शिक्षकहरूलाई असम्मानका तीर ताक्छन् । यस्तो हुनुमा उनीहरूको झिनो आम्दानी नै मुख्य कारण हो ।

स्पाइरल ग्यालेक्सी एकेडेमी, पोखरा–१, बगर


## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थानः कलंकीः ४२७७५५२/४२८१९७२ सुन्धाराः ४२५३१४२ गौशालाः ४४८०७९३ लगनखेलः ५५३४३५९ धरानः ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराजः ०३१-२००९१ लहानः ०३३-६०३६६ सिरहाः ०३३-२०१३१, मलंगवाः ०४६-२००४२ वीरगञ्जः ०५१-२१५२६, हेटौडाः ०४७-२०५३५ ।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

डा. विद्यानाथ कोइराला



# राष्ट्र र राज्यको लडाइँः शिक्षा के दिने ?

**हाम्रो परम्परागत शिक्षाले हामीलाई कविला बन्न लगायो। बिहामा कविला। खानपानमा कविला। उठबसमा कविला। आफ्नोपना त दियो। अन्तर-आफ्नोपना खोज्ने शिक्षै दिएन। मौलिकपनमै रमाउने बनायो। वेवरको सोच जस्तो। संरचना बनाउने। त्यहीँ घुम्ने।**

## चिन्तनगत उठान

राष्ट्र (nation) भावना हो। राज्य (state) भूगोल। राष्ट्रलाई राज्य बनाउँदा कविला (tribal) बनिन्छ। राज्यभित्र राष्ट्र बनाउँदा समावेशी (inclusive) होइन्छ। इतिहासले भन्छ- हामी कविला थियौं। हिमालमा शेर्पा कविला। ढोक्या कविला। ल्होमी कविला। मनाङ्वा कविला। पहाडमा गुरुङ कविला। मगर कविला। तराईमा यादव कविला। झा कविला। मिश्र कविला। विकासक्रमले भन्छ- हाम्रो कविलापन भत्किँदै छ। बसाइँसराइले। नोकरीले। बिहावारीले। रहरले। बाध्यताले। वर्तमानले भन्छ- राष्ट्र-राज्य प्रबल भयो। बन्यो। बनाइयो। त्यसैले अहिले हामी जातीय राष्ट्र-राज्य खोज्दै छौं। जातको राज्य। धर्मको राज्य। भाषाको राज्य। रङ्गको राज्य। जात र जातिको राज्य। राज्यभित्रको उपराज्य। सहराज्य। यसरी हेर्दा हाम्रा राजनीतिक र जात-जातीय नेताहरूले कविलापन भएकै राज्य खोज्यौं। काष्टिङ गर्‍यौं। एकीकृत माओवादीले राजनीतिक नेतृत्व दियौं। उसको शब्दावलीमा 'अग्रगामी छलाङ'। जातीय कविलाका नेताहरू त्यसैका मतियारा बन्यौं। कहिले अघि लागेर। कहिले पछि लागेर।

## उठानले निम्त्याएको पीडा

राष्ट्र-राज्यको सोचले राष्ट्र बनाउने बुद्धि दियो। त्यसैमा मोर्चाबन्दी गर्ने सोच दियो। मनाडीको नारको ढोका बनाउने बुद्धि। फुको ढोका बनाउने बुद्धि। ललितपुरको हरिसिद्धिको ढोका बनाउने बुद्धि। अर्को बुद्धिसँगै बाँड्यो। फुको मूलढोकाभित्र गैर लामा बस्नु नहुने। हरिसिद्धिको ढोकाभित्र गैर नेवार बस्नु नहुने। कथंकदाचित बसे भने पूजाको दिनमा घर छोड्नुपर्ने। यस अर्थमा पहिलो पीडा हो; सांस्कृतिक असहिष्णुता। दोस्रो पीडा हो; मनोवैज्ञानिक असुरक्षा। तेस्रो पीडा हो; सामाजिक बेमेल। चौथो पीडा हो; राजनीतिक कटुता। यी सबै पीडाहरूले अर्को पक्ष देखाए। त्यो हो- बसाइँसराइको छटपटी। आ-आफ्नै राष्ट्र-राज्य बनाउने छटपटी। जात मिल्नेको राष्ट्र-राज्य। भाषा मिल्नेको राष्ट्र-राज्य। धर्म मिल्नेको राष्ट्र-राज्य। आ-आफ्ना राष्ट्र-राज्यमा बन्दी हुने चिन्तन दियो। छलाङ त भयो। साँघुरिने छलाङ। यस्तो छलाङले राजनीतिक अग्राधिकार सुनिश्चित हुनेभयो। एउटा कविलाको राष्ट्र-राज्यमा बस्ने 'अभागी' अर्का राष्ट्र-राज्यहरूमा अल्पसङ्ख्यक हुनेभयौं। कतै गुरुङ अल्पसङ्ख्यक। कतै यादव अल्पसङ्ख्यक। कहीं बाहुन अल्पसङ्ख्यक।

यस अर्थमा गुणवत्ता (meritocracy) बिगार्‍यौं। कमजोर अल्पसङ्ख्यकलाई के थपे गुणवत्ता होला भनी खोजेनौं। अल्पसङ्ख्यक बन्नेले। बनाइनेले। यसरी हामीले कविला नेतृत्वहरू खोज्यौं। बाहुन कविलाको नेतृत्व। थारू कविलाको नेतृत्व। ल्होमी कविलाको नेतृत्व। अर्थात् आफ्नो कविला बाहेक अरूको नेतृत्व नस्वीकार्ने बुद्धि ल्यायौं। परम्परागत माइजन जस्तो। थकाली जस्तो। चमारको माइजनले भनेको डोमको माइजनले नस्वीकारे हुने। नेवारको थकालीले भनेको गुरुङले नमाने हुने। यो स्थितिमा हामी केन्याली बुद्धिमा गयौं। आ-आफ्नो कविलावस्ती खोज्ने। त्यसैको विकास खोज्ने। अन्तरकविला सम्बन्धमै राजनीतिक जिन्दगी गुजार्ने। यसो गर्दा कविला राजनीति निम्त्यायौं। लिम्बुवानको दस्ता त्यही हो। थारुवानको दस्ता त्यस्तै हो। यस अर्थमा हामीले अफगानिस्तानी चिन्तन भित्र्यायौं।

पीडा मनमा मात्रै रहेन। नाकमा रह्यो। चुच्चेको कविलामा थेप्चे डराउने। थेप्चेको कविलामा चुच्चे डराउने। दाह्रीवालको कविलामा जुँगावाल डराउने। जुँगावालको कविलामा दाह्रीवाल डराउने। गोरोरङ्गी कविलामा कालोरङ्गी डराउने। कालोरङ्गी कविलामा गोरोरङ्गी डराउने। यसरी हेर्दा नाक पीडा भयो। जुँगा पीडा भयो। दाह्री पीडा भयो। रङ्ग पीडा भयो। प्लाष्टिक सर्जरी गरी नाक मिलाउँला। दाह्री जुँगा आवश्यकताअनुसार मिलाउँला। रङ्गिएर रङ्ग मिलाउँला। बोली नमिल्ने भयो। संस्कार र खानपान मिलाउँला। मन नमिल्ने भयो। अर्थात् भाषाको लडाइँ रह्यो।




संवेगको लडाइँ रह्यो। परिणामत: नेपालमा म नेपाली बनिनँ। अरू देशका लागि बनिदिएँ। स्वदेशमा म कविलै रहेँ। चुच्चे कविला। थेप्चे कविला। काले कविला। गहुँगोरे कविला। दलित कविला। दाह्री कविला। जुँगे कविला। यस अर्थमा अमेरिकी तागत पनि रहेन। म पहाडेमूलको मधेशी भन्ने तागत। म मधेशीमूलको पहाडे भन्ने तागत। म चुच्चे नेपाली हुँ भन्ने तागत। म थेप्चे नेपाली हुँ भन्ने तागत। अफ्रिकन-अमेरिकन भने जस्तो। जापनिज-अमेरिकन भने जस्तो। मूल पनि नछोड्ने अधिकार पनि पाउने।

### पीडाको कारक शिक्षा

क्यापलानले भने झैं चुच्चेहरू 'उखु' भयौं। जहाँ पुग्यो सर्ने। थेप्चेहरू मुला भयौं। जहाँ बस्यो गाडिने। थातथलो छोडेर नहिँड्ने। मधेशीहरू पहाडिन नचाहने। हिमाली र पहाडीहरू बसाइँ सर्न रमाउने। यस अर्थमा मधेशवासी किल्लावादी बन्यौं। पहाडी र हिमाली साङ्लोवादी। हिमालमा मौलाउने। पहाड र मधेशमा सर्ने। यो पुस्तौनी शिक्षा बदलिएन। संस्कारी शिक्षा अर्को पीडा भयो। बाहुन र तामाङको मागी बिहा भएन। पुरेतले गोत्र खोजे। तामाङले गोत्र जानेन। मुस्लिम र हिन्दूबीच बिहे भएन। हिन्दूले धर्म खोजे। मुस्लिमले रश्म खोजे। पहाडे बाहुन र मधेशी बाहुनले पनि एक-अर्कालाई गनेनौं। गोत्र मिले पनि स्रोत मिलेन। गौंडी कि कुमाउनी? कुमाउनी कि कान्यकुब्जी? यसरी हाम्रा संस्कारी शिक्षाहरूले हामीलाई कविलै बन्न लगायो। बिहामा कविला। खानपानमा कविला। उठबसमा कविला। आफ्नोपना त दियो। अन्तर-आफ्नोपना खोज्ने शिक्षै दिएन। मौलिकपनमै रमाउने

**हाम्रो शिक्षा एककाँधे भयो। न जोखिम लिने। न परिवर्तन खोज्ने। अर्थात् संरचनाकै वरपर घुम्ने। पञ्चायत हुँदा पञ्चायतै ठीक। बहुदल हुँदा त्यसकै संरचना ठीक। गणतन्त्र भन्दा त्यस तै। अर्थात्, नयाँ पूरै ठीक हुने। अर्को शब्दमा भन्दा संरचनाकै पक्षधर।**

बनायो। वेवरको सोच जस्तो। संरचना बनाउने। त्यहीँ घुम्ने (functional)। डेरिडा बनाएन। संरचनामै भए पनि विकल्प (deconstructive) खोज्ने। मार्क्स बनाएन। संस्कारमै आमूल परिवर्तन (criticality) खोज्ने। हावरमास बनाएन। प्रत्येक संरचनासँग अन्तरक्रिया (inter-structures interaction) खोज्ने। यसरी हाम्रो शिक्षा एककाँधे भयो। न जोखिम लिने। न परिवर्तन खोज्ने। अर्थात् संरचनाकै वरपर घुम्ने। पञ्चायत हुँदा पञ्चायतकै संरचना। बहुदल हुँदा तिनकै संरचना। गणतन्त्र भन्दा त्यसकै संरचना। अर्को शब्दमा भन्दा पञ्चायतको के ठीक, बहुदलको के ठीक, गणतन्त्रको के ठीक भन्न नसक्ने। एउटा बदलिँदा पूरै बेठीक हुने। नयाँ पूरै ठीक हुने। अर्को शब्दमा भन्दा संरचनाकै पक्षधर। त्यहाँ विकल्प नखोज्नेहरू। अरू संरचनाहरूसँग अन्तरक्रिया नगर्नेहरू।

राष्ट्र, राज्य, भाषा र भूगोल एउटै हो, हुनुपर्छ। राजनीतिक नेताहरूले त्यही पढायौं। प्राज्ञहरू तिनकै मतियारा भयौं। सप्तरीको यादव हुम्लामा पुग्दा पनि छठ मनाउँछ भन्ने बिर्सियौं। भाषा बोल्छ भन्ने कुरा जानेनौं। सोलुखुम्बुको शेर्पा कैलालीको थारू बस्तीमा पुग्दा पनि ल्होसार मनाउँछ। भाषा बोल्छ। थारूले पनि त्यसै गर्छ। यस अर्थमा नेपाली बन्छ। त्यो कुरा प्राज्ञले पनि भनिदिएनौं। अर्थात् राष्ट्रले भूगोल नाघ्छ भनेनौं। भाषाले राज्य नाघ्छ भनेनौं। एउटै भूगोलमा धेरै राष्ट्र हुन्छ भनेनौं। यस अर्थमा हामी राष्ट्र, राज्य, भाषा र भूगोल नबुझ्ने भयौं। नबुझाउनेको ताँती भयौं। हाम्रो बौद्धिक टाटपल्टाइले सङ्कुचनवादी जातजातीयवादी नेताहरूलाई बल पुऱ्यायो। इतिहासमा फर्कने बल।

खोजेको इतिहास बदल्ने बल थियो। पाइला लम्कियो कविलावादी इतिहासतर्फ। तर, आत्मरति राखिरह्यौं। ताम्सालिङमा बाहुन प्रमुख भनेर। थारुवानमा दलित प्रमुख भनेर। यो आत्मरतिले डोल्ड्रम दियो। आँधी आउनुअघिको शान्ति। आँधी आउने कुरामा प्राज्ञ सचेत भएनौं। राजनीतिज्ञले पनि जात-जातीय राज्यको राष्ट्रिय नेता हुनसक्दैन भन्ने बुझेनौं। जय हिमाल मात्र भन्नेले कसरी जय नेपाल भन्ला? जय पहाड मात्र भन्नेले कसरी जय नेपाल भन्ला? जय मधेश मात्र भन्नेले कसरी जय नेपाल भन्ला? यस अर्थमा हाम्रो शिक्षाले हिमालमा नेपाल खोज्यो। पहाडमा नेपाल खोज्यो। मधेशमा नेपाल खोज्यो। नेपालमा हिमाल खोजेन। पहाड खोजेन। मधेश खोजेन। जात-जातीय राज्य त्यही कुराको अभ्यास हो। कविलीकरण। यो कविलीकरणले तामाङ नेता बन्छ। थारू नेता बन्छ। थारूबाट नेपालको नेता बन्न दिँदैन। तामाङबाट दिँदैन। बाहुनबाट दिँदैन। क्षेत्रीबाट दिँदैन। मुस्लिमबाट दिँदैन। अर्थात् सङ्कुचनी नेताहरू त बनाउँछ। स्वीकार्य नेपाली नेता बन्न दिँदैन। के यस्तै कविलीकरणको शिक्षा दिइरहने हो त? राजनीतिज्ञले? तिनका भ्रातृ भगिनी संस्थाहरूले? प्राज्ञिक व्यक्ति भनिने हामी मतियाराहरूले?

राष्ट्र, भाषा, भूगोल र संस्कृति एकै ठाउँमा जोडेर राज्य बनाउने बुद्धिले एक दर्जन राष्ट्रलाई न्याय होला। हामी धेरै दर्जन छौं। दलित राष्ट्रहीन भयौं। राज्यहीन भयौं। संस्कृतिले यसलाई बाँध्दैन। भाषाले बाँध्दैन। नाकले बाँध्दैन। रङ्गले बाँध्दैन। बाहुन राष्ट्रहीन भयौं। भूगोलले बाँध्दैन। भाषाले बाँध्दैन। यसरी धेरै राष्ट्रहीनलाई राज्यहीन बनाउने उपक्रम गर्‍यौं। राष्ट्र-राज्यका राज्यहीनहरू। नेपाली बन्दा राष्ट्र नहुनेहरू। राष्ट्र बन्दा समावेशी नेपाली नहुनेहरू। यस अर्थमा चमेरे नेपाली बन्न बाध्य गराइएकाहरू। जुन राष्ट्र-राज्यमा गयो त्यस्तै बन्नुपर्ने कर्महारा नेपालीहरू। न अग्राधिकार पाउने। न मानवअधिकार पाउने। न नेपाली बन्न पाउने। यस अर्थमा किपट प्रथाका गैर लिम्बू जस्ता। बस्ने घर हुने। किपटमा दाबी नहुने। संवैधानिक शब्दावलीमा सम्पत्तिमा अधिकार नहुनेहरू। यसैका लागि हामीले राजनीतिक दीक्षा दिइरह्यौं। भन्यौं- साम्यवादी हौं। दीक्षा दियौं-कविलावादी बनौं। अरूलाई कविलाको अग्राधिकारमा राखौं। यसरी हेर्दा समअधिकार गयो। विषमलाई सम बनाउन चाहिने उपक्रम पनि हरायो। पहाडेले मधेशमा बसाइँ सर्दा पहाडेबस्ती नै खोज्ने पुरानो बुद्धिलाई निरन्तरता दियौं। मधेशीले डेरा खोज्दा आफ्नै बिरादरको ठाउँ रोज्ने गुजुल्टे (ghettoized) बुद्धिलाई अपनाइरह्यौं।

> **यो स्थितिमा मेरो निचोड हो- वीरगञ्जको मुस्लिम बस्तीले हिन्दूको मन्दिर बनाइदिएको संस्कृति भित्र्याऔं। मजहवी राष्ट्रहरूबीच समावेशी हुन। जात-जातीय राज्य बनाउने उद्यम छाडौं– प्राकृतिक र ऐतिहासिक धरोहरको सम्मान गर्न। तिनकै नाम शाश्वत गर्न। नाकको विवाद छाडौं नेपाली हुन।**

## पीडा मोचनको उपाय

गुजुल्टिने राजनीतिक बुद्धिले पीडा दियो। जात समूहमा पीडा। अल्पसङ्ख्यक जाति समूहमा पीडा। धार्मिक समूहमा पीडा। यी र यस्ता पीडाबाट मुक्ति दिने शिक्षा नै हो। यसनिम्ति देहायको शिक्षा दिऔं। प्रश्नात्मक शिक्षा। प्रश्नात्मक दीक्षा। प्रश्नहरू हुन्- (क) मधेश भूगोल हो कि भाषा हो? जात हो कि जाति हो? रङ्ग हो कि बसोबासको अवधि हो? नश्ल हो कि नेपाली भू-भाग हो? रैथानेको हो कि सम्पूर्ण नेपालीको हो? (ख) चुच्चे र थेप्चे भन्ने बुद्धि जातिवादी (racist) हो कि समावेशी हो? प्रतिशोधोन्मुखी चिन्तन हो कि गुणवत्तोन्मुख चिन्तन हो? (ग) समावेशी बन्ने कि जात-जातीय राज्य खोज्ने हो? जात-जातीय विशेषता पहिल्याउने कि? जात-जातीय अहं विकसित गर्ने हो? अहंहरूमै गुणवत्ता खोज्ने कि त्यसैमा टकराव गर्ने हो? (घ) सम्पर्क भाषा तोक्ने कि जनताको चाहनामा छोड्ने हो? एक-अर्काको भाषा सिक्ने कि भाषा विवाद झिक्ने हो? भाषा सिक्ने सिकाउने एउटा उपाय खोज्ने कि भाषिक अहङ्कारमै रल्लिने हो? (ङ) जात-जातीय र मजहवी अन्तरसम्बन्ध खोज्ने कि त्यसैको भुत्भुते बोक्ने हो? एक-अर्कासँग सिक्ने कि दुश्मन ठान्ने हो? महिलाको पुरुष दुश्मन। गैर बाहुनको बाहुन दुश्मन। बाहुनको गैर बाहुन दुश्मन। मधेशीको पहाडे दुश्मन। पहाडेको मधेशी दुश्मन। दलितको गैरदलित दुश्मन। गैरदलितको दलित दुश्मन। यी र यस्तै दुश्मनी उधिन्ने कि दुश्मनी घटाउने उद्यम थाल्ने हो? राजनीतिक उद्यम। शैक्षिक उद्यम। भाषिक उद्यम। जातजातीय उद्यम। मजहवी उद्यम।

## निचोड

हामी टाउको हौं। संज्ञानात्मक चिन्तन भएकाहरू। हामी मुटु हौं। संवेगात्मक सोच बोकेकाहरू। हामी पेट हौं। खानाको खोजीमा दौडेकाहरू। हामी यौनकर्मी हौं। यौनिक वैधताका लागि शक्ति खर्चिनेहरू। हामी सापेक्षवादी हौं। समय समयमा रङ्ग फेर्नेहरू। सोच फेर्नेहरू। हामी संरचनाका दास हौं। आ-आफ्ना संरचनाले बनाएका बुद्धि बोक्नेहरू। हामी सर्जक हौं बुद्धि बन्ने ठाउँहरूमा अन्तरक्रिया गर्न सक्नेहरू। विनिर्माण गर्न जान्नेहरू। राष्ट्र, राज्य, भाषा, संस्कृति, भूगोलको मिलन र विभेद बिन्दु बुझ्नेहरू। बुझाउनेहरू। यो स्थितिमा मेरो निचोड हो- वीरगञ्जको मुस्लिम बस्तीले हिन्दूको मन्दिर बनाइदिएको संस्कृति भित्र्याऔं। मजहवी राष्ट्रहरूबीच समावेशी हुन। जात-जातीय राज्य बनाउने उद्यम छाडौं–प्राकृतिक र ऐतिहासिक धरोहरको सम्मान गर्न। तिनकै नाम शाश्वत गर्न। भाषिक विवाद छाडौं–अन्तरभाषा समन्वय खोज्न। लिपिमा समन्वय। शब्दमा समन्वय। वाक्यविन्यासमा समन्वय। नाकको विवाद छाडौं नेपाली हुन। पहाड र मधेशको विवाद छोडौं- जहाँ पनि मेरो ठाउँ छ भन्ने बन्न। सबै जात-जाति, धर्मका हिमायतीहरूको तागत खोजौं (talent hunting) नेपाललाई सिङ्गो राख्न। समुन्नत बनाउन। अन्यथा हामीले इजरायली एवं प्यालेस्टिनी बन्नुपर्छ। उनीहरू धर्ममा गुजुल्टिए। हामी जात-जाति, धर्म, भाषा र भूगोलमा गुजिल्टिन्छौं। परिणामतः भोलिको नेपालमा चारवटा दुनियाँ पाउँछौं- गुजुल्टिने अहङ्कारी दुनियाँ। गुजुल्टे अहङ्कार स्वीकार्ने निरीह दुनियाँ। देश छोड्ने दुनियाँ। गुजुल्टाहरूबीच लडिरहने दुनियाँ। आगे शिक्षकहरूको मर्जी। जुन खोल ओढे पनि विभेदी शिक्षा एवं दीक्षा दिइरहने राजनीतिकर्मीको मर्जी। गुरु पुरोहितको मर्जी। जातजाति र मजहवी नेतृत्वको मर्जी।

बाबुराम विश्वकर्मा



# शिक्षक बन्ने


## योग्यभन्दा बेरोजगार बढी

**ऐन/कानुनमा शिक्षक हुनलाई अध्यापन अनुमतिपत्र (शिक्षण लाइसेन्स) नभई नहुने व्यवस्था गरिएकाले शिक्षा सेवा आयोगले केही समयअघि खोलेको विज्ञापनमा २ लाख युवाले लाइसेन्स परीक्षामा सहभागी हुन आवेदन दिएका छन्। लाइसेन्स परीक्षा उत्तीर्ण हुने केही प्रतिशतले मात्र पनि शिक्षण पेशा अँगालेमा नेपालका सार्वजनिक स्कूलको उन्नतिमा ठूलो योगदान पुग्नसक्छ। तथापि, लाइसेन्स लिने लाइनमा उभिएकाहरूमध्ये सबै योग्य मात्रै भने छैनन्। चर्को बेरोजगारीका कारण योग्यता नै नपुगेकाहरू किर्ते कागजात बनाएरै भए पनि 'लाइसेन्स लिइराखे कुनै बेला काम लाग्छ' भनेर लाइसेन्स लिने ध्याउन्नमा लागेका देखिन्छन्।**

त्रिभुवन विश्वविद्यालयमा एमएस्सी पढ्दै गरेका दाङ, घोराही- ७ का विमल अधिकारीसँग अध्यापन अनुमतिपत्र (शिक्षण लाइसेन्स) छैन। तर लामो समयदेखि उनी काठमाडौंको एउटा निजी मावि स्कूलमा विज्ञान पढाइरहेका छन्। शिक्षक सेवा आयोगले 'शिक्षण लाइसेन्स'को विज्ञापन गरेपछि उनी पनि त्यो लिने तयारीमा जुटेका छन्। लाइसेन्स परीक्षाको प्रवेशपत्र लिन १६ पुस २०६६ मा काठमाडौं जिल्ला शिक्षा कार्यालय पुगेका अधिकारीले शिक्षक प्रतिनिधिसँग भने, "स्थायी शिक्षकको लागि पनि विज्ञापन खुल्ने कुरा सुनिएको छ। त्यसमा प्रतिस्पर्धा गरेर स्थायी शिक्षक बन्नका लागि लाइसेन्सको जाँच दिन लागेको हुँ।" आफ्नो सात वर्ष लामो शिक्षण अनुभवले गर्दा उनलाई शिक्षण पेशा छोडिएला जस्तो लाग्न छाडेको छ। उनी थप्छन्, "अब लाइसेन्स प्राप्त विज्ञान शिक्षक भइन्छ, शिक्षण पेशामै मोह बसिसक्यो। किनभने छात्रछात्रासँग अन्तरक्रिया गर्दा पाइने आनन्द अरू क्षेत्रमा सायदै पाइएला।"

शिक्षा ऐनमा शिक्षाशास्त्र अध्ययन गरेका वा दसमहिने शिक्षक तालिम लिएकाले मात्र शिक्षण लाइसेन्सको परीक्षामा सहभागी हुन पाउने व्यवस्था छ। तर, शिक्षकका प्रतिनिधि संस्था र सरकारबीच ११ कात्तिक २०६६ मा भएको सहमतिले एकपटकका निम्ति- शिक्षाशास्त्र नपढेका, १० महिने शिक्षक तालिम पनि नलिएका र ५ मङ्सिर २०६३ भन्दा अघि नियुक्ति लिई निजी तथा सरकारी स्कूलमा अहिलेसम्म पढाइरहेका शिक्षकलाई अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी गराउने बाटो खोलिदिएका कारण अधिकारी जस्ता धेरै अनुभवी शिक्षक लाइसेन्सको परीक्षामा बस्ने मौका पाएका हुन्।

# रहर !




शिक्षण अनुमतिपत्रको परीक्षा फर्म बुझाउन काठमाडौं जिशिकाअघि लामबद्ध आवेदकहरू ।

प्रमोद आयाम


अधिकारी जस्तै शिक्षक बन्ने रहरका कारण शिक्षण लाइसेन्सको परीक्षामा सहभागी हुन आवेदन दिएकी गोकर्णेश्वर-८ काठमाडौंकी ईश्वरी श्रेष्ठको दरखास्त चाहिँ जिशिका काठमाडौंले १६ पुस २०६६ मै रद्द गरिदियो । शिक्षाशास्त्र नपढेकी र १० महिने तालिम नलिएकी श्रेष्ठले दरखास्तसँग गोकर्णेश्वरकै शिक्षा माध्यमिक विद्यालयमा कार्यरत रहेको कागजात पेश गरेकी थिइन् । तर, 'ढाँटेको कुरा काटे मिल्दैन' भने झैं उनले जिशिकामा पेश गरेको कागजातले उनी शिक्षक हुनुभन्दा पछि एसएलसी उत्तीर्ण भएको पोल खोलिदियो । जिशिका लाइसेन्स फाँटका कर्मचारी गोविन्द निरौलाका अनुसार श्रेष्ठको नियुक्तिपत्रमा १५ वैशाख २०६२ मा प्रावि शिक्षकमा नियुक्ति पाएको उल्लेख छ भने उनको एस्एल्सीको लब्धाङ्कपत्रमा ३१ जेठ २०६२ मा उत्तीर्ण भएको लेखिएको छ । दरखास्त रद्द भएपछि निकै निराश देखिएकी ईश्वरीले जिशिअलाई भनसुन गरेर दरखास्त सदर गराइदिन शिक्षक प्रतिनिधिलाई समेत आग्रह गरिन् । उनी भन्दै थिइन्, "लाइसेन्स लिएर शिक्षण पेशामा लाग्ने रहरले धेरै दिन जिशिका धाएँ । अहिले आएर दरखास्तै रद्द हुँदा पीर लागेको छ ।"

अधिकारी र श्रेष्ठ स्थायी शिक्षक बन्ने ध्याउन्नमा लागेका रुण्डै तीन लाख उम्मेदवारमध्येका प्रतिनिधि पात्र हुन् । काठमाडौं जिशिकामा मात्र शिक्षण

## ८५ प्रतिशत नक्कली

**जिल्ला** शिक्षा कार्यालय, रुकुमले शिक्षण अनुमतिपत्रका लागि नक्कली नियुक्तिपत्र पेश गर्ने ३५० जनाको आवेदन रद्द गरेको छ। रुकुममा प्रावि, निमावि र मावि तहमा गरी ४११ जनाले शिक्षण अनुमतिपत्रका लागि आवेदन दिएकोमा ८५ प्रतिशतको कागजात नक्कली भेटिएको हो।

जिशिकाले गठन गरेको सात सदस्यीय समितिले गरेको छानबिनका क्रममा सो तथ्य फेला परेको हो। ५ मङ्सिर २०६३ अघिदेखि निजी वा सामुदायिक विद्यालयमा पढाउँदै आएका शिक्षकलाई मात्र अनुभवको आधारमा लाइसेन्स परीक्षामा सहभागी हुने अवसर दिइएकोमा सार्वजनिक स्कूलका प्रअ र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको मिलेमतोमा नक्कली नियुक्तिपत्र बनाई उक्त योग्यता नपुगेकाहरुले समेत दरखास्त हालेको भेटिएको जिशिका, रुकुमले जनाएको छ।




छानबिन समितिमा शिक्षक युनियनका प्रतिनिधि, प्रअ, शिक्षा सङ्गायका विद्यार्थी र जिल्ला प्रशासनका अधिकृत रहेका थिए।

आवेदकको शिक्षकको शुरु नियुक्ति मिति, ६-६ महिनामा हुनुपर्ने म्याद थपको कागजात, स्कूलको अनुमतिपत्र तथा स्रोतव्यक्तिको रिपोर्टिङको आधारमा जिशिकाले छानबिन गरेको थियो। प्रावि तहका लागि आवेदन दिएकामध्ये जम्मा ३३७ मध्ये २९४ जनाको अस्वीकृत भएको थियो। यस्तै, निमावितर्फ ६७ मध्ये ५२ जना र माविका ७ मध्ये ४ जनाको अस्वीकृत भएको थियो।

रुकुमका जिशिअ बाबुराम ढुङ्गानाले नक्कली नियुक्ति बनाउने शिक्षक र लिने व्यक्तिलाई कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गरिने जानकारी दिए।

**लक्ष्मण केसी/रुकुम**



लाइसेन्सका लागि आवेदन दिने अन्तिम म्याद ५ पुस २०६६ सम्ममा, ५,३६२ जनाले दरखास्त फारम बुझाएका थिए। यसमा प्राविका लागि आवेदन दिनेको सङ्ख्या १,४३४, निमावि २,३४२ र मावि १,५४६ छ। देशभरबाट शिक्षण लाइसेन्सको परीक्षामा भाग लिन सोही म्यादभित्र दरखास्त दिनेको सङ्ख्या दुई लाखभन्दा बढी पुगेको शिक्षक सेवा आयोगका सहसचिव अशोककुमार अर्यालले जानकारी दिएका छन्। यसअघि २६ र २७ मङ्सिर २०६६ मा भएको लाइसेन्सको परीक्षामा १,१९,५२२ जना सहभागी भएका थिए।

### लाइसेन्स लिने रहर

शिक्षण कार्यलाई गतिलो जागिर नपाउञ्जेल अलमलिने 'सङ्क्रमणकालीन' पेशाको रूपमा उपयोग गर्ने गरेको तथा कतै नबिकेका कमसलहरू मात्र शिक्षक बन्ने गरेका जस्ता गुनासा/आरोप सार्वजनिक कार्यक्रमहरूमा बारम्बार सुनिने गर्छन्। शिक्षकका पेशागत संस्थाका प्रतिनिधिहरूले पनि सरकारले शिक्षण पेशालाई आकर्षक पेशाको रूपमा विकास गर्न नसकेको आरोप लगाउने गरेका छन्। सरकार र समाजले शिक्षकलाई सम्मान तथा मर्यादा गर्नुको सट्टा उपेक्षा गरेकाले शिक्षणमा उम्दा जनशक्ति नआएको कुरा अरूले भन्दा बढी शिक्षक समुदायले नै उठाउने गरेको छ। तर, शिक्षण लाइसेन्स लिनका निम्ति देशभर उर्लिएको लहरले भने यस्ता भनाइ/गुनासाहरूको खण्डन गर्न खोजेको देखिन्छ। शिक्षण लाइसेन्सको परीक्षा दिइसकेका १,१९,५२२ र आवेदन दिएका दुई लाखमध्ये केही प्रतिशत उत्साही र योग्य युवाहरूले मात्र प्रतिस्पर्धाका आधारमा शिक्षण पेशा अपनाउने हो भने सार्वजनिक स्कूलहरूको पठनपाठनमा ठूलै सुधार आउन सक्ने देखिन्छ।

शिक्षण लाइसेन्सका निम्ति ठूलो सङ्ख्यामा आवेदन पर्नुका धेरै कारण हुन सक्छन्। सरकारले स्कूल शिक्षक हुन अध्यापन अनुमतिपत्र नभई नहुने कानुनी व्यवस्था गरेपछि लाइसेन्स नहुने धेरै व्यक्ति शिक्षक हुने अवसरबाट वञ्चित हुँदै आएका थिए। २०६२ सालयता शिक्षण लाइसेन्सको परीक्षा नभएकाले पनि शिक्षाशास्त्र अध्ययन गरेका तथा १० महिने शिक्षक तालिम लिएका व्यक्तिहरू समेत शिक्षण लाइसेन्स नभएर शिक्षणमा छिर्न पाइरहेका थिएनन्। अहिलेको लाइसेन्सको परीक्षा यस्ता व्यक्तिका निम्ति उपयुक्त



बाबुराम

परीक्षण गर्ने तयारीमा रहेका शिक्षण लाइसेन्सका उत्तरपुस्तिकाहरूको चाङ देखाउँदै आयोगका सहसचिव अशोककुमार अर्याल।

मौका सावित भएको छ। त्यस्तै, लाइसेन्स लिइराखे कतै न कतै शिक्षक हुने मौका पाइएला भनेर पनि आवेदकहरूको सङ्ख्या बढेको देखिन्छ।

लाइसेन्स लिन चाहनेहरूको सङ्ख्या बढ्नुमा बढ्दो शिक्षित बेरोजगारीले सबैभन्दा बढी काम गरेको अनुमान गर्न कठिन छैन। त्यस्तै, सरकारले ५ मङ्सिर २०६३ अघि नियुक्ति लिई निजी, सरकारी तथा धार्मिक स्कूलमा कार्यरत शिक्षकलाई तालिम नलिएको तथा शिक्षाशास्त्र नपढेको भए पनि एकपटकका निम्ति शिक्षण लाइसेन्सको परीक्षामा सहभागी गराउने नीति अवलम्बन गरेका कारण पनि धेरै व्यक्तिले लाइसेन्सको हकदार हुने अवसर पाएका छन्। शिक्षक सेवा आयोगका सहसचिव अशोककुमार अर्यालको विचारमा आवेदकहरूमध्ये धेरैको शिक्षक बन्ने 'रहर' भए पनि कतिपयको 'बाध्यता' हुनसक्छ, किनभने रोजगारीका अवसर सीमित छन्। उनले स्थायी शिक्षकको निम्ति विज्ञापन खुलाउने हल्ला चलेका कारण पनि धेरै व्यक्ति लाइसेन्स परीक्षामा सहभागी हुन खोजेको पाइन्छ। तैपनि विगतको तुलनामा शिक्षण पेशाप्रति धेरैको आकर्षण बढेको कुरामा विमति छैन।

शिक्षक-सरकार सहमति अनुसार सरकारले शिक्षा ऐन र नियमावली संशोधन गरेर स्थायी शिक्षक भर्ना गर्ने बाटो खोलेको खण्डमा शिक्षक सेवा आयोगले रुण्डै २२ हजार स्थायी शिक्षक भर्ना गर्नुपर्नेछ। "रिक्त दरबन्दी पूर्ति गर्नका निम्ति हामी सबै हिसाबले तयार छौं, सरकारले नियमावली संशोधन गर्नेवित्तिकै हामी शिक्षक भर्नाको काम अघि बढाउँछौं", सहसचिव अर्यालको कथन छ। ११ कात्तिक २०६६ मा शिक्षक संस्था र सरकारबीच १२ हजार शिक्षकका लागि खुल्ला विज्ञापन गर्ने र बाँकी पदमा अस्थायी शिक्षकलाई प्रक्रिया पूरा गरेर स्थायी गर्ने सहमति भएको थियो।

## आयोगको चटारो

शिक्षक सेवा आयोगले २७ मङ्सिर २०६६ मा सकिएको शिक्षण लाइसेन्स परीक्षाका कापी सानोठिमीस्थित कार्यालयमा जम्मा गरी परीक्षण शुरु गरेको छ। आयोगको रोस्टरमा रहेका तथा कम्तीमा पाँच वर्ष मावि शिक्षकको रूपमा काम गरेका तालिमप्राप्त शिक्षक, शिक्षा प्रशासक तथा शिक्षा क्षेत्रका अनुभवी व्यक्तिहरूलाई कापी जाँच्ने जिम्मा दिइएको छ। आयोगका सहसचिव अर्यालले कापी परीक्षण गरी नतिजा निकाल्न बढीमा तीन महिना लाग्ने जानकारी दिएका छन्। त्यसअनुसार मङ्सिरमा जाँच दिनेहरूको नतिजा फागुनभरिमा प्रकाशित हुनेछ भने माघमा हुने परीक्षाको नतिजा चाहिँ वैशाखसम्ममा आउने छ।

२०५८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्ले शिक्षकको नक्कली प्रमाणपत्र छानबिन गर्न थालेपछि सरकारी स्कूलहरूमा ठूलो सङ्ख्यामा जाली प्रमाणपत्रधारी शिक्षक भेटिएका थिए। जाली प्रमाणपत्रधारी शिक्षक पत्ता लगाएर सेवाबाट बर्खास्त गर्न र योग्य तथा सक्कली प्रमाणपत्रधारीलाई मात्र शिक्षण पेशामा रहने मौका दिन २०५९ सालमा संसद्ले शिक्षा ऐनमा पढाइरहेका शिक्षक र शिक्षक हुन चाहने व्यक्तिले अनिवार्य रूपमा शिक्षक लाइसेन्स लिनुपर्ने व्यवस्था गरेको हो। तर, शिक्षण लाइसेन्स वितरण प्रणाली चुस्त र व्यवस्थित नभएका कारण सार्वजनिक स्कूलको पठनपाठनमा समेत व्यवधान पुग्ने गरी शिक्षक-नियुक्ति प्रक्रिया अस्तव्यस्त हुन पुगेको छ।

अरूको लाइसेन्सका आधारमा शिक्षक बनेको, ठूलो धनराशी खर्च गरी नक्कली लाइसेन्स बनाएर शिक्षक भएको जस्ता धेरै गुनासा सुनिएका कारण आयोगले यसपटकदेखि केन्द्रमै रेकर्ड प्रणाली व्यवस्थित गरेर शिक्षक लाइसेन्सको प्रमाणपत्र वितरण गर्ने निर्णय गरेको छ। त्यसअनुसार आयोग आफैंले लाइसेन्स परीक्षामा उत्तीर्ण उम्मेदवारको प्रमाणपत्र छापेर जिल्ला जिल्लामा पठाउने छ। २०६२ सम्म आयोगले १ लाख ७३ हजार शिक्षक लाइसेन्स वितरण गरेको थियो।

## विकृतिको चिन्ता

कार्यरत अर्थात् पढाइरहेका शिक्षकहरू लाइसेन्सको परीक्षामा बस्न पाउने शिक्षा नियमावलीको नयाँ प्रावधानको गलत ढङ्गबाट फाइदा उठाउँदै निजी तथा सरकारी स्कूलबाट फर्जी कागजात बनाएर लाइसेन्स लिन दौडधुप गर्नेहरू ठूलो सङ्ख्यामा भेटिएका छन्। मोरङको पथरी ८ की अन्जु चौलागाइँ कुनै पनि



बाबुराम

जिशिका काठमाडौंका अधिकृत नारायणकाजी कासिछवा नक्कली दरखास्त छानबिन गर्दै ।

स्कूलकी शिक्षक होइनन् । तर, उनले निमावि तहको लाइसेन्स लिनका निम्ति जिशिका काठमाडौंमा आवेदन दिएकी छन् । चाबहिलको सरस्वतीनगरमा रहेको मेन्टरमोडल एकेडेमी नामको स्कूलबाट २०६३ मङ्सिर ५ अघि नियुक्ति लिई हालसम्म कार्यरत रहेको झूठो विवरण पेश गरेकी चौलागाईँको कथन छ, "म अहिलेसम्म कतै शिक्षक भएकी छैन, श्रीमान्ले लाइसेन्स लिइराखे काम लाग्छ भनेर कागजात मिलाउनुभएको हो, मलाई त मेन्टरमोडल एकेडेमी कहाँ छ भन्ने पनि थाहा छैन ।" महेन्द्र मोरङ क्याम्पसबाट बीए उत्तीर्ण गरेकी अञ्जुले निमाविको लाइसेन्स लिन फर्जी कागजातको सहयोग लिनु परेको स्वीकार गरिन् ।

त्यस्तै मापदण्ड नपुगे पनि निमावि तहको लाइसेन्स लिन तम्सिएकी धादिङ आदमघाटकी जानुका पण्डितले चाहिँ बालाजुस्थित न्यु क्रियटिभ इङ्लिस एकेडेमीका प्रअ नवराज अर्यालको सहयोगमा नियुक्तिपत्र र सेवामा अविछिन्न रहेको जाली कागजात बनाएकी छन् । अर्याल आफ्नो आफन्त भएकाले लाइसेन्सको दरखास्त दिन आवश्यक पर्ने कागजात बनाउन सजिलो भएको जानुकाको स्वीकारोक्ति छ । उनी थप्छिन्, "केही न केही त गर्नुपर्‍यो नि सधैँ बेरोजगार भएर बस्नु भएन, आफूसँग हतियार भएमा अवसर पाइन्छ भनेर यस्तो गर्नुपरेको हो ।" यी घटनामा जाली नियुक्तिपत्र र सेवामा अविछिन्न रहेको प्रमाणपत्रका आधारमा दरखास्त दिने जानुका र अञ्जुभन्दा उनीहरू आफ्ना स्कूलमा कार्यरत नहुँदा नहुँदै कार्यरत भनी किर्ते कागजात बनाइदिने स्कूलका प्रअहरू बढी दोषी देखिन्छन् ।

देशभरि नै किर्ते कागजात बनाएर शिक्षण लाइसेन्सका निम्ति दरखास्त दिने प्रवृत्ति बढेको थाहा भएपछि शिक्षक सेवा आयोगले देशका सबै जिशिकालाई पत्राचार गरी दरखास्त छानबिन गर्न आग्रह गरेको छ । आयोगको २ पुसको पत्रअनुसार जिशिका काठमाडौंले जिल्ला शिक्षा समितिका सदस्य ऋतुप्रसाद चौलागाईँको संयोजकत्वमा सात सदस्यीय छानबिन समिति गठन गरी १४ पुसदेखि दरखास्त छानबिन गर्न थालेको छ । समितिले शङ्का लागेका व्यक्तिबारे जिशिकामा कुनै पनि माध्यमबाट उजुरी वा सूचना दिई छानबिन कार्यमा सहयोग पुर्‍याउन आग्रह गरेको छ । समितिका सदस्यसचिव नारायणकाजी काशिछवाका अनुसार जिशिकामा बुझाइएका शङ्कास्पद कागजातहरू छुट्याउने काम भइरहेको छ । उनले भने, "शङ्का लागेका, प्रक्रिया नपुगेका र उजुरी परेका कागजातहरू छानबिन गरिन्छ, समितिले शङ्कास्पद काजगात छानबिन गर्दा दरखास्त दिने व्यक्ति र सम्बन्धित स्कूलसँग सोधपुछ, स्थलगत निरक्षण अभिलेख अध्ययन जस्ता काम गर्छ ।" दरखास्त छानबिन कार्यमा संलग्न लाइसेन्स फाँटका कर्मचारी गोविन्द निरौलाका अनुसार काठमाडौंमा मात्रै २५० जनाभन्दा बढीले जाली कागजात बनाएर दरखास्त दिएको अनुमान छ । निरौलाले शिक्षकसँग भने, "शङ्कास्पद कागजात पेश गर्ने र बनाउने दुवैलाई जिशिका बोलाएर सोध्दा कतिपयले स्कूलको लेटरप्याड चोरेर नियुक्तिपत्र र सेवामा अविछिन्न रहेको सिफारिस बनाएको समेत स्वीकार गरे भने केहीले चाहिँ प्रअको नक्कली सही गरी कागजात पेश गरेको बताए । धेरै बदमासी फेला परेका कारण छानबिन लम्बिएला जस्तो छ ।" अहिलेसम्मको छानबिनमा निजी स्कूलबाट जाली कागजात पेश गर्नेहरूको सङ्ख्या नै बढी पाइएको छ ।

छानबिन समितिले शङ्का लागेका कागजातबारे शिक्षक र अभिभावकसँग छलफल गर्ने, हाजिरी हेर्ने, तलब लिए/नलिएको अध्ययन गर्ने र छात्रछात्रासँग सम्बन्धित शिक्षकले पढाए वा नपढाएको सोधपुछ

गर्ने गरेको छ। छानबिनपछि फर्जी पाइएको खण्डमा त्यस्तो कागजात तयार गर्ने/गराउने कार्यमा संलग्न व्यक्तिलाई किर्ते गरेको अभियोगमा कारबाही चलाउन जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने अधिकार समितिसँग छ। छानबिन समितिमा जिप्रका प्रतिनिधि समेत रहने व्यवस्था गरिएकाले छानबिन प्रभावकारी हुने शिक्षा अधिकारीको विश्वास छ।

पछिल्ला दुई शिक्षामन्त्रीले शिक्षण लाइसेन्स खारेज गराइछाड्ने अडान लिएका भए पनि शिक्षा प्रशासक, दातृ संस्था, शिक्षकका प्रतिनिधि संस्था र अन्य सरोकारवालाको दबाबका कारण हालका लागि शिक्षक लाइसेन्स प्रणाली कायम रहेको छ। शिक्षण पेशामा प्रतिस्पर्धी जनशक्तिलाई भित्र्याउनका लागि मौजुदा लाइसेन्स प्रणालीका त्रुटि/कमजोरी हटाउन ढिलो भइरहेको देखिन्छ। शिक्षक सेवा आयोगको नियमावलीमा भर्खरै राखिएको 'लुज' प्रावधानलाई टेकेर फर्जी कागजातका आधारमा लाइसेन्स लिन तम्सिनेको जमातले लाइसेन्सको औचित्यमै प्रश्न उठाइदिन थालेको छ। शिक्षक लाइसेन्ससँग गाँसिएका विकृतिहरू उन्मूलन नगरी शिक्षक बन्नका निम्ति शैक्षिक/प्राज्ञिक योग्यता हासिल गरेर पर्खिरहेको ठूलो जनशक्तिलाई शिक्षण पेशामा आकर्षित गर्न सकिने देखिँदैन। तसर्थ, शिक्षक सेवा आयोगले अहिले देशभरिका जिशिकामार्फत थालेको जाली दरखास्त छानबिन कार्यलाई प्रभावकारी तुल्याउनु अनिवार्य देखिन्छ। त्यसबाट योग्यताविना नै शिक्षक बन्न तम्सिनेहरू केही हदसम्म भए पनि ठेगान लाग्न सक्छन्।

# किर्ते कागजात दण्डनीय अपराध



महेश शर्मा पौडेल

**सरकारी** वा सार्वजनिक निकायमा प्रवेश र वृत्ति-विकासका लागि निश्चित योग्यता किटान गरिएको हुन्छ। तर शैक्षिक योग्यताका नाममा सेवा प्रवेश वा बढुवाका लागि नक्कली प्रमाणपत्रहरू र झूठा विवरण पेश गर्ने निन्दनीय कार्य रोकिएको छैन। राज्यले 'फेक' कागजात बनाउने कृत्य नियन्त्रण गर्न कानुन निर्माण गर्ने र त्यसलाई कार्यान्वयन गर्ने काम पनि गर्दै आएको छ। तथापि यस्ता गैरकानुनी क्रियाकलाप नियन्त्रण हुनुको सट्टा नयाँ ढङ्गले प्रकट हुन थालेका छन्।

विगतमा भारतमा अध्ययन गरेको नक्कली प्रमाणपत्र पेश गरेर सार्वजनिक सेवामा प्रवेश गर्ने क्रम थियो भने अहिले स्वदेशकै विश्वविद्यालयका झूठा प्रमाणपत्रहरू पेश गर्ने गरिएको छ। हाल सालै पनि शिक्षण अनुमतिपत्र लिन नक्कली नियुक्तिपत्र र सिफारिस बनाउने गरिएकाले शिक्षक सेवा आयोगले जिल्ला शिक्षा कार्यालयमार्फत दरखास्त छानबिन प्रारम्भ गरेको छ। नक्कली प्रमाणपत्रवाला व्यक्तिहरू सार्वजनिक सेवाका लागि योग्य हुँदैनन्। उनीहरू स्तर, हैसियत र क्षमताका दृष्टिले कमजोर मात्रै हुँदैनन्, नैतिकता, इमानदारी र झुकाव पनि गलत मानसिकताबाट प्रेरित हुन्छ। त्यसैले नक्कली नियुक्तिपत्र र अनुभवको प्रमाणपत्रका आधारमा लाइसेन्स लिएर शिक्षण सेवामा प्रवेश गर्ने शिक्षकले दिने शिक्षा कस्तो होला? जवाफ स्पष्ट छ: त्यस्ता शिक्षकले छात्रछात्रा र स्कूलको उन्नति होइन आफ्नो स्वार्थसिद्धि मात्र गर्ने छन्।

नेपालमा जाली प्रमाणपत्रको कारोबारलाई निरुत्साहित गर्न विभिन्न कानुनी प्रावधान अवलम्बन गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा राष्ट्रसेवकको ओहोदा पाउन वा सो ओहोदामा बहाल रहनका लागि निश्चित शैक्षिक योग्यता, नाम, तीनपुस्ते विवरण, उमेर, जात, थर, वतन, नागरिकता वा योग्यता ढाँटेमा भ्रष्टाचारको कसुर मानिने व्यवस्था छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ मा पनि यो व्यवस्थालाई निरन्तरता दिइएको छ। जसअनुसार झूठो विवरण दिएमा वा सोसम्बन्धी झूठा प्रमाणपत्र पेश गरेमा कसुरको मात्रा अनुसार ६ महिनादेखि एक वर्षसम्म कैद र रु.१० हजारदेखि रु.२० हजारसम्म जरिवाना हुन्छ। उक्त ऐनको व्यवस्था अनुसार, शिक्षण अनुमतिपत्रका लागि अनुभवको नक्कली प्रमाणपत्र र नियुक्तिपत्र बनाउने कार्यलाई भ्रष्टाचारको कसुरमा समावेश गर्न सकिने भए तापनि राष्ट्रसेवक नरहेका र सार्वजनिक पदमा नरहेका व्यक्तिका हकमा भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान तथा तहकिकात गर्न सकिने देखिँदैन।

भ्रष्टाचार निवारण ऐनको दफा ९ मा कुनै राष्ट्रसेवकले नेपाल सरकार वा सरकारी निकाय वा सार्वजनिक संस्था वा कुनै व्यक्तिलाई हानि पुऱ्याउने बदनियतले कुनै लिखत तयार गरेमा निजलाई कसुरको मात्रा अनुसार तीन महिनादेखि एक वर्षसम्म कैद र रु.१० हजारदेखि रु.५० हजारसम्म जरिवाना हुने व्यवस्था छ।

यस अवस्थामा सामुदायिक विद्यालयबाट नक्कली प्रमाणपत्र बनाउने व्यक्ति र त्यसमा संलग्न व्यक्तिलाई मतियारको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कारबाहीको दायरामा ल्याउन सकिन्छ। निजी विद्यालयको हकमा भने त्यहाँ नक्कली कागजात बनाउने कार्यमा सार्वजनिक पद धारण गरेको व्यक्ति संलग्न नहुने भएकाले आयोगबाट अनुसन्धान गर्न सकिने देखिँदैन। तर, नक्कली कागजका भरमा नियुक्तिपत्र लिएको व्यक्ति शिक्षक पदमा नियुक्त भएमा चाहिँ जुनसुकै बेला पनि मतियारको रूपमा आयोगको छानबिनको दायरामा पर्ने देखिन्छ। यदि अन्य निकायबाट अनुभवपत्र नबनाई सम्बन्धित व्यक्ति आफैंले किर्ते कागज तयार गरेको रहेछ भने सो अवस्थामा मुलुकी ऐन, २०२० अन्तर्गत किर्ते कागजको महल आकर्षित हुन सक्छ।

(पौडेल अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहन्यायाधिवक्ता हुन्)

# २०/२२ हजार शिक्षक

**उदयराज सोती**
अध्यक्ष, शिक्षक सेवा आयोग

**अध्यापन अनुमतिपत्र (टिचिङ लाइसेन्स) को निम्ति यति धेरै आवेदन किन परेका होलान् ?**

शिक्षा ऐनले कुनै पनि विद्यालयमा शिक्षक बन्नका लागि अध्यापन अनुमतिपत्रको अनिवार्य व्यवस्था गरेको छ। यही व्यवस्थाका कारण शिक्षक हुन इच्छुक व्यक्तिले लाइसेन्सको परीक्षामा सहभागी हुन आवेदन दिएका हुन्। लाइसेन्स लिइराखे भविष्यमा काम लाग्न सक्छ भनेर लाइसेन्स लिन चाहनेहरू पनि धेरै देखिएका छन्।

**लाइसेन्सको परीक्षामा सहभागी हुन अहिले उर्लिएको भीड हेरेर शिक्षण पेशाप्रति आकर्षण बढेको निचोड निकाल्न मिल्छ त ?**

यसमा मेरो बेग्लै धारणा छ। यसरी धेरै आवेदन पर्नुका पछाडि दुई वटा कारण छन्। पहिलो; रोजगारीका क्षेत्रहरू खुम्चिँदै गएकाले शिक्षण पेशामा धेरै मानिसहरू आएको/आउन चाहेको देखिन्छ। दोस्रो; शिक्षण पेशामा लाग्ने व्यक्तिले घरपायक हुने अवसर पाउँछ। आफू जन्मे/हुर्केको गाउँ वा जिल्लामा बसेर सेवा गर्न पाइने अनि दुर्गममा सरुवा हुनु नपर्ने भएकाले धेरै मानिस यस पेशातर्फ आकर्षित हुने गरेका छन्। तर, शैक्षिक उपलब्धिका दृष्टिले प्रथम श्रेणी हासिल गरेको राम्रो जनशक्ति चाहिँ शिक्षण पेशामा आइरहेको अवस्था छैन। अहिले पनि अधिकांश शिक्षकहरू तृतीय श्रेणीवाला नै छन्। क्रिम (उम्दा) जनशक्ति अझै पनि शिक्षण क्षेत्रमा आइरहेको छैन। मेरो विचारमा त अरू क्षेत्रलाई बिर्सेर/उछिनेर भए पनि सबैभन्दा बढी तलब/सुविधा शिक्षकलाई दिइनुपर्छ र योग्यतमहरूलाई यो पेशातिर आकर्षित गर्नुपर्छ।

**५ मङ्सिर २०६३ अघि नियुक्त भई कार्यरत रहेका शिक्षकलाई समेत लाइसेन्स परीक्षामा सहभागी हुन दिने सरकारी निर्णयका कारण पनि त दरखास्त दिनेको सङ्ख्या बढेको होला नि ?**

त्यो निर्णयका कारण पनि दरखास्त दिनेहरूको सङ्ख्या बढेको छ। शिक्षा ऐनको सातौं संशोधनमा हामीले शिक्षाशास्त्र पढेको वा १० महिने शिक्षक तालिम लिएको व्यक्तिलाई मात्र शिक्षण लाइसेन्समा सामेल हुन दिने व्यवस्था गरेका थियौं। यसपटक चाहिँ ५ मङ्सिर २०६३ सम्म नियुक्ति लिई कार्यरत रहेको शिक्षकलाई समेत लाइसेन्स दिने व्यवस्था गरिएको



बाबुराम विश्वकर्मा

# भर्ना गर्नुछ

छ । यसको फाइदा अस्थायी नियुक्ति लिएका, निजी स्रोत तथा निजी स्कूलमा कार्यरत धेरै शिक्षकहरूले लिन खोजेका छन् । यसलाई अन्यथा लिनुहुँदैन ।

**लाइसेन्सको परीक्षामा बस्न यो '५ मङ्सिर २०६३ अघिको नियुक्ति' लाई आधार मान्नुको कारण के हो ?**

जुनबेला शिक्षा ऐनमा शिक्षक हुन अध्यापन अनुमतिपत्र आवश्यक पर्छ भन्ने व्यवस्था थपियो, त्यो बेला अस्थायी शिक्षकलाई पाँच वर्षका लागि अस्थायी अध्यापन अनुमतिपत्र दिने र पाँच वर्षभित्र उनीहरूले परीक्षा दिएर स्थायी अध्यापन अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको थियो । यसबाहेक विद्यालयमा तत्काल शिक्षक आवश्यकता पर्दा लाइसेन्स नभएका व्यक्तिलाई पनि शिक्षक राख्न लाइसेन्स नभएका तर योग्य व्यक्तिलाई एकवर्षे अध्यापन अनुमतिपत्रको व्यवस्था पनि हामीले ऐनमा गरेका थियौं । यस अनुसार त्यतिबेला पाँचवर्षे र एकवर्षे अध्यापन अनुमतिपत्र लिने शिक्षकहरूले द्वन्द्वका कारणले स्थायी अध्यापन अनुमतिपत्रको परीक्षा दिने मौका पाएनन् । उनीहरूलाई अवसर दिनका लागि अहिले एकपटकका निम्ति नयाँ व्यवस्था गरिएको हो । सरकारी स्कूलमा अध्यापन अनुमतिपत्रविना नै शिक्षक बनाइएको छ भन्ने बारेमा चाहिँ शिक्षक सेवा आयोगलाई जानकारी छैन । तर, यसको फाइदा संस्थागत स्कूलका लाइसेन्स नभएका शिक्षकहरूले लिन खोजेका छन् । तथापि यसबाट लाइसेन्स प्रणालीलाई संस्थागत बनाउनका लागि सहयोग पुग्छ किनभने ५ मङ्सिर २०६३ अघि निजी स्कूलमा शिक्षक भएका धेरैको लाइसेन्स छैन । तर, अहिलेको मौकाले उनीहरूलाई लाइसेन्स प्रणालीभित्र ल्याउँछ । यसपछि चाहिँ शिक्षक हुनका निम्ति चाहे निजी स्कूलमा होस्, चाहे सरकारीमा, लाइसेन्स नभई हुँदैन है भन्ने अवस्था सृजना हुन्छ ।

**तपाईं शिक्षा ऐनको व्यवस्था विपरित लाइसेन्सविनाका व्यक्ति( लाई शिक्षक बनाउने काममा कसको दोष देख्नुहुन्छ ?**

लाइसेन्सविनाका व्यक्तिलाई ऐनको व्यवस्था विपरित गएर शिक्षक बनाउनु उपयुक्त थिएन । ऐनको व्यवस्था परिपालन गराउनका निम्ति शुरुमै कार्यरत सबैलाई लाइसेन्स दिएर नयाँलाई कडाई गर्दा उपयुक्त हुन्थ्यो, तर त्यस्तो गर्न सकिएन । निजी स्कूलका अधिकांश शिक्षक लाइसेन्स नभएका छन्, त्यही आधारमा ती स्कूल बन्द गर्ने कुरा पनि आएन । लाइसेन्स छैन भनेर शिक्षक निकाल्नु पनि उचित भएन । त्यसकारण कानुनकै परिपालन गर्नका निम्ति अहिलेको व्यवस्था गर्नुपर्ने आवश्यकता परेको हो ।

**धेरै ठूलो सङ्ख्यामा नक्कली नियुक्तिपत्र र सिफारिस बनाएर शिक्षण लाइसेन्सको परीक्षाका निम्ति दरखास्त दिनेहरू छन् भन्ने सुनिएको छ । यस बारेमा आयोगले के गर्दैछ ?**

दरखास्त दिने अन्तिम म्यादको दिन शिक्षाशास्त्र अध्ययनरत विद्यार्थीहरूको एउटा टोलीले नक्कली कागजात पेश गरेर धेरैले दरखास्त दिएको भन्दै आयोगमै आएर विरोध जनाए । नक्कली प्रमाणपत्र, नियुक्तिपत्र र चिठ्ठीका आधारमा दरखास्त लिनु कदापि उचित होइन । जुन वर्गलाई फाइदा होस् भनेर हामीले नयाँ व्यवस्था गरेका थियौं, अहिले त्यसले भन्दा नक्कली काम गर्ने वर्गले लाभ लिन खोजेको देखेपछि हामीले छानबिन शुरु गरेका छौं । हरेक जिल्लामा गठन गरिएका छानबिन समितिले नक्कली कागजात छानबिन गरी पुस मसान्तसम्ममा आयोगलाई प्रतिवेदन पठाउने छन् । नक्कली पत्रका आधारमा दिइएका दरखास्त रद्द हुने छन् र नक्कली कागजात बनाउने काममा संलग्न प्रअ, शिक्षक तथा दरखास्त दिने व्यक्तिलाई कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाइने छ । छानबिन कसरी अघि बढिरहेको छ भन्ने रिपोर्ट सबैतिरबाट आइसकेको छैन । तर, छानबिन गर्दा फेला परेका नक्कली दरखास्तहरू रद्द गरी शुल्क समेत जफत गर्ने काम भइरहेको छ ।

**नक्कली नियुक्तिपत्र तथा सिफारिस बनाइदिनेहरूलाई चाहिँ के कस्तो कारबाही हुन्छ ?**

किर्ते गर्नेहरूले पहिलो सजाय के पाए भने उनीहरूले अनेक दुःख गरेर बनाएको नक्कली कागजात रद्द भयो । यसबाट उनीहरूको लाइसेन्स लिने रहर पूरा हुन सकेन । तिनका लागि त्यो नै पनि ठूलो कारबाही हो । नक्कलीको दरखास्त शुल्क जफत हुन्छ, यो उनीहरूले पाएको दोस्रो सजाय हो । तेस्रो सजाय चाहिँ जिप्रकाले गर्छ । किर्ते कागजात बनाउनेहरूलाई कारबाही गर्न/मुद्दा चलाउन आयोगले जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्छ । उनीहरूलाई आयोगले सोझै कारबाही गर्न सक्दैन ।

> **'अस्थायी शिक्षकलाई कसरी स्थायी गर्ने भन्ने विवादका कारण शिक्षक भर्ना प्रक्रिया अवरुद्ध भएको हो । लाइसेन्सको नतिजा प्रकाशित भएपछि चाँडोभन्दा चाँडो स्थायी पदपूर्तिका लागि विज्ञापन गर्ने सोचमा आयोग छ ।'**

**एकातिर फर्जी कागजात पेश गरेर लाइसेन्सका निम्ति आवेदन दिनेहरूको सङ्ख्या ठूलो छ भने मङ्सिरमा आयोगले सञ्चालन गरेको लाइसेन्स परीक्षामा पनि व्यापक 'चिटिङ' भएको गुनासो सुनिएको छ । तपाईंहरूले यस्तो बेथिति किन रोक्न नसकेको ?**

केन्द्रीय वा क्षेत्रीयस्तरमा मात्र परीक्षा सञ्चालन गर्दा उम्मेदवारहरूलाई मर्का पर्न जाने भएकाले ७५ वटै जिल्ला सदरमुकाममा परीक्षा केन्द्र राख्नुपर्‍यो । आयोगको सबै जिल्लामा कार्यालय नभएकाले जिशिकामार्फत हामीले काम गर्नुपर्ने अवस्था छ । यो कुरालाई मध्यनजर गरेर हामीले सीधै पुस्तकबाट जवाफ सार्न नमिल्ने खालका प्रश्न तयार गर्‍यौं । एउटा शिक्षकले कक्षाकोठामा पढाउँदा भोग्ने समस्याको समाधान लेख्ने खालका प्रश्नहरू बनाउने कोसिस गर्‍यौं । सकभर चिटिङ गरेर लेख्न नमिल्ने प्रश्न राख्दा चिटिङको असर कम गर्न सकिन्छ भन्ने हाम्रो ठम्याइ हो । व्यावहारिक र सैद्धान्तिक ज्ञानको आधारमा जवाफ लेख्नुपर्ने भएकाले चिट चोरेकाहरूले धेरै राम्रो गर्न सक्ने अवस्था छैन । चिटिङ रोक्ने अर्को विकल्प चाहिँ छैन । किनभने त्रिविवि,

एसएलसी वा अरू परीक्षामा अनियमितता/चिटिङ हुने क्रम बढेको छ। लाइसेन्सको परीक्षा यसको अपवाद नहुने भएकाले हामीले प्रश्नावलीको ढाँचा नै बदलेका हौं। पढेको कुरालाई आफ्नो बुद्धि प्रयोग गरेर लेख्ने खालका प्रश्न सोद्धा चिटिङको चपेटाबाट केही हदसम्म मुक्त हुन सकिन्छ भन्ने लाग्छ।

अर्कोतर्फ उत्तरपुस्तिका परीक्षणमा पनि केही मापदण्ड बनाउने कोसिस गरिएको छ। यस्तो लेख्यो भने यति नम्बर दिने भन्ने 'मार्किङ स्किम' बनाएर अङ्क दिने व्यवस्था गरिएकाले चिट चोरेकाहरू निरुत्साहित हुने र मौलिक उत्तर लेख्नेहरू प्रोत्साहित हुने अवस्था आउँछ। अहिले आयोगले गरेको व्यवस्था अनुसार उत्तरपुस्तिका जाँच्दा नै चिटिङ गरे न गरेको थाहा हुन्छ।

**मङ्सिरको परीक्षाको नतिजा चाहिँ कहिले सार्वजनिक हुन्छ ?**

मङ्सिरमा लिइएको परीक्षाको कापी सङ्कलन गर्ने काम भइरहेको छ। त्यसलाई गोप्य कोडिङ गरेर जाँच्ने काम थाल्छौं। त्यसको नतिजा चाँडोभन्दा चाँडो निकाल्छौं। पछिल्लो विज्ञापनवालाहरूको चाहिँ फागुन २१, २२ र २३ गते परीक्षा हुन्छ। त्यसको परीक्षाफल र मङ्सिरको जाँचको परीक्षाफलबीच धेरै लामो 'ग्याप' रहने छैन। खुल्ला दरबन्दीमा स्थायी पदपूर्ति गर्दा दुवै परीक्षामा उत्तीर्ण उम्मेदवारले भाग लिन पाउने अवस्था सृजना गर्न खोजेका छौं।

> **'हामीले ७५ जिल्लाबाट कति शिक्षक पद रिक्त छन् भनेर आँकडा मागेका छौं। २०६२ मा अस्थायीलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्दा बाँकी रहेका रिक्त दरबन्दी १२ हजार ८६ छन्। त्यसपछिका ५/६ वर्षमा रिक्त भएका अरू ८/१० हजार शिक्षक दरबन्दी होलान्। यस आधारमा २०/२२ हजार शिक्षकका निम्ति विज्ञापन गर्नुपर्ने हुनसक्छ।'**

**स्थायी शिक्षक भर्ना गर्न खुल्ला प्रतिस्पर्धा नभएको करिब १४ वर्ष भयो। त्यसको विज्ञापन कहिले खुल्छ ?**

आयोगको अध्यक्षको हैसियतले २०५२ सालपछि अहिले २०६६ सालसम्म विज्ञापन भएको छैनभन्दा दुःख लाग्छ। २०५२ सालको लिखित परीक्षाको नतिजा २०५८ मा निकाल्नुपर्‍यो। २०५८ देखि अहिलेसम्म अर्को विज्ञापन गर्न सकिएको छैन। २०५२ मा परीक्षा दिएर उत्तीर्ण भएका मानिस बाहेक अरूले स्थायी पदमा लड्न पाएका छैनन्। यो दुःखको कुरा हो। अस्थायी शिक्षकलाई कसरी स्थायी गर्ने भन्ने विवादका कारण शिक्षक भर्ना प्रक्रिया अवरुद्ध भएको हो। २०६२ सालमा रिक्त दरबन्दीमा ५० प्रतिशतमा आन्तरिक प्रतिस्पर्धा गराएर हामीले स्थायी गर्‍यौं। बाँकी ५० प्रतिशत खुल्ला प्रतिस्पर्धाबाट छनोट हुनुपर्थ्यो। ती पदमा पनि विवाद आएपछि आयोगले अहिलेसम्म विज्ञापन गर्न सकेको छैन।

लाइसेन्सको नतिजा प्रकाशित भएपछि चाँडोभन्दा चाँडो स्थायी पदपूर्तिका लागि विज्ञापन गर्ने सोचमा आयोग छ। त्यसका लागि आयोगको नियमावली संशोधन गर्ने प्रक्रिया अघि बढेको छ। ऐन र नियममा स्पष्ट व्यवस्था भएपछि आयोगले तुरुन्त विज्ञापन खोल्छ। शिक्षा ऐनमा 'नियममा तोकिएबमोजिम गर्ने' भन्ने अनि नियम चाहिँ कहिल्यै नबन्ने अवस्थाले गर्दा आयोग अघि बढ्न नसकेको हो। स्थायी शिक्षक भर्ना गर्न पनि यही कारणले कठिनाइ भएको हो। मैले व्यक्तिगत आँटले मात्रै शिक्षक भर्ना खोल्न सक्दिनँ। मैले त्यसो गरेँ भने भोलि अदालतले उल्ट्याइदिइहाल्छ। त्यसैले नियमको प्रतीक्षा गर्नुको विकल्प छैन।

अहिले निजामती सेवा, त्रिविविलगायतका सार्वजनिक सेवामा समेत समावेशी आधारमा पदपूर्ति गर्ने क्रम शुरु भइसकेको छ। शिक्षण सेवामा पनि त्यो लागू हुनुपर्छ भन्ने आवाज आइरहेको छ। निजामतीसरह नै शिक्षामा पनि समावेशी सिद्धान्त लागू गर्ने हो भने ऐनमा त्यो व्यवस्था हुनुपर्‍यो। त्यसपछि हामी रिक्त पदमा समावेशी र खुल्ला छुट्याएर विज्ञापन गर्न सक्छौं।

**अब खुल्ने विज्ञापन कति जति पदका निम्ति होला ?**

अहिले नै यकिन सङ्ख्या भन्न सकिँदैन। हामीले ७५ जिल्लाबाट कति शिक्षक पद रिक्त छ भनेर आँकडा मागेका छौं। त्यो सङ्कलन भइरहेको छ। २०६२ मा अस्थायीलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी गर्दा बाँकी रहेका रिक्त दरबन्दी १२ हजार ८६ छन्। त्यसपछिका ५/६ वर्षमा रिक्त भएका अरू ८/१० हजार शिक्षक दरबन्दी होलान्। यस आधारमा २०/२२ हजार शिक्षकका निम्ति विज्ञापन गर्नुपर्ने हुनसक्छ। यसलाई समावेशी र खुल्ला गरेर भर्ना गर्नुपर्छ भन्ने लागेको छ।

**अलिकति प्रसङ्ग बदलौं, तपाईं अध्यक्ष भएपछि आयोगले हासिल गरेका मुख्य उपलब्धि के–के हुन् ?**

२०५२ सालमा लिखित परीक्षा दिएकाहरूको नतिजा निकाल्नु नै आयोग स्थापनापछि गरेको सबैभन्दा मुख्य र चुनौतीपूर्ण काम हो। आँट नगरेको भए त्यसको नतिजा अहिलेसम्म के हुन्थ्यो केही भन्न सकिँदैन। यस अवधिमा १८/२० हजार शिक्षकलाई बढुवा गरिएको छ। यसले बाहिरका व्यक्तिहरूलाई लाभ नभए पनि दुःख गरेर पढाएका शिक्षकहरू लाभान्वित भएका छन्। शिक्षक बढुवालाई 'सिस्टम'भित्र राखियो। अहिले बढुवाको तेस्रो विज्ञापन खोलिएको छ। यस आधारमा शिक्षक बढुवा एउटा प्रणालीभित्र आएको छ। त्यसैगरी शिक्षक लाइसेन्सलाई पनि क्रमशः व्यवस्थित र संस्थागत गर्ने प्रयास भइरहेको छ।

**तर, लाइसेन्स प्रणालीभित्रका विकृति/बेथिति रोक्न आयोगले खासै पहल गरेको देखिँदैन नि ?**

अरू क्षेत्रको तुलनामा शिक्षण लाइसेन्स प्रणाली अलि खुकुलो जस्तो देखियो। सय नम्बरको परीक्षा दिएर ४० मा उत्तीर्ण हुने प्रणालीले लाइसेन्स प्रणालीलाई नै फितलो र कमजोर बनाएको छ। अर्कोतर्फ लाइसेन्स लिन चाहनेहरूको विषयगत परीक्षा लिन सकिएको छैन। शिक्षा विधिबारे जाँच लिएर लाइसेन्स दिने गरिएको छ। अङ्ग्रेजी पढाउने शिक्षकले अङ्ग्रेजी पढाउन सक्छ कि सक्दैन भन्ने नजाँची लाइसेन्स दिने व्यवस्था मौजुदा ऐनमा भएकाले यो प्रणाली कमजोर भइरहेको छ। यही कमजोरीका कारण हामीले 'क्वालिटी' दिनसकेका छैनौं। एमबीबीएसमा ५० अङ्क नल्याई मेडिकल काउन्सिलले कसैलाई लाइसेन्स दिँदैन, इन्जिनियरिङमा त्यस्तै छ। त्यसैले शिक्षक लाइसेन्समा पनि विषयगत परीक्षा पनि लिनुपर्ने र न्यूनतम अङ्क बढाउनुपर्ने

अवस्था छ । भविष्यमा समुदायले शिक्षक नियुक्तिको अधिकार पाउने हो भने त लाइसेन्स प्रणालीलाई अझ कडा नगरी सुखै छैन, किनभने लाइसेन्स पाएको व्यक्ति योग्य हुनै पर्छ । लाइसेन्स पाएका व्यक्तिमध्येबाट समुदायले नियुक्ति गरे पनि योग्य व्यक्ति नै शिक्षक हुन्छ भन्ने ग्यारेण्टी हुनुपर्छ ।

**शिक्षक-सरकार सहमतिमा शिक्षण लाइसेन्स शिक्षक काउन्सिलले दिने भनिएको छ भने विद्यालय क्षेत्र सुधार कार्यक्रमले शिक्षक नियुक्तिको अधिकार समुदायलाई सुम्पेको भनेको छ । के आयोगले गर्दै आएका काम अब अरू नै निकायले गर्ने हो ?**

आयोग जुनबेला गठन भयो, त्यतिबेला शिक्षा ऐनमा यसले लाइसेन्स वितरण गर्ने भन्ने व्यवस्था थिएन । स्थायी पदपूर्ति गर्ने, बढुवा गर्ने जस्ता काम गर्ने मात्र भनिएको थियो । पछि लाइसेन्सको व्यवस्था भएपछि अर्को निकाय खडा नभएसम्म आयोगले नै लाइसेन्ससम्बन्धी काम गर्ने भनियो । तथापि आयोगले लाइसेन्स दिने व्यवस्था अरू पेशा/क्षेत्रमा छैन । त्यसकारण शिक्षक काउन्सिल गठन गरेर लाइसेन्स दिने कुरा सकारात्मक छ । लाइसेन्सको गुणस्तर कसरी कायम गर्ने भन्ने मात्र चिन्ता हो ।

जहाँसम्म स्थायी पदपूर्तिको कुरा छ, राहत दरबन्दीमा शिक्षक राख्दा विभिन्न स्थानमा अनेकथरीका घटना भए । समुदायमा ठूला विवाद भए । कतिपय ठाउँमा गोलीसमेत चल्ने अवस्था उत्पन्न भयो । राहत शिक्षक नियुक्ति गर्दा त यस्तो स्थिति छ भने समुदायलाई स्थायी शिक्षक नियुक्ति गर्ने अधिकार दियो भने के होला ? समुदायमा स्थायी शिक्षक छान्ने प्राविधिक क्षमता/ज्ञान छ कि छैन भन्ने सोचनीय पक्ष छ । आयोगलाई समेत उपयुक्त मान्छे फेला पार्न कठिन भइरहेको अवस्थामा समुदायले कसरी गतिला मान्छे छान्न सक्छ ? त्यसैले हामीले धेरै पहिलादेखि शिक्षकहरूको छनोट चाहिँ शिक्षक सेवा आयोग वा यस्तै संस्थाले गर्नुपर्छ भन्दै आएका छौं । आयोगबाट चयन भएको शिक्षकको बढुवा गर्ने, सरुवा गर्ने, घटुवा गर्ने, पुरस्कृत वा सजाय गर्ने जस्ता काम समुदायले नै गरोस् भन्ने हाम्रो भनाइ हो ।

निजामती सेवाका लागि योग्य व्यक्ति नेपाल सरकारले पनि छान्न नसक्ने होइन । तर, त्यो काम लोक सेवा आयोगले गर्दै आएको छ । आयोगले छानेका व्यक्तिको सरुवा, बढुवा, घटुवा वा कारबाही नेपाल सरकारले गर्छ । ठीक त्यसैगरी योग्य शिक्षक नियुक्ति आयोगले गर्ने अनि नियुक्तिपछि नियन्त्रण व्यवस्थापन समिति वा समुदायले गर्ने गरेमा राम्रो हुन्छ ।

**आयोगका चुनौती के हुन् ?**

आयोगको मुख्य चुनौती के हो भने यसको टाउको छ, पाखुरा छैन । हामीले शिक्षा मन्त्रालयकै अङ्गहरूलाई उपयोग गर्नुपर्ने अवस्था छ । तिनलाई उपयोग गर्दा उनीहरूले आयोगको कामलाई अतिरिक्त बोझको रूपमा लिइदिने भएकाले तिनलाई हामीले चाहे जसरी परिचालन गर्न गाह्रो भइरहेको छ । सबभन्दा ठूलो चुनौती यही हो । फकाइफुल्याइ; तपाईंहरूकै काम हो, शिक्षकहरू जिल्ला शिक्षा कार्यालयकै हुन्, शिक्षकहरूले बढुवा पाए पनि तपाईंहरूदेखि नै खुसी हुन्छन् भन्दै जिशिकाबाट काम लिनुपरेको छ ।

**प्रस्तुतिः बाबुराम विश्वकर्मा**



**विश्लेषण** **शिक्षण लाइसेन्स**

बालकुमार जमरकट्टेल



# ८ वर्षे उदेकलाग्दो अभ्यास

**शिक्षा ऐनको व्यवस्था विपरीत शिक्षाशास्त्र नपढेका, तालिम नलिएका र लाइसेन्स नभएका व्यक्ति हिजो कसरी शिक्षण पेशामा छिरे ? कसले के आधारमा कसरी छिरायो ? यथार्थमा लाइसेन्स नभएकालाई शिक्षक बनाउने गैरकानुनी काममा सरकारी निकायकै संलग्नता देखिन्छ । एकातिर आफैंले बनाएको कानुन उल्लङ्घन भएको छ, अर्कोतर्फ सहमतिको नाममा फेरि ऐनको व्यवस्थालाई नै संशोधन गरिएको छ ।**

***"यो ऐन प्रारम्भ भएपछि आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।"*** २५ माघ २०५८ मा गरिएको शिक्षा ऐन २०२८ को सातौं संशोधनको दफा ११ (ड) को उपदफा १ मा गरिएको यो व्यवस्थाले १३ जेठ २०५९ मा शिक्षक सेवा आयोग नियमावली २०५७ को पहिलो संशोधन आउञ्जेल शिक्षक नियुक्ति प्रक्रिया पूर्ण रूपमा बन्द गऱ्यो । आयोगको नियमावलीको नियम ६ को (ग) मा अस्थायी शिक्षकमा नियुक्ति पाउन बढीमा एक बर्षका लागि अस्थायी अध्यापन अनुमतिपत्र दिने व्यवस्था गरिए पनि यसको कार्यान्वयनको लागि अरू ६ महिना पर्खिनु परेको थियो । यसरी अध्यापन अनुमतिपत्रको कानुनी व्यवस्था गरिएको एक वर्षसम्म विद्यालयमा रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्न नसक्ने अवस्था उत्पन्न भएको थियो ।

शिक्षा ऐनमा राखिएको **"पाँच वर्षभित्र स्थायी अध्यापन अनुमतिपत्र लिन नसकेमा अस्थायी शिक्षकहरू स्वतः अवकाश हुने छन् र स्थायी शिक्षकलाई तोकिएबमोजिम अवकाश दिइने छ भन्ने"** अत्यन्तै रुखो वाक्यले धेरै शिक्षकलाई रुस्स्याएको थियो । त्यति मात्र होइन उक्त प्रावधानले शिक्षा ऐन र नियमावलीकै प्रावधानअनुसार नियुक्त भएर लामो सयम शिक्षण गरी अनुभवले खारिएका शिक्षकहरूमा अध्यापन अनुमतिपत्रको व्यवस्थाप्रति नकारात्मक धारणा पैदा गर्ने काम पनि गऱ्यो । २०५२ सालमा लिइएको परीक्षाको नतिजा प्रकाशन गर्न २०६० सालसम्म पर्खिने अनि कार्यरत शिक्षकलाई जाँचन अध्यापन अनुमतिपत्रको नाममा बेमौसमको राग अलाप्न खोज्ने सरकारी रवैयाले स्कूलको उन्नतिमा कुनै योगदान गर्न सकेन ।

विद्यालय शिक्षाको स्तर सुधार्न नवप्रवेशी शिक्षकहरूको लागि ऐननियममा कडा प्रावधान राखिनु सकारात्मक कुरा हो । तर, पुराना र अनुभवी शिक्षकहरूलाई बिच्क्याउनाले ऐन बन्दादेखि कार्यान्वयन हुँदासम्म उठेका विरोधका स्वरहरू अझै साम्य भइसकेका छैनन् । शिक्षक समुदायको विरोध र दबाब थेग्न नसकी कानुन बनेको एक वर्ष नपुग्दै सरकारले २०६० जेठ ८ मा शिक्षक सेवा आयोगको नियमावलीको 'आयोगले अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि कम्तीमा वर्षको एकपटक लिखित परीक्षा लिनुपर्नेछ' भन्ने वाक्य संशोधन गरी 'कम्तीमा वर्षको एकपटक' भन्ने वाक्यांश हटाइयो । यसरी हचुवाको भरमा ऐन तथा नियमहरूको संशोधन गर्ने र विरोध आएपछि त्यसलाई मत्थर पार्नको लागि हतारमा पुनः ऐन तथा नियमहरू संशोधन गर्ने परिपाटीले शिक्षा नीति नै गन्तव्यविनाको यात्री झैं हुन पुगेको छ ।

विभिन्न दातृराष्ट्र तथा निकायहरूका पूर्वशर्त, राजनीतिक तथा सामाजिक समूहहरूको दबाब र प्रभावमा ऐन तथा नियमावलीमा संशोधन गरी अध्यापन अनुमतिपत्रको लागि उम्मेदवार बन्न छुट दिने गरिएको छ । पछिल्लो पटक विभिन्न राजनीतिक पार्टीहरूको स्वार्थको प्रतिनिधित्व गर्ने शिक्षकहरूका समूहसँग सरकारले २०६६ कात्तिक ११ मा सहमति गरी २०६३ मङ्सिर ५ गते अगाडि नियुक्ति लिई हालसम्म कार्यरत न्यूनतम योग्यता पुगेका तथा तालिम र अध्यापन अनुमतिपत्र नलिएका सबै शिक्षकहरू लाइसेन्सका निम्ति उम्मेदवार हुन पाउने व्यवस्था गरेको छ । उक्त सहमतिअनुसार आयोगको नियमावलीमा गरिएको पछिल्लो संशोधनले शिक्षा ऐनको शुरुको व्यवस्थामाथि नै गम्भीर प्रश्न उठाएको छ । ऐनको दफा ११ को उपदफा १ मा २०५८ माघ २५ भन्दा पछाडि अध्यापन अनुमतिपत्रविना शिक्षक पदको उम्मेदवार बन्न नपाउने प्रस्ट व्यवस्था छ । तर सरकारले ५ मङ्सिर २०६३ अघि नियुक्ति लिई कार्यरत शिक्षकहरूलाई शिक्षण लाइसेन्स दिने प्रक्रिया आरम्भ गरिसकेको छ ।

शिक्षा ऐनको व्यवस्था विपरीत शिक्षाशास्त्र नपढेका, तालिम नलिएका र लाइसेन्स नभएका व्यक्ति हिजो कसरी शिक्षण पेशामा छिरे ? कसले के आधारमा कसरी छिरायो ? यथार्थमा लाइसेन्स नभएकालाई शिक्षक बनाउने गैरकानुनी काममा सरकारी निकायकै संलग्नता देखिन्छ । शिक्षक नियुक्ति गराउने र त्यसलाई सदर गर्ने काम जिशिकाले गर्छ । एकातिर आफैंले

बनाएको कानुन उल्लङ्घन भएको छ, अर्कोतर्फ सहमतिको नाममा फेरि ऐनको व्यवस्थालाई नै संशोधन गरिएको छ। ऐन प्रारम्भ भएको चार वर्ष ८ महिना १० दिनपछिसम्ममा नियुक्त भएका तालिम र अध्यापन अनुमतिपत्र नलिएका शिक्षकहरूलाई वैधानिकता दिन अहिले थालिएको प्रक्रियाले शिक्षा ऐनको व्यवस्थालाई निकम्मा तुल्याएको छ।

ऐनले स्पष्ट रूपमा शिक्षक पदमा नियुक्ति पाउन बन्देज गरेको अवस्थामा यसै अवधिभित्र उनीहरू कुन प्रावधानअन्तर्गत नियुक्त हुन सके भन्ने कुराको खोजबिन नगरी तिनै व्यक्तिलाई फेरि लाइसेन्स दिनु कदापि उचित होइन। यसरी ऐनको प्रावधानको सोझै बर्खिलाप हुनेगरी तालिम तथा अध्यापन अनुमतिपत्र नभएका शिक्षकलाई विद्यालयले नियुक्ति दिन मिल्छ भने यो अध्यापन अनुमतिपत्रको नाटक किन ? अर्कोतर्फ तालिम तथा अध्यापन अनुमतिपत्रविना नै अध्यापन गरिरहेका शिक्षकहरूलाई किन चाहियो शिक्षण लाइसेन्स ?

विभिन्न समूहको स्वार्थका कारण शिक्षण अनुमतिपत्रको मर्म र अन्तरवस्तुलाई अत्यन्तै सतही र हलुका बनाउन थालिएको छ। यसको अभ्यासका क्रममा देखिएका कमजोरी सुधार गर्ने र यो प्रणालीलाई चुस्त तुल्याउनेतिर कसैको ध्यान पुगेको छैन। बरु यसलाई पङ्गु सावित गरी यो प्रावधानका विरोधीहरूको विरोधलाई मलजल पुर्‍याउने काम गरिँदै छ। यसले गर्दा अध्यापन अनुमतिपत्रको महत्त्व र उपादेयता नै ओझेलमा पर्ने सम्भावना देखिँदै छ। यस्तो कार्य विद्यालय शिक्षाको स्तर सुधारको बाधक बन्ने निश्चित छ।

## अब के गर्ने ?

शिक्षाशास्त्र अध्ययन गरेका जनशक्तिलाई सामान्य प्रक्रिया पूरा गरी अध्यापन अनुमतिपत्र वितरण गरिएको खण्डमा जोसुकैले शिक्षण पेशामा भित्रिने अवसर पाउने छैनन्। त्रिभुवन विश्वविद्यालय र अरू विश्वविद्यालयअन्तर्गतका क्याम्पस तथा उमाविमा शिक्षा मूल विषय लिई अध्ययन गरेका विद्यार्थीहरूले शिक्षाका सिद्धान्त, बालमनोविज्ञान, पाठ्यक्रमको रूपरेखाको अध्ययन गरेका हुन्छन्। त्यस्ता जनशक्तिले विद्यालयमा अध्यापन गर्न आवश्यक शिक्षण विधिहरू अध्ययन गरी करिब दुई महिना प्रयोगात्मक शिक्षण अभ्यास समेत गर्ने हुँदा उनीहरूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रलाई तालिमसरहको मान्यता दिइएको छ। विश्वविद्यालयले विद्यालयमा अध्यापन गर्न योग्य भएको ठहर गरी प्रमाणपत्र दिइसकेको व्यक्तिलाई पुन: अध्यापन अनुमतिपत्रको तीनघण्टे लिखित परीक्षाको माध्यमबाट कसी लगाउन खोज्नु प्रमाणपत्र प्रदान गर्ने विश्वविद्यालयको अवमूल्यन गर्नु बाहेक केही होइन। तसर्थ यसरी तालिमप्राप्त व्यक्तिलाई सामान्य प्रक्रिया पूरा गरी अध्यापन अनुमतिपत्र प्रदान गर्ने प्रावधान राखिनुपर्छ।

शिक्षाशास्त्र सङ्काय बाहेक अरू सङ्कायमा अध्ययन गरेका जनशक्तिलाई पूर्व सेवाकालीन तालिमको व्यवस्था गर्नु आवश्यक छ। हालको व्यवस्थाअनुसार शैक्षिक जनशक्ति विकास केन्द्रबाट प्रदान गरिने तालिमहरू कार्यरत शिक्षकहरूमा मात्र सीमित रहेको र त्रिभुवन विश्वविद्यालयबाट एकवर्षे बी.एड. पूरा गर्न झण्डै तीन बर्ष लाग्ने गरेकाले अरू सङ्कायबाट शिक्षण सेवामा प्रवेश गर्न चाहने योग्य तथा सक्षम जनशक्तिलाई तगारो लागेको छ।

अस्थायी शिक्षण अनुमतिपत्रको लागि प्रत्येक वर्ष परीक्षा सञ्चालन गरिनुपर्दछ।शिक्षण सेवामा प्रवेश गर्न चाहने तालिम नलिएका जनशक्तिलाई अस्थायी शिक्षकको रूपमा सेवा प्रवेश गर्ने प्रयोजनको लागि निश्चित अवधि (तीन वर्षको अवधि नै उपयुक्त हुनसक्छ) भित्र तालिम पूरा गरिसक्नुपर्ने शर्तसहित अस्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्ने गरी प्रत्येक वर्ष परीक्षा सञ्चालन गरिनुपर्छ। यस्तो परीक्षा लिखित मात्र नभई मौखिक र प्रयोगात्मक पनि हुनुपर्छ। तालिम पूरा गरेपछि सामान्य प्रक्रिया पूरा गरेर स्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गरिनुपर्छ।

विगत १५ वर्षदेखि खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति नगरिएको र २०६१ सालमा वितरण गरिएको स्थायी अध्यापन अनुमतिपत्र समेत हालसम्म प्रयोजनविहीन बनाइएकोले धेरैमा निराशा उत्पन्न भएको छ। त्यसैले कार्यरत अस्थायी शिक्षकहरूलाई सहमतिको आधारमा निश्चित प्रतिशत आरक्षण गरी स्थायी अध्यापन अनुमतिपत्र प्राप्त व्यक्ति मात्र सहभागी हुन पाउने गरी खुल्ला प्रतिस्पर्धाबाट शिक्षक नियुक्ति गर्ने प्रक्रिया अविलम्ब सुचारु गरिनुपर्छ। यस्तो प्रतिस्पर्धामा असफल हुने व्यक्तिको विरोधको कुनै गुञ्जायस रहने छैन।

अध्यापन अनुमतिपत्र नभएका व्यक्तिलाई शिक्षण पेशामा प्रवेश गर्नबाट पूर्ण रूपमा बन्देज लगाउन ढिलो भइरहेको छ। संस्थागत तथा सामुदायिक विद्यालयमा स्थानीय स्रोतबाट नियुक्त हुने शिक्षक मात्र होइन आफ्नै पहलमा ट्युसन पढाउन तथा कोचिङ कक्षामा अध्यापन गर्न समेत अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने शिक्षा ऐनको प्रावधान कडाइका साथ लागू गर्नुपर्छ। जुनसुकै प्रकारको शिक्षक किन नहोस्, यदि ऊ तालिम नलिएको तथा अयोग्य रहेछ भने उसले सयौं विद्यार्थीहरूको भविष्य बर्बाद गरिरहेको हुन्छ। सरकारी नम्बरप्लेट भएको सवारीसाधन चलाउन मात्र सवारीचालक प्रमाणपत्र अनिवार्य गरिने र सार्वजनिक तथा निजी सवारीसाधन चलाउनचाहिँ जोसुकैले पाउने हो भने अराजकता अरू बढ्छ। लाइसेन्सविनाका सवारी चालकहरूको सङ्ख्या अधिक भएपछि उनीहरूलाई वैधानिकता दिन हतारमा 'ट्रायल' लिने जस्तो गरी पढाइरहेका शिक्षकलाई लाइसेन्स दिन लाग्नु जस्तो हँसिमजाक अरू देशमा सायदै होला।

तसर्थ, शिक्षण अनुमतिपत्रको प्रक्रियालाई एक अधिकारसम्पन्न 'शिक्षक काउन्सिल'मार्फत व्यवस्थित गरी कडाइका साथ लागू गर्नु र शिक्षक सेवा आयोगलाई लोकसेवा आयोग जस्तै संवैधानिक निकायको रूपमा विकास गरी सोमार्फत स्थायी शिक्षकको पदपूर्ति गर्ने व्यवस्था गर्नु अस्तव्यस्त शैक्षिक अवस्थाको अन्त्यको लागि एउटा प्रभावकारी कदम हुनसक्छ।

**शिक्षण अनुमतिपत्रको प्रक्रियालाई एक अधिकारसम्पन्न 'शिक्षक काउन्सिल'मार्फत व्यवस्थित गरी कडाइका साथ लागू गर्नु र शिक्षक सेवा आयोगलाई लोकसेवा आयोग जस्तै संवैधानिक निकायको रूपमा विकास गरी सोमार्फत स्थायी शिक्षकको पदपूर्ति गर्ने व्यवस्था गर्नु अस्तव्यस्त शैक्षिक अवस्थाको अन्त्यको लागि एउटा प्रभावकारी कदम हुनसक्छ।**

*(लेखक नवयुग मावि जैसीदेवल काठमाडौंका गणित शिक्षक हुन्।)*

विचार

भोला दाहाल



# राजनीति त गरौं तर शिक्षाको !

**शिक्षकहरू दलको कार्यकर्ता भएपछि न शिक्षाको स्तर बढ्छ, न त विद्यार्थीले शैक्षिक उपलब्धि नै हासिल गर्न सक्छन्। त्यति मात्र होइन, दलीय राजनीतिमा संलग्न भइरहँदा मर्यादा र सेवासुविधाका निम्ति सौदावाजी गर्ने शिक्षकको नैतिक शक्ति पनि गुम्दै जान्छ।**

विद्यालय तहदेखि नै छात्रछात्रालाई कुशल प्रश्नकर्ता, अन्वेषक र समाज रुपान्तरणको अगुवा बनाइएन भने देशमा लोकतान्त्रिक संस्कार र संरचनाको विकास तथा निरन्तरता कठिन हुन्छ। शिक्षाविद् पाउलो फेरेको भनाइमा विद्यार्थीलाई विद्यालयको साझेदारको रूपमा अङ्गीकार गरेर शिक्षकहरूले उनीहरूसँग सहकार्य नगर्दासम्म वास्तविक शैक्षिक उपलब्धि हासिल हुन सक्दैन। कस्तो सिकाइ प्रभावकारी हुन्छ र कस्तो वातावरणमा सिक्न सकिन्छ भन्ने कुरा छात्रछात्रालाई नै थाहा हुने भएकाले सिकाइ क्रियाकलापको केन्द्रमा उनीहरू रहनु आवश्यक हुन्छ। हार्परका अनुसार संसारको विद्यालय-जनसङ्ख्यामा ९२ प्रतिशत विद्यार्थी र ८ प्रतिशत वयस्क हुने गर्छन्। अनि ९२ प्रतिशतका निम्ति ८ प्रतिशत अर्थात् मूलत: शिक्षकले निर्णय लिने गर्छन्। यस्तो परिपाटीको अन्त्य नभएसम्म सिकाइ उपलब्धि हासिल हुनसक्दैन।

नेपालको सन्दर्भमा विद्यार्थी र बालबालिकाले जनसङ्ख्याको करिब ५० प्रतिशत हिस्सा ओगट्ने हुँदा शिक्षकहरू समाजकै सचेतक, सहजकर्ता, विश्लेषक र मार्गदर्शकको भूमिकामा रहेका छन्। शिक्षकले नै समाजलाई कार्यगत साक्षरताको अभ्यास गराउँछ।

केही दशकअघिसम्म नेपाली समाजको रूपान्तरणमा शिक्षकहरूको अग्रणी भूमिका थियो। त्यही कारण उनीहरूले विद्यार्थीबाट आदर, सम्मान र समाजबाट सत्कार, सद्भाव पाउँथे। पञ्चायतकालसम्म शिक्षकको पेशागत सुरक्षा र राजनीतिक प्रतिशोध रोक्न अभिभावक मात्र होइन विद्यार्थी पनि सक्रिय भई अगाडि बढ्थे। अभिभावक र विद्यार्थीको साथ पाएपछि शिक्षकको पेशागत सुरक्षा र मर्यादा स्वत: उच्च र अटल रहने नै भयो। २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात् शिक्षकको पेशागत सुरक्षा, सामाजिक मर्यादा र शैक्षिक गुणस्तरमा ह्रास हुँदै आएको छ। पछिल्लो जनआन्दोलनपछि त यो क्रम झनै ओरालो लागेको छ। राहत शिक्षकका नाममा होस् वा प्रति विद्यार्थी लागत तथा स्थानीय स्रोतको शिक्षक भर्ना र परिचालनका नाममा शिक्षकको सुरक्षा, मर्यादा र सेवा सुविधामा गिरावट आएको छ। २०३६, २०४६ र २०६२/६३ का आन्दोलनहरूमा शिक्षकको उल्लेख्य सहभागिता थियो। तर त्यसपछिको खुला समाज र प्रजातान्त्रिक परिवेशको गलत फाइदा उठाएर कतिपय शिक्षकहरू आफ्नो पढाइ र पेशागत क्षमता बढाउनेमा भन्दा राजनीतिक दलका कार्यकर्ता बन्ने दौडधुपमा लाग्दै आएका छन्। राजनीतिक दल र तिनका नेताको पछिलाग्ने तर आफ्नो विद्यालयको पढाइलाई बिर्सने प्रवृत्तिले शिक्षकलाई ठूलो हानि गरेको छ। नेपाल शिक्षक युनियनका अध्यक्ष कृष्णप्रसाद ढकालको *शिक्षक* (साउन २०६६) मा प्रकाशित लेखले पनि यही कुरा दर्शाउँछ।

शिक्षकले दलको राजनीति होइन; शिक्षाको, विद्याको राजनीति गर्नुपर्छ। विद्यार्थीहरूमा राजनीतिक दलहरूका सिद्धान्त, आस्था, विचार र व्यवहारको तुलनात्मक अध्ययन र विश्लेषण गरी आफ्नो नागरिक तथा राजनीतिक अधिकारको उपभोग गर्न सक्ने क्षमता विकास गराउन उनीहरूले योगदान गर्नुपर्दछ। शिक्षापक्षीय राजनीतिमा सबै विद्यार्थी र अभिभावकलाई अग्रसर गराउन शिक्षक मियोको भूमिकामा उभिन सक्नुपर्छ। शिक्षकहरू राजनीतिक दलको पछुवाको सट्टा आफ्नो पेशागत जिम्मेवारी र सामाजिक सचेतकको भूमिकामा फर्किन ढिलो भइरहेको छ। शिक्षकको मर्यादा समाजले गर्ने हो। पेशागत दक्षता र प्रतिबद्धताका आधारमा मर्यादाको सिर्जना र लेखाजोखा हुन्छ। मर्यादा मागेर नभई आफ्नै श्रम, सीप र योगदानका आधारमा पाइने कुरा हो।

शिक्षा प्रणालीको विकासमा शिक्षक सधैं अग्रपङ्क्तिमा हुन्छ। शिक्षकको स्तरभन्दा शिक्षाको स्तर राम्रो र उच्च हुन सक्दैन। तर शिक्षकहरू राजनीतिक दलको कार्यकर्ता भएपछि न त शिक्षाको स्तर बढ्छ, न त विद्यार्थीले शैक्षिक उपलब्धि हासिल गर्छन्। शिक्षकहरू दलीय राजनीतिमा संलग्न भइरहँदा




**शिक्षा व्यक्तिगत सन्तुष्टि, सामाजिक सीप र विविध रोजगार एवं विकासका अवसरको ढोका हो। त्यो ढोका बन्द गर्ने कि सबैको पहुँच विस्तारमा योगदान गर्ने भन्ने कुरा शिक्षकको हातमा हुन्छ।**

मर्यादा र सेवासुविधामा सौदावाजी गर्ने उनीहरूको नैतिक शक्ति पनि गुम्दै जान्छ। एमालेको सरकार हुँदा सङ्गठन चुप लाग्ने अनि काङ्ग्रेसको सरकार हुँदा संघ चुप लाग्ने प्रवृत्ति धेरैले देखिसकेका छन्। यसले शिक्षकलाई मात्र होइन, शिक्षालाई समेत धरासायी बनाएको छ। विद्यार्थीलाई केन्द्रबिन्दुमा राखेर शिक्षकका पेशागत संस्थाले आफ्नो पेशागत हकअधिकारको साथसाथै कर्तव्यमा अडिग रहने हो भने शिक्षामा व्याप्त दलीय राजनीतिको सट्टा शिक्षाको राजनीति प्रारम्भ हुन्छ। शिक्षाको राजनीतिले शिक्षक र विद्यार्थीलाई मात्र होइन, देशलाई नै फाइदा गर्छ।

शिक्षकले शिक्षाको राजनीतिको अगुवाई गर्दा अब विद्यालय क्षेत्र सुधार जस्ता कार्यक्रमहरूको नेतृत्व लिनुपर्छ। विद्यालय र शिक्षा क्षेत्रको सुधारका सन्दर्भमा बारम्बार एकै प्रकारका प्रश्नहरूको उत्तर खोजिने गरिन्छ। कुन समुदाय तथा गाउँमा कस्तो विद्यालय संरचना उपयुक्त हुन्छ? कस्तो पाठ्यक्रम कामकाजी हुन्छ? कस्तो शिक्षण सिकाइ क्रियाकलाप र विधि व्यावहारिक र विद्यार्थीकेन्द्रित हुन्छ? कुन भाषामा विद्यार्थीलाई पढाउँदा सिकाइ र वातावरण विद्यार्थी अनुकूल हुन्छ? कुन र कस्तो परीक्षापद्धति उपयुक्त हुन्छ? कस्तो शिक्षण सामग्री विषयगत र कक्षागत सिकाइमा प्रभावकारी हुन्छ? कसरी विद्यालय उमेरका सबै विद्यार्थीलाई कक्षाकोठा र विद्यालयमा ल्याउन सकिन्छ? कसरी विद्यालयमा भर्ना भएका विद्यार्थीलाई टिकाउन सकिन्छ? कस्तो तालिम शिक्षकका लागि उपयुक्त र कामकाजी हुन्छ? यस्ता प्रश्नको जवाफ सामान्यत: हरेक शिक्षकसँग हुन्छ, किनभने ऊ स्थानीय परिवेशसँग सुपरिचित हुन्छ।

नेपालमा राष्ट्रवादी शिक्षा नीतिको कुरा उठ्दा शिक्षक समुदाय चुपचाप रहे। यता आएर जनवादी शिक्षाको कुरा उठ्दा पनि शिक्षकहरू नाजवाफै भेटिन्छन्। जबकि राजनीतिक दलहरूले वकालत गर्ने गरेको शिक्षा नीतिको खाका उनीहरूसँगै भेटिँदैन। उनीहरूसँग केवल राजनीतिक शब्दजाल मात्र छ। युरोपियन युनियनले आफ्ना सदस्य राष्ट्रहरूलाई शिक्षा र शिक्षकका सन्दर्भमा साझा अवधारणा र सिद्धान्तहरू बनाउन प्रेरित गरेको सन्दर्भमा नेपालका राजनीतिक दलहरूले पनि नेपालको साझा शिक्षा नीति र कार्यक्रमको खाका कोर्न ढिला भइसकेको छ। यस्ता सवालमा शिक्षकहरूले देशव्यापी अभियान चलाउनुपर्छ। यस्तो अभियानले सबै राजनीतिक दलहरूलाई एउटै चौतारीमा भेला गरी शिक्षकको अनुभव र सिकाइका आधारमा व्यावहारिक र कामयावी नयाँ शिक्षा नीति बनाउन शिक्षाको राजनीति बहस अगाडि बढाउन सहयोग पुग्छ। यसरी तर्जुमा गरिएको शिक्षा नीति कार्यान्वयनमा शिक्षक मात्र होइन राजनीतिक दलहरू पनि परिचालित हुन्छन्।

शोषण, अन्याय, भेदभाव र गरिबीको चक्रबाट मानिसलाई मुक्ति दिने साधनको रूपमा शिक्षाको वकालत र विकास हुँदै आएको छ। मानवीय अवस्था र सामाजिक संस्कृतिको रुपान्तरणका लागि शिक्षा व्यक्तिगत सन्तुष्टि, सामाजिक सीप र विविध रोजगार एवं विकासका अवसरको ढोका हो। त्यो ढोका बन्द गर्ने कि सबैको पहुँच विस्तारमा योगदान गर्ने भन्ने कुरा शिक्षकको हातमा हुन्छ। त्यसैले एक्काइसौं शताब्दीका लागि योग्य नागरिक तयार गर्ने पुनित कार्यमा शिक्षामाथिको राजनीति छोडी शिक्षाको राजनीति गर्न समस्त राजनीतिक दल, शिक्षक, विद्यार्थी र आम नागरिकले संयुक्त रूपमा जनअभियानको थालनी आजको खाँचो भएको छ।

शैक्षिक राजनीतिको अभियानले शिक्षाको विकेन्द्रीकरणलाई पनि मलजल गर्छ। शिक्षामाथिको राजनीति अन्त्य गर्छ। र, अन्ततोगत्वा राज्यको अङ्गमा मात्र होइन राजनीतिक दलभित्र पनि समावेशी, लोकतान्त्रिक परिपाटी र सुशासन प्रत्याभूति गर्छ। यस्तो शैक्षिक अभियानको नेतृत्व गर्ने कि आफ्नो विवेक धरौटी राखी राजनीतिक दलको पछिलाग्ने भन्ने निर्णय गर्ने अधिकार चाहिँ अरु पनि शिक्षककै हातमा छ।

डा. तीर्थबहादुर श्रेष्ठ



# घोडाघोडी तालमा के हेर्ने, कसरी बुझ्ने !

**कैलालीको घोडाघोडी तालको नाम हामी धेरैले सुनेका छौं । अझ त्यो क्षेत्र भएर पूर्व-पश्चिम यात्रा गर्नेहरूले त एकछिन गाडी रोकेर ताल हेरेका पनि छौं । शैक्षिक भ्रमणअन्तर्गत कैयौं स्कूल-कलेजका शिक्षक-विद्यार्थीहरू पनि त्यहाँ पुगेका छन् । तर त्यहाँको प्राकृतिक सम्पदाको पर्याप्त ज्ञान र सूचनाविना नै गरिने अवलोकनबाट खास कुरा देख्न र बुझ्न के सकिन्थ्यो !**

**डा. श्रेष्ठले वर्षौं लगाएर सङ्कलन गरेको सूचना र ज्ञानमा आधारित यो आलेख घोडाघोडी ताल जान्न-बुझ्न चाहनेहरूका लागि उपयोगी मार्गदर्शक (गाइड बूक) हुन सक्छ ।**

नेपाली संस्कृतिमा मकर-सङ्क्रान्तिको महिमा विभिन्न जलाशय र सिमसारसँग जोडिएको पाइन्छ । प्रायः सबै जातजाति र धर्मावलम्बीहरू नदीका दोभान, वेनी र त्रिवेणीहरूलाई तीर्थस्थल मानेर पुण्य आर्जनका निम्ति स्नान गर्छन्, मेला भर्छन् र चाड मनाउँछन् । तीमध्ये तराईका थारू जातिले माघे-सङ्क्रान्तिलाई सर्वाधिक महत्त्व दिने गर्छन् । माघि पर्वबाट थारूहरूको नयाँ आर्थिक वर्ष प्रारम्भ हुन्छ । वर्षभरिको आर्थिक कारोबार, लेनदेन, चुक्ताचुक्ती एवं नयाँ सम्झौता यही दिनबाट शुरु हुन्छ । यस चाडको निम्ति निकै दिनअघिबाटै खानाका परिकार र पेय-पदार्थको जोहो, नयाँ पहिरन, गीत, सङ्गीत र नृत्यको बडो उत्साहसाथ तयारी गरिन्छ । कैलाली जिल्लाको घोडाघोडी ताल पनि माघीकै स्वागतमा प्रतीक्षारत रहन्छ ।

कर्णाली नदीको पुल तरेर पश्चिमतिर २५ किलोमिटरको यात्रा तय गरेपछि राजमार्गको बगलमा नै यो ताल भेटिन्छ । तालको आकृति हेर्दा मानिसको हत्केलामा औंलाहरू जोडिए झैं पानीका लामा-लामा दहहरू घोडाघोडी तालको मुख्य जलाशयमा मिसिन आउँछन् । चुरे र भावर क्षेत्रबाट रसाएर आएको पानीको स्रोतमा आधारित १३८ हेक्टर क्षेत्रफल ओगटेको घोडाघोडी ताल तराईका तालहरूमध्ये सबैभन्दा ठूलो हो । योसँग जोडिएका अन्य साना-ठूला १२ वटा तालतलैयाहरू छन् । घोडाघोडी तालका कारण सिर्जित यहाँको सिमसारले जैविक विविधताको सवालमा निकै ठूलो महत्त्व राख्दछ ।

सन् १९९३ मा कर्णाली पुल निर्माण हुनुभन्दा पहिले यो तालबारे खासै चेवा-चर्चा सुनिएको थिएन । माघी आउँथ्यो । थारूहरू मेला भर्दथे । माघी जान्थ्यो । हाँसहरू आउँथे । हाँसहरू जान्थे । जलकौवाहरू भुँडी पड्काएर माछा खाएपछि पूरै पँखेटा खोलेर घाममा प्वाँख सुकाउँदै निर्धक्क आराम गर्दथे । अघाएका मगर-गोहीहरू तालछेउमा निश्चल लम्पसार परेर आँखा चिम्लेरै दिन बिताउँथे । ताल किनारमा मौका कुरेर बस्ने बकुल्लाहरूको धैर्यलाई कसैले जित्न सक्दैनथ्यो । धैर्य गुमाएका माटीकोरेहरू चलबलाउँदा नीला चम्किला पँखेटाले डाँफेलाई बिर्साइदिन्थे । गाउँले केटाहरू बलेसी थाप्दै र केटीहरू धाँधा बटुल्दै हिँड्दथे । पानीमाथि कमल फुल्दथे । पानीभित्र सिँगाडाका फल लाग्दथे । त्यतिवेला घोडाघोडी ताल र तिनका १२ बहिनीहरूको कौमार्यले यो सिमसार 'शुभ्र, शान्त र स्निग्ध' थियो भन्ने कल्पना गर्न गाह्रो छैन ।

जब सडक आयो अनि मानिसहरूको चहलपहल बढ्न थाल्यो । कोही जग्गा अतिक्रमण गर्न, कोही वन विनास गर्न, कोही तालको माछा ठेक्का लगाउन अनि कोही चराचुरुङ्गीको सिकार गर्न यहाँ आइपुग्न थाले । यसैबीच कोही चाहिँ संरक्षणकर्मीका रूपमा त्यहाँ पुगे । तीमध्ये स्वर्गीय डा. तीर्थमान मास्केलाई हामी बिर्सन सक्दैनौं । अरू कोही अनुसन्धानकर्मीका रूपमा त्यहाँ पुगे । विस्तारै-विस्तारै घोडाघोडी ताल राष्ट्रिय चर्चामा आउन थाल्यो । सन् २००३ को अगस्ट १३ देखि यो सिमसारले रामसार महासन्धिअनुसार विश्वव्यापी महत्त्वको सिमसार सूचीमा प्रवेश पायो । त्यसभन्दा पहिले विश्व संरक्षण संघ (IUCN) को तत्त्वावधानमा



तस्बिर सौजन्य: द्वारिका अर्याल

एक छेउबाट देखिने घोडाघोडी तालको सौम्य दृश्य ।

नेपाल प्राकृतिक विज्ञान समाज तथा घोडाघोडी क्षेत्र संरक्षण तथा विकास समितिको संलग्नतामा व्यापक अध्ययन र छलफलबाट सहभागितामूलक व्यवस्थापन कार्ययोजना त्यसअघि नै तयार भइसकेको थियो । सन् १९९८ मार्च ३ (१७ चैत २०५४) मा घोडाघोडी ताल क्षेत्रमा बसेको सामुदायिक सभाले अनुमोदन गरेको उक्त कार्ययोजना विधिवत् कार्यान्वयन हुन भने सकेन । त्यसपछि विश्व वन्यजन्तु संरक्षण कोषको तर्फबाट तराई भू-परिधिको कार्यक्रमभित्र यो तालको संरक्षणमा केही कामहरू भए । सो कोषले घोडाघोडी ताल क्षेत्रको दीर्घकालीन संरक्षण योजना २०५८ सालमा र त्यसपछि पुन: २०६४ सालमा चारवर्षे कार्ययोजना तयार गरेर नेपाल सरकारसमक्ष पेश गर्‍यो । तर त्यसको कार्यान्वयन हालसम्म पनि हुनसकेको छैन । वन अतिक्रमण गर्ने, जग्गा हडप्ने, प्राकृतिक सम्पदाहरूको अत्यधिक दोहन गर्ने तथा धार्मिक एवं मनोरञ्जन कार्यमा मानिसको घुइँचो लाग्ने र पानी प्रदूषण हुने क्रम बढेको छ । यसैबीच सिमसार संरक्षण तथा सदुपयोग परियोजनाअन्तर्गत घोडाघोडी ताल क्षेत्रको अर्को व्यवस्थापन योजना बन्ने क्रम पुन: शुरु भएको छ । यसप्रकार एक योजनापछि अर्को योजना बन्दै जाने र कार्यान्वयन चाहिँ कुनै पनि नहुने चक्र चलि नै रहेको छ । वास्तवमा; भन्ने हो भने घोडाघोडी ताल क्षेत्रलाई आज योजना होइन कार्यान्वयनको कार्यक्रम चाहिँ चाहिएको छ ।

घोडाघोडी ताल प्रकृतिको एक खुल्ला पुस्तक हो । यसलाई आजका पुस्ताले गहन रूपमा पढेर, बुझेर, बुझाएर अर्को पुस्तामा सुरक्षित र संरक्षित रूपमा सुम्पिन सक्नुपर्छ । घोडाघोडी ताल क्षेत्रका लगभग ३० वटा विद्यालयका विद्यार्थी एवं शिक्षकहरूले २०५४ सालदेखि नै संरक्षण कार्यमा सघाउँदै आएका छन् । विद्यालयको सङ्ख्या बढ्दै छ । तिनलाई आवश्यक ज्ञान यही तालको जीवन्त परिवेशबाट प्राप्त हुन्छ । त्यसका लागि केही नयाँ सोच, नयाँ कार्यक्रम र नयाँ परिपाटी बसाल्नु आवश्यक छ । ताल संरक्षणसम्बन्धी कार्ययोजनाले मात्र होइन विद्यालयहरू स्वयंले विद्यार्थी वर्गका लागि निर्दिष्ट योजना तर्जुमा गर्नुपर्ने खाँचो देखिएको छ । प्रकृति अध्ययनबाट प्राप्त हुने ज्ञान सदासर्वदाका लागि उपयोगी हुन्छ । प्रकृति संरक्षणका लागि त यसै पनि महत्त्वपूर्ण हुने नै भयो ।

घोडाघोडी ताल क्षेत्रका पशुपक्षीहरूको बानी-बेहोरा, चाल-चलनको अध्ययन र अवलोकनबाट अलौकिक आनन्द प्राप्त गर्न सकिन्छ । चरा विशेषज्ञ हरिशरण नेपालीका साथमा तालको अवलोकनमा बस्दा निकै रोचक एवं रोमाञ्चक दृश्यहरू देखियो, जानियो र सिकियो । तीमध्ये केही सम्झनाहरू विद्यार्थी भाइबहिनीका लागि साँचेको छु । यहाँ तिनकै चर्चा उठाउँछु पनि ।

कुनै पनि सिमसारको विशेष पहिचान त्यहाँ पाइने माटीकोरे चराहरूले स्थापित गरेका हुन्छन् । माछा सिकार गर्नमा अति सिपालु र विभिन्न चम्किला रङ वर्णमा सजिएका यस्ता चराहरूलाई अङ्ग्रेजीमा किङ्फिसर्स (King Fishers) भनिन्छ । स्थानीय भाषामा अनुवाद गर्दा 'राज मछुवार' बन्न पुग्छन् ती चराहरू । नेपालीमा यिनलाई माटीकोरे भनिन्छ । किनभने यिनले ताल वरपरको भित्ताको माटो कोरेर; प्वाल पारेर आफ्नो गुँड बनाउँछन् । घोडाघोडी ताल क्षेत्रमा ठूलो माटीकोरे, सानो माटीकोरे, सेतो-कण्ठे माटीकोरे र सानो छिरबिरे माटीकोरे समेत चार प्रजाति भेटिन्छन् । छिरबिरे माटीकोरेको सिकारसिल्प निकै रोमाञ्चक हुन्छ । तालमाथि कावा खाई उड्दा उड्दै पानी सतह नजिक माछा देखेपछि यो चरा हावामा स्थिर बस्न थाल्छ । त्यतिवेला यसको पखेँटाको चाल कुनै हेलिकोप्टरको पङ्खा जस्तै घुमेको देखिन्छ । मौका मिल्नासाथ बाणको वेगमा पानीभित्र चोप्लिएर माछा समातेर फुत्त निक्लेर उत्तिखेरै जङ्गल पस्छ । अरू माटीकोरेहरू भने पानीमा नडुबेका रूखका टुठाटुठी र हाँगाबिँगामा चनाखो भएर टुप्लुक्क बसेका हुन्छन् । आकर्षक रुप, सज्जा र रङका भए तापनि यिनको चुच्चो (ठोंड) जीउलाई नसुहाउने गरी घोक्रे प्रकारको हुन्छ । सायद माछा समात्न सजिलो होस् भनी प्रकृतिले

**घोडाघोडी ताल प्रकृतिको एक खुल्ला पुस्तक हो । यसलाई आजका पुस्ताले गहन रूपमा पढेर, बुझेर, बुझाएर अर्को पुस्तामा सुरक्षित र संरक्षित रूपमा सुम्पिन सक्नुपर्छ ।**



तस्बिर सौजन्य: तिलक ढकाल

**माघी (माघेसङ्क्रान्ति) मनाउँदै स्थानीय थारू समुदाय।**

नै यिनलाई यस्तो घोक्रे चुच्चो दिएको होला।

घोडाघोडी ताल र यसको वरपर रहेका १०/१२ अन्य साना-ठूला जलाशयमा कतै सङ्लो पानी, कतै दलदल र धाप, कतै छिपछिपे पानी र घाँसपात, कतै बेसरम झाडीको जमोठ, कतै बेतघारी, कतै पानीमा डुबेर खङ्ग्रङ्ग सुकेका सालका वृक्ष, कतै नर्कटघारी, कतै पटेरघारी, कतै घाँसेमैदान र आसपासमा घना जङ्गल पनि भइदिएकाले जैविक विविधताको असली रुप यहाँ साकार भएको छ। माछा, भ्यागुता, गँगटा, सर्प, गँड्यौलालगायत अनेकौं कीरा, फट्याङ्ग्रा र गाइने कीराहरूको प्रचुरताले सबै प्रकारका जीव-प्राणीलाई आहाराको खाँचो पर्दैन। यस क्षेत्रमा सिमसारको एक सजिव चित्रण जतातत्तै भेटिन्छ। त्यसैले गर्दा यहाँ बकुल्ला मात्र पनि ६/७ प्रजातिका भेटिन्छन्। कुनै बकुल्ला गाई, भैंसीको पिठ्युँमा चढेर कीरा र किर्ना आदि खाएरै अघाउँछन्। तिनको ठोंड अरू बकुल्लाको जस्तो लामो हुनै परेन। खुट्टा पनि छोटै हुन्छन्। अरू थरीका बकुल्ला भने धाप परेको ठाउँमा वा ताल किनारका पानीमा हेलिन मन पराउँछन्। यिनको गर्धन पनि लामो, चुच्चो पनि लामो र खुट्टा पनि लामो नै हुन्छ। सम्पूर्ण जीउ सेतो भए तापनि खुट्टा भने अति नसुहाउँदोसँग कालो हुन्छ। दिनभरको सिकारपछि यी चरा आ-आफ्ना बगालमा उडेर जाँदा देखिने ज्यादै सौम्य दृश्यले साँझको आकाशमा आकर्षण थप्छ। यिनीहरू उड्दा खुट्टा लामै पसारेर उड्छन् तर गर्धन भने दोब्र्याएर टाउकोलाई काँधसम्म पुर्याई बडो असजिलो पाराले उड्छन्। अरू हाँस, सारस वा कर्याङकुरुङहरू यसरी घाँटी दोब्र्याएर उड्न सक्दैनन्।

कुनैवेला बकुल्लाका सेता सुकिला प्वाँख युरोपका तरुनीहरूको शिरपोस (Hat) सिंगार्न निकै प्रयोग हुन्थे। नेपालमा राणाकालीन उच्च ओहोदाका सैनिकले लगाउने बेलायती टोप (Hat) मा पनि बकुल्लाका प्वाँख सजिएका हुन्थे। आजभोलि त्यस्तो चलन हराएको छ र बकुल्लाको सिकार पनि घटेको छ।

घोडाघोडी सिमसारमा भेटिने हल्का प्याजी जीउ र कटुस रङको लामो गर्धन भएको 'पर्पल हिरन' (Purple Heron) लाई 'ध्यानी बकुल्ला' भन्न सुहाउँछ। यसको ध्यान-मुद्रा र त्यसबेलाको अङ्ग-विन्यास (Posture) निकै आकर्षक हुन्छ। माछा, छेपारो वा भ्यागुता नजिक पर्नासाथ यिनको सिकारी झट्का मिलिक्क बिजुली चम्केसरह छिटो हुन्छ। आफ्नो ताक र त्यसको ताल यसले बिराउँदैन। प्राय: अचूक हुन्छ। तर, प्रकृतिको यस्तो क्रीडा हेर्न आफूमा पनि बकुल्ला-धैर्य भने हुनुपर्छ।

घोडाघोडी सिमसारको पक्षी सम्पदामा सिमकुखुराको विशेष स्थान छ। खासगरेर नखोटी दह वरपरको नर्कटघारीको सेरोफेरोमा ४/५ प्रजातिका सिमकुखुराहरू भेटिन्छन्। तिनलाई जलकुखुरा, कुर्मा, सिमकुखुरा र मरुल आदि नाम दिइएको छ। तीमध्ये कुर्मा नाम दिइएको (Purple Gallinule) को सुन्दर वैजनी रङको डल्ले जीउ र मोटो रातो ठोंड टाढैबाट चिन्न सकिन्छ। यिनीहरू न स्थिर ध्यान गरेर बस्छन् न त हतपतमा दौडधुप नै गर्छन्। बरु आरामले नर्कटघारी र अरू धाप परेको जमिन चहार्दै दिन बिताउँछन्।

सिमसारको वर्णनमा पानीहाँसको प्रसङ्गले सधैं उच्च स्थान ओगट्ने गर्छ। हेमसागर बराल, हरिशरण नेपाली, राजेन्द्र सुवाल तथा अरू चरा विशेषज्ञहरूले घोडाघोडी क्षेत्रमा लगभग एक दर्जनभन्दा बढी प्रजातिका हाँस आउने-जाने गरेको पुष्टि गरेका छन्। तीमध्ये चुच्चोको माथि नाकैमा लप्सीभन्दा ठूलो मासुको गाँठो जडिएको 'नख्टा हाँस' को प्रसङ्ग रोचक छ। किनभने पोथी हाँसको चुच्चोमा त्यस्तो गाँठो हुँदैन। पोथी फकाउनु र भगाउनु नै यो गाँठोको प्रयोजन हो कि भन्ने लाग्छ। यो प्रजातिको हाँस ज्यादै एकलासको सिमसारमा बस्न रुचाउँछ। त्यसैले घना वनजङ्गलभित्र लुकेका सिमसारमा मात्र यी भेटिन्छन्। घोडाघोडीभन्दा अलि सानो नखोट ताल यही हाँसको नाममा स्थापित त होइन भन्ने प्रश्न पनि उठ्ने गरेको छ।

यहाँका हाँसहरूमध्ये सबभन्दा फुच्चे हाँसलाई 'हरि हाँस' भनिन्छ। अङ्ग्रेजीमा 'कटन पिग्मी गुज (Cotton Pygmy Goose)' भनिने यो हाँस पानीमा तैरिने वनस्पतिका हरिया पातसँगै लुकेर बस्छ। सेतो जीउ पानीमुनि डुबेको र हरियो पखेँटा र ढाड पानीमाथि तैरिएको अवस्थामा यसलाई ठम्याउन निकै गाह्रो हुन्छ। प्रकृतिसँगको यस्तो मिलनले यसलाई सिकारीको आँखाबाट बचाउँछ। जीवन-सङ्ग्राम र अस्तित्वको लागि यस्तो रणनीति प्राणीजगत्मा नौलो होइन।

पानीभित्र डुबुल्की मारेर छिनछिनमा हराउने र छिनछिनमा देखिने 'रेड क्रेस्टेड पोचार्ड' (Red Crested Pochard) बलुचिस्तानदेखि राराताल हुँदै घोडाघोडीमा जाडो छल्न आइपुग्छ। रातो सिम्रिके टाउकोमा सुन्तले

जुरो पलाएको यो हाँस ज्यादै राम्रो हुन्छ। यसको बगाल ठूलो हुँदैन र यो धेरै समयसम्म एकैठाउँमा पनि बसिरहँदैन। हाँसहरूमध्ये ठूलै बगाल जमाएर छिनछिनमा आकाशै ढाक्ने गरी उड्ने र फेरि तालै ढाक्ने गरी बगालमा बस्ने 'सुइरो पुच्छ्रे हाँस' अर्थात् 'पिन-टेल डक (Pin-tail Duck)' हाम्रा सिमसारका चलायमान आकर्षण हुन्। यसैगरी, 'सिलसिले हाँस (Whistling Teal)' का बथान पनि यो सिमसारको एकान्त र सुनसान वातावरणलाई सामूहिक सुसेलीमार्फत कोलाहलयुक्त तुल्याउँदै ठूलो बथानमा उड्ने र बस्ने गर्दछन्। यिनको आवाजमा शान्त सिमसारको सन्नाटा अरू गहिरिन पुग्छ। विभिन्न प्रजातिका हाँसहरूको हल्लाका बीचमा 'खड्खडे हाँस (Gargany duck)' को घोक्रे आवाज टाढैबाट छुट्याउन सकिन्छ। थोरै पानी भएको दलदलका छेउछाउमा भालेपोथी मिलेर विचरण गर्छन् यी हाँसहरू। भालेको टाउको हरियो र थाप्लो कैलो हुन्छ। पोथी भने सामान्य पराले रङको हुन्छ। रङ सज्जा र सौन्दर्यको दृष्टिले हाँसलगायत अन्य चुराचुरुङ्गीहरूमा पोथीभन्दा भाले निकै आकर्षक हुने प्रकृतिको नियम देखिन्छ। सायद अज्ञात इर्ष्याले गर्दा होला, मानव जाति पनि भाले पक्षीकै सिकार गर्न रुचाउँछ। सिकारको क्रममा 'चखेवाचखेवी' को जोडीमध्ये एउटा मऱ्यो भने अर्काले वियोगमा प्राण त्याग्छ भन्ने कथन अति लोकप्रिय छ। तैपनि सिकारीहरू हतोत्साही हुने गरेको पाइँदैन। संरक्षण शिक्षामा सिकारीहरूलाई समेत समावेश गर्न सके केही सुधार हुन्थ्यो कि !

सामान्यतया हाँसहरू जाडो छल्न अन्यत्रबाट घोडाघोडीमा आउने गर्दछन्। कुनै कुनै प्रजाति भने रैथान जमाएर बस्ने पनि छन्। तीमध्ये 'सुइरो ठुँडे' (Oriantal Darter) को जलक्रीडा र मत्स्य सिकार विचित्रको मानिन्छ। रूण्डै जलकौवा वा जलेवा जस्तो देखिने यो चराको ठोंड कालिगडले बनाएको चुप्पी जस्तै रोपिने हतियार जस्तो हुन्छ। आहारा खोज्न जाँदा यसको शरीर पूरै पानीभित्र र लामो गर्धन पानीमाथि हुन्छ। त्यसरी विचरण गरिरहँदा टाउको उठाएर तैरँदै गरेको सर्प जस्तै देखिन्छ। उपयुक्त आहारा भेट्टाएमा त्यसलाई चुच्चोले छुरी मार्छ। अरू चराले झैं यसले चुच्चो बाएर माछा पक्रँदैन। आफ्नो छुरी जस्तो चुच्चो रोपेर घाइते तुल्याएको माछा छटपटाउन छोडेपछि आरामले निल्छ। सुइरे ठुँडेको यो कला हेर्न दूरबिन लिएर तालमा घण्टौं कुर्न तयार हुनुपर्छ। अघाएका ठुँडे भने जलेवा झैं पखेँटा फिँजारेर प्वाँख सुकाइ बसेको दृश्य त्यति दुर्लभ हुँदैन। त्यस्तै पखेँटा फिँजारेर घाम ताप्ने पक्षीमध्ये जलेवाहरू उल्लेखनीय छन्। जलेवाको चुच्चोको वनावट बेग्लै हुन्छ। यिनको चुच्चो अर्थात् ठोँडमा करौँतीको धारका जस्ता दाँत हुन्छन्। त्यसबाट चिप्लो माछा पनि फुत्कन सक्दैन। सिमसारमा बसेर त्यहाँका जलचर, स्थलचर, नभचर सबैका आहारा बन्नुपर्ने माछालाई सम्झँदा भन्नै पर्छ 'धन्य हो माछाको जुनी पनि !'



तीर्थबहादुर श्रेष्ठ

चोरी सिकारीका बन्दोबस्ती सामग्री र माछा मार्ने जालहरू सामूहिक रूपमा जलाउँदै संरक्षण कार्यमा जुटेका स्थानीय युवाहरू।

घोडाघोडी ताल क्षेत्रमा २७ प्रजातिका माछा छन् भन्ने फेहरिस्त देखिन्छ। तर, सहर र महाशेर जस्ता माछा प्राय: लोपै भइसके भन्दा पनि हुन्छ। रोहु, सिङ्गी, नैनी, पोथिया, भ्याकुर आदि प्रजातिका माछा अझै पाइन्छन् भन्ने स्थानीय भनाइ रहेको छ। माछा सम्पदाबारे भरपर्दो अध्ययन यो क्षेत्रमा हुनसकेको छैन। पाल्तु जातका आयातीत माछा भने अहिलेसम्म यहाँ भित्रिएका छैनन्। संरक्षण चेतनाको निरन्तर प्रचारप्रसारले सकारात्मक प्रभाव परेको देखिन्छ। यसैगरी तराईका अरू तालमा झैं जलकुम्भीले पनि यसमा प्रवेश पाएको छैन। तराई भू-परिधि कार्यक्रमअन्तर्गत चोरी सिकारी एवं अवैध माछा मार्नेहरूलाई स्थानीय युवा समूह, शिक्षक एवं विद्यार्थीहरूले हतोत्साह गर्दै माछा मार्ने जाल, जनावर समात्ने पासो र चरा मार्ने गुलेली आदि विभिन्न सिकारका सामग्री सार्वजनिक स्थलमा जलाएर संरक्षणको राम्रो उदाहरण प्रस्तुत गरेका छन्।

**अन्त्यमा,**

घोडाघोडी ताल समूह नेपालको एक अनुपम प्राकृतिक सम्पदा हो। प्रकृतिको यो खुल्ला पुस्तक प्राथमिक विद्यालयदेखि विश्व विद्यालयसम्मका विद्यार्थी एवं शिक्षक वर्गले पढेर प्रशस्त ज्ञान, सीप र मनोरञ्जन प्राप्त गर्न सक्छन्। त्यसका अतिरिक्त स्थानीय आयआर्जनका लागि पर्या-पर्यटनको सम्भावना पनि टड्कारो छ। बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष र खप्तड राष्ट्रिय निकुञ्जको पर्यटन सञ्जाल (Tourism Ntework) मा यसको सम्भाव्यता उच्च रहेको छ। कैलालीको सांस्कृतिक एवं धार्मिक परम्परा धान्नमा पनि यो सिमसारको भूमिका महत्त्वपूर्ण रहेको छ। एकपछि अर्को गर्दै बनाइएका संरक्षणका योजनाहरूको वास्तविक र स्थलगत रूपमै कार्यक्रमहरू कार्यान्वयन गरेर घोडाघोडी तालको माघी पर्वलाई सधैंका निम्ति सार्थक तुल्याउने अवसर र चुनौती हाम्रा सामु छ।

# गणितका चिन्ह

**श्री खाटमन्दिर प्रावि, त्रियुगा, उदयपुरका शिक्षक अर्जुनप्रसाद ढुङ्गानाको गणितका चिन्हसम्बन्धी अघिल्लो (पुस) अङ्कमा प्रकाशित जिज्ञासा शान्त पार्न तीन जना शिक्षक अग्रसर हुनुभएको छ। यहाँ ढुङ्गानाजीको जिज्ञासा र तीनै जना शिक्षकबाट प्राप्त जवाफ प्रस्तुत गरिएको छ। ढुङ्गानाजीको जिज्ञासा यस्तो थियो:**

*"प्रावि तहका नानीहरूलाई गणितका चिन्हसम्बन्धी जिज्ञासा मेटाउन 'आगमन विधि'को प्रयोग गर्नुपर्छ भन्ने गरिन्छ। तर, कसरी? हालसम्मका गणित गुरुहरूबाट 'यो नियम हो' भन्ने मात्र जवाफ पाएको छु। जनकपुरका तालिम प्रशिक्षकबाट वाक्यमा प्रमाणित गरिएको एक मात्र समाधान पाएको छु। त्यसैले शिक्षक मासिकमार्फत निम्न समस्याको समाधान पाउने अपेक्षा राखेको छु।*

*+ **+** + = +; OO+O=OOO समाधान भएको*
*+ **+** - = ( ) चित्रद्वारा प्रस्तुत गर्न कठिन भएको*
*- **+** - = - चित्रद्वारा प्रस्तुत गर्न कठिन भएको*
*+ **X** + = + (OO) (OO) (OO) = OOOOOO समाधान भएको*
*+ **X** - = - चित्रमा देखाउन कठिन भएको*
*- **X** - = + कारण बुझ्न वा प्रमाणित गर्न आफैं सक्षम नभएको प्रा.शि.ता.के. जनकपुरका प्रशिक्षक बालकृष्ण गैरेबाट पाएको समाधान:*

*आँप मीठो छ। + **X** **+** = + (आँप मीठो छ)*
*आँप नमीठो छ। + **X** - = - (आँप मीठो छैन)*
*आँप नमीठो छैन। - **X** - = + (आँप मीठो छ)*
*अन्य ठाउँबाट हालसम्म - **X** - = + हुन्छ भन्ने कुरा नियम हो भन्ने बाहेक चित्तबुझ्दो समाधान प्राप्त हुनसकेको छैन। मिलेसम्म समाधान खोजी सबै + - x ÷ चिन्हहरू सिकाउने विधिहरू विश्लेषण गरी यति सानो कुरा पनि जिज्ञासा राख्ने भनी घृणा नगरी समाधान पठाइदिन विनम्र अनुरोध छ।"*

## | १ |


श्री रुद्र निमावि तार्कुघाट-३, लमजुङका शिक्षक **ऋषिराम लामिछाने** ले पठाउनुभएको समाधान-

सर्वप्रथम गणितका आधारभूत क्रिया चिन्हहरूको अर्थ र आशय बुझ्ने कोसिस गरौं।

१) (+) अर्थात् धन चिन्हको अर्थ जोड्ने, बढाउने, थपिने, कमाउने, जम्मा हुने, आउने आम्दानी आदि हुन्छ।
२) (-) अर्थात् ऋण चिन्हको अर्थ घटाउने, घट्ने, घट्दै जाने, सापटी दिने, ऋण तिर्ने, खर्च आदि हुन सक्छ।
३) (x) अर्थात् गुणन चिन्हले जोडलाई छोटो र छिटो गर्न सघाउँछ।
४) (÷) अर्थात् भाग चिन्हले घटाउलाई छोटो र छिटो तरिकाले गर्न सघाउँछ।

अब यी चिन्हहरूको आधारभूत क्रिया हेरौं।

**१) धन + धन = धन**
(+५) + (+२) = +७




रामले मलाई रु.५ दियो, हरिले मलाई रु.२ दियो। मेरो खल्तीमा रु.७ जम्मा भयो।

**२) ऋण + ऋण = ऋण**
(-५) + (-२) = -७
रामलाई रु.५ तिरियो, हरिलाई रु.२ तिरियो जम्मा रु.७ ऋण तिरियो। आफूबाट अरूमा गयो।

**३) धन + ऋण = धन**
(+१०) + (-५) = +५
रामसँग रु.१० आफूले लिइयो, हरिलाई रु.५ तिरियो, आफूसँग रु.५ बचत अझै छ।

**४) ऋण + धन = ऋण**
(-१०) + (+५) = -५
रामलाई रु.१० तिनुपर्नेछ। हरिले रु.५ मात्र आफूलाई दियो। ऋण तिर्न बाँकी अझ रु.५ रह्यो।

**५) धन x धन = धन**
(+५) **x** (+२) = +१०



रामबाट रु.५ र हरिबाट रु.५ गरी दुई जनाबाट जम्मा रु.१० आफूलाई प्राप्त भयो र आम्दानी भयो।


७) **ऋण x धन = ऋण**

(-५) **x** (+२) = -१०

ऋण खोजेर रामलाई रु.५ र हरिलाई रु.५ गरी जम्मा रु.१० अरूलाई तिरियो। तसर्थ (-५) **x** (+२)= -१० भयो।

८) **ऋण x ऋण = धन**

(-५) **x** (-३) = +१५



आफ्नो गोजीबाट झिकेर तीन जनालाई सापटी दिन रु.५, रु.५, रु.५ खर्च गरियो। यो सापटी फिर्ता हुँदा आफूसँग रु.१५ जम्मा हुन आउँछ। यसरी (-५) **x** (-३) = +१५ बनेको हुन्छ।

निमावि तहसम्मको गणित, विज्ञान पढाउने शिक्षक भएको नाताले आफ्नो अनुभव पस्कने कोसिस गरेको हुँ। कत्तिको सुपाच्य हुन्छ; प्रतिक्रियाको प्रतीक्षामा छु।

## । २ ।

नवयुग माध्यमिक विद्यालय, जैसीदेवल, काठमाडौंका शिक्षक **बालकुमार जमरकट्टेल** द्वारा प्रस्तुत समाधान-

### १. जोडको नियम

गणितमा बारम्बार प्रयोग भइरहने धनात्मक (+) र ऋणात्मक (–) चिन्हहरूलाई नितान्त चिन्हको रूपमा मात्र बुझ्नु-बुझाउनुभन्दा दैनिक व्यवहारमा प्रयोग हुने गरेको धन र ऋणको सङ्केतको रूपमा प्रयोग गरिनुपर्दछ। अर्थात् कमाएर ल्याएको वा आफूसँग भएको सम्पत्ति धन (+) हो भने खर्च गरेर सिध्याएको रकम ऋण (–) हो भन्ने कुरा विद्यार्थीको बीचमा प्रस्ट पार्नुपर्छ। त्यसपछि मात्र धन (+) र धन (+), धन (+) र ऋण (–) तथा ऋण (–) र ऋण (–) जोड्दा के हुन्छ? भन्ने उदाहरणमा प्रवेश गर्नुपर्छ। जस्तैः

(क) हरिका दुई छोरामध्ये रामले रु.३ र श्यामले रु.२ कमाएर ल्याए छन्। उनीहरूको कमाई जम्मा गरियो।

अर्थात्, धन रु.३ + धन रु.२ = धन रु.५

अर्थात्, (+३) + (+२) = (+५)

अर्थात्, (+२) + (+३) = (+५)

**निष्कर्षः धन र धन जोड्दा धन नै हुँदोरहेछ।**

(ख) रामले रु.३ र श्यामले रु.२ खर्च गरे भने दुवैले खर्च गरेको जम्मा रकम रु.५ ऋण लाग्ने भयो।

अर्थात्, ऋण रु.३ + ऋण रु.२ = ऋण रु.५

अर्थात्, (–३) + (–२) = (–५)

अर्थात्, (–२) + (–३) = (–५)

**निष्कर्षः ऋण र ऋण जोड्दा ऋण नै हुँदोरहेछ।**

(ग) रामले रु.३ कमाएर ल्यायो तर श्यामले रु.२ खर्च गर्‍यो भने रामले कमाएर ल्याएको धनबाट श्यामले खर्च गरेको ऋण तिर्नुपर्दा धन रु.१ बाँकी रहने भयो।

अर्थात्, धन रु.३ + ऋण रु.२ = धन रु.१

अर्थात्, (+३) + (–२) = (+१)

अर्थात्, (–२) + (+३) = (+१)

**निष्कर्षः धन र ऋण जोड्दा एकआपसमा घटाउने काम गर्नु पर्दोरहेछ। यहाँ योगफल धनात्मक आएको छ किनभने यहाँ ऋणभन्दा धन धेरै छ।**

(घ) रामले रु.३ खर्च गर्‍यो तर श्यामले रु.२ कमाएर ल्यायो भने श्यामले कमाएर ल्याएको रकमले रामले खर्च गरेको ऋण तिरेर अझै पनि रु.१ ऋण बाँकी रहने भयो।

अर्थात्, ऋण रु.३ + धन रु.२ = ऋण रु.१

अर्थात्, (–३) + (+२) = (–१)

अर्थात, (+२) + (–३) = (–१)

**निष्कर्षः ऋण र धन जोड्दा एकआपसमा घटाउने काम गर्नुपर्दो रहेछ। तर, यहाँ योगफल ऋणात्मक आएको छ किनकि यहाँ धनभन्दा ऋण धेरै छ।**

(यस प्रयोगको लागि आवश्यक पर्ने पूर्व ज्ञानः जोडमा क्रम विनिमय नियमः दुई धनात्मक वा ऋणात्मक सङ्ख्याहरू क र ख मा, क + ख = ख + क)

**यसरी अन्त्यमा नियमहरूलाई सूत्रबद्ध गर्दा,**

| | |
|---|---|
| (+) + (+) = (+) | |
| (–) + (–) = (–) | |
| (+) + (–) = (+) | (धन बढी भएमा) |
| (+) + (–) = (–) | (ऋण बढी भएमा) |

### २. गुणनको नियमः

| | |
|---|---|
| (+२) x (+३) = (+६) | ↓ |
| (+२) x (+२) = (+४) | ↓ |
| (+२) x (+१) = (+२) | ↓ |
| (+२) x (०) = (०) | ↓ |
| (+२) x (–१) = (–२) | ↓ |
| (+२) x (–२) = (–४) | ↓ |
| (+२) x (–३) = (–६) | ↓ |

गुणनफल क्रमशः २ को दरले घट्दै गएको

(क) हामीले दैनिक व्यवहारमा प्रयोग गर्ने गरेका गन्तीका सङ्ख्याहरू सबै धनात्मक सङ्ख्या हुन्। यसरी धनात्मक सङ्ख्याहरू एकआपसमा गुणन गर्दा धनात्मक नै हुन्छ भन्ने कुराबाट शुरु गरी कुनै एउटा निश्चित धनात्मक सङ्ख्यालाई क्रमशः ठूलोदेखि सानो सङ्ख्याले गुणन गर्दा गुणनफल घट्दै जान्छ भन्ने कुरा बुझाउन निम्नानुसार आगमन विधिद्वारा प्रस्तुत गर्नेः

**निष्कर्षः १) धनात्मक सङ्ख्यालाई धनात्मक सङ्ख्याले गुणन गर्दा गुणनफल धनात्मक हुन्छ।**

**२) धनात्मक सङ्ख्यालाई ऋणात्मक सङ्ख्याले गुणन गर्दा गुणनफल ऋणात्मक हुन्छ।**

(यस प्रयोगको लागि आवश्यक पर्ने पूर्वज्ञानः सङ्ख्या–रेखामा दायाँतिरबाट बायाँतिरका सङ्ख्याहरू क्रमशः घट्दो क्रममा हुन्छन्।)

| | |
|---|---|
| (–२) x (+३) = (–६) | ↓ गुणनफल क्रमशः २ को दरले बढ्दै गएको |
| (–२) x (+२) = (–४) | ↓ |
| (–२) x (+१) = (–२) | ↓ |
| (–२) x (०) = (०) | ↓ |
| (–२) x (–१) = (+२) | ↓ |
| (–२) x (–२) = (+४) | ↓ |
| (–२) x (–३) = (+६) | |

(ख) कुनै निश्चित ऋणात्मक सङ्ख्यालाई क्रमशः सानो सङ्ख्याले गुणन गर्दा गुणनफल बढ्दै जान्छ भन्ने कुरा बुझाउन निम्नानुसार आगमन विधिद्वारा प्रस्तुत गर्नेः

**निष्कर्षः १) ऋणात्मक सङ्ख्यालाई धनात्मक सङ्ख्याले गुणन गर्दा गुणनफल ऋणात्मक हुन्छ।**

**२) ऋणात्मक सङ्ख्यालाई ऋणात्मक सङ्ख्याले गुणन गर्दा गुणनफल धनात्मक हुन्छ।**

(यस प्रयोगको लागि आवश्यक पर्ने पूर्वज्ञानः गुणनमा क्रम विनिमय नियमः दुई धनात्मक वा ऋणात्मक सङ्ख्याहरू क र ख मा, क ख= ख क)

यसरी अन्त्यमा नियमहरूलाई सूत्रबद्ध गर्दा,

| |
|---|
| (–) **x** (–) = (+) |
| (+) **x** (+) = (+) |
| (+) **x** (–) = (–) |
| (–) **x** (+) = (–) |

आधारभूत तहका विद्यार्थीहरूलाई शुरुमै सूत्र, नियम, परिभाषा आदिबाट शुरु गर्नुको सट्टा व्यावहारिक प्रयोगको आधारमा आगमन विधिद्वारा कक्षामा विद्यार्थीहरूसँग छलफल, प्रयोग, प्रदर्शन तथा अन्तरक्रिया गरी विद्यार्थी आफैंले निष्कर्ष निकाल्न सक्ने गरी गणितसम्बन्धी अवधारणा बसाल्न सकिन्छ।


## । ३ ।

श्री विद्याज्योति उमावि, मारुफाँट-३, मल्लाज, पर्वतका शिक्षक **प्रेम के.सी.**ले पठाउनुभएको समाधान-

शिक्षक मित्र अर्जुनप्रसाद ढुङ्गानाजीले भन्नुभए जस्तै गणितीय चिन्हहरूबीचको क्रियालाई अर्थपूर्ण रूपमा बुझ्ने भन्दा नियमको रूपमा याद गर्ने र गराउने प्रवृत्ति हामीकहाँ व्याप्त छ। विद्यालय तहको शुरुका कक्षाहरूमा नै चिन्हहरू बीचका क्रियाहरू गणितीय समस्यामा आउँदछन्। गणितीय समस्या समाधान गर्ने सिलसिलामा जोड (+), घटाऊ (–), गुणन (x) र भाग (÷) क्रियाहरू गर्दा कुन चिन्हमा मान अर्थात् नतिजा आउँछ भन्ने तथ्य बालबालिकालाई बुझाउन कठिन पर्दछ। गणितीय सङ्ख्याहरू धनात्मक, ऋणात्मक वा शून्य हुन सक्दछन्। चिन्हहरू सङ्ख्यासँग सम्बन्धित हुन्छन्। चिन्हलाई सङ्ख्याबाट अलग गर्दा त्यसको कुनै अर्थ हुँदैन। चिन्हलाई सङ्ख्यासँग सम्बन्धित गर्दा मात्रै त्यसबाट अर्थपूर्ण जानकारी प्राप्त हुन्छ। जस्तैः +५ र –५ भन्ने सङ्ख्यामा चिन्हको कारणले गर्दा एउटा धनात्मक र अर्को ऋणात्मक परिमाण हुनपुगेको छ। धनात्मक परिमाण र ऋणात्मक परिमाणबीच जोड, घटाऊ, गुणन र भाग क्रिया गर्दा कस्तो नतिजा आउँदछ भन्ने धारणा दिन केवल चिन्हमा मात्र विचार पुऱ्याउनुभन्दा चिन्हलाई सङ्ख्यासँग सम्बन्धित गरेर सिकाउनुपर्दछ। चिन्हहरूको नियम बुझ्न सङ्ख्या रेखा पनि उपयोगी हुन्छ। अब धनात्मक र ऋणात्मक परिमाणबीचको जोड, घटाऊ, गुणन र भाग क्रियाहरूलाई निम्नानुसार अलग-अलग चर्चा गरौं।

१. **धनात्मक** (+) **+ धनात्मक** (+) = **धनात्मक** (+)

(+) + (+) = (+) भन्नुभन्दा (+४) + (+६) = (+१०) भन्ने खास उदाहरण प्रस्तुत गर्दा यो धारणा अर्थपूर्ण हुन्छ। ४ ओटा गुच्चामा ६ ओटा गुच्चा थप्दा १० गुच्चा हुने व्यावहारिक उदाहरणबाट नै यसलाई बुझाउन सकिन्छ। यसलाई सङ्ख्या रेखाबाट हेरौंः





धनात्मक दिशामा ० बाट ४ एकाइ जाने र त्यहाँबाट पुनः ६ एकाइ अगाडि बढ्दा १० एकाइको बिन्दुमा पुगिन्छ। अतः (+४) + (+६) = (+१०), यसै अनुसार (+) + (+) = (+) हुँदोरहेछ भन्ने अनुभव प्रदान गर्न सकिन्छ।

२. **धनात्मक** (+) **+ ऋणात्मक** (–) = **धनात्मक** (+) **वा ऋणात्मक** (–)

यसलाई पनि उदाहरणबाट हेरौं। (+५) + (–२) = ?

(+५) + (–७) = ?


कुनै व्यक्तिलाई रु.५ प्राप्त भयो भने अर्कोतर्फ रु.२ गुमाउनुपरेको अवस्थामा ऊसँग अझ रु.३ बाँकी नै हुन्छ भन्ने उदाहरणबाट (+५) + (–२) = (+३) बुझाउन सकिने। यसलाई सङ्ख्या रेखाबाट हेरौंः




सङ्ख्या रेखामा (+५) + (–२) भनेको धनात्मक दिशामा ० बाट ५ एकाइ जाने र त्यहाँबाट ऋणात्मक दिशामा २ एकाइ फर्कने

हो। यस्तो हुँदा धनात्मक दिशाको ३ एकाइको बिन्दुमा पुगिन्छ। अत: (+५) + (−२) = (+३)

अब (+५) + (−७) = (−२) लाई सङ्ख्या रेखाबाट हेरौं:



धनात्मक दिशामा ० बाट ५ एकाइको बिन्दुमा जाने र त्यहाँबाट ऋणात्मक दिशामा ७ एकाइ फर्कंदा ० बाट ऋणात्मक दिशामा २ एकाइको बिन्दुमा पुगिन्छ।


अत: (+५) + (−७) = (−२)

यस्तै उदाहरणहरूबाट धनात्मक परिमाण र ऋणात्मक परिमाणबीच जोड क्रिया गर्दा धनात्मक परिमाण ठूलो भए जोडफल धनात्मक हुने र ऋणात्मक परिमाण ठूलो भए जोडफल ऋणात्मक हुने धारणा दिन सकिन्छ।

३. **ऋणात्मक** (−) + **ऋणात्मक** (−) = **ऋणात्मक** (−)

व्यावहारिक उदाहरणबाट हेरौं: कुनै व्यक्तिले रु.१००० ऋण लागेको थियो। पुन: पछि रु.२००० ऋण थपिँदा उसको कुल ऋण रु.३००० हुन्छ। (−१०००) + (−२०००) = (−३०००) सङ्ख्या रेखाबाट हेरौं:

(−४) + (−३) = ?




शून्यबाट ऋणात्मक दिशामा ४ एकाइको बिन्दुमा जाने र त्यहाँबाट त्यही दिशामा अरु ३ एकाइ अगाडि बढ्दा ऋणात्मक दिशाकै ७ एकाइको बिन्दुमा पुगिन्छ।

अत: (−४) + (−३) = (−७), यसै अनुसार (−) + (−) = (−) हुँदोरहेछ।

४. **धनात्मक** (+) x **धनात्मक** (+) = **धनात्मक** (+)

एउटा उदाहरण हेरौं: (+६) x (+३) = (+१८)

(+६) x (+३) को अर्थ (+६) लाई ३ गुणा बढाउनु हो। गुणन जोड क्रियाकै सङ्क्षिप्त रुप भएकोले (+६) x (+३) लाई (+६) + (+६) + (+६) को रूपमा विस्तार गर्न सकिन्छ। त्यसैले (+६) x (+३) = (+६) + (+६) + (+६) = (+१८) हुने कुरा बुझाउन कुनै गाह्रो पर्दैन। यसलाई सङ्ख्या रेखाबाट हेरौं:




शून्यबाट धनात्मक दिशामा ३ पटकसम्म प्रत्येक पटक ६ एकाइको दरले दूरी पार गर्दा सोही दिशाकै बिन्दु १८ मा पुगिन्छ। अत: (+६) x (+३) = (+१८), यसै अनुसार (+) x (+) = (+) हुँदोरहेछ।

५. **धनात्मक** (+) x **ऋणात्मक** (−) = **ऋणात्मक** (−)

उदाहरण हेरौं: कुनै व्यापारीलाई रु.५०० को दरले लगातार ४ पटक घाटा लाग्दा रु.२००० घाटा लाग्छ। (−५००) x (+४) = (−२०००)

अब सङ्ख्या रेखाबाट हेरौं: (−२) x (+३) = ?



शून्यबाट ऋणात्मक दिशामा तीन पटकसम्म प्रत्येक पटकमा दुई एकाइको दरले अगाडि बढ्दा सोही दिशाकै ६ एकाइको बिन्दुमा पुगिन्छ। अत: (−२) x (+३) = (−६), यस अनुसार (+) x (−) = (−) को अनुभव प्रदान गर्न सकिन्छ।

६. **ऋणात्मक** (−) x **ऋणात्मक** (−) = **धनात्मक** (+)

एउटा उदाहरणबाट हेरौं: (−२) x (−३)

(−२) x (−३) लाई निम्नानुसार फरक-फरक तरिकाले अभिव्यक्त गर्न सकिन्छ।

(−२) x (−३)


→ (−३) पटकसम्म (−२) लाई जोड्नु

→ (−३) पटकसम्म (+२) लाई घटाउनु

→ ३ पटकसम्म (+२) लाई जोड्नु

→ (+२) x (+३)

यसप्रकार (−२) x (−३) लाई अर्को तरिकाबाट अभिव्यक्त गर्दा (+२) x (+३) हुनसक्दोरहेछ। अभिव्यक्त गर्ने तरिका फरक भए पनि यिनीहरूको सार एउटै हुँदोरहेछ भन्ने कुरा माथिको प्रस्तुतीकरणबाट प्रस्ट हुन्छ। हामीलाई थाहा भइसकेको हुन्छ कि (+२) x (+३) = (+६)। यसै अनुसार (−२) x (−३) = (+६) हुनेभयो। यही समस्यालाई सङ्ख्या रेखाबाट हेरौं:



यहाँ (−२) x (−३) भनेको (−२) लाई (−३) पटक जोड्नु हो। शून्यबाट ऋणात्मक दिशामा दुई एकाइको बिन्दुमा जाने। यदि तीन पटक भनेको भए त्यही दिशामा अगाडि बढ्नुपर्थ्यो। तर, −३ पटक भनेको हुनाले −२ रहेको बिन्दुबाट त्यसको विपरीत दिशा अर्थात् धनात्मक दिशामा एक पटकमा २ को दरले ३ पटक फर्कनुपर्‍यो। त्यसरी फर्कंदा धनात्मक दिशातर्फ शून्यबाट ४ एकाइको बिन्दुमा पुगिन्छ। अब −२ को बिन्दुदेखि +४ को बिन्दुसम्म पुग्दा धनात्मक दिशामा ६ एकाइ दूरी पार भएको हुन्छ। अत: (−२) x (−३) = (+६), यसै अनुसार (−) x (−) = (+) हुन्छ।

धनात्मक र ऋणात्मक सङ्ख्याहरूबीचको गुणन क्रियाहरू गर्दा हुने चिन्हको नियमहरू बुझिसकेपछि गुणन क्रियासँग सम्बन्धित गरेर भाग क्रियालाई बुझ्न बुझाउन सकिन्छ।

Laxman Gnawali



# How to Teach Grammar ?

English teacher should follow the inductive approach to teach grammer in better way.

Though the communicative approach to language teaching discourages explicit grammar teaching, there are a number of reasons why we need to teach this aspect of language. The knowledge of grammar helps learners to gauge their own learning and it also counters the risk of fossilisation. This paper starts with this justification of grammar teaching and moves on with ways of grammar teaching. It presents the principles of using both the deductive approach and the inductive approach, with sample lessons. The paper concludes with the suggestion that the inductive approach is a better way to teach grammar.

## Why teach grammar

Despite arguments against teaching explicit grammar, the teaching of grammar enjoys a key role in English language classrooms. "Ability to communicate effectively is probably not attained most quickly or efficiently through pure communication practice in the classroom – not, at least, within the framework of a formal course of study" (Ur, 1996, p. 5). If we take the instance of first language (L1) learning, grammar is not initially taught explicitly, however, in the second language learning setting (L2), grammar becomes an important component in the process. The exposure and motivation to learn one's own first language is so high that breaking the language in to 'learnable chunks' is not required, however, in the L2 situation, it becomes a must: the language has to be broken into manageable pieces.

The L2 learner needs to learn grammar explicitly for different reasons. Firstly, in grammar exercises, individual structures are concretely identifiable and the learner can see how much he/she has learned. This allows the leaner to see what they know which in turn boosts their confidence. In my personal experience, most language learners, when asked what they want to learn, have asked for 'correct grammar'. They argue that without this, their language will be labelled as incorrect.

Secondly, there is a risk in teaching language through a purely communicative approach. Constant use of incorrect or inappropriately formed expressions will cause 'fossilization'. Research suggests that "Learners who receive no [grammar] instruction are at the risk of fossilising sooner than those who receive it" (Thornbury, 1999, p.16). Thus, teaching grammar can help to prevent linguistic fossilisation in learners.

We can put forward other arguments in support of teaching grammar explicitly in EFL classrooms as well. Grammar helps in fine-tuning the language, noticing the structures in use and organising learning. "Since knowledge of grammar is essential for competent users of a language, it is clearly necessary for our students" (Harmer, 1991, p. 22).

## How to teach grammar

There are two approaches to teaching grammar: the deductive approach and the inductive approach. In the former, the rules are presented to the learner first using the required meta-language. Once the rule is established, minimal examples are given to support the rule. The inductive approach is a way of 'discovery learning'. In this mode of learning, adequate rules and usage are presented and students derive the rules from the examples.

A variation of the example-rule approach is teaching grammar through texts. In this approach, a text which has an aspect of grammar used explicitly is presented and analysed through reading com-

prehension or other modes. Slowly learners are led to discover rules of the structures used in the text. We can now establish that there are three ways to teach grammar: teaching grammar through rules, teaching grammar through examples, and teaching grammar through texts.

### Teaching Grammar through rules

Teaching grammar through rules is known as the deductive approach and it is rule-driven. As already mentioned, in this approach the teacher starts the lesson with a grammar presentation using the meta-language of grammar. The teacher, assuming a central role, follows a transmission style and explains the rules and elaborates with examples. Most textbooks are designed to follow this technique of teaching grammar. Let's look at these examples.

## Nouns, adjectives and adverbs

**1. Subject and Object pronouns**

*Subject pronouns*

| | | | | | | |
|---|---|---|---|---|---|---|
| I | you | he | she | it | we | they |

*Object pronouns*

| | | | | | | |
|---|---|---|---|---|---|---|
| me | you | him | her | it | us | them |

The subject is the person or thing doing the action:

***I*** *left early.*

***She*** *went home.*

***We*** *said goodbye.*

The object is the person or thing receiving the action:

*She telephoned* ***me.***

*I hit* ***him.***

*We saw her.*

Write the correct pronouns for these sentences:

1. …… telephoned yesterday. (she)
   She telephoned yesterday.
2. We watched …. for hours.
   We watched him hours.
3. Hasn't … arrived yet. (she)
4. … don't understand. (I)
5. Are you talking to ……. (I)
6. Don't ask … … doesn't know. (she/she)
7. This is Julia. … have known … for years. (we/she)
8. Nobody told … the bus was leaving. (they)
9. Why didn't … ask … to come? (she/they)
10. Don't ask… Ask… (I/he)
11. … think… doesn't like… (I/he/I)
12. asked … to invite … (they/he/we)

(Adapted from Walker and Elsworth 1986 Grammar Practice for Intermediate Students, Harlow: Longman)

In these examples, we can see the teacher tries to establish the rule with the intention that when the learner comes to the practice stage they will already know the structural rule.

### Teaching grammar through examples

Induction is learning through experience. When the learner is exposed to a good amount of input, regularities and patterns of the language become evident. Then the learner can deduce the general rule. Deducing the rule followed by good practice helps automation. 'Automation' means having the ability to form similar structures without consciously referring to the rules. Based on this principle, the teacher first presents several examples and gets students to examine the examples and find out what the rule is. Below are samples of how this approach is used.

The first is at the presentation stage of report-

## Teaching Past Perfect

T: Right the past perfect. (cueing)
T: The past perfect is formed from the pas of the auxiliary 'have' plus the past participle. (rule of form)
T: For example, 'everyone had left', the film had started. (examples)
T: So what's the past participle of 'They go'? (check)
S: 'They had gone.'
T: Good.
T: It is used when you are talking about the past, and you want to refer to an earlier point in the past.
(rule of use)
T: For example, 'We were late. When we went to the cinema, the film had already started.' (example)
T: Did the film start after we arrived, at the same time we arrived or after we arrived? (check)
S: Before.
T: 'Right'.
T: So it's like this. (draws)




T: We arrived at this point in time (a). But I need to refer to an earlier point in the past, when the film started, here. (b)

(Adapted from Thornbury, 1999, How to Teach Grammar, Harlow: Longman)

## Nouns, adjectives and adverbs

Look at these sentences:
You know Norma and Joe, don't you?
They work everyday.
Joe talks to tourists and Norma writes letters.
We always go to their travel agency.
The agency offers tours to many different countries. I like the service there.

There is a final s on the verb only with certain subjects. What are they?
I you he she it we they

Now apply the rule!
Circle the right verb.
I see/sees Norma almost everyday or she call/calls me. She and Joe sometimes come/comes to my house on weekends. Joe usually tell/tells us some funny stories.

(From Maple, R. 1998, New Wave 1, Longman.)

## By the way

### Beauty of Mathematics

1x8+1=9
12x8+2=98
123x8+3=987
1234x8+4=9876
12345x8+5=98765
123456x8+6=987654
1234567x8+7=9876543
12345678x8+8=98765432
123456789x8+9=987654321

if (ABCDEFGHIJKLMNOPQRSTUVWXYZ) is represented by (1 2 3 4 5 6 7 8 9 10 11 12 13 14 15 16 17 18 19 20 21 22 23 24 25 26) respectively,

THEN,

H-A-R-D-W-O-R-K
8+1+18+4+23+15+18+11=98%

AND

K-N-O-W-L-D-G-E
11+14+15+23+12+5+4+7+5=96%

BUT

A-T-T-I-T-U-D-E
1+20+20+9+20+21+4+5=100%

*Sulabh Silwal (X A), Shuvatara School*

A factory needs workers. Yesterday Bill read their advertisement in the paper. It said these things.

"We're a very large firm, pay very high wages, and have god pension scheme."

Bill is at the factory today. He now knows that all those things are not true. At this moment he is saying these things to the manager.

"YOU SAID YOU WERE A VERY LARGE FIRM but you are really a small one!

YOU SAID YOU PAID HIGH WAGES but they are really low.

YOU SAID YOU HAD A GOOD PENSION SCHEME. You really don't have one at all."

(From Thornbury, S. 1999, How to Teach Grammar, Longman)

ing statements. In the second, there is also rules inference and practice. However, in both examples we can see that the teacher is trying to expose the learner to the uses of the given structures so that they can deduce the rules themselves. Once they find the rules and practise the exercises, they will be able to apply the productive rules as well.

### Teaching grammar through texts

Every language item is context specific. The aspect of the meaning and the use of any lexical item depend upon the context. Likewise, the grammar use also relates to the context. Therefore, another way to teach grammar is by using a text in which a given structure or rule is explicitly used and the learner is well exposed to the structure. This way of teaching grammar has an advantage. Because the text is used from a grammatical point of view as well as from a reading or vocabulary point of view, the learner can develop not only grammar but other skills as well. The following is an activity for teaching the passive voice in which the text is the vehicle.

### Which one?

Now having presented the three ways to teach grammar, a question certainly arises. Which is the appropriate way to teach grammar, is it through rules, or examples or texts? The answer is whichever we start with, we have to deal with all three aspects. The issue is simply of the order. Even if we start with examples or texts we have to provide some meta-language which means we need to give explicit rules. We cannot avoid rules nor can we understand the rules without examples and context. We can use any of the ways; the matter is only of how effectively we can present them. However, at a time when we are promoting 'discovery learning'

## Using an authentic text to teach the passive voice

### DOG ATTACK

Jessica Johnson was out walking with her husband when she was attacked by an unsupervised Alsatian dog. Two days later, because the wounds had become infected, Jessica was admitted to hospital. Even after she was discharged, she needed further treatment from her GP – and she was told to rest for two weeks. Jessica is self-employed and her business was affected while she was sick. Also, the trousers and shoes she'd been wearing at the time of the attack were ruined by bloodstains, and had to be thrown away.

Jessica told us, "I'm now trying to get compensation from the owners of the dog."

### Step 1

Before handing out the text, the teacher tells the class the title of the article and gets students to guess the vocabulary that may be in such a text. He writes the words that come from the students and adds those useful words not mentioned by the students like bloodstains, infected, stitches.

### Step 2

The teacher gets the class to read the text silently with a view to answering these questions: Who was attacked? Where? How badly? Who was to blame? The students check their answers in pairs before the teacher checks in open class. The teacher sets more intensive questions.

### Step 3

The teacher asks the class to turn the text over and then writes these two sentences on the board:

1. An unsupervised Alsatian dog attacked her.
2. She was attacked by an unsupervised Alsatian dog.

He then asks the class if they can remember which of these sentences was used in the text. He allows them to check the text if they cannot remember. He then elicits from students a description of the description in form between these two sentences, identifying 1 as an active construction and 2 as passive. He points out that while in 1 the subject of the verb (the dog) is the agent, or actor, in 2 the subject of the verb is the person who is affected by the action. He elicits the structure of the passive sentence: subject+ auxiliary verb to be + past participle. He then asks the students to study the text again and decide why the sentence 2 was considered appropriate in this text. He elicits the answer: Because the woman is the topic or the theme of the story. (Themes typically go the beginning of the sentences.

### Step 4

The teacher asks the students to find other examples of passive construction in the text, to underline them and to discuss in pairs or small groups the rationale for the use of passive in each case. In checking this task, the following points are made:

The passive is typically used:

1. to move the theme to the beginning of the sentence and/or
2. when the agent is unimportant or not known Where the agent is mentioned by + agent is used.

### Step 5

The teacher asks the students to cover the text and, working in pairs to try to reconstruct in fro memory. They then compare their versions with the original.

### Step 6

The teacher asks students if they (or people they know) have had a similar experience. Having recounted their stories in English they are asked to write their stories and this is checked for appropriate use of the passive.

(From Thornbury, S. 1999 How to teach grammar, Longman.)

the second and the third ways of teaching grammar are suggested. To quote Pascal, "People are generally better persuaded by the reasons which they themselves have discovered than by those which have come into the minds of others" (n.d.).

*(This article is coordinated by NELTA)*


### References

Celce-Murcia, M. and Hilles, S.(1988). Techniques and resources in teaching grammar. Oxford: Oxford University.

Harmer, J. (1991). The Practice of English language teaching. Harlow: Longman.


Thornbury, S. (1999). How to teach grammar. Harlow: Longman.

Ur, P. (1988).Grammar practice activities. Cambridge: Cambridge University Press.

# फुर्सद



## शब्द खेल–१६



नामः — — — — — — — — — —

ठेगानाः — — — — — — — — — —

### तेर्सो

१) मोटर आदि हाँक्ने वा चलाउने व्यक्ति
४) हरेक वर्ष/वर्षैपिच्छे
६) अभियोग/दोष/कलङ्क
७) चार अंक हुने दृश्य काव्यको एक भेद
८) सबै नै/तमाम/भएभरिको
९) धान, मकै, गहुँ आदि खाद्य वस्तुका गेडा
१०) सक्कलबाट सारेको पत्र/उद्धृत अंश/नक्कल
११) ज्यादै बिरामी/मर्न आँटेको/मरणासन्न
१३) एक प्रसिद्ध खनिज धातु
१६) बालीनाली सखाप पार्ने, बोट विरूवाको पातै समेत खाएर नाङ्गो पार्ने, फट्याङ्ग्रो जस्तो उड्वा कीरो
१७) वनस्पतिको सन्तान उत्पन्न गर्ने कोष
१८) कृष्णकी आमा/वसुदेवकी पत्नी
१९) खेल, युद्ध आदिमा असफल हुने/हार्ने
२०) खेतालाहरू लगाई गाना–बजाना समेत गर्दै खेत रोप्ने काम

### ठाडो

२) कलापूर्ण ढङ्गले सजाउने काम
३) अकस्मात्/अचानक/सहसा
४) बलपूर्वक/जबर्जस्तीसँग
५) जो भएको सबै सकिएको/पूरै समाप्त
७) जग्गा–जमिन आदि नाप्ने काम
९) क्षितिजभन्दा तल गएको (सूर्य चन्द्र आदि)
१०) महादेवकी पत्नी/पार्वती/दुर्गा
१२) पुस्तक मात्र अध्ययन गर्ने व्यक्ति
१३) निरङ्कुश वा स्वेच्छाचारी शासक
१४) पाँचपाण्डवमध्ये कान्छो भाइ
१५) स्वतन्त्र अवस्थामा रहन सक्ने र पदार्थमा रहेका गुणहरूलाई सुरक्षित राख्न सक्ने पदार्थको अति सानो कण वा मात्रा
१६) सर्ने किसिमको/सङ्क्रामक

## आयुर्वेद पानी : गुणको खानी

खानेकुरा नखाइकन पनि हामी केही दिन बाँच्न सक्छौं तर पानी नखाई हामी बाँच्न सक्दैनौं । पानी भन्ने कुरो हामी सधैं नै पिउन सक्छौं, तापनि यहां प्रस्तुत केही कुरामा ध्यान दिने हो भने पानी पिउनुको फाइदा हामी बढी नै लिन सक्छौं ।

१) बिहान उठेर हातमुख धोइसकेपछि प्यास लागे पनि नलागे पनि पानी पिइदिनुपर्छ । सूर्योदय हुनुअघि नियमित पानी पिउने गरेमा निको पार्न गाह्रो भइरहेको रोग पनि निको भएर जान्छ । अघिपछि पनि जीउ स्वस्थ भइरहन्छ ।

२) डर लागेको बेलामा, रिस उठेको बेलामा, चोट लागेको बेलामा र शोकाकूल अवस्थामा पानी पिइदिंदा हामीलाई फाइदा नै गर्छ । किनकि त्यस्तो बेलामा शरीरभित्रको अनेक स्रावग्रन्थीले छोड्ने हानिकारक हार्मोनहरूको दुष्प्रभाव निकै कम भएर जान्छ ।

३) हाइपर एसिडिटी (पित्त बढ्नु) भएको बेलामा पानी धेरै नै पिइदिनुपर्छ । किनकि उसले पेट र पाचन–नलीभित्रको नरम सतहमा जलन हुन दिंदैन ।

४) पेट गह्रुंगो हुने, अमिलो डकार आउने, पेट पोल्ने र अपच भएको बेलामा तातोपानी पिइदिनुपर्दछ । किनकि यो सबै पाचनतन्त्रमा खराबी आएकोले हुने हो । तातोपानीले पाचनतन्त्रको खराबीलाई हटाइदिन्छ ।

५) पत्थरी, कब्जियत, रूघाखोकी, दम, जरो, निमोनिया, जण्डिस र पिसाबथैलीमा इन्फेक्सन आदि रोग लागेको बेलामा प्रशस्त पानी पिउनुपर्छ । किनकि त्यस्तो बेलामा पानीले पनि औषधिको काम गर्दछ ।

६) डाइरिया, हैजा, बान्ता, पातलो दिसा हुने आदि रोग लागेमा उमालेर चिस्याएको पानी पिउनुपर्दछ । यस्तो पानी कीटाणुरहित हुने भएकाले यसले झाडाबान्ता लागेर शरीरमा 'डिहाइड्रेशन' हुने प्रक्रियालाई रोकिदिन्छ ।

**नियमः** शब्दखेल, अन्ताक्षरी, सुडोकु र सामान्यज्ञानको सही समाधान पठाउनुहुने पाठकमध्ये प्रत्येकका एक/एक विजेताले **रू.१,००० पुरस्कार** पाउनुहुनेछ । यस अंकका प्रश्नको जवाफ/समाधान **२० फागुन २०६६** सम्ममा *शिक्षक* मासिकको कार्यालयमा आइपुग्नुपर्नेछ ।
**जवाफ पठाउने ठेगानाः** ***शिक्षक*** मासिक, पाटनढोका, पो.ब.नं. १६६, ललितपुर ।

## सुडोकु–१६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | | १ | | ३ | | ८ | | ४ |
| | | | ४ | ८ | २ | | | |
| | | | | ६ | | | | |
| ९ | | ४ | | २ | | ३ | | १ |
| १ | | | | | | | | ७ |
| ८ | | ५ | | ९ | | ४ | | ६ |
| | | | | ४ | | | | |
| | | | ६ | ७ | ८ | | | |
| ७ | | ३ | | १ | | ६ | | ५ |

**नामः** _ _ _ _ _ _ _ _ _ _

**ठेगानाः** _ _ _ _ _ _ _ _ _ _

## सुडोकु–१४ को समाधान

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | २ | १ | ९ | ६ | ७ | ८ | ५ | ३ |
| ६ | ७ | ५ | ३ | १ | ८ | ४ | ९ | २ |
| ३ | ८ | ९ | २ | ४ | ५ | ६ | १ | ७ |
| १ | ९ | ८ | ७ | ३ | ४ | ५ | २ | ६ |
| ७ | ४ | २ | ८ | ५ | ६ | १ | ३ | ९ |
| ५ | ६ | ३ | १ | २ | ९ | ७ | ४ | ८ |
| २ | १ | ६ | ५ | ७ | ३ | ९ | ८ | ४ |
| ८ | ३ | ७ | ४ | ९ | १ | २ | ६ | ५ |
| ९ | ५ | ४ | ६ | ८ | २ | ३ | ७ | १ |

## सामान्यज्ञान–१६

१. संसारको सबैभन्दा लामो राजमार्ग क्यानडामा पर्छ, अनुमान गर्नुस् त्यो राजमार्गको लम्बाई (Length) कति होला ?

२. नेपालको इलाम चिया उत्पादनका दृष्टिले चिनिएको छ भने संसारमा धेरै कफी उत्पादन गर्ने मुलुकको रूपमा अर्को देश प्रख्यात छ, त्यो देशको नाम के हो ?

३. विश्वको सबैभन्दा धेरै पुस्तक भएको ठूलो पुस्तकालय अमेरिकाको वासिङ्टन डिसीमा अवस्थित छ, अब भन्नुहोस्, त्यो पुस्तकालयको नाम के हो ?

४. सामान्यतया जीवजन्तुको दाँत मुखभित्र हुन्छ भन्ने विश्वास गरिएको हुन्छ । तर, यस पृथ्वीमा एउटा यस्तो जीव अस्तित्वमा छ, जसको दाँत पेटमा हुन्छ, त्यो जीवको नाम लेख्नुहोस् ।

५. हिन्दू परम्पराअनुसार विवाह गर्दा दुलहाले दुलहीलाई औंठी लगाइदिने चलन छ । स्वयम्बर गर्दा दुलहाले दुलहीलाई लगाइदिने त्यस्तो औंठीलाई के भनिन्छ ?

### सामान्यज्ञान–१४ को सही उत्तर

१. काठमाडौं उपत्यकाको कुल जनसङ्ख्यामध्ये करिब २९.६० प्रतिशत नेवार समुदायको छ ।


२. वैज्ञानिक नामका पछाडि *नेपालेन्सिस* अथवा *नेपालसेन्स* जोडिएका करिब ५०० भन्दा बढी जीव वा वनस्पति छन् ।

३. नेपालमा हाल वि.सं. २०२८ सालमा बनेको शिक्षा ऐन प्रचलनमा छ ।

४. नेपालमा भएका दुई राप्ती नदीहरूमध्ये एउटा नारायणी अञ्चलको चितवन र मकवानपुर भएर बग्छ भने अर्को राप्ती अञ्चलको दाङ, रोल्पा, प्यूठान र भेरीको बाँके भएर बग्छ ।

५. राजनीतिक सन्दर्भमा प्रशस्त प्रयोग गरिने 'बोल्सेभिक' (Bolshevik) शब्दको अर्थ मेजोरिटी (Majority) अर्थात् बहुमत/बहुमतवाला हो ।

## अन्ताक्षरी-१६




नामः — — — — — — —

ठेगानाः — — — — — — —

१) पींध पत्ता लगाउन नसकिने/अथाह गहिरो (३)
२) विशेष गरेर बालकहरूलाई एकोहोरे किसिमले लाग्ने खोकी/हुपिङ्ग कफ (५)
३) देव-देवताको नाम तथा यशको विशेषतः गाउँदै-बजाउँदै गर्ने स्तुति (३)
४) सिंचाई, जलपथ वा दुवै कामका निम्ति बनाइएको ठूलो कुलो (३)
५) रक्तसञ्चारको वेग वा गति (४)
६) गतिलो मीठो भोजन/मिष्ठान्न (४)
७) नाश हुने/नाशवान्/क्षणभङ्गुर (३)
८) रमाका पति/विष्णु (४)
९) छ्यान्नब्यान्न/छितरबितर/छरपुस्ट (६)
१०) ज्यादै पियक्कड/रक्सी पिउनमा नामी (३)
११) हात्ती बाँध्ने ठाउँ वा घर (४)
१२) रसायनसम्बन्धी विधिलाई प्रदर्शन गर्ने विद्या (७)
१३) भर्खरै बच्चा जन्माएकी/भर्खरै सुत्केरी भएकी (५)
१४) ताराहरूको घेरा वा समूह/नक्षत्रमण्डल (५)
१५) इँट, ढुङ्गा, रोडा आदिले बनाइएको लामो थाम/स्तम्भ

### शब्दखेल-१४ को सही उत्तर

तेर्सोः १) दाख ३) अचेत ५) कुन्ती ६) प्रतिपक्ष ८) लखपति १०) सिलोट ११) भरत १२) प्रतिपदा १५) विकराल १७) धाक १८) राष्ट्रिय १९) वर्षा

ठाडोः २) खनाति ३) अध्यक्ष ४) तरल ५) कुरूप ७) पदलोलुप ९) खतरनाक १३) तिलक १४) दाउरा १५) विलय १६) राघव

### अन्ताक्षरी-१४ को सही उत्तर

१) थुमथुमाइ २) इष्टदेवता ३) तान्त्रिक ४) कसरत ५) तमसुक ६) कचेरा ७) रामेछाप ८) पश्चात्ताप ९) परिवर्तनीय १०) यथासम्भव ११) वनभोज १२) जनश्रमदान १३) ननिको १४) कोख १५) खण्डन

**शब्दखेल-१४ः** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *लक्ष्मी राई,* झापा, तोपगाछी ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- रामाकान्त चौधरी, नेपाल टेलिकम, काठमाडौं,
- मीनबहादुर दाहाल, दिक्तेल-४, खोटाङ
- रमेश दाहाल 'क्षितिज', श्री ज्यू मावि, खोटाङ
- उद्धवप्रसाद सापकोटा, श्री महेन्द्र उमावि, मकवानपुर
- महेश्वरप्रसाद खतिवडा, सुस्त मनस्थिति एकीकृत स्रोतकक्षा, त्रि. उमावि, उदयपुर
- पुष्पराज पनेरू, श्री वैजनाथ माध्यमिक विद्यालय, डडेल्धुरा
- सिहिसाप विष्ट र युवराज अधिकारी, श्री नेपाल राष्ट्रिय उमावि, किमुचौर, सल्यान
- गणेशप्रसाद बखेल, श्री ककनी निमावि, रामेछाप
- ताराकुमारी राई, श्री जलेश्वर प्रावि, धनकुटा
- नेत्रबहादुर गुरूङ, श्री ढुङ्गागाडे निमावि, गोरखा
- प्रदीप बस्नेत, श्री गोल्मादेवी मावि, सिन्धुपाल्चोक
- कुलकेशर राई, श्री लक्ष्मीनारायण प्रावि, भोजपुर
- लक्ष्मण पोखरेल, पराल्मी-४, गुल्मी
- निर्मला श्रेष्ठ, भानुमोरङ प्रावि, विराटनगर-१३
- मनराजा राजोपाध्याय, लगन
- कमलादेवी कार्की, श्री थान पोखरी उमावि, उदयपुर
- वन्दना घिमिरे, श्री हिमालय उमावि, खाँदबारी, संखुवासभा
- शिवशरण ज्ञवाली, श्री जनप्रिय उमावि, दरबाङ्, म्याग्दी
- विमला सज्जेल, इकुडोल गाविस, ललितपुर-९
- भावना राउत, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
- लोकेन्द्र श्रेष्ठ, श्री सिंहेश्वरी मावि, जल्जला-५, संखुवासभा
- गुप्तबहादुर भण्डारी, श्री महेन्द्र प्रावि मलम्पार, मल्कवाङ्-७, म्याग्दी
- दीपबहादुर राई, कालिका मावि वाकाचोल-५, खोटाङ
- रमेश शर्मा, श्री राजकुलेश्वर निमावि, दोलखा
- लालबहादुर साउद, श्री महाकाली बाल विद्यालय मझगाउँ, कञ्चनपुर
- डोरहरि आचार्य, प्रीति गाविस-९, रामेछाप
- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाल्चोक
- यतिन्द्र अधिकारी, श्री सरस्वती उमावि, इटहरा
- सरोज रेग्मी, श्री जनजागृत निमावि, नवलपरासी
- खोमराज धमला, विद्योदय उमावि, भोजपुर
- सानुबाबु खनाल, नेपाल टेलिकम, नवलपुर, सर्लाही
- कमलप्रसाद फुँयाल, श्री नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- खेमनाथ ढुङ्गेल, श्री कालिका बालविकास मावि, राखा, खोटाङ
- वेदबहादुर रानामगर, होली भिजन इन्टरनेशनल उमावि, काठमाडौं
- रमेशमोहन अधिकारी, कालिका मावि, नामटार, मकवानपुर
- लीलाधर आचार्य, बी. एण्ड बी. हस्पिटल, ललितपुर
- भावना अधिकारी, तुलसीपुर-५, दाङ
- नारायणप्रसाद नेपाल, श्री जुगल प्रावि, बतासे-४, सिन्धुपाल्चोक
- वटुकृष्ण कसपाल, पुतलीसडक, काडमाडौं
- कान्तिबहादुर रायमाझी, श्री दुर्गा नदी, प्रावि, मझुवा-४, रामेछाप
- तुलसीप्रसाद पौडेल, श्री सरस्वती मावि, सिमघाट, साहारे-८, सुर्खेत
- श्यामकुमार थापा, नु. बहाकोट मावि, बहाकोट-३, स्याङ्जा
- राजन तिम्सिना, श्रीकृष्ण उमावि, डाँडागाउँ, तेह्रथुम
- कोपिला थुलुङ, दिक्तेल इङ्गलिस सेकेण्डरी बोर्डिङ स्कूल, खोटाङ
- इन्द्रप्रसाद पौड्याल, श्री हिमालय उमावि, गोर्खे, इलाम
- वैदेहीशरण यादव, श्री उमावि बसबिट्टी, महोत्तरी
- चन्द्रनारायण श्रेष्ठ, शक्ति उमावि, गोरखा
- रेनु खनाल, पिपलधारा-५, गुल्मी
- मीठू डल्लाकोटी, श्री निमावि, बजरहट्टी, वीरेन्द्रनगर-४, चितवन
- हरिनारायण खतिवडा, श्री शारदा संस्कृत मावि, रामेछाप
- विश्वनाथ दाहाल, श्री मावि, सुगारे, लदामीर-२, सिन्धुली
- वीरबहादुर थापा, सनमोडेल, इङ्गलिस स्कूल, रूद्रपुर-४, रूपन्देही
- ईश्वरी श्रेष्ठ, पाटन संयुक्त क्याम्पस, पाटन
- निसान सापकोटा, छतिवन-५, गोठखोला, मकवानपुर
- कमला अधिकारी, ब्रिलियण्ट बहुमुखी क्याम्पस, चाबहिल
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूले, तेनुपा-५, बन्दुकेडाँडा, धनकुटा
- बलराम इटनी, त्रिपुरासुन्दरी उमावि, खरी-४, धादिङ
- रंगनाथ गौतम, श्री काम्राङ प्रावि, तसर्पु-८, धादिङ
- रामशरण पुडासैनी, श्री कल्याणीदेवी मावि, जिलिङ, नुवाकोट
- टंकबहादुर दनुवार, श्री जनप्रेमी उमावि, रिस्कु-३, उदयपुर
- पृथ्वीराज ज्योती, श्री कालिका आदर्श निमावि, रामीडाँडा-५, जाजरकोट

**सुडोकु-१४ः** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *रामफल राना,* परासन-२, कञ्चनपुर ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- राजेन्द्र गुरूङ, बालज्योति इ. बोर्डिङ स्कूल, पालुङटार-९, गोरखा
- रमेश शर्मा, श्री राजकुलेश्वर निमावि, दोलखा
- जयप्रसाद राई, श्री शंखरानी प्रावि, रानीबास-२, दितेनी, भोजपुर
- नवराज सापकोटा, श्री वृद्धि कल्याण प्रावि, श्रीनाथकोट, गोरखा
- कान्तिबहादुर रायमाझी, श्री दुर्गानदी प्रावि, चुल्छेपानी, रामेछाप
- बटुकृष्ण कसपाल, पुतलीसडक, काठमाडौं
- निलमकुमार राना, भीमस्थान-१, साखामारी, सिन्धुली

- गुप्तबहादुर भण्डारी, श्री महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ्-७, म्याग्दी
- नारायणकुमार श्रेष्ठ, श्री नेत्रकाली उमावि, शान्तेश्वरी-१, सिन्धुली
- प्रदीप बस्नेत, श्री गोल्मादेवी मावि, कदमवास-३, सिन्धुपाल्चोक
- इन्द्रबहादुर मगर, प्रीति गाविस-९, रामेछाप
- रमेश दाहाल 'क्षितिज', श्री ज्यू मावि सुन्तले, खोटाङ
- पूर्णप्रसाद भट्ट, श्री मुक्राबदेवी मावि, सेर्तुङ-२, बोराङ, धादिङ
- मनराजा राजोपाध्याय, लगन
- फिरोज राजोपाध्याय, लगन, दलाछीटोल
- ओलकबहादुर खत्री, श्री कालीदेवी प्रावि, प्रीति-७, रामेछाप
- कृषा प्रधानाङ्ग, कमलविनायक, भक्तपुर-४
- कपिलबहादुर गाहा, आलमदेवी-८, स्याङ्जा
- रामाकान्त चौधरी, नेपाल टेलिकम, केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा
- ध्रुवकुमार दोरङ्गा, जिल्ला भू-संरक्षण कार्यालय, स्याङ्जा
- लक्ष्मी राई, तोपगाछी, झापा
- यतिन्द्र अधिकारी, श्री सरस्वती उमावि इटहरा
- मीठू डल्लाकोटी, श्री निमावि, वीरेन्द्रनगर-४ चितवन
- लक्ष्मण पोखरेल, पराल्मी-४, गुल्मी
- रेनु खनाल, पिपलधारा-५, गुल्मी
- शम्भुबहादुर आले मगर, नीलकण्ठेश्वर मावि, कठजोर-७, रामेछाप
- विपना श्रेष्ठ, झम्सीखेल
- गणेशप्रसाद बखेल, श्री ककनी निमावि, रामेछाप
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- उद्धवप्रसाद सापकोटा, श्री महेन्द्र उमावि, छतिवन, मकवानपुर
- खडानन्द वाग्ले, श्री किचनास निमावि, स्याङ्जा
- इरू श्रेष्ठ, नागबहाल, पाटन
- पुष्पराज पनेरू, श्री वैजनाथ मावि, मौरडा, डडेल्धुरा
- धनञ्जय आचार्य, श्री सरस्वती मावि, पाम्का, सुर्खेत
- ओमबहादुर भण्डारी, बघौडा-९, माडी, चितवन
- रामशरण पुडासैनी, श्री कल्याणीदेवी मावि, जिलिङ, नुवाकोट
- कमलप्रसाद फुँयाल, सिन्धुली, हत्पते-८, डाँडाटोल
- करण सिंह सुतार 'विवश', सुदूरपश्चिमाञ्चल क्याम्पस धनगढी, कैलाली
- भवानी आचार्य, सर्वोदय जनक मावि, विनामारे, बाग्लुङ


**अन्ताक्षरी-१४:** सही समाधान पठाउने सहभागीमध्ये गोलाप्रथाद्वारा छानिएका पुरस्कार विजेताः *पदमबहादुर राना,* पाम्का-२, सुर्खेत ।

**सामान्यज्ञान-१४:** सही समाधान पठाउने एक मात्र सहभागी *रामाकान्त चौधरी,* नेपाल टेलिकम, केन्द्रीय कार्यालय, काठमाडौं ।

**सही समाधान पठाउने अन्य सहभागीहरू**

- माधव अधिकारी, जनहित मावि, खनालथोक-८, काभ्रे
- टंकबहादुर श्रेष्ठ, श्री भीमेश्वर निमावि, रामपुर, रामेछाप
- लोकविक्रम कार्की, श्री मावि सुगारे, लदामीर-२, सिन्धुली
- कविता यस्माली, नीलकण्ठ क्याम्पस, धादिङ
- इन्द्रबहादुर थापा, सर्वोदयजनक मावि, विनामारे, बागलुङ
- वटुकृष्ण कसपाल, पुतलीसडक, काठमाडौं
- भावना अधिकारी, तुलसीपुर-५, दाङ
- गुप्तबहादुर भण्डारी, श्री महेन्द्र प्रावि, मलम्पार, मल्कवाङ-७, म्याग्दी
- चन्द्रबहादुर रानामगर, श्री सरस्वती निमावि, हिलेपानी, सिन्धुली
- सुरेन्द्र वाइबा, श्री काम्राङ प्रावि, तसपु-८, धादिङ
- लक्ष्मी बजगाईं, शंखु गाविस-३
- कृष्णबहादुर लिम्बू 'कमल', कुरूले तेनुपा-५, धनकुटा
- पूर्णप्रसाद भट्ट, श्री मुक्राबदेवी मावि, सेर्तुङ-२, बोराङ, धादिङ
- खोमराज धमला, विद्योदय उमावि, भोजपुर
- राजु बुढाथोकी, श्री लाकुरीडाँडा प्रावि, दोलखा
- लोकेन्द्र श्रेष्ठ, श्री सिंहेश्वरी मावि, जल्जला-५, संखुवासभा
- मीनबहादुर राउत, दुर्गेश्वरी निमावि, जलजला-४, संखुवासभा
- बद्रीप्रसाद घिमिरे, टेकानपुर-४, सिन्धुपाल्चोक
- नारायणबाबु जोशी, श्री सरस्वती प्रावि, मार्चु
- यतिन्द्र अधिकारी, इटहरा, मोरङ
- मीठू डल्लाकोटी, श्री निमावि, वीरेन्द्रनगर-४, चितवन
- जमुनादेवी सिग्देल, बालहित निमावि, पौवै, स्याङ्जा
- निर्मला श्रेष्ठ, भानमोरङ प्रावि, विराटनगर
- ओमबहादुर भण्डारी, बघौडा-९, माडी, चितवन
- रमेश दाहाल 'क्षितिज', श्री ज्यू मावि सुन्तले, खोटाङ
- प्रकाश वाग्ले, श्री किचनास निमावि, किचनास-३, स्याङ्जा
- खेमनाथ ढुङ्गेल, श्री कालिका बालविकास मावि, राखा, खोटाङ
- कमलप्रसाद फुँयाल, नेत्रकाली उमावि, आँपडाँडा, सिन्धुली
- रामशरण पुडासैनी, कल्याणीदेवी मावि, जिलिङ
- पुष्पराज पनेरू, श्री वैजनाथ मावि, मैरडा, डडेल्धुरा
- हरिनारायण खतिवडा, श्री शारदा सं.मा.वि., रामेछाप-३, बाबियाखर्क
- कोपिला थुलुङ्, दिक्तेल इङ्गलिस सेकेण्डरी बोर्डिङ् स्कूल, खोटाङ
- उद्धवप्रसाद सापकोटा, महेन्द्र उमावि, छतिवन, मकवानपुर
- रामाकान्त चौधरी, नेपाल टेलिकम, केन्द्रीय कार्यालय
- ईश्वरी श्रेष्ठ, पाटन
- वैदेही शरण यादव, श्री उमावि, बसबिट्टी, महोत्तरी


प्रकाशित भयो ! प्रकाशित भयो !! प्रकाशित भयो !!!



नेपाल सरकार शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र र जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमीबाट तयार पारिएको अंग्रेजीमा अनुवादित
नयाँ संस्करणका कक्षा १ देखि कक्षा १० सम्मका सम्पूर्ण बिषयका
पाठ्यपुस्तकहरु बजारमा आइसकेको
कुरा सबै अभिभावक र विद्यार्थी वर्गमा
अनुरोध गर्दछौं ।

NSPK

नेपाल साहित्य प्रकाशन केन्द्र
आनन्द भैरव मार्ग घर नं ४९, ज्ञानेश्वर, काठमाडौं
फोन: ४४३५८५६, ४४११६५२, ४४१७७०९, फ्याक्स: ९७७-१-४४२०९९०
इमेल: nspk@mail.com.np



कृष्णराज सर्वहारी

# 'स्थानीय भाषा र विषयमा जोड दिनुपर्छ'

**हृदयनारायण चौधरी**
**राष्ट्रिय उमावि, बकुलिया (भवानीपुर), बारा**

**शिक्षण पेशा नै किन रोज्नुभयो ?**

यो स्कूल मेरा ठूलो बुबा रामस्वरुप र पिता बन्नु चौधरीलगायतको सक्रियतामा २०११ सालमा हाम्रै घरमा स्थापना भएको हो। शिक्षामा अग्रजहरूको संलग्नताले गर्दा म पनि स्वत: त्यतै तानिएँ।

**कहिलेदेखि यो पेशामा हुनुहुन्छ ?**

२०२८ भदौदेखि। २०६५ माघमा अवकाश पाए पनि विद्यालय व्यवस्थापन समितिको आग्रहमा पढाइरहेको छु। तर, अहिले मेरो जिम्मेवारी शिक्षणभन्दा प्रशासनिक बढी छ।

**शिक्षक जीवनको दिनचर्या कस्तो रह्यो ?**

म कहिल्यै ढिलो विद्यालय गइनँ। घण्टी लाग्नुअघि कक्षाबाट निस्किनँ। विद्यार्थीको कपी जाँच्न अहिले पनि अल्छी गर्दिनँ। अतिरिक्त क्रियाकलाप गराउनमा सधैँ सक्रिय रहेँ।

प्राचार्यको जिम्मेवारी सम्हाल्दा पनि कहिल्यै गमक्क परिनँ। घण्टी खाली भएको बेलामा जुनसुकै विषय पनि 'गाइड' गरेँ। शिक्षकहरूको कक्षा अनुगमन गरी उनीहरूलाई विद्यार्थीलाई बुझ्ने बनाएर मात्रै अरू कोर्ष बढाउनुहोला भन्ने सुझाव हरदम दिएँ। प्राचार्यका रूपमा दैनिक प्रशासन, विद्यालयको हिसाबकिताब दुरुस्त राख्नेमा मात्र सीमित नरही शिक्षाको गुणस्तर सुधार्नमै मेरो ध्येय रह्यो।

**सरकारी स्कूलको पढाइ सुधार्न के गर्नुपर्ला ?**

विद्यालयले अभिभावकहरूसँगको दूरी घटाउनुपर्छ। सरकारी अनुदानमा मात्र भर नपरी स्थानीय साधन स्रोतबाट विद्यालयलाई कसरी सम्पन्न तुल्याउन सकिन्छ भन्नेमा प्रअ र विद्यालय व्यवस्थापन समिति लागिरहनुपर्छ। पुस्तकालय, प्रयोगशाला अनि अतिरिक्त क्रियाकलापमा पर्याप्त जोड दिँदै स्थानीय एवं निजी विद्यालयको पाठ्यक्रमलाई समेत समेट्न सके गुणस्तर सुधार्न सकिन्छ।

**असल शिक्षकमा हुनै पर्ने तीन गुण के-के हुन् ?**

अनुशासन, समयको पालना र विषयवस्तुको पर्याप्त ज्ञान।

**कमजोर विद्यार्थीलाई कसरी उकास्ने ?**

सबैभन्दा पहिले विद्यार्थीको घरको अवस्था बुझ्नुपर्छ। घरमा ज्यादै कामको लोड परेर हो कि, अभिभावकले ध्यान नदिएर हो कि, सँगै बस्ने सहकर्मीहरूले नजान्ने भनेर हेपेर हो कि? उसको मुख्य समस्या पहिचान गरी अवस्था अनुसार कमजोर विषयमा निश्चित समयको लागि कोचिङ कक्षाको व्यवस्था गरिनुपर्छ। कक्षामा सबै विद्यार्थीलाई समान ध्यान दिनु त छँदैछ, कमजोर विद्यार्थीलाई विशेष ध्यान दिनुपर्छ।

**'ड्रप आउट' कसरी घटाउने ?**

बारा, पर्सा क्षेत्रमा भाषा पहिलो समस्याका रूपमा देखेको छु। यस क्षेत्रमा थारू र भोजपुरी मातृभाषा बोल्ने विद्यार्थीहरू बढी छन्। त्यसैले, प्राथमिक कक्षामा ती भाषा समेत जान्ने बहुभाषिक शिक्षकबाट पढाइनुपर्छ। यसका अतिरिक्त स्थानीय पाठ्यक्रम बनाएर विद्यार्थीका छेउछाउकै विषयवस्तुमा पढाउन सके उनीहरूलाई कक्षामा निरन्तरता दिलाउन सकिन्छ।

**पुनर्जन्म भएमा के बन्न चाहनुहुन्छ ?**

शिक्षक।

**फेरि पनि शिक्षक नै किन ?**

म पुरानो पाठ्यक्रममा हुर्के बढेको शिक्षक हुँ। नयाँ शैलीमा पाठ्यवस्तु आउँदा रिटायर हुने अवस्थामा छु। त्यसैले, कम्प्युटरको जमानामा नयाँ शैलीमा विद्यार्थीसामु प्रस्तुत हुने मेरो धोको मेटिएको छैन। त्यो धोको यही जीवनमा पूरा हुने देखिँदैन, त्यसैले।

**शिक्षक बन्न चाहनेलाई के सुझाव दिनुहुन्छ ?**

जागिरे ऊँ तलब खान मात्र शिक्षक बन्नुहुन्नँ। शिक्षण ज्ञान बाँड्ने पेशा भएकोले ज्ञानको भोक निरन्तर जाग्ने खालको उत्सुक, अध्ययनशील हुनुपर्छ। प्राय: सरकारी स्कूलका शिक्षकहरू 'अब पढेर सकियो' भनेर अल्छी मान्ने खालका हुन्छन्। त्यस्ताले शिक्षाको गुणस्तर खस्काउँछन्।

**के तपाईं आफैंले आफ्मा कुनै अनुशासनको नियम लागू गर्नुभयो ?**

शिक्षक भएपछि कक्षा बाहिर पनि आफू अनुशासित हुनुपर्छ भन्ने मनसायले मैले जाँड, रक्सी मात्रै होइन, सिगरेट, खैनीको लतसम्म त्यागेँ।

**विद्यालय बाहिरको समय कसरी बिताउनुहुन्छ ?**

समाजसेवा र साहित्यलेखनमा। थारू व्याकरण, कविता, कथालगायत मेरा आधा दर्जन पुस्तक बजारमा छन्। हाल थारू भाषामै महाकाव्य लेखिरहेको छु।

**कृष्णराज सर्वहारी**

# शिक्षक मासिक ग्राहक बन्नका लागि सम्पर्क ठेगाना

१. ताप्लेजुङ्ग
सरस्वती पुस्तक पसल, ०२४-४६०१७१

२. पाँचथर
सरस्वती पुस्तक पसल,
फिदिम: ०२४-६९००८३

३. इलाम
इलाम पुस्तक पसल
फोन: ०२७-५२०४२३, ९८४२६२७४२३

४. झापा
- श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
  दमक: ०२३-५८४१२५, ९८४२६२०७५७
- जीविका इन्टरप्राइजेज
  बिर्तामोड: ९८४२६२४६७७

५. सङ्खुवासभा
शिखर बुक्स एण्ड स्टेशनरी
खाँदबारी: ०२९-५६०००७, ९८४२०५१६८४

६. तेह्रथुम
श्रेष्ठ भण्डार
म्याङलुङ: ०२६-४६०१९३, ९८४१६८७७०७

७. भोजपुर
त्रिवेणी छापाखाना, ०२९-४२०१९०

८. मोरङ
- वाणी प्रकाशन
  विराटनगर: ०२१-५२८१२०, ९८०४३०१४४१
- कट्टेल डिष्ट्रिब्युसन एजेन्सी
  विराटनगर: ९८५२०२२५३३, ०२१-५३२३८७

९. सिरहा
सीता नोबेल न्युज सेन्टर
लहान-१: ०३३-५६००२७, ९८४२८२००८१

१०. उदयपुर
अनुप पुस्तक पसल
कटारी: ०३५-४५००१३, ९७४३००८१३३

११. खोटाङ
श्रेष्ठ बुक्स एण्ड न्युज एजेन्सी
दिक्तेल: ०३६-४२०२३२, ९८४२८४९२३२

१२. सर्लाही
गणेश स्टेशनरी
लालबन्दी: ०४६-५०११३८

१३. सिन्धुली
न्यू परजुना स्टेशनरी
सिन्धुली, २ नं. बजार: ०४७-५२००२५

१४. रामेछाप
- जे.एन. पुस्तक पसल
  मन्थली: ०४८-५४०३१०, ९७४१०५००११
- मिलिजुली पुस्तक तथा स्टेशनरी
  मन्थली: ०४८-५४००८३

१५. दोलखा
- हारती स्टेशनरी एण्ड सप्लायर्स
  भीमेश्वर: ०४९-४२१३२७, ९८४४०६५४६६
- जिरी स्टेशनरी
  जिरी: ०४९-६९०४७८, ९७४४००१०१६

१६. काभ्रे
- प्रगति पुस्तक पसल
  बनेपा: ०११-६६१२५७, ९८४१६०६५०६
- श्रेष्ठ ट्रेडर्स
  पनौती: ०११-४४००५४, ९८४१४७४९५१
- सञ्जय स्टोर
  धुलिखेल: ०११-४९०४६४, ९८५१०६३४३४

१७. सिन्धुपाल्चोक
केशव स्टेशनरी
चौतारा: ०११-६२०२२६, ९८४१९२४४३७

१८. रौतहट
प्रभात स्टेशनरी, चन्द्रनिगाहपुर: ०५५-५४०५०२

१९. बारा
गौरीशङ्कर पुस्तक पसल
निजगढ: ०५३-५४०१९२, ९८४५०३४९७१

२०. पर्सा
माइस्थान बुकसप
वीरगन्ज: ०५१-५२३४५०

२१. मकवानपुर
समाचार केन्द्र
स्कूल रोड, हेटौंडा: ९८४५१०५०७१

२२. काठमाडौं
- ए.बी.जी. स्टेशनरी
  बुढानिलकण्ठ: ०१-४३७७४९५
- रवि न्यूज हाउस
  फर्पिङ: ९८४१२७८९२३

२३. भक्तपुर
न्यू कस्टोमर सोलुसन
सूर्य विनायक: ९८०३०८१५०२

२४. चितवन
नारायणी पुस्तक सदन
नारायणगढ: ०५६-५२१२८०, ९८४५०६३९२३

२५. धादिङ
- त्रिपुरा पुस्तक पसल
  धादिङवेसी: ०१०-५२०१९०
- न्यू धादिङ स्टेशनरी
  निलकण्ठ: ०१०-५२०६६५
- हिमाल बुक्स एण्ड स्टेशनरी
  धादिङ, बैरेनी: ०१०-५२९२६०

२६. नुवाकोट
उत्सुक जेनेरल स्टोर
बिदुर: ०१०-५६०४१९

२७. नवलपरासी
मिलन पुस्तक पसल
सुनवल: ०७८-५७०२११, ९८४७०२२१०८

२८. तनहुँ
- गण्डकी पुस्तक पसल
  दमौली: ०६५-५६०१२८, ९८५६०२४४५६
- अविद स्टेशनर्स
  डुम्रे: ०६५-५८००५५, ९८४६०६०८०१

२९. गोरखा
रोजिना पुस्तक भण्डार
विद्यालय मार्ग: ०६४-४२०१६३, ९८५६०२७३७५

३०. लमजुङ
झरना पुस्तक पसल
बेसीशहर: ०६६-५२०५१०, ९८४६०९९८३६

३१. रूपन्देही
- सरल स्टेशनरी केन्द्र
  भैरहवा: ०७१-५२१७३४, ९८४७०२३२२९
- विशाल पुस्तक पसल
  बुटवल: ०७१-५४६५५९

३२. पर्वत
जय दुर्गा स्टेशनरी, कुस्मा: ०६७-४२०२९३

३३. गुल्मी
रेसुङ्गा विज्ञापन सेवा
तम्घास: ०७९-५२०६८६, ९८४७०७२८२६

३४. पाल्पा
श्रेष्ठ न्युज एजेन्सी
तानसेन: ०७५-५२०१८२

३५. अर्घाखाँची
उमेश छापाखाना
सन्धिखर्क: ०७७-४२०१७०

३६. दाङ
- खनाल पुस्तक पसल
  भालुबाङ: ०८२-५८०१५८
- रावल पुस्तक पसल
  लमही, फोन: ०८२-५४००८०
- जनता बुक स्टल, घोराही
  फोन: ०८२-५६०२६९, ९८४७८३२१५४
- नयाँ ज्योती अफसेट प्रेस
  तुलसीपुर, फोन: ०८२-५२०९२१

३७. बाँके
- हिमाल डिस्ट्रिब्युटर, नेपालगन्ज
  फोन: ०८१-५२३८४८
- न्यू त्रिवेणी पुस्तक सदन, धम्बोजीचोक
  फोन: ०८१-५२२५६३, ९८४८०२२७९९
- न्यू आदर्श बुक्स एण्ड स्टेशनरी
  वी.पी.चोक, नेपालगञ्ज, ०८१-५२३८१५
- क्षितिज न्यूज कर्नर
  कोहलपुर, फोन: ०८१-५४१६०८

३८. बर्दिया
- जनप्रिय पुस्तक पसल
  गुलरिया: ०८४-४२०२११
- न्यू अर्याल पुस्तक पसल, भुरिगाउँ
  फोन: ०८४-६९२२८१, ९८४८०३५४०३

३९. सुर्खेत
- संगम पुस्तक पसल
  सुर्खेत: ०८३-५२१०७९, ९८४८०४१७०६
- अल्फा स्टेशनरी
  बुद्धपथ: ०८३-५२११३७
- न्यू बिहानी पुस्तक पसल
  छिन्चु, फोन: ०८३-५४००५३

४०. दैलेख
शर्मा स्टेशनरी
दैलेख: ०८९-४२००७४, ८४८०६२८९६

४१. कैलाली
निलम पुस्तक पसल
अत्तरिया: ०९१-५५०७३८, ९८५८४२०७३८

४२. अछाम
भावुक स्टेशनरी
साँफेबगर: ०९७-६९०१९४, ९७४१११९२९७

४३. कञ्चनपुर
महाकाली समाचार केन्द्र
महेन्द्रनगर: ०९९-५२१६५३

४४. डडेलधुरा
तारापुञ्ज स्टेशनरी
०९६-४२०१९५, ९७४१०४७५४०

४५. दार्चुला
चौलानी पुस्तक पसल, गोकुलेश्वर
फोन: ०९३-६९०३३८, ९७४१११८९२५

यहाँहरूलाई उपलब्ध भइरहेको *शिक्षक* मासिकको सहज भुक्तानीको लागि राष्ट्रिय वाणिज्य बैंक, पुल्चोक शाखा अन्तर्गत हिमाल एसोसिएसनको नाममा रहेको चल्ती खाता नं ११४०००१५४५०१ मा रकम जम्मा गरिदिनुहुन अनुरोध छ । रकम जम्मा गरेको रसिद सुरक्षित राख्नुहोला । रकम प्राप्त भएपछि तपाईंको नाममा आम्दानी जनाइनेछ ।

म.क्षे.हु.नि. द.नं. ५/२०६५/०६६

